| 8 | Student C is poor speaker in English. | Loud reading | ● Choose a simple passage.<br>● Involve student reading the passage aloud to improve pronunciation and confidence.<br>● Correct gently and model correct versions.<br>● Repeat regularly. |
| | | Model reading | ● Read a sentence or dialogue with correct intonation and rhythm.<br>● Ask students to listen and repeat.<br>● Practice in pairs or groups. |
| | | Drilling | ● Choose key phrases or sentences (e.g., “How are you?”).<br>● Involve students repeating after you several times.<br>● Use choral and individual repetition. |

| | | | |
|---|---|---|---|
| | | Using language game | • Play simple speaking games like Find someone who… or Guess the word.<br>• Encourage speaking in full sentences.<br>• Make it fun and low-pressure. |
| | | Singing songs | • Choose simple English songs with clear lyrics.<br>• Play, sing along, and repeat with students.<br>• Focus on pronunciation and rhythm through repetition. |
| 9 | Some students have difficulty in distinguishing similar-sounding words (e.g., "ship" vs. "sheep") | Minimal pair drills<br><br>Listening discrimination games | • Pronounce the minimal pairs of words (e.g., ship and sheep) clearly.<br>• Ask students to repeat and identify which is which.<br>• Play an audio or say a sentence having similar sounding words.<br>• Ask students to listen and note down the words with similar sound on a worksheet.<br>• Give them different such words and involve in the practice of producing such words. |

| | | | |
|---|---|---|---|
| 10 | Student E uses limited vocabulary and pauses frequently while speaking. | Role play and simulation<br><br>Vocabulary Games | ● Divide students in different pairs or groups.<br>● Give them certain situation for speaking.<br>● Inspire them to prepare for role play.<br>● Help them for choosing appropriate vocabulary while playing the role.<br>● Engage them in role play based on the situation given to them.<br>● Provide them the language support while speaking.<br>● Conduct vocabulary games activities to develop the knowledge of vocabulary. |
| 11 | Student F reads without comprehension (reads fluently but doesnt understand). | Reciprocal teaching (predicting, questioning, clarifying, summarizing)<br><br>Post-reading comprehension questions | ● Explain the four strategies (Predicting, Questioning, Clarifying, and Summarizing) to students.<br>● Divide the class into small groups.<br>● Assign each student a role (predictor, questioner, clarifier, and summarizer).<br>● Read one paragraph at a time.<br>● Each student performs their role.<br>● Rotate roles and repeat with next paragraph. |

| | | | |
|---|---|---|---|
| 12 | Student G writes sentences without punctuation. | • Peer editing with punctuation checklist<br>• Sentence combining and deconstruction | • Sample discussion of Peer editing with punctuation checklist) Self- and peer-correction<br>• Teach students a simple punctuation checklist (e.g., "Does each sentence start with a capital? And end with a period?")<br>• Have students write a short paragraph.<br>• Ask them to exchange with a partner for peer editing using the checklist.<br>• Ask partners to mark the missing punctuation and suggest corrections.<br>• Help them to revise their work based on feedback |
| 13 | Student H struggle to pick out main ideas. | • Gist Listening/Reading<br>• Main Idea Sorting<br>• Graphic Organizer<br>• One-Sentence Summary | • Give students a reading text and involve them in reading.<br>• Ask then the question "What is it mostly the reading text about?"<br>• Give sentences to sort into main idea vs. supporting detail.<br>• After reading, ask them to write the main idea in one sentence.<br>• Repeat the same process for teaching other texts too. |

| | | | |
|---|---|---|---|
| 14 | Student I finds it hard to blend sounds | • Drilling<br>• Use of phonics songs/games | • Use boxes for each sound; students slide counters as they blend sounds together.<br>• Stretch out each sound slowly (e.g., /c/ /a/ /t/) and then say the whole word quickly: cat.<br>• Let them listen individual sounds (e.g., /d/ /o/ /g/);<br>• Play blending songs or interactive games to make sound practice fun and repetitive.<br>• Help them blend the sounds into a word. |
| 15 | Student J has difficulty in forming letters. | • Tracing activities<br>• Sky writing<br>• Use of lined paper<br>• Playdough letters | • Ask students trace letters with fingers, pencils, or in sand to build muscle memory.<br>• Use large arm movements to write letters in the air while saying the sounds.<br>• Provide lines with clear top, middle, and bottom guides to help with proper size and placement.<br>• Help them to form letters using playdough to strengthen fine motor skills and recognize shapes. |
| 16 | Student K struggles with writing coherent sentences. | • Sentence frames<br>• Jumbled sentences<br>• Model writing<br>• Peer review with checklist | • Provide structured templates to the students (e.g., "I like …… because ……..") to guide sentence formation.<br>• Give mixed-up words; students rearrange them to form correct, meaningful sentences. |

| | | | |
|---|---|---|---|
| | | | • Show examples of clear sentences and discuss what makes them coherent.<br>• Ask them to exchange their work and check for clarity, punctuation, and sentence order using a simple checklist. |
| 17 | Student L faces challenges in writing a short story. | • Story maps<br>• Picture prompts<br>• Guided story starters<br>• Peer sharing | • Use graphic organizers to plan characters, setting, beginning, middle, and end of the story.<br>• Show an image and help students describe the image to write a story based on what they see in the image.<br>• Provide sentence starters like "One day, I found a…" to spark ideas and guide them to write the complete sentences using the information given in the image.<br>• Engage them to organize a complete story.<br>• Let them read their stories to partners or groups for feedback and confidence building. |

| | | | |
|---|---|---|---|
| 18 | Student M finds difficulty in comparing and contrasting ideas clearly. | • Show examples<br>• Give sentence starters<br>• Talk with a partner | • Give students a short reading text about the comparison of something.<br>• Ask them to read the text thoroughly.<br>• Involve students finding out the words used for comparison in the text.<br>• Give them the easy phrases like “Both have…”, “But this one…”, “They are different because…” to help write sentences.<br>• Before writing, talk with a friend about what is the same and different between two things. |

## 5. Assessment

Assessment is the process of collecting, interpreting, and using information to understand and improve students' learning outcomes. It helps teachers determine what students know, what they can do, and where they need support or further improvement. It is an important part of the teaching-learning process as it helps teachers monitor students' progress, identify learning difficulties, and plan remedial teaching. It also guides teachers in selecting appropriate teaching methods and materials.

The assessment after the remedial teaching; also known as the post-remedial assessment, is a crucial aspect of remedial teaching to determine whether the students have achieved the intended learning outcomes or not. It is conducted to identify whether the gap of learning is fulfilled or not. Based on the feedback obtained from the post-remedial assessment, the teachers decide either for the second cycle of remedial teaching or return back to the usual classroom teaching. The second cycle of remedial teaching indicates re-diagnose, reteach, and reassess. These steps can be repeated until the learning gaps are met. For the post-remedial assessment, the teachers can conduct the tests or assess students' achievement based on the testing provision made by the curriculum development centre. Teachers are suggested to conduct the assessment following the provision of internal assessment guidelines and specification grid.

## 6. Roles of Concerned Stakeholders

The effectiveness of remedial teaching does not solely depend on teacher. It requires the active involvement of various stakeholders such as school leaders, parents, local authorities, parents, and the broader educational community. Each stakeholder plays a unique and complementary role in identifying learning needs, planning remedial teaching, and creating a supportive environment for struggling learners. This section explores how the collaborative efforts of all concerned stakeholders contribute to the success of remedial teaching programs. Here is the roles of different stakeholders involved in remedial classes:

### Role of Head Teacher

- Create appropriate environment for the implementation of remedial teaching.

- Provide necessary support to teachers and students related to remedial teaching and learning.
- Demonstrate model remedial classes/lessons as needed.
- Observe classrooms and provide feedback accordingly.
- Encourage and involve teachers in various activities for the effective implementation of remedial classes and ensure continuity.
- Collaborate with education officer, parents, teachers, and students to support effective remedial classes.

## Role of Teacher

- Conduct diagnostic assessment to find out the learning gaps of the students.
- Collect errors committed by the students to be addressed in the remedial class.
- Categorize errors committed by the students to find commonality. More common errors should be given more priority.
- Plan for remedial teaching based upon the result of diagnostic tests or the struggling area of the students.
- Use hook and warm-up activities to get learnerʂ attention while teaching. Studentʂ attention plays vital role in learning.
- Conduct teaching and learning activities on the basis of learnerʂ interest, prior-knowledge, and learning gaps.
- Use personalized teaching learning methods and materials based on interest, prior-knowledge, and learning gaps of the students.
- Conduct continuous assessment and provide feedback to support learning.
- Collaborate with the Head teacher, parents, and students to support effective remedial classes.
- Make appropriate understanding about the concept and steps of remedial teaching for conducting remedial teaching effectively and efficiently.

## Role of Students

- Engage actively in all remedial classes by listening attentively, asking questions,

and taking part in activities.

- Attend all remedial classes regularly to avoid missing key concepts and practice opportunities.
- Reflect on their own learning difficulties and openly share challenges with the teacher.
- Spend extra time practicing and revising the content taught during remedial sessions.
- Complete given tasks, homework, and exercises as guided by the teacher.
- Maintain a positive mindset towards improvement and believe in their ability to learn and progress.
- Collaborate with classmates and support each other through group discussions or peer support.
- Listen to the teacher's feedback and use it to improve their understanding and performance.
- Manage the study time well, especially balancing remedial work with regular classroom tasks.
- Take ownership of their learning by setting goals and striving to overcome weaknesses.

## Role of Parents

- Identify learning problems of their children at home and communicate concerns to the teachers.
- Maintain regular communication with teachers to monitor the child's progress and understand areas needing improvement.
- Provide emotional support and motivate their children to build confidence and reduce anxiety related to learning difficulties.
- Ensuring regular attendance of their children in all remedial classes consistently and punctually.
- Create a conducive study environment at home for study and homework.
- Monitoring homework and support to the children in completing remedial

assignments and practice tasks.

- Praise and reward small improvements to keep the children motivated and focused.
- Cooperate with teachers in setting learning goals and following strategies for improvement.
- Ensure proper sleep, nutrition, and a balanced routine to help the children stay alert and ready to learn.
- Encourage the self-discipline of their children to take responsibility for their learning by being organized and goal-oriented.

**Role SMC (School Management Committee) and PTA (Parents Teachers Association)**

- Organize orientation programs and meetings to inform stakeholders about their role and responsibility in remedial teaching.
- Provide necessary support to new teachers related to teaching and learning.
- Organize regular meetings and conduct discussion sessions on various issues and problems faced in remedial teaching.
- Manage and promote ICT-based instruction and help teachers adopt updated and contemporary teaching learning activities in the field of remedial teaching.
- Collaborate with the head teachers, education officers, parents, teachers, and students to support effective remedial classes.

**Role of Education Officer**

- Implement the policy, plan and program related to remedial teaching.
- Support to design and plan remedial teaching programs based on the needs of schools in the local area.
- Facilitate for allocating budget and managing necessary materials to support for effective remedial teaching.
- Monitor and supervise the implementation of remedial teaching and provide constructive feedback by regularly visiting schools.

- Organize training and professional development programs for teachers on remedial teaching strategies and methods.
- Collect data on studentꞔ performance, learning gaps, and progress to guide decision-making and interventions.
- Coordinate with school heads, teachers, parents, and community members to ensure a joint effort in remedial teaching.
- Promote and replicate effective remedial teaching practices across schools in the municipality/rural municipality.
- Ensure inclusion and equity to marginalized and struggling learners to ensure they are not left behind.
- Prepare reports on the status and effectiveness of remedial teaching programs and share them with higher authorities and communities.

## 7. Conclusion

Remedial teaching serves as a vital tool in addressing the diverse learning needs of students, especially in the context of English language teaching. It provides an opportunity for learners who are struggling to catch up and build a strong foundation in language skills and aspects. The effective implementation of remedial teaching requires a collaborative effort among teachers, students, parents, school leadership, and local education authorities. By using learner-friendly strategies, continuous assessment, and inclusive practices, English teachers can make remedial teaching meaningful and impactful. With proper planning, support, and commitment, remedial teaching can significantly enhance language competencies and ensure that no learner is left behind in their educational journey.

# नेपाली

# सिकाइ सुधारका लागि उपचारात्मक शिक्षण

**आधारभूत तह (कक्षा १–३)**

आधारभूत तह (कक्षा १-३) मा भाषिक सिपलाई भाषिक तत्त्वगत क्षेत्रका आधारमा सिकाइ सहजीकरण गर्नुपर्ने अपेक्षा पाठ्यक्रमले गरेको छ । सुनाइ र बोलाइ सिपलाई ध्वनि सचेतीकरण र श्रव्यदृश्यबोध, पढाइ सिपलाई पठन प्रवाह र पठनबोध, लेखाइ सिपलाई लेख्यवर्ण सचेतीकरण, लेखाइ, शब्दभण्डार र कार्यमूलक व्याकरण गरी आठओटा पठन तत्त्व निर्धारण गरिएको छ । उपचारात्मक शिक्षण गर्दा आठओटा पठन तत्त्वका आधारमा विद्यार्थीको सिकाइ अवस्था पहिचान गरी सम्भावित समस्याका कारण र तत्काल समाधान गर्नुपर्ने विधि तथा प्रक्रियाबारे थप सहजीकरण गर्नु यस सहयोगी सामग्रीको प्रमुख उद्देश्य हो ।

**२.१ सिकाइमा देखापर्ने सम्भावित कठिनाइका क्षेत्र**

| पठन तत्व | कठिनाइका क्षेत्र | सम्भावित समस्या |
|---|---|---|
| ध्वनि सचेतीकरण | श्रुतिकथन, श्रुतिवर्णन, श्रुतिरचना, सङ्केतन र विसङ्केतन | • विषयवस्तु, अनुभव, अनुमान समेटेर कुराकानी/सञ्चार गर्न तथा सन्दर्भ र निष्कर्ष भन्न<br>• शिक्षक वा सहपाठीले प्रस्तुत गरेका विषयवस्तु कम्तीमा चार वाक्यमा प्रस्तुत गर्न<br>• छलफल वा कुराकानीका आधारमा मौलिक वाक्य बनाई सञ्चार गर्न<br>• वर्ण परिवर्तन गरेर नयाँ शब्द शुद्ध उच्चारण गर्न |
| श्रव्य/दृश्यबोध | सुनाइ तथा मौखिक वर्णन, पुनरुत्पादन | • सुनेका आधारमा विषयवस्तुको सिलसिलाबद्ध वर्णन गर्न<br>• चित्रका आधारमा तथ्यपरक तथा अनुमानात्मक वर्णन गर्न |
| लेख्य वर्ण सचेतीकरण | वर्ण विभेदीकरण, अक्षर र मात्रा पहिचान | • स्वर र व्यञ्जन वर्णको पहिचान, वर्णको सङ्केतन र विसङ्केतन, मात्रा, आधा अक्षर तथा हिज्जेसहित उच्चारण र लेखन जस्ता क्रियाकलाप गर्न । |

| | | |
|---|---|---|
| शब्दभण्डार | शब्दका विविध अर्थको बोध र प्रयोग | • वस्तु वा चित्रको नाम, सम्मानबोधक शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न<br>• दैनिक प्रयोगमा आउने शब्द, लब्ध शब्द, शीर्ष शब्द तथा विसङ्केतक शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न |
| पठन प्रवाह | सस्वरपठन, द्रुतपठन | • मात्रा लागेका शब्द, चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण प्रयोग भएका शब्द र लेख्यचिह्नसमेतलाई ख्याल गरेर सस्वरपठन, द्रुतपठन, लयबद्धपठन गर्न |
| पठनबोध | प्रश्नोत्तर, विषयवस्तुको सङ्क्षेपीकरण, तुलना | • पाठगत सन्दर्भ र परिवेशका आधारमा छलफल र प्रश्नोत्तर गर्न<br>• प्रारम्भ, मध्य र अन्त्यको बोध गर्न<br>• परिवेश, पात्र र सन्दर्भ पहिचान तथा तुलना गर्न<br>• पाठका आधारमा घटनाक्रम र सार भन्न तथा लेख्न |
| लेखाइ | अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर, सिर्जनात्मक कार्य, स्वतन्त्र रचना | • वर्ण, अक्षर, मात्रा, लेख्यचिह्न र डिकोको ख्याल गरी अनुलेखन गर्न<br>• सुनाइका आधारमा हिज्जे मिलाई लेख्न<br>• कति, किन, कसरी जस्ता प्रश्नको उत्तर दिन<br>• बुँदा वा सन्दर्भका आधारमा लिखित वर्णन गर्न<br>• आदि, मध्य र अन्त्यको शृङ्खलामा कम्तीमा चार वाक्यको अनुच्छेद रचना गर्न |
| कार्यमूलक व्याकरण | वर्णविन्यास, लेख्यचिह्न, सङ्गति, काल | • शब्द, वाक्य वा छोटा अनुच्छेदका माध्यमबाट ब/व, श/ष/स, ए/य आदि वर्ण, मात्रा आदि पहिचान र प्रयोग गर्न<br>• लेख्यचिह्न पहिचान र प्रयोग<br>• कर्ता र क्रियाबिचको सङ्गति मिलाएर भाषिक सञ्चार गर्न<br>• कालबोधक क्रियापद पहिचान गर्न |

## २.२ आधारभूत तह (कक्षा १–३) का विद्यार्थीको सिकाइमा भएको कठिनाइ पहिचानका आधार

**कक्षा :** ............... **विषयक्षेत्र :** ......................... **विद्यार्थीको नाम :** ...................

| क्र.स. | आधारहरू/साधन/विधि | सिकाइ अवस्था | | | |
|---|---|---|---|---|---|
| | | उच्च | राम्रो | सामान्य | निम्न |
| | | ४ | ३ | २ | १ |
| १. | पढाइलेखाइमा व्यतित गर्ने समय | | | | |
| २. | कक्षा क्रियाकलापमा सहभागिता | | | | |
| ३. | कक्षा अन्तरक्रिया | | | | |
| ४. | गृहकार्य | | | | |
| ५. | कक्षाकार्य | | | | |
| ६. | सहपाठीसँग सहकार्य | | | | |
| ७. | परियोजना तथा प्रयोगात्मक कार्य | | | | |
| ८. | विषयक्षेत्रगत आन्तरिक मूल्याङ्कन | | | | |
| | **विद्यार्थीको समग्र सिकाइ अवस्था** | ......................................................... | | | |

### २.३ सिकाइका सम्भावित कठिनाइका क्षेत्र र आवश्यकता पहिचान

पाठ्यक्रमको अपेक्षा, सिकाइको अवस्था (रुजुसूची, पाठ्यक्रमको सिकाइ उपलब्धि र विद्यार्थीको सिकाइ अवस्था) र थप सहायताका लागि सम्भावित तरिका वा प्रक्रिया)

**कक्षा : २** **विषयक्षेत्र : म र मेरो परिवार** **विद्यार्थीको नाम : ............................................**

| सिकाइ क्षेत्र | सिकाइ उपलब्धि | मूल्याङ्कनका साधन तथा विधि | सम्भावित समस्या | उपचारात्मक सिकाइका सम्भावित तरिका/प्रक्रिया |
|---|---|---|---|---|
| ध्वनि सचेतीकरण | (क) कुराकानी, संवाद, छलफल र प्रश्नोत्तरका क्रममा उपयुक्त भाषाको प्रयोग गर्न<br>ख) विषयवस्तुका आधारमा कुराकानी र छलफल गरी लिखित<br>अभिव्यक्ति दिन | कक्षाकार्य/ परीक्षा,<br>विषयक्षेत्रगत परीक्षा,<br>कक्षा सहभागिता र सक्रियता,<br>कक्षा व्यवहार र अवलोकन | • विषयवस्तु, अनुमान समेटेर कुराकानी/ सञ्चार गर्न<br>• शिक्षक वा सहपाठीले प्रस्तुत गरेका विषयवस्तु कम्तीमा तीन वाक्यमा प्रस्तुत/वर्णन गर्न<br>• सरल वाक्य बनाई सञ्चार गर्न<br>• शुद्ध उच्चारण गर्न | • विषयवस्तु, अनुभव, अनुमान समेटेर कुराकानी गर्न लगाई सन्दर्भ र निष्कर्ष भन्न लगाउनुहोस् ।<br>• शिक्षक वा सहपाठीले प्रस्तुत गरेका विषयवस्तु कम्तीमा तीन वाक्यमा वर्णन गर्न लगाउनुहोस् ।<br>• छलफल वा कुराकानीका आधारमा मौलिक तथा सरल वाक्य बनाई भन्न लगाउनुहोस् ।<br>• वर्ण झिकेर, थपेर नयाँ शब्द निर्माण गर्न उत्प्रेरित गर्नुहोस् र शुद्ध उच्चारण अभ्यास गराउनुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| श्रव्यदृश्य बोध | शब्दअनुसारका चित्र र चित्रअनुसारका शब्द पहिचान गरी प्रश्नोत्तर गर्न | कक्षाकार्य,<br>परियोजना कार्य,<br>विषयक्षेत्रगत परीक्षा,<br>कक्षा सहभागिता र सक्रियता,<br>कक्षा व्यवहार र अवलोकन,<br>घरायसी वातावरण | • सुनाइका आधारमा वर्णन गर्न<br>• चित्र र शब्द दुबै पहिचान गर्न | • सुनेका आधारमा विषयवस्तुको सिलसिलाबद्ध वर्णन गर्न लगाउनुहोस् ।<br>• चित्रका आधारमा शब्द भन्न र शब्दका आधारमा चित्रको अनुमान र कल्पना गर्न तथा चित्र वर्णन गर्न लगाउनुहोस् ।<br>• चित्र वर्णन, घर वरिपरिका दृश्य वर्णन गरेर घरमा पनि सुनाउन विद्यार्थीलाई उत्प्रेरित गर्नुहोस् । विद्यार्थीले घरमा गरेका अभ्यासको जानकारी अभिभावकसँग लिई अभिलेखीकरण गर्नुहोस् । |
| लेख्यवर्ण सचेतीकरण | (क) उस्तै उस्तै ध्वनि तथा समान संरचना भएका शब्दको प्रयोग गरी भाषिक सञ्चार गर्न<br>(ख) शब्दका वर्ण विभाजन गर्न र वर्ण जोडेर, थपेर, झिकेर वा हटाएर र परिवर्तन गरेर नयाँ शब्द निर्माण गर्न | कक्षाकार्य,<br>गृहकार्य,<br>परियोजना कार्य,<br>विषयक्षेत्रगत परीक्षा,<br>कक्षा सहभागिता र सक्रियता,<br>कक्षा व्यवहार र अवलोकन,<br>घरायसी वातावरण | • खाना, नाना, पाना, गाना जस्ता उस्तै उस्तै ध्वनि तथा समान संरचना भएका शब्द र अर्थ भन्न तथा प्रयोग गर्न<br>• स्वर र व्यञ्जन वर्णको पहिचान, वर्णको सङ्केतन र विसङ्केतन, मात्रा, आधा अक्षर तथा हिज्जेसहित उच्चारण र लेखन गर्न | • स्वर र व्यञ्जन वर्णको पहिचान गराउनुहोस् ।<br>• उस्तै उस्तै ध्वनि तथा समान संरचना भएका शब्दको सूची प्रस्तुत गरी उच्चारण र लेखनको अभ्यास गराउनुहोस् ।<br>• वर्णको सङ्केतन र विसङ्केतन, मात्रा, आधा अक्षर तथा हिज्जेसहित उच्चारण र लेखन जस्ता क्रियाकलाप गराउनुहोस् ।<br>• मूल शब्दका अगाडि वा पछाडि आएका ध्वनिको जोडाइ र छुट्याइबारे थप छलफल गरी बारम्बार अभ्यास गराउनुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| शब्दभण्डार | (क) पारिवारिक र विद्यालयीय परिवेशमा प्रयोग हुने शब्द पहिचान गरी प्रयोग गर्न<br>(ख) पाठमा प्रयुक्त दैनिक प्रयोगमा आउने शब्द, लब्ध शब्द तथा शीर्ष शब्द पढ्न | कक्षाकार्य,<br>गृहकार्य,<br>परियोजना कार्य,<br>विषयक्षेत्रगत परीक्षा,<br>कक्षा सहभागिता र सक्रियता,<br>कक्षा व्यवहार र अवलोकन,<br>घरायसी वातावरण | • पारिवारिक र विद्यालयीय परिवेशमा प्रयोग हुने शब्द पहिचान गरी प्रयोग गर्न<br>• पाठमा प्रयुक्त दैनिक प्रयोगमा आउने शब्द, लब्ध शब्द तथा शीर्ष शब्द पढ्न | • वस्तु वा चित्रको नाम, सम्मानबोधक शब्दको उच्चारण, अर्थबोध र प्रयोगका क्रियाकलाप गराउनुहोस् ।<br>• पारिवारिक र विद्यालयीय परिवेशमा प्रयोग हुने शब्दको उच्चारण, अर्थबोध र प्रयोगका क्रियाकलाप गराउनुहोस् ।<br>• दैनिक प्रयोगमा आउने शब्द, लब्ध शब्द, शीर्ष शब्द तथा विसङ्केतक शब्दको उच्चारण, अर्थबोध र प्रयोगका अभ्यास गराउनुहोस् र विशेष आवश्यकता भएका तथा व्यक्तिगत रूपमा ध्यान दिनुपर्ने विद्यार्थीलाई शिक्षकले थप मदतसहित आवश्यक सहजीकरण गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| पठन प्रवाह | वाक्य, अनुच्छेद, कविता गति, यति, लय, हाउभाउ र शुद्धतासँग सस्वर, द्रुत, एकल, युगल, समूहमा पढ्न | कक्षाकार्य,<br>गृहकार्य,<br>परियोजना कार्य,<br>विषयक्षेत्रगत परीक्षा,<br>कक्षा सहभागिता र सक्रियता,<br>कक्षा व्यवहार र अवलोकन,<br>घरायसी वातावरण | • मात्रा लागेका शब्द, चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण प्रयोग भएका शब्द र लेख्यचिह्नसमेतलाई ख्याल गरेर सस्वर पठन, द्रुतपठन, लयबद्ध पठन गर्न | • मात्रा लागेका शब्द, चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण प्रयोग भएका शब्दको अक्षरीकरणका आधारमा उच्चारण अभ्यास गराउनुहोस् ।<br>• लेख्यचिह्नसमेतलाई ख्याल गरेर सस्वरपठन, द्रुतपठन, लयबद्ध पठन अभ्यास गराउनु ।<br>• पठन प्रवाहमा समस्या भएका विद्यार्थीलाई शिक्षकले पूर्ण वा आंशिक सहयोग गर्नुहोस् ।<br>• पठन प्रवाहको अभ्यास घरमा पनि बारम्बार गर्न उत्प्रेरित गर्नु । |
| पठन बोध | चित्र, शीर्षक, पाठको परिवेश र सन्दर्भका आधारमा छलफल, प्रश्नोत्तर र तुलना गर्न | कक्षाकार्य, गृहकार्य,<br>परियोजना कार्य,<br>विषयक्षेत्रगत परीक्षा,<br>कक्षा सहभागिता र सक्रियता, कक्षा व्यवहार र अवलोकन,<br>घरायसी वातावरण | • पाठगत सन्दर्भ, चित्र र परिवेशका आधारमा छलफल र प्रश्नोत्तर गर्न<br>• प्रारम्भ, मध्य र अन्त्यको बोध गर्न<br>• परिवेश, पात्र र सन्दर्भ पहिचान तथा तुलना गर्न | • पाठगत सन्दर्भ, चित्र र परिवेशका आधारमा छलफल र प्रश्नोत्तर गराउनुहोस् ।<br>• सङ्केत, चित्र, शीर्षक, पाठ, कथा, कविता र संवादका विषयवस्तुबारे छलफल गरी प्रश्नोत्तर अभ्यास गराउनुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | • पाठका आधारमा घटनाक्रम र सार भन्न तथा लेख्न | • परिवेश, पात्र र सन्दर्भ पहिचान तथा तुलना गर्न लगाउनुहोस् ।<br>• पाठका आधारमा घटनाक्रम र सार भन्न तथा लेख्न लगाउनुहोस् । |
| लेखाइ | शब्द, वाक्य र अनुच्छेदको अनुलेखन, श्रुतिलेखन, निर्देशित लेखन र सिर्जनात्मक लेखन गर्न | कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, विषयक्षेत्रगत परीक्षा, कक्षा सहभागिता र सक्रियता, कक्षा व्यवहार र अवलोकन, घरायसी वातावरण | • वर्ण, अक्षर, मात्रा, लेख्यचिह्न, डिकोको ख्याल गरी अनुलेखन गर्न<br>• सुनाइका आधारमा हिज्जे मिलाई लेख्न<br>• कति, किन, कसरी जस्ता प्रश्नको उत्तर दिन<br>• बुँदा वा सन्दर्भका आधारमा लिखित वर्णन गर्न<br>• आदि, मध्य र अन्त्यको शृङ्खलामा कम्तीमा चार वाक्यको अनुच्छेद रचना गर्न | • वर्ण, अक्षर, मात्रा, लेख्यचिह्न, डिकोको ख्याल गरी अनुलेखन तथा श्रुतिलेखन अभ्यास गराउनुहोस् । अनुलेखनका क्रममा देखिएका समस्यामा शिक्षकले सहजीकरण गर्नुहोस् ।<br>• श्रुतिलेखनका क्रममा हिज्जे बिग्रिए पटक पटक भुलसुधार गर्न लगाउनुहोस् ।<br>• कति, किन, कसरी जस्ता प्रश्नको उत्तर पहिचान गर्न लगाउनुहोस् र यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।<br>• बुँदा वा सन्दर्भका आधारमा लिखित वर्णन गर्न लगाउनुहोस् ।<br>• आदि, मध्य र अन्त्यको शृङ्खलामा कम्तीमा चार वाक्यको अनुच्छेद रचना गरी कक्षाका सुनाउन उत्प्रेरित गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| कार्यमूलक व्याकरण | (क) हर्ष, चिन्ता, घृणा, आश्चर्य, उत्सुकता जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिक्रिया व्यक्त गर्न<br><br>(ख) पदसङ्गति मिलाई लेख्यचिह्न र क्रियाका कालको उपयुक्त प्रयोग गरी वाक्य तथा अनुच्छेद रचना गर्न | कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, विषयक्षेत्रगत परीक्षा, कक्षा सहभागिता र सक्रियता, कक्षा व्यवहार र अवलोकन, घरायसी वातावरण | • शब्द, वाक्य वा छोटा अनुच्छेदका माध्यमबाट ब/व, श/ष/स, ए/य आदि वर्ण, मात्रा आदि पहिचान र प्रयोग गर्न<br>• लेख्यचिह्न पहिचान र प्रयोग<br>• हर्ष, चिन्ता, घृणा, आश्चर्य, उत्सुकता जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिक्रिया व्यक्त गर्न<br>• कर्ता र क्रियाबिचको सङ्गति मिलाएर भाषिक सञ्चार गर्न<br>• कालबोधक क्रियापद पहिचान गर्न | • शब्द, वाक्य वा छोटा अनुच्छेदका माध्यमबाट ब/व, श/ष/स, ए/य आदि वर्ण, मात्रा आदि पहिचान गर्न लगाउनुहोस् र शब्द वा वाक्य रचना गर्दा यी वर्णको सही प्रयोग गर्ने अभ्यास बारम्बार गराउनुहोस् ।<br>• हर्ष, चिन्ता, घृणा, आश्चर्य, उत्सुकता जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिक्रिया व्यक्त गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।<br>• पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, उद्गारचिह्न, उद्धरणचिह्न पहिचान र प्रयोगका अभ्यास गराउनुहोस् ।<br>• कर्ता र क्रियाबिचको सङ्गति मिलाएर लिखित र मौखिक अभिव्यक्ति दिन लगाउनुहोस् र शिक्षकले दोस्रोभाषी विद्यार्थीलाई थप रणनीति बनाई सहजीकरण गर्नुहोस् ।<br>• क्रियापद पहिचान गर्न लगाई ती क्रियापदले कुन समयको बोध गराएका छन् भनेर छलफल गराउनुहोस् । |

**द्रष्टव्य** : सिकाइ अवस्था पहिचान गर्दा उल्लिखित साधनका अतिरिक्त आवश्यकताअनुसार अन्य साधन वैकल्पिक रूपमा प्रयोग गर्न सकिने छ ।

# विद्यार्थीको सहभागिता र कार्यसम्पादन मूल्याङ्कन

शिक्षकले विद्यार्थीको सहभागिता र कार्यसम्पादन मूल्याङ्कनका आधारमा विद्यार्थीको उपलब्धिस्तरलाई उच्च, राम्रो, सामान्य, निम्न गरी अभिलेखीकरण गर्नुहोस् :

| क्र.स. | विद्यार्थीको नाम/थर | कक्षामा अन्तरक्रिया | गृहकार्य | कक्षा कार्य | परियोजना तथा प्रयोगात्मक कार्य | कक्षामा सहपाठीसँगको सहकार्य | सिकाइप्रति रुचि | सिकाइप्रति तत्परता |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**द्रष्टव्य :** विद्यार्थीलाई विभिन्न आधारहरूमा अङ्क प्रदान गर्दा दिइएअनुसार अङ्क प्रदान गर्न सकिने छ :

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| निम्न (Below basic) | १ | न्यून सहभागिता तथा सक्रियता र कार्यसम्पादन स्तर कमजोर भएको |
| सामान्य (Basic) | २ | आंशिक रूपमा सहभागी तथा सक्रिय भएको र कार्यसम्पादन स्तर सामान्य भएको |
| राम्रो (Proficient) | ३ | अधिकांश समय सहभागी तथा सक्रिय भएको र कार्यसम्पादन स्तर राम्रो भएको |
| उच्च (Advanced) | ४ | सधैँ सहभागी तथा सक्रिय भएको र कार्यसम्पादन स्तर उच्च भएको |

## अभिभावक मूल्याङ्कन

शिक्षकले दिइएअनुसारका आधार (मापदण्ड) हरूमा अभिभावकबाट प्राप्त प्रतिक्रियाका आधारमा विद्यार्थीको उपलब्धिस्तरलाई उच्च, राम्रो, सामान्य र निम्न गरी अभिलेखीकरण गर्नुहोस् :

**कक्षा : १** **नाम :** **रोल नम्बर :**

| क्र.स. | विषय | पढाइलेखाइमा व्यतित गर्ने समय | परियोजना तथा प्रयोगात्मक कार्य | पढाइप्रति रुचि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**द्रष्टव्य :**

२. अभिभावकबाट गरिएको मूल्याङ्कनमा विद्यार्थीलाई दिइएका आधारअनुसार अङ्क प्रदान गर्दा दिइएअनुसार अङ्क प्रदान गर्न सकिने छ :

| क्र.स. | मापदण्डहरू | उच्च (Advanced) (४) | राम्रो (Proficient) (३) | सामान्य (Basic) (२) | निम्न (Below Basic) (१) |
|---|---|---|---|---|---|
| १. | पढाइलेखाइमा व्यतित गर्ने समय | दैनिक एक घण्टा तिस मिनेटभन्दा बढी समय पढ्ने लेख्ने कार्य गरेको | दैनिक एक घण्टा तिस मिनेट समय पढ्ने लेख्ने कार्य गरेको | दैनिक एक घण्टा समय पढ्ने लेख्ने कार्य गरेको | दैनिक आधा घण्टा समय पढ्ने लेख्ने कार्य गरेको |
| २. | गृहकार्य | दिइएका सबै विषयको गृहकार्य गर्ने गरेको | दिइएका विषयको गृहकार्य गर्ने गरेको | दिइएका केही विषयको गृहकार्य गर्ने गरेको | कुनै कुनै विषयको मात्र गृहकार्य गरेको |
| ३. | परियोजना तथा प्रयोगात्मक कार्य | दिइएका सबै विषयको परियोजना तथा प्रयोगात्मक कार्य गर्ने गरेको | दिइएका विषयको परियोजना तथा प्रयोगात्मक कार्य गर्ने गरेको | दिइएका केही विषयको परियोजना तथा प्रयोगात्मक कार्य गर्ने गरेको | कुनै कुनै विषयको मात्र परियोजना तथा प्रयोगात्मक कार्य गर्ने गरेको |
| ४. | पढाइप्रति रुचि र घरायसी कार्यसँगको सन्तुलन | पढाइ र घरायसी कार्य दुबैमा रुचि भई सन्तुलन गरेको | पढाइ र घरायसी कार्यमध्ये कुनै एकमा रुचि भएको | पढाइ र घरायसी कार्यप्रति सामान्य रुचि भएको | पढाइ र घरायसी कार्य दुबैमा खासै रुचि नभएको |

## २.४ सिकाइ सहजीकरण प्रक्रिया

पठन तत्त्वका आधारमा विषयक्षेत्रगत तथा कक्षागत सहजीकरण प्रक्रिया

### २.४.१ ध्वनि सचेतीकरण

**(क) चित्र र चित्रकथा**

- बालबालिकालाई चित्रपत्ती देखाई नामकरण गर्न लगाउनुहोस् ।
- पूर्वज्ञानका आधारमा परिचित सन्दर्भ वा चित्रको वर्णन, समस्या, प्रभाव वा चित्रमा देखाइएको समस्याभन्दा भिन्न परिवेशको अनुमान जस्ता क्रियाकलाप गराई परिचत शब्द, वाक्य र सन्दर्भ वर्णनको अभ्यास गराउनुहोस् ।
- बालबालिकालाई वाक्यमा शब्दको पहिचान, गणना र उच्चारणको अभ्यास गराउनुहोस् र यस क्रममा कक्षामा रहेका दोस्रोभाषी विद्यार्थीलाई समेत विशेष प्राथमिकता दिनुहोस् ।
- विद्यार्थीलाई चित्रकथा देखाई पात्र, परिवेश र सन्दर्भ वर्णन गराई अनुमान सम्बद्ध क्रियाकलाप पनि गराउनु राम्रो हुन्छ ।

**(ख) लयबोध**

- शिक्षकले ताली बजाउँदै गति, यति र लय हालेर गाउनुहोस् ।
- विद्यार्थीलाई सँगसँगै गाउन लगाउनुहोस् ।
- विद्यार्थी र शिक्षक मिलेर गाइसकेपछि हाउभाउसहित विद्यार्थीलाई मात्रै गाउन लगाउनुहोस् ।
- बालगीत वा कविता छनोट गर्दा सकेसम्म अनुप्रास मिलेका परिचित शब्द प्रयोग भएका गीत वा कविता छनोटमा विशेष ध्यान दिनुपर्छ ।

**(ग) ध्वनि पहिचान**

- सर्वप्रथम शब्द उच्चारण गर्न लगाई विद्यार्थीलाई अनुवाचन गर्न लगाउनुहोस् ।
- शब्दहरूको शब्दपत्ती वा शब्दचित्रपत्ती पनि तयार पारी प्रदर्शन गर्नुहोस् र जुन ध्वनि सिकाउने हो, त्यो ध्वनि आउने शब्दहरूको सूची बनाई उच्चारण अभ्यास गराउनुहोस् ।
- सुरु र अन्त्यमा समान ध्वनि भएका शब्दहरू पहिचान, उच्चारण र जोडा मिलाउने अभ्यासलाई पटक पटक गराउनुहोस् ।
- समान र असमान ध्वनि भएका शब्दहरूलाई छ्यासमिस गरी राखेर मिल्दाजुल्दा शब्दहरूलाई समूहबद्ध गर्ने अभ्यास पनि गराउनुहोस् ।

### २.४.२ श्रव्य/दृश्यबोध

- श्रव्य र दृश्य सामग्रीका आधारका आकृति, रङ र सङ्केत चिह्नको प्रयोग, हाउभाउ र अभिनयसहितको मौखिक प्रस्तुति गर्न लगाउनुहोस् ।
- अनुकरण, संवेगात्मक अभिव्यक्ति (आश्चर्य, उमङ्ग, उत्सुकता, घृणा, चिन्ता, हर्ष) र प्रतिक्रिया, अनुमान, कल्पना र समस्या पहिचानसहित मौखिक वर्णन गर्ने क्रियाकलाप गराउनुहोस् ।

### २.४.३ लेख्यवर्ण सचेतीकरण

- वर्णपत्ती तयार गर्नुहोस् र चित्र पहिचान गर्दै शब्द उच्चारणको अभ्यास गराउनुहोस् ।
- स्वर र व्यञ्जन वर्णको पहिचान, वर्णको सङ्केतन र विसङ्केतन, वर्णमा मात्रा जोडेर हिज्जेसहित उच्चारण र लेखन जस्ता क्रियाकलाप गराउनुहोस् ।
- वर्णपत्ती, मात्रापत्तीको उपयोग गर्दै कुनै एक वर्णको बाह्रखरीको पहिचान, उच्चारण र लेखन अभ्यास गराउनुहोस् ।
- आधा वर्ण पहिचान, शब्द पहिचान, उच्चारण र लेखन अभ्यास वारम्वार गराउनुहोस् ।

### २.४.४ शब्दभण्डार

- विद्यार्थीलाई सुरुका चरणहरूमा चित्रका माध्यमबाट शब्दको अर्थ र अभिप्राय: स्पष्ट गर्नुहोस् ।
- वस्तु वा चित्रको नाम, सम्मानबोधक शब्दको उच्चारण, अर्थबोध र प्रयोगका अभ्यास गराउनुहोस् ।
- दैनिक प्रयोगमा आउने शब्द, लब्ध शब्द, शीर्ष शब्द तथा विसङ्केतक शब्दको उच्चारण, अर्थबोध र प्रयोग, तथा पाठमा प्रयोग भएका नयाँ शब्द पहिचान, उच्चारण र प्रयोगका अभ्यास वारम्वार गराउनुहोस् ।

### २.४.५ पठन प्रवाह

- सार्थक र निरर्थक शब्द जोडीहरू शब्दपत्तीमा देखाएर गोजीतालिकामा प्रदर्शन गर्दै पटक पटक पठन अभ्यास गराउनुहोस् ।
- बालबालिकालाई सग्ला अक्षरबाट बनेका शब्दहरूको पठन गराइसकेपछि मात्रा लागेका शब्द दिएर पठन प्रवाह बढाउने अभ्यास गराउनुहोस् ।
- मात्रा तथा त्यसका चिह्नका बारेमा विद्यार्थीलाई परिचित गराउनुहोस् ।
- शिरविन्दु र चन्द्रविन्दु लागेका तथा पञ्चम वर्ण उच्चारण हुने हुँदा शब्दका शब्दचित्रपत्ती वा शब्दपत्तीहरू तथा चार्टहरू प्रदर्शन गरेर पठन अभ्यास गराउनुहोस् ।

- आधा अक्षर तथा जोडेमोडेका र अजन्त तथा हलन्त भएका शब्दहरूको पठन अभ्यास गराउनुहोस् ।
- दुई वा तीन पदीय वाक्यहरू निर्माण गरी सस्वर पठन गरेर सुनाउनुहोस् ।
- पुनः शिक्षकले पढ्ने र सँगसँगै विद्यार्थीलाई पढ्न लगाउने, विद्यार्थीलाई मात्र पढ्न लगाउने र शिक्षकले सुन्ने, शुद्धसँग सहज ढङ्गले पठन गरे नगरेको शिक्षकले अवलोकन गरी आवश्यक सहयोग गर्ने अभ्यास गराउनुहोस् ।
- चिह्न प्रयोग भएका वाक्यपत्तीहरू प्रस्तुत गर्दै ती चिह्नहरूको आशयअनुरूप शिक्षकले गति, यति मिलाई वाचन गरेर सुनाउनुहोस् ।
- अनुकरण वाचनपछि बालबालिकालाई विभिन्न चिह्न प्रयोग भएका वाक्य तथा अनुच्छेद पालैपालो सस्वर पढेर सुनाउन लगाउनुहोस् ।

**२.४.६ पठनबोध**

- विद्यार्थीलाई कुनै चित्र कथाका चित्रहरू देखाएर त्यसका बारेमा कुराकानी र छलफल गर्न लगाउनुहोस् ।
- शिक्षकले चित्रकथाबारे आफूले गरेको कुराकानी र छलफलमा विद्यार्थी सक्रिय भए नभएको, ध्यान केन्द्रित गरे नगरेको, पालो पर्खेर कुराकानी गरे नगरेको तथा अरूका विचारको सम्मान गरे नगरेको अवलोकन गर्नुहोस् ।
- विद्यार्थी अलमलिएको अवस्थामा सिकाइका लागि सहयोग गर्नुहोस् ।
- कथा, कविता तथा निर्धारित पाठका अतिरिक्त साइनबोर्ड, सूचनाहरू आदि उपयोग गरी सर्वप्रथम विद्यार्थीलाई छोटा छोटा प्रश्न सोधी मौखिक उत्तर दिन लगाउनुहोस् ।
- पाठ पढेर सुनाएर अथवा विद्यार्थीलाई पाठ पढ्न लगाएर शिक्षकले त्यसमा आधारित प्रश्न शैक्षणिक पाटीमा लेखिदिनुहोस् ।
- शैक्षणिक पाटीमा लेखिएका प्रश्नको उत्तर के होला भनी विद्यार्थीबिच छलफल गराउनुहोस् । प्राप्त उत्तर शैक्षणिक पाटीमा लेखी विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।
- पठनबोधका लागि शीर्षक तथा चित्रबारे पूर्वानुमान वा अनुमान गर्न, पाठगत सन्दर्भ र परिवेशका आधारमा छलफल र प्रश्नोत्तर गर्न, पाठको सामान्य साङ्गठनिक ढाँचा (प्रारम्भ, मध्य र अन्त्य) को बोध गर्न, परिवेश, पात्र र सन्दर्भ पहिचान तथा तुलना गर्न र पाठ पढी घटनाक्रम र सार भन्न तथा लेख्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

### २.४.७ लेखाइ

- लेखाइका हिज्जे, हस्त लेखन तथा रचना जस्ता पक्षमा ध्यान दिनुहोस् ।
- विभिन्न आकृतिसहितका धर्काहरूको निर्माण, वर्ण, मात्रा, शब्द, वाक्य र अनुच्छेदलगायतका लेखन सम्बद्ध पक्षको अभ्यास गराउनुहोस् ।
- मात्रारहित र मात्रासहितका वर्ण, शब्द शब्द, वाक्य वाक्य र अनुच्छेद छुट्याएर लेख्न लगाउनुहोस् ।
- विभिन्न आकृतिहरूमा रङ भराइ, वर्ण र मात्राहरूलाई आकारप्रकार मिलाई उपयुक्त ढाँचामा लेखाइका अभ्यास गराउनुहोस् ।
- वर्णहरूको क्रम र मात्रा मिलाएर परिचित शब्दका लेखाइ, वाक्यमा प्रयोग भएका शब्दहरूका अलग अलग लेखाइ, आफूले देखे, सुने तथा अनुभव गरेका विषयमा वर्णनसहितको लेखाइका अभ्यास क्रमशः गराउँदै जानुहोस् ।
- लेख्यचिह्न प्रयोग गरी ससाना वाक्य रचना, स्वतन्त्र रूपमा ससाना सरल अनुच्छेद लेखन अभ्यास गराउनुहोस् ।

### २.४.८ कार्यमूलक व्याकरण

- सङ्गति मिलेका र नमिलेका वाक्य पहिचान गर्न, कर्ताको लिङ्ग, वचन, आदरअनुसारको क्रियापद पहिचान गर्न, कर्ता र क्रियाबिच सङ्गति मिलाई वाक्य परिवर्तन गर्न, सङ्गतिका आधारमा मौखिक र लिखित अभिव्यक्ति दिन लगाउनुहोस् ।
- पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, उद्गार र उद्धरण चिह्न पहिचान गर्न, चिह्न ख्याल गरी उच्चारण गर्न, चिह्नको प्रयोग गरी वाक्य रचना गर्न लगाउनुहोस् ।
- धातु र तिनबाट बनेका क्रियापद पहिचान गर्न, क्रियापद प्रयोग गरी वाक्य रचना गर्न, पाठमा प्रयुक्त वर्तमानकाल, भूतकाल र भविष्यत्काल जनाउने क्रियापदका शब्द सूची तयार पार्न, क्रियाका कालअनुसारका वाक्य प्रयोग गरी मौखिक वा लिखित अभिव्यक्ति दिन लगाउनुहोस् र सिकाइका क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

## २.५ उपचारात्मक शिक्षणका रणनीतिहरू (कक्षा १–३)

### २.५.१ व्यक्तिगत सिकाइ योजना

- विद्यार्थीको सिकाइ स्तर जाँच गरी स्रोतसाधनको उपलब्धता आदिलाई ख्याल गरी व्यक्तिगत सिकाइ योजना तयार पार्नुहोस् ।
- कक्षाभित्र र कक्षाबाहिर छलफल, प्रश्नोत्तर, समूह अध्ययन, अनलाइन माध्यम, अभिभावक शिक्षण, टेलिफोन शिक्षण आदि मार्फत सिकाइ सहजीकरण गराएर पुनर्बल प्रदान गर्नुहोस् ।

### २.५.२ क्रमिक सिकाइ रणनीति

- विषयवस्तुको प्रकृति, विद्यार्थीको सिकाइ स्तरलगायतका आधारमा क्रमिक सिकाइ रणनीति (शिक्षकको पूर्ण सहयोग, शिक्षकको आंशिक सहयोग, दौँतरी सिकाइ र स्वयम् सिकाइ वा म गर्छु, हामी गर्छौं, तिमी गर) लाई उपयोग गर्नुहोस् ।
- विद्यार्थीको वैयक्तिक सिकाइ अवस्थालाई अभिलेखीकरण गर्न कार्यपुस्तकको अन्त्यमा दिइएका क्रियाकलाप शृङ्खला (सिकाइ सिँढी) उपयोग गर्नुहोस् ।

### २.५.३ प्रविधिमा आधारित सिकाइ

- सिकाइमा सूचना र प्रविधिको प्रयोग गरी सान्दर्भिक श्रव्य, दृश्य र श्रव्यदृश्य सामग्री उपयोग गर्नुहोस् ।
- सिकाइमा प्रोजेक्टर, स्मार्टबोर्ड आदिको प्रयोग गर्नुहोस् ।

### २.५.४ अभिभावकको सहभागिता

- घर सिकारुको पहिलो पाठशाला भएकाले विद्यार्थीको सिकाइ स्तर अभिवृद्धिका लागि सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्न अभिभावकलाई उत्प्रेरित गर्नुहोस् ।
- शिक्षक, अभिभावक र विद्यार्थीबिचको सहकार्यमा जोड दिनुहोस् ।

### २.५.५ विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइ विधि

- सिकाइका क्रममा कथाकथन, भूमिका अभिनय, छलफल, प्रश्नोत्तर, समस्या समाधान, खेल, प्रयोगात्मक, भ्रमण, प्रदर्शन जस्ता विधि उपयोग गर्नुहोस् ।
- उपचारात्मक सिकाइ सहजीकरणका लागि निर्माणात्मक कक्षा, सहयोगात्मक कक्षा, प्रविधियुक्त कक्षा, सिर्जनात्मक कार्य, परियोजना कार्य, भ्रमण, उदाहरण र प्रयोग जस्ता क्रियाकलाप गराउनुहोस् ।

## २.६ पठनतत्त्वका आधारमा सिकाइ सहजीकरण योजना

### (क) ध्वनि सचेतीकरण

हेर्नुहोस् : कक्षा – २, विषय क्षेत्र : म र मेरो परिवार, पाठ – १, क्रियाकलाप १ : समान ध्वनियुक्त शब्द

**पाठ्यवस्तु**

शब्दको सुरुमा समान ध्वनि भएका शब्द

१. लय मिलाई गाउनुहोस् :

मेरो प्यारो परिवार

सफा शान्त सुन्दर सानो मेरो घर छ
घरनजिक चौतारो पिपल र वर छ
हजुरआमा हजुरबुबा ज्योति हाम्रा घरका
भन्नुहुन्छ कहानी वर अनि परका ।



आमाबुबा बारीमा रोप्नुहुन्छ तरकारी
काकाकाकी अड्डामा जागिर खाने सरकारी
म्याँम्याँ गरी उफ्रेर पाठापाठी डुलेका
आँगनीको डिलमा फूल राम्रा फुलेका ।

भाइ पढ्छन् एकमा बहिनी पढ्छिन् दुईमा
अर्की बहिनी सानी छन् बोक्नु भन्छिन् बुईमा
ठुला मान्छे छ जना केटाकेटी हामी चार
राम्रो लाग्छ मलाई मेरो प्यारो परिवार ।

**सम्भावित समस्या**

- विषयवस्तु, अनुमान समेटेर कुराकानी/सञ्चार गर्न
- शिक्षक वा सहपाठीले प्रस्तुत गरेका विषयवस्तु कम्तीमा तीन वाक्यमा प्रस्तुत/वर्णन गर्न
- सरल वाक्य बनाई सञ्चार गर्न
- शुद्ध उच्चारण गर्न

**सिकाइ रणनीति**

१. व्यक्तिगत सिकाइ योजनाअन्तर्गत कक्षाभित्र र कक्षाबाहिर प्रश्नोत्तर र छलफल गराउनुहोस् ।

२. म गर्छु, हामी गर्छौं, तिमी गरको क्रमिक सिकाइ रणनीति उपयोग गर्नुहोस् ।

३. मोबाइल वा अन्य प्रविधिको प्रयोग गरी रेकर्डिङ गरिएको कविता सुनाउनुहोस् ।

४. परिवारका सदस्यको नाम, नातासम्बन्ध र पेसाबारे अभिभावकसँग सहकार्य गरी छलफल गराउनुहोस् ।

५. छलफल, प्रश्नोत्तर, सिर्जनात्मक कार्य, उदाहरण र प्रयोग जस्ता क्रियाकलापमार्फत समान ध्वनियुक्त शब्द उच्चारण र प्रयोगका अभ्यास गराउनुहोस् ।

### उपचारात्मक शिक्षणका लागि सिकाइ सहजीकरण क्रियाकलाप

१. परिवारमा को को हुनुहुन्छ र परिवारका सदस्यलाई तपाईँ के के भन्नुहुन्छ आदि मौखिक प्रश्नोत्तर गर्नुहोस् ।

२. परिवारका सदस्यहरूले के के काम गर्नुहुन्छ भन्दै पालैपालो एकआपसमा छलफल गर्न लगाउनुहोस् ।

३. कार्यपुस्तकमा रहेको 'मेरो प्यारो परिवार' कविता वा उक्त कविताको कवितापत्ती प्रदर्शन गर्दै शिक्षकले गति, यति, लय र हाउभाउसहित विद्यार्थीसँगै गाउनुहोस् ।

४. 'मेरो प्यारो परिवार' कवितामा प्रयुक्त समान ध्वनि भएका शब्द उच्चारण अभ्यास गराउनुहोस्, जस्तै : घर-वर, घर-पर, तरकारी-सरकारी, डुलेका-फुलेका, दुई-बुई, चार-वार

५. उपयुक्त चिह्न, सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) लाई उपयोग गर्नुहोस् ।

**(ख) श्रव्य/दृश्यबोध**

**हेर्नुहोस् : कक्षा – १, विषय क्षेत्र : मेरो दैनिक जीवन, पाठ – २, क्रियाकलाप २ : वर्ण र मात्रा पहिचान**

### पाठ्यवस्तु

वर्ण र मात्रा पहिचान



## सम्भावित समस्या

- सुनाइका आधारमा वर्णन गर्न
- चित्र र शब्द दुवै पहिचान गर्न

## सिकाइ रणनीति

१. श्रव्य र दृश्य सामग्रीका आधारमा प्रश्नोत्तर र छलफल गराउनुहोस् ।

२. स्वयम् सिकाइ, दौँतरी सिकाइ र शिक्षकको आंशिक सहयोगको रणनीति उपयोग गर्नुहोस् ।

३. मोबाइल, प्रोजेक्टर, इन्टरनेट आदिको उपयोग गर्नुहोस् ।

४. श्रव्य, श्रव्यदृश्यबारे अभिभावकसँग सहकार्य गरी छलफल गराउनुहोस् ।

५. छलफल, प्रश्नोत्तर, भूमिका अभिनय, उदाहरण र प्रयोग जस्ता क्रियाकलापमार्फत वर्ण र मात्राको प्रयोगका अभ्यास गराउनुहोस् ।

## उपचारात्मक शिक्षणका लागि सिकाइ सहजीकरण क्रियाकलाप

१. पाठमा प्रयोग भएका चित्र वा अन्य सान्दर्भिक चित्रलाई चित्रपत्ती वा ठोस वस्तु प्रदर्शन गर्दै छलफल गर्न लगाउनुहोस् ।

२. सिकाइ सहजीकरणका क्रममा निम्नानुसारका प्रश्नका आधारमा विद्यार्थीलाई सिकाइ र अभिव्यक्तिको अवसर प्रदान गरी चित्रको डालामा के छ होला ? रुखमा के फलेको होला ? जस्ता प्रश्न सोधेर अनुमान गर्न लगाउनुहोस् ।

३. प्रश्नोत्तर तथा छलफलपश्चात् चित्रमा भएका मानिस तथा वस्तुलाई पात्र बनाएर अ र आ वर्णबाट बनेका शब्दलाई प्रयोग गर्दै चित्र वर्णन गरेर सुनाउनुहोस् ।

### (ग) लेख्य वर्ण सचेतीकरण

हेर्नुहोस् : कक्षा – १, विषय क्षेत्र : हाम्रो समुदाय, पाठ – ६, क्रियाकलाप ४ : वर्ण

## पाठ्यवस्तु

उ वर्ण, ऊ वर्ण



## सम्भावित समस्या

- उखु, ऊन, उडुस, उकालो जस्ता उ वर्ण, ऊ वर्ण प्रयोग भएका शब्द र अर्थ भन्न तथा प्रयोग गर्न
- उच्चारण, अर्थबोध र प्रयोगका अभ्यास

## रणनीति

१. स्वर र व्यञ्जन वर्ण पहिचानका लागि सिकाइ योजना तयार पार्नुहोस् ।

२. म गर्छु, हामी गर्छौं, तिमी गर को क्रमिक सिकाइ रणनीति उपयोग गर्नुहोस् ।

३. प्रोजेक्टर, चार्टपेपर, वर्णपत्ती जस्ता प्रविधिको उपयोग गर्नुहोस् ।

४. वर्ण पहिचान र अनुलेखनका लागि अभिभावकसँग सहकार्य गर्नुहोस् ।

५. उदाहरण र प्रयोग जस्ता क्रियाकलापमार्फत लेख्य वर्ण सचेतीकरणको अभ्यास गराउनुहोस् ।

## उपचारात्मक शिक्षणका लागि सिकाइ सहजीकरण क्रियाकलाप

१. उ वर्ण प्रयोग भएका शब्द, जस्तै : उकालो, उडुस, उपियाँ, उन, उखु, जस्ता शब्दको चित्र प्रदर्शन गरी त्यसका बारेमा छलफल गर्न लगाउनुहोस् । त्यसपछि उखु उ, उडुस उ, उकालो उ भनी वर्णगत तथा शब्दको सुरुको ध्वनिको उच्चारण अभ्यास गर्न लगाउनुहोस् ।

२. शिक्षकले उ वर्ण ट्रेस गरिएका वर्णपत्तीहरू विद्यार्थीलाई वितरण गर्नुहोस् । त्यसपछि वर्णभित्र रङ भर्न लगाउनुहोस् र प्रदर्शन गर्न लगाउनुहोस् ।

३. विद्यार्थीलाई काठ वा प्लास्टिकका उ वर्णगोटी दिनुहोस् । उ वर्णगोटीलाई रङ भरेको उ वर्णमा राख्न लगाउनुहोस् । विद्यार्थीले उ वर्ण र गोटीलाई मिल्ने आकारमा राखे नराखेको अथवा उल्टोसुल्टो गरी कसरी राखेका छन्, अवलोकन गर्नुहोस् ।

४. विद्यार्थीलाई काठ वा प्लास्टिकका उ वर्णगोटी दिनुहोस् र वर्णको आकार औँलाले छाम्न लगाउनुहोस् । औँलाले छाम्दा वर्णको डिकोको र आकार औँलाले लेखे जस्तै गर्न लगाउनुहोस् ।

५. विद्यार्थीलाई आँखा चिम्लन लगाउनुहोस् र विद्यार्थीको हातमा इ वर्ण तथा उ वर्ण एकै पटक दिनुहोस् । विद्यार्थीलाई वर्ण छामेर वर्ण पत्ता लगाउन भन्नुहोस् ।

(घ) शब्दभण्डार

हेर्नुहोस् : कक्षा – ३, विषय क्षेत्र : हाम्रो वातावरण, पाठ – ९, क्रियाकलाप ४ : वाक्य रचना

**पाठ्यवस्तु**

वाक्यमा प्रयोग

## तलका शब्दलाई वाक्यमा प्रयाग गर्नुहास् :

अजिङ्गर : ........................................................................................

आत्था : ........................................................................................

उर्लनु : ........................................................................................

इन्द्रेनी : ........................................................................................

ऋषि : ........................................................................................

एक्काइस : ........................................................................................

**सम्भावित समस्या**

- उच्चारण, अर्थबोध र प्रयोग गर्न

**सिकाइ रणनीति**

१. शब्द उच्चारण, अर्थबोध र प्रयोगका लागि सिकाइ योजना तयार पार्नुहोस् ।
२. म गर्छु, हामी गर्छौं, तिमी गरको क्रमिक सिकाइ रणनीति उपयोग गर्नुहोस् ।
३. शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती जस्ता शैक्षणिक सामग्रीको उपयोग गर्नुहोस्
४. शब्द र सान्दर्भिक प्रयोगका लागि अभिभावकसँग सहकार्य गर्नुहोस् ।
५. सान्दर्भिक उदाहरण र मौखिक तथा लिखित प्रयोग जस्ता क्रियाकलापमार्फत अभ्यास गराउनुहोस् ।

**उपचारात्मक शिक्षणका लागि सिकाइ सहजीकरण क्रियाकलाप**

१. शिक्षकद्वारा तयार पारिएको एउटा शब्दको शब्दपत्ती र त्यसको नमुना वाक्य भएको वाक्य पत्ती प्रदर्शन गर्नुहोस् । शब्द र वाक्यको उच्चारण अभ्यास गराई कर्ता, कर्म र क्रियापद पहिचानका लागि छलफल गराउनुहोस् । वाक्य बनाउन कर्ता र क्रियापद चाहिने कुरा विद्यार्थीलाई सुनिश्चित गराउनुहोस् ।
२. पाठ्यपुस्तकभित्रका शिक्षकले तयार पारेका अजिङ्गर, आत्था .. जस्ता शब्दका शब्दपत्तीहरू

प्रदर्शन गर्नुहोस् र ती शब्दहरू उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले सुनाएका वाक्यलाई शैक्षणिक पाटीमा लेख्नुहोस् ।

३. विद्यार्थीले बनाएका वाक्यहरूका कर्ता र कर्मबिचको सङ्गति मिले नमिलेको छलफल गराउनुहोस् । विद्यार्थीलाई वाक्यमा प्रयोग भएका कर्ताको लिङ्ग, वचन र पुरुषका आधारमा क्रियापद परिवर्तन हुने तरिकाबारे सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीलाई समूहमा विभाजन गरी कार्यपुस्तकमा दिइएका र त्यस्तै थप शब्द दिई वाक्य निर्माण गर्न लगाउनुहोस् । विद्यार्थीले तयार पारेका शब्दहरू प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**द्रष्टव्य :** अन्य पठनतत्त्वका लागि पनि सहजकर्ताले उपचारात्मक शिक्षणका लागि विद्यार्थी पहिचानपछि सम्बन्धित कक्षा, विषयक्षेत्र, पाठ, पाठ्यवस्तु पहिचान गरी त्यसका सम्भावित समस्या, समस्या समाधानका रणनीति र उपचारात्मक शिक्षणका लागि सिकाइ सहजीकरण क्रियाकलाप तयार पार्न सक्नुहुने छ । यसका लागि शिक्षक निर्देशिकालाई उपयोग गर्न सक्नुहुने छ । शिक्षकले सुधारात्मक सिकाइका लागि थप योजना तथा रणनीति बनाई सहजीकरण गर्नु आवश्यक छ । दोस्रोभाषी र विशेष प्रकृतिका विद्यार्थीलाई विशेष ध्यान दिनुपर्छ ।

# आधारभूत तह (कक्षा ४-८)

आधारभूत तह (कक्षा ४-८) मा विद्यार्थीको सिकाइमा देखापर्ने भाषिक सिपगत कठिनाइका सम्भावित क्षेत्र

| क्षेत्र | विषयवस्तु | समस्या |
|---|---|---|
| शब्दभण्डार | • अर्थबोध<br>• वाक्य रचना | • पाठमा प्रयुक्त नवीन शब्दको अर्थ बोध<br>• पाठमा प्रयुक्त नवीन शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग |
| सुनाइ सिप | • श्रुतिबोध<br>• श्रुतिलेखन<br>• कुराकानी तथा छलफल<br>• ध्वनि पहिचान र ध्वनि विभेदीकरण<br>• प्रश्नोत्तर<br>• वर्ण पहिचान र वर्ण विभेदीकरण<br>• अक्षर पहिचान<br>• वाक्य विभेदीकरण<br>• अर्थ तथा आशय बोध | • श्रवण गरेका विषयवस्तु बोध गर्न<br>• शिक्षकले भनेका शब्द, वाक्य वा अनुच्छेद ध्यानपूर्वक सुनेर लेख्न<br>• अरूले भनेको कुरा ध्यानपूर्वक सुनी सन्दर्भअनुसार कुराकानी र छलफल गर्न<br>• असमान ध्वनि भएका उस्तै सुनिने शब्दका ध्वनि पहिचान र विभेदीकरण गर्न<br>• सुनेका आधारमा प्रश्नोत्तर गर्न<br>• शब्द वा वाक्य सुनेका आधारमा शब्दमा रहेका वर्ण पहिचान र वर्ण विभेदीकरण गर्न<br>• शब्द वा वाक्य सुनेका आधारमा शब्दमा रहेका अक्षर पहिचान गर्न<br>• व्याकरणिक कोटिका आधारमा बनेका फरक फरक संरचना भएका युग्म वाक्य सुनेर वाक्यको संरचना पहिचान गर्न<br>• सुनेका शब्द, वाक्य तथा अनुच्छेदको आशय बोध गर्न |

| | | |
|---|---|---|
| बोलाइ सिप | • कुराकानी तथा छलफल<br>• उच्चारण<br>• कथाकथन<br>• घटना वर्णन<br>• चित्र वर्णन<br>• प्रश्नोत्तर<br>• वादविवाद<br>• अर्थ तथा आशय वर्णन | • निश्चित विषयवस्तुमा भाषिक सञ्चार हुने गरी संवाद, कुराकानी तथा छलफल गर्न<br>• पाठमा प्रयुक्त नवीन शब्दको उच्चारण गर्न<br>• आफूले सुनेका कथा भन्न<br>• आफूले देखेका, सुनेका वा अनुभव गरेका घटनाका बारेमा मौखिक वर्णन गर्न<br>• निर्देशित चित्रमा भएका विषयवस्तु वर्णन गर्न<br>• निश्चित विषयवस्तुमा प्रश्नोत्तर गर्न<br>• तुलनेय विषय वा शीर्षकमा तर्कपूर्ण मौखिक अभिव्यक्ति दिन |
| पढाइ सिप | • सस्वरवाचन<br>• शुद्धोच्चारण<br>• पठनबोध र प्रश्नोत्तर<br>• समयबद्ध पठन<br>• मौनपठन | • तोकिएको अनुच्छेद वा पाठ गति, यति र लय मिलाई सस्वरवाचन गर्न<br>• पाठमा प्रयुक्त नवीन शब्दको उच्चारण गर्न<br>• तोकिएको अनुच्छेद भाव बुझ्ने गरी पढ्न र सोसँग सम्बन्धित प्रश्नोत्तर गर्न<br>• तोकिएको अनुच्छेद वा पाठ निर्धारित समयमा पढ्न<br>• तोकिएको पाठ वा अनुच्छेद ध्यानपूर्वक आवाज ननिकाली पढ्न |
| लेखाइ सिप | • श्रुतिलेखन<br>• अनुलेखन<br>• अनुच्छेद लेखन<br>• भावलेखन<br>• सारांश लेखन<br>• अनुभव वर्णन घटना वर्णन<br>• व्यावहारिक रचना<br>• वर्णविन्यास प्रयोग, लेख्य चिह्नको प्रयोग | • शिक्षकबाट सुनाइएका वाक्य वा अनुच्छेद ध्यानपूर्वक सुनेर शुद्धसँग लेख्न<br>• तोकिएका वाक्य वा अनुच्छेद हेरेर जस्ताको तस्तै लेख्न<br>• निर्दिष्ट शीर्षकमा निश्चित ढाँचा अनुसरण गरी अनुच्छेद रचना गर्न<br>• तोकिएको पाठ वा अनुच्छेदमा व्यक्त भाव लेख्न<br>• तोकिएको अनुच्छेदको सारांश लेख्न<br>• आफूले देखेका, सुनेका वा अनुभव गरेका घटनाका बारेमा लिखित वर्णन गर्न<br>• निश्चित ढाँचा अनुसरण गरी चिठी, निवेदन, निमन्त्रणा, शुभकामना, बधाई पत्र, समवेदना पत्र आदि रचना गर्न |

| | | |
|---|---|---|
| | • अनुकरण लेखन<br>• निर्देशित लेखन<br>• स्वतन्त्र लेखन | • उपयुक्त वर्णविन्यास र लेख्यचिन्ह्न प्रयोग गरी शब्द, वाक्य र अनुच्छेद तयार गर्न, उपयुक्त वर्णविन्यास र लेख्यचिन्ह्न प्रयोग गरी शब्द, वाक्य वा अनुच्छेद शुद्धीकरण गर्न<br>• कथा, कविता, जीवनी, संवाद, चिठी, निवेदन, निमन्त्रणा, शुभकामना, बधाईपत्र, समवेदना, सन्देश आदिको नक्कल गरी उस्तै रचना तयार गर्न<br>• निर्देशित बुँदाका आधारमा कथा, कविता, जीवनी, संवाद लेखन<br>• निर्देशित शीर्षकका आधारमा कथा, कविता, जीवनी, संवाद र निबन्ध लेखन |

यी कठिनाइको समाधानका लागि प्रयोग र व्यवहारमा आधारित सिपमा ध्यान दिने, नियमित अभ्यास गर्ने, शब्दभण्डार तथा भाषिक सिपगत अवधारणालाई प्रायोगिक उदाहरणसँग जोड्ने, भाषिक खेलको प्रयोग गर्ने तथा चित्रकथालाई दृश्य सामग्रीको रूपमा प्रयोग गर्नुपर्छ । शिक्षकले पनि विद्यार्थीको कमजोरी क्षेत्रहरू पहिचान गरी तिनीहरूलाई फरक फरक तरिका वा विधिबाट विद्यार्थीको बुझाइमा सहयोग गर्नुपर्छ ।

### २.१.२ विद्यार्थीको सिकाइमा भएको कठिनाइ पहिचानका तरिका/आधार

आधारभूत तह कक्षा १ देखि ८ सम्मको नेपाली विषयको उपचारात्मक शिक्षणका लागि विद्यार्थी छनोटका आधारहरू

| क्र.स. | आधारहरू | अङ्क | कैफियत |
|---|---|---|---|
| १. | शिक्षकको मूल्याङ्कन | २० | नियमित सिकाइ सहजीकरणको क्रममा |
| २. | निदानात्मक परीक्षा | २५ | धेरै कमजोर, सम्बन्धित कक्षाको सिकाइ स्तरभन्दा न्यून भएका र थप समय दिई सहयोगको आवश्यकता भएका विद्यार्थीका लागि विद्यार्थीको सिकाइ स्तरअनुसार उपचारात्मक शिक्षण गर्नुपर्ने अवस्थामा मात्र गर्ने |

# विद्यार्थीको सिकाइ स्तर पहिचानका सम्बन्धमा शिक्षकको अवलोकन साधन
## (आधारभूत तह, कक्षा ४–८)

पूर्णाङ्क : २० कक्षा :

| रोल नम्बर | विद्यार्थीको नाम थर | अगिल्ला मूल्याङ्कनमा विद्यार्थीको सिकाइ स्तर | कक्षामा विद्यार्थीको अन्तरक्रिया र कक्षा कार्य | गृहकार्य, परियोजना तथा प्रयोगात्मक कार्य | सिकाइप्रति रुचि र तत्परता | एकाइ परीक्षा | जम्मा प्राप्ताङ्क (पूर्णाङ्क : २०) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**नोट :**

१. उच्च (Advanced) भएमा ४ अङ्क, राम्रो (Proficient) भएमा ३ अङ्क, सामान्य (Basic) भएमा २ अङ्क र न्यून (Below Basic) भएमा १ अङ्क प्रदान गर्नुहोस् ।

२. विद्यार्थीलाई विभिन्न आधारहरूमा अङ्क प्रदान गर्दा तल दिइएअनुसार अङ्क प्रदान गर्न सकिने छ :

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| न्यून (Below basic) | १ | न्यून सहभागिता तथा सक्रियता र कार्यसम्पादन स्तर कमजोर भएको |
| सामान्य (Basic) | २ | लगभग आधा समय सहभागी तथा सक्रिय भएको र कार्यसम्पादन स्तर सामान्य भएको |
| राम्रो (Proficient) | ३ | लगभग तीन चौथाइ समय सहभागी तथा सक्रिय भएको र कार्यसम्पादन स्तर राम्रो भएको |
| उच्च (Advanced) | ४ | सधैँ सहभागी तथा सक्रिय भएको र कार्यसम्पादन स्तर उच्च भएको |

## शब्दभण्डार

### १. शब्द पहिचान

(अ) विद्यार्थीलाई पाठ्यपुस्तकको शब्दभण्डार खण्डको अभ्यासमा दिइएका अर्थका आधारमा पाठबाट उपयुक्त शब्द खोजेर खाली ठाउँ भर्न लगाउनुहोस् । विद्यार्थीले पहिचान गरेका शब्द र अर्थ मिले नमिलेको परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् । यस क्रममा विद्यार्थीको सिकाइ स्तर, तह र कक्षालाई समेत ध्यान दिई थप अभ्यास गराउनुहोस् । हेर्नुहोस् : कक्षा - ६, पाठ - १, पृष्ठ - ३

**शब्दभण्डार**

१. दिइएका पदावली बुझाउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) लक्ष्मीपूजाको भोलिपल्ट बेलुकी भट्याइने गाथा

(ख) कुनै पनि काम राम्रोसँग गर्ने सिप

(ग) शरीर आदिको उपल्लो भाग

(घ) शारीरिक वा बौद्धिक शक्ति लगाएर गरिने काम

(ङ) जाति, वर्ग र पेसाका मानिसको परिचायक पहिरन

### २. अर्थ पहिचान

(अ) विद्यार्थीलाई अभ्यास खण्डमा दिइएका शब्दको सम्भावित अर्थका बारेमा साथीसँग छलफल गरी लेख्न लगाउनुहोस् । अर्थ पहिचान गर्न नसकेमा शिक्षक वा साथीसँग पुनः छलफल गरी बुझेर पुनः लेख्न लगाउनुहोस् । हेर्नुहोस् : कक्षा - ८, पाठ - ७, पृष्ठ - ८१

२. दिइएका शब्दको अर्थ साथीसँग छलफल गरी लेख्नुहोस् :

संयोग, पैदल, अपरिहार्य, वर्णन, जनविश्वास, समाधि, व्यापक, खाद्यान्न, खरिद

३. **शब्द र अर्थको जोडा मिलान**

(अ) विद्यार्थीलाई अभ्यासमा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन लगाउनुहोस् । जोडा मिले नमिलेको परीक्षण गरी आवश्यक सुझाव दिनुहोस् । यस्तै प्रकृतिका यस्तै थप अभ्यास पनि गराउनुहोस् । हेर्नुहोस् : कक्षा - ६, पाठ - ५, पृष्ठ - ४७

*शब्दभण्डार*

१. तलका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| आकर्षित | स्थापना गर्ने काम |
| प्रतिभा | तानिएको |
| प्रवास | श्रुतिमधुर |
| शताब्दी | बिदेश |
| कर्णप्रिय | सय वर्षको समय वा अवधि |
| अभिनन्दन | सत्कार |
| | प्रशंसा |

४. **पर्यायवाची शब्द पहिचान**

(अ) विद्यार्थीलाई पाठ वा अभ्यासमा प्रयोग भएका केही शब्दलाई आधार मानेर पर्यायवाची शब्द वा उस्तै अर्थ दिने शब्दको अवधारणा स्पष्ट पार्नुहोस्, जस्तै : देश : राष्ट्र, मुलुक, घर : गृह, आवास, आकाश : गगन, सगर आदि । त्यसपछि पर्यायवाची शब्द पहिचान गर्न लगाउनुहोस् । विद्यार्थीले पर्यायवाची शब्द पहिचान गर्न सके नसकेको परीक्षण गरी आवश्यक सुझाव दिनुहोस् । हेर्नुहोस् : कक्षा - ५, पाठ - १, पृष्ठ - ५

२. उस्तै अर्थ दिने शब्दहरूबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| ढुङ्गो | मानव |
| धर्ती | मुलुक |
| आमा | पत्थर |
| मान्छे | पवन |
| देश | पृथ्वी |
| हावा | जननी |

## ५. विपरीतार्थी शब्द पहिचान

(अ) विद्यार्थीलाई पाठ वा अभ्यासमा प्रयोग भएका केही शब्दलाई आधार मानेर विपरीतार्थी शब्द वा उल्टो अर्थ दिने शब्दको अवधारणा स्पष्ट पार्नुहोस् । जस्तै : तल : माथि, बिहान : बेलुकी वा साँझ, लेक : बेँसी, सम्पन्न : विपन्न आदि । त्यसपछि विपरीतार्थी शब्द पहिचान गर्न लगाउनुहोस् । विद्यार्थीले विपरीतार्थी शब्द पहिचान गर्न सके नसकेको परीक्षण गरी आवश्यक सुझाव दिनुहोस् । हेर्नुहोस् : कक्षा - ६, पाठ - २, पृष्ठ - १३

३. शब्दजोडीमध्ये विपरीतार्थी शब्दजोडीलाई चिनेर गोलो घेरा लगाउनुहोस् :

| | | |
|---|---|---|
| आकाश - पाताल | असल - खराब | जल - पानी |
| सफल - विफल | काम - खाम | अक्कल - बुद्धि |
| वन - जङ्गल | सुनाइ-बोलाइ | दिन - रात |

## ६. समूहवाची शब्द पहिचान

(अ) विद्यार्थीलाई समूहवाची शब्द प्रयोग भएको अनुच्छेद पढ्न लगाउनुहोस् । अनुच्छेदमा प्रयोग भएका केही शब्दलाई आधार समूहवाची शब्दको अवधारणा स्पष्ट पार्नुहोस् । शिक्षकले केही समूहवाची शब्द प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै : पराल : कुन्यु, दाउरा : खलियो, अङ्गुर : झुप्पा, केरा : घरी, सेना : गण, फौज आदि । त्यसपछि समूहवाची शब्द पहिचान गर्न लगाउनुहोस् । विद्यार्थीले समूहवाची शब्द पहिचान गर्न सके नसकेको परीक्षण गरी आवश्यक सुझाव दिनुहोस् । त्यसपछि समूहवाची शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको आवश्यकता हेरी थप अभ्यास पनि गराउनुहोस् । हेर्नुहोस् : कक्षा - ८, पाठ - ४, पृष्ठ - ३९

२. दिइएको अनुच्छेदमा प्रयोग भएका समूहवाची शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्नुहोस् :

मेरी दिदी सैनिक अस्पतालमा नर्स हुनुहुन्छ । यसपालि भएको उहाँको बिहेमा सैनिकको एउटा फौज नै जन्तीका रूपमा आएको थियो । जन्तीको लस्कर हेर्न कमिलाका ताँती झैँ मानिसको भिड लागेको थियो । जन्तीले बाजा बजाएको सुनेर बाटामा चरिरहेका गाईवस्तुका बथानसमेत तितरबितर भएका थिए । जन्तीलाई सगुनका रूपमा केराको काँगियो, अङ्गुरको झुप्पा र मिठाई दिइएको थियो ।

## ७. श्रुतिसमभिन्नार्थी शब्द पहिचान

(अ) शिक्षकले विद्यार्थीलाई श्रुतिसमभिन्नार्थी शब्द प्रयोग भएको अनुच्छेद पढ्न लगाई अनुच्छेदका केही शब्दलाई आधार बनाई श्रुतिसमभिन्नार्थी शब्दको सूची प्रस्तुत गर्नुहोस् । प्रस्तुत गरिएका शब्दहरूमध्ये कुन कुन शब्दहरू उस्तै सुनिन्छन् भनी केही

समय सोच्नलगाउनुहोस् । जस्तै : विष - बिस, यस - यश, जुन - जून, तिर - तीर, सीता - सिता, जाति - जाती, दिन - दीन, फूल - फुल आदि ।

(आ) केही श्रुतिसमभिन्नार्थी शब्दलाई फरक फरक अर्थअनुसार वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । शिक्षकले वाक्यमा प्रयोग गरेका केही नमुना प्रदर्शन गरी वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् । विद्यार्थीले रचना गरेका वाक्यहरू प्रस्तुत गरी सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । यस क्रममा आवश्यकताअनुसार थप पृष्ठपोषण दिनुहोस् ।

(इ) पाठको शब्दभण्डारअन्तर्गतको अभ्यासमा केन्द्रित भई सुन्दा उस्तै सुनिने तर फरक अर्थ दिने शब्द टिपोट गर्न लगाउनुहोस् र ती श्रुतिसमभिन्नार्थी शब्दलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । हेर्नुहोस् : कक्षा - ४, पाठ - ५, पृष्ठ - ४४

२. तल दिइएका उस्तै उच्चारण हुने शब्दबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सित | वन |
| जून | शव |
| दीन | शीत |
| सब | जुन |
| बन | दिन |

## ट. समावेशक र समावेश्य शब्द पहिचान

(अ) शिक्षकले पुस्तकको शब्दभण्डार खण्डको अभ्यास वा अन्य माध्यमबाट समावेशक र समावेश्य शब्दको पहिचान र प्रयोग गर्न सकिने खालका अनुच्छेद वा शब्द सूची प्रदर्शन गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई समावेशक र समावेश्य शब्दको धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

| **समावेशक शब्द** | **समावेश्य शब्द** |
|---|---|
| जनावर | गाई, भैँसी, कुकुर, बिरालो |
| देश | नेपाल, भारत, चीन |
| फूल | चमेली, गोदावरी, गुलाब, बाबरी |
| ऋतु | वसन्त, हेमन्त, शरद्, ग्रीष्म |
| हिमाल | सगरमाथा, अन्नपूर्ण, कञ्चनजङ्घा, माछापुच्छ्रे |

(आ) विद्यार्थीलाई समावेशक र समावेश्य शब्दको धारणा स्पष्ट पारेपछि यससम्बन्धी अभ्यास कार्य गराउनुहोस् र अनुसार सुझाव दिनुहोस् । हेर्नुहोस् : कक्षा - ८, पाठ - ५, पृष्ठ - ५४

३. उपयुक्त समावेशक र समावेश्य शब्दका बिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| विषय | नेपाल |
| चरो | फुटबल |
| धातु | चाँदी |
| देश | गणित |
| खेल | सगरमाथा |
| ऋतु | डाँफे |
| हिमाल | हेमन्त |
| | सयपत्री |

**९. लघुतावाची शब्द सिकाइ**

(अ) शिक्षकले लघुतावाची शब्द प्रयोग गरिएको अनुच्छेद वा शब्द सूची प्रस्तुत गर्नुहोस् र लघुतावाची शब्दको अवधारण स्पष्ट पार्नुहोस्, जस्तै : लसुन : पोटी, कागज : पाना, सुन्तला : केस्रो, पानी : थोपो, अचार : पित्को, लौरो : लौरी आदि ।

(आ) विद्यार्थीलाई लघुतावाची शब्दको धारणा स्पष्ट पारेपछि वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । त्यसपछि अभ्यास कार्य गराउनुहोस् र आवश्यकताअनुसार सुझाव दिनुहोस् । हेर्नुहोस् : कक्षा - ८, पाठ - ८, पृष्ठ - ९१

२. दिइएको अनुच्छेद पढी लघुतावाची शब्द टिपोट गर्नुहोस् :

आमाले काँक्रो चिर्नुभयो । मैले एक चिम्टी नुन र एक ढिँडी खुर्सानी पिसेँ । भाइले सबै जनालाई काँक्राका एक एकओटा चिरा बाँड्यो । सुवानी सानो लौरी टेकेर टुप्लुक्क आइपुगिन् । उनले कम्मरमा पटुकी, निधारमा टिकी र नाकमा फूली लगाएकी रहिछन् । उनी तिर्खाएकी हुनाले पहिले एक अम्खोरी पानी पिइन् त्यसपछि एक चिरो काँक्रो खाइन् ।

## १०. शिष्टाचार शब्द पहिचान

(अ) शिक्षकले नेपाली परिवेशमा प्रयोग गरिने सम्मानयुक्त शब्दको सूची प्रदर्शन गरी कसलाई कस्तो सम्मान गरिन्छ भन्ने सन्दर्भमा छलफल गरी धाराणा स्पष्ट पार्नुहोस्, जस्तै : पूज्य/पूजनीय, आदरणीय, श्रद्धेय, प्रिय, प्रिया, स्नेही, मायालु, प्यारो/प्यारी, मायालु, स्नेही, अभिवादन, साष्टाङ्ग दण्डवत् आदि । त्यसपछि अभ्यास कार्य गराई वाक्यमा प्रयोग गर्न पनि लगाउनुहोस् । हेर्नुहोस् : कक्षा - ४, पाठ - ४, पृष्ठ - ३५

३. जोडा मिलाउनुहोस् :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| प्रिय | बुबा |
| श्रीमान् | दिदी |
| आदरणीय | साथी |
| पूजनीय | प्रधानाध्यापक |

(आ) शिक्षकले माथिका शब्दको प्रयोग गरी केही वाक्य बनाएर देखाउनुहोस् । विद्यार्थीलाई आफूले बनाएको वाक्य मिले नमिलेको स्वमूल्याङ्कन गर्न लगाउनुहोस् ।

जस्तै : पूजनीय बुबाका चरणकमलमा साष्टाङ्ग दण्डवत् छ ।
हितैषी मित्रलाई शुभ चिन्तकको तर्फबाट शुभकामना छ ।

## ११. अनुकरणात्मक शब्द पहिचान

(अ) शिक्षकले अनुकरणात्मक शब्द प्रयोग भएको अनुच्छेद प्रस्तुत गरी अनुकरणात्मक शब्द पहिचान गर्न सिकाउनुहोस् । जस्तै :

ठुली दिदी गाडीबाट ओर्लेर खुरुरु कुदिन् । उनी मुसुमुसु हाँस्दै बहिनीतिर आइन् । बहिनीका हातमा पानीको बोतल थियो । उनले बहिनीसँग पानी मागिन् । त्यसपछि कलकल पानी खाइन् । उनको निधारबाट खलखली पसिना आएको थियो । ठुली दिदी रुमालले पसिना पुछ्दै लुरुलुरु चौतारीतिर गइन् र थचक्क बसिन् ।

(आ) शिक्षकले शब्दपत्तीका माध्यमबाट अनुकरणात्मक शब्द प्रदर्शन गरी वाक्यसमेत निर्माण गरेर धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

| | | |
|---|---|---|
| खलखली | (पसिना आउनु) | - जेठअसारको गर्मीमा खलखली पसिना आउँछ । |
| निथ्रुक्क | (भिज्नु) | - भाइ पानीले निथ्रुक्क भिज्यो । |
| फटाफट | (हिँड्नु) | - बहिनी कसैसँग नबोली फटाफट हिँडी । |

(इ) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यासमा दिइएको अनुकरणात्मक शब्दसम्बन्धी पहिचान

गर्ने, जोडा मिलाउने र वाक्य निर्माण गर्ने जस्ता अभ्यास गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले गरेको कक्षाकार्य अवलोकन गरी आवश्यक पृष्ठपोषण लिनुहोस् । हेर्नुहोस् : कक्षा - ६, पाठ - ३, पृष्ठ - २५

३. अनुकरणात्मक शब्दसँग मिल्ने क्रियामूल छानेर जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| पुलुक्क | चुहिनु |
| टुप्लुक्क | बस्नु |
| झुलुक्क | भाग्नु |
| तपतप | पोल्नु |
| थचक्क | झुल्कनु |
| भतभती | हेर्नु |
| सुटुक्क | आइपुग्नु |
| ड्याम्म | टाँसिनु |
| थ्याच्च | पड्कनु |
| गल्यांम्म | बस्नु |
| ट्याप्प | ढल्नु |

१२. **अनेकार्थी शब्द पहिचान**

(अ) शिक्षकले शब्दपत्ती तथा वाक्यपत्तीका माध्यमबाट अनेकार्थी शब्द र तिनका अर्थ प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

तर : तर्ने काम - तिमी त्यो खोला तर अनि मामाघर जाऊ ।

: एक प्रकारको संयोजक - रमेश खेलकुदमा रुचि राख्छ तर उसको पढाइ पनि राम्रो छ ।

: दुधको छाली - आमले मलाई तर दिनुभयो ।

: काम फत्ते गर्नु - यो काम काकाले मात्र तर लगाउनुहुन्छ ।

(आ) विद्यार्थीलाई पाठको शब्दभण्डार खण्डको अभ्यासमा दिइएका अनेकार्थी शब्दलाई जोडा मिलाउने, खाली ठाउँ भर्ने, वाक्य बनाउने जस्ता अभ्यास गर्न लगाउनुहोस् । यस क्रममा आवश्यकताअनुसार थप अभ्यास पनि गर्न लगाउन सक्नुहुने छ । विद्यार्थीको अभ्यास कार्य परीक्षण गरी छलफल गरी सुझाव दिनुहोस् । हेर्नुहोस् : कक्षा - ६, पाठ - ६, पृष्ठ - ६२

२. दिइएका शब्दको अर्थ पढेर वाक्यमा प्रयोग गर्नुहोस् :

(क) जाति : जात विशेष
जाती : असल

(ख) आदि : इत्यादि
आदी : बानी परेको

(ग) दर : भाउ
दर : तिजको अगिल्लो दिन खाने विशेष खाना

(घ) पट्टि : तर्फ
पट्टी : घाउ हुँदा बाँधिने कपडा

(ङ) खाली : रित्तो
खालि : मात्र

(च) दिन : दिवा
दीन : दु:खी

(छ) जुन : सर्वनाम
जून : चन्द्रमा

(ज) देखि : बाट
देखी : देख्ने काम

१३. **पारिभाषिक/प्राविधिक शब्द पहिचान**

(अ) विद्यार्थीलाई शब्दार्थपत्ती वा तालिकाका माध्यमबाट पारिभाषिक/प्राविधिक शब्दको अर्थ बताउनुहोस् । त्यसपछि उक्त शब्दलाई वाक्यमा प्रयोग गरिदिनुहोस् । विद्यार्थीलाई पनि वाक्य बनाउने अवसर प्रदान गर्नुहोस्, जस्तै :

| पारिभाषिक/प्राविधिक शब्द | पारिभाषिक/प्राविधिक शब्दको अर्थ |
|---|---|
| भूक्षय | बाढी, पहिरो आदिका कारण जमिन भासिने काम |
| जीवाणु | अति सूक्ष्म कीटाणु |
| बहुमुखी | विभिन्न विषयक्षेत्रको ज्ञान हासिल गरेको |
| प्राङ्गारिक | पातपतिङ्गर आदि कुहिएको रूप |

(आ) विद्यार्थीलाई जोडा मिलाउने, खाली ठाउँ भर्ने, पाठबाट शब्द पहिचान गर्ने, वाक्य बनाउने जस्ता अभ्यास गर्न लगाउनुहोस् । हेर्नुहोस् : कक्षा - ८, पाठ - ९, पृष्ठ - १०३

२. **कोष्ठकबाट खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :**

(क) विश्वमा ......... को सङ्कट बढ्दै छ। (अभिलेख, इन्धन, परिपत्र)

(ख) हामीले ........... जोगाउन वृक्षारोपण गर्नुपर्छ। (अस्तित्व, मानवता, पर्यावरण)

(ग) नेपालको संविधानले ............. तोकेको छ। (मौलिक हक, सहवरण, अनुसन्धान)

(घ) ............... निर्वाचन गराउँदै छ। (प्रक्षेपण, विधेयक, निर्वाचन आयोग)

(ङ) प्राकृतिक ............... को समुचित प्रयोग गर्नुपर्छ। (संसाधन, प्रविधि, अर्थतन्त्र)

**१४. उखान र टुक्का पहिचान**

(अ) शिक्षकले समाजमा प्रचलित विभिन्न उखान टुक्कालाई मौखिक प्रयोग गरेर सुनाउनुहोस् । विद्यार्थीलाई पनि आफूले जानेका उखान टुक्का सुनाउन लगाउनुहोस् । त्यसपछि तालिकका वा शब्दपत्तीका माध्यमबाट क्रमशः उखान टुक्काको अर्थ स्पष्ट पार्नुहोस् । यस क्रममा वाक्य बनाएर सुनाउनुहोस्, जस्तै :

| टुक्का | अर्थ | प्रयोग |
|---|---|---|
| डाँडो काट्नु | भाग्नु | चोरले पसल फोरेर डाँडो काटेछ । |
| आगो हुनु | रिसाउनु | बहिनीको नचाहिँदो कुरा सुनेर आमा आगो हुनुभयो । |

**उखान**

| उखान | अर्थ | प्रयोग |
|---|---|---|
| अकबरी सुनलाई कसी लाउनु पर्दैन | असल कुरालाई जाँचिराख्नु पर्दैन । | "अकबरी सुनलाई कसी लाउनु पर्दैन" भनेझैँ उसको इमानदारीमा शङ्का गर्नुपर्दैन । |
| हुने बिरूवाको चिल्लो पात | पछि राम्रो हुने लक्षण सुरुदेखि देखिन्छ । | गोपालप्रसाद रिमालले "हुने बिरुवाको चिल्लो पात" भने झैँ सानैदेखि आफ्नो प्रतिभाको परिचय दिए । |

(आ) विद्यार्थीलाई जोडा मिलाउने, खाली ठाउँ भर्ने, पाठबाट उखान टुक्का पहिचान गर्ने, वाक्य बनाउने जस्ता अभ्यास गर्न लगाउनुहोस् । हेर्नुहोस् : कक्षा - ६, पाठ - १०, पृष्ठ - १५५

३. तलका उखान र तिनको आशयबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| अघिको तितो पछिको मिठो | केही पनि नगुमाईकन काम फत्ते गर्नु |
| ढुङ्गो खोज्दा देउता मिल्नु | आफ्नो ढङ्ग नभईकन अर्कामाथि दोष थोपर्नु |
| साँप पनि मरोस् लट्ठी पनि नभाँचियोस् | काम गर्नेलाई कुनै बाधाले रोक्न नसक्नु |
| खाने मुखलाई जुँघाले छेक्दैन | पहिले नराम्रो वा दुःख भए पनि पछाडि राम्रो वा सुख हुँदा बेस |
| नाच्न नजान्ने आँगन टेढो | सामान्य वस्तु खोज्दा बहुमूल्य वस्तु प्राप्त गर्नु |

## १५. पदावली पहिचान

(अ) शिक्षकले पद तथा पदावलीका केही उदाहरण प्रस्तुत गरेर अवधारणा स्पष्ट पार्नुहोस् । यस क्रममा विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस्, जस्तै :

**पद :** कमला, काम, विद्यालय, भूक्षय, कम्प्युटर, कारखाना, नतिजा, आन्दोलन, झरना आदि ।

**पदावली :** मिहिनेती मानिस, तयारी पोसाक, हरिया सँग, गरेर खानु, इमानदार बन्नु आदि । हेर्नुहोस् : कक्षा - ८, पाठ - १४, पृष्ठ - १७५

३. दिइएका पदावलीलाई वाक्यमा प्रयोग गर्नुहोस् :

पाइला चाल्नु, झमक्क साँझ, बास बस्ने ठाउँ, निकै जोखिम, सिउसिउ गर्नु, नामी ओखती, पहाडका तरेली, प्रमत्त पारा, हिमाली खोला

## १६. लयात्मक शब्द पहिचान

(अ) शिक्षकले केही लयात्मक शब्दका नमुना प्रदर्शन गर्दै धारणा स्पष्ट पार्नुहोस् । त्यसपछि विद्यार्थीलाई पनि लयात्मक शब्द पहिचान गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको आवश्यकता पहिचान गरी थप अभ्यास पनि गराउनुहोस् । जस्तैः

लहरा/छहरा/पहरा

छाना/खाना/नाना

काम/खाम/घाम/थाम/दाम/धाम/माम/बाम/भाम/याम/राम/लाम/हाम । हेर्नुहोस् : कक्षा - ८, पाठ - १, पृष्ठ - ४

२. दिइएका लय मिल्ने शब्द पढी लेख्नुहोस् :

| | |
|---|---|
| लहरा / छहरा | सुरिलो / कुरिलो |
| जङ्गल / मङ्गल | लायक / गायक |
| लुसुक्क / मुसुक्क | सगर / बगर |

१७. **सिङ्गो शब्द पहिचान**

(अ) शिक्षकले सिङ्गा शब्दका केही उदाहरण प्रस्तुत गरी धारणा स्पष्ट पार्नुहोस् ।

**अर्थ**

**सिङ्गो शब्द**

| | |
|---|---|
| सधैँ हराभरा देखिने | : सदावहार |
| रस लिने काम | : आश्वादन |
| लिपिमा बाँधिएको | : लिपिबद्ध |
| कहिल्यै नाश नहुने | : अविनाशी |
| एकल | : एक हुँदाको अवस्था |

हेर्नुहोस् : कक्षा - ८, पाठ - १३, पृष्ठ - ११५

२. दिइएका रेखाङ्कित सिङ्गो शब्दका अर्थबारे शिक्षकसँग छलफल गर्नुहोस् :

नेपालको जैविक विविधता आफैँमा अनुपम छ । म तिनको संरक्षणमा सहयोग पुग्ने किसिमका विचार लिपिबद्ध गर्छु । हिजोआज प्राङ्गारिक मलका सट्टा रासायनिक मलको बढ्दो प्रयोग छ । त्यसको नियन्त्रणका लागि समाजमा जनचेतना बढाउँछु । नेपालको अनुपम प्राकृतिक सम्पदा, अलौकिक सुन्दरता र असामान्य विशेषतालाई विश्वसामु पुऱ्याउँछु । जिज्ञासुलाई वास्तविकता बताउनु मेरो काम हो । म निजी कुरालाई छातीमा राखेर तटस्थ हुँदै मुलुकमा प्राकृतिक समुन्नति सहस्राब्दीसम्म भइरहनुपर्छ भन्ने विश्वासका साथ अघि बढ्छु । वास्तवमै नेपालको क्षितिज विशाल छ ।

## मौलिक र आगन्तुक शब्द पहिचान

(अ) शिक्षकले तलका जस्ता शब्दको सूची प्रस्तुत गरेर मौलिक शब्द पहिचान गराउनुहोस्, जस्तै :

तत्सम शब्द : संस्कृत भाषाबाट जस्ताको तस्तै नेपालीमा आएका शब्दहरू

अक्षर, अनुशासन, ईश्वर, उर्वर, ऊर्जा, ऋषि, एकता, पुस्तक, फल, बुद्ध, भाषा, भीम, मूर्ति, विकास, विद्यार्थी, शङ्ख, शोषण, षड्यन्त्र, आदि ।

## संस्कृत भाषाबाट केही रूप फेरिएर नेपालीमा आएका शब्दहरू

| | | |
|---|---|---|
| अद्य – आज | अग्नि – आगा | अश्रु – आँसु |
| हंस – हाँस | हस्त – हात | सत्य – साँचो |
| दुग्ध – दुध | मिष्ठ – मिठो | पत्र – पात |

(आ) शिक्षकले तलका जस्ता शब्दको सूची प्रस्तुत गरेर आगन्तुक शब्दको पहिचान गराउनुहोस् । जस्तै :

**अङ्ग्रेजी भाषाका शब्द** : क्यामेरा, फोटो, रेडियो, टेलिभिजन, काउली, इन्जिन, स्कुल, बाकस आदि ।

**अरबी भाषाका शब्द** : अखवार, इज्जत, इनाम, कसम, कसरत, किताब, खतरा, खराब आदि ।

**फारसी भाषाका शब्द** : आखिर, आवाज, कागज, कोसिस, गजल, गर्दन, गलैँचा, जमिन आदि ।

**नेपाल भाषाका शब्द** : कौसी, झ्याल, ढोका, पर्खाल, लाखे, टुँडाल, चाकु, चर्पी, चुकुल आदि ।

**तामाङ भाषाका शब्द** : च्याङ्बा, डम्फु, सेलो आदि ।

**गुरुङ भाषाका शब्द** : घले, घुम, रोदी आदि ।

मौलिक र आगन्तुक शब्दको अवधारणापछि विद्यार्थीलाई अभ्यास गर्न लगाई आवश्यक सुझाव दिनुहोस् ।

हेर्नुहोस् : कक्षा - ६, पाठ - १४, पृष्ठ - १६५

१. दिइएका संस्कृत शब्द र तिनबाट रूप परिवर्तन भएर आएका नेपाली शब्दहरू दिइएका छन् । ती शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् :

| संस्कृत | नेपाली | संस्कृत | नेपाली |
|---|---|---|---|
| हस्त | हात | स्थूल | ठुलो |
| कर्म | काम | पत्र | पात |
| क्षेत्र | खेत | पूर्ण | पूरा |
| काष्ठ | काठ | नव | नयाँ |

२. तलका शब्द कुन भाषाबाट आएका हुन्, जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| आइडिया | फारसी |
| तलब | अङ्ग्रेजी |
| कोसिस | शेर्पा |
| पसल | तामाङ |
| डम्फु | नेपाल |
| च्याङ्ग्रा | अरबी |

## १८. सङ्क्षिप्त शब्द पहिचान

(अ) शिक्षकले केही सङ्क्षिप्त रूप प्रयोग प्रस्तुत गरी सङ्क्षिप्त शब्दको अवधारणा स्पष्ट पार्नुहोस्, जस्तै :

| | | | |
|---|---|---|---|
| प्रा. – | प्राध्यापक | डा. – | डाक्टर |
| इ. – | इन्जिनियर | पं. – | पण्डित |
| प्रो. – | प्रोपाइटर | सं. – | संवत् |

हेर्नुहोस् : कक्षा - ८, पाठ - १७, पृष्ठ - १९५

३. दिइएका सङ्क्षिप्त शब्द र तिनका पूर्ण रूपबिच जोडा मिलाउनुहोस् :

| सङ्क्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| नेवानि | गोरखापत्र |
| नेप्रप्र | राष्ट्रिय समाचार समिति |
| अनेसास | प्रधानमन्त्री |
| रासस | नेपाल विद्युत् प्राधिकरण |
| गापा | प्रधानाध्यापक |
| प्रअ | अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज |
| प्रम | कोष तथा लेखा नियन्त्रण कार्यालय |
| कोलेनिका | नेपाल प्रज्ञा प्रतिष्ठान |
| गोप | नेपाल वायुसेवा निगम |
| | गाउँपालिका |

## बोलाइ सिपसम्बद्ध सिकाइ प्रक्रिया

### १. कुराकानी तथा छलफल

कुराकानी वा छलफल गराउने अभ्यास विद्यार्थीको भाषिक दक्षता, अभिव्यक्ति कौशल र सामाजिक सहभागिता विकास गराउन अत्यन्त उपयोगी हुन्छ । यस्ता क्रियाकलापले विद्यार्थीलाई आत्मविश्वासपूर्वक कुरा राख्न, अर्काको विचार सुन्न र उत्तर दिन सक्षम बनाउँछ ।

## कुराकानी वा छलफलका लागि आवश्यक क्रियाकलापहरू

(क) **तस्बिर हेरेर कुरा गराउने** : कुनै दृश्य तस्बिर देखाउनुहोस् (जस्तै : विद्यालयको दृश्य, वनभोज, मेलापर्व, भिडभाड आदि) ।

विद्यार्थीलाई "के देखिन्छ ?", "कस्तो अनुभव होला ?" जस्ता प्रश्न सोधेर बोल्न लगाउनुहोस् ।

(ख) **भूमिका खेल** : शिक्षक-विद्यार्थी, बाबु-छोरा, ग्राहक-व्यापारी, दुई साथी आदि भूमिका बाँडेर छोटो संवाद अभ्यास गराउनुहोस् ।

(ग) **जोडी संवाद :** विद्यार्थीलाई दुई दुई जनाको समूह बनाएर एकअर्कासँग निश्चित विषयमा कुराकानी गर्न लगाउनुहोस् ।

**उदाहरण विषय :** आजको कक्षा, हिजोको रमाइलो घटना, मेरो साथी आदि ।

(घ) **समूह छलफल :** एउटा विवादास्पद वा चासोको विषय दिनुहोस् (जस्तै : मोबाइलको उपयोग, अनलाइन कक्षा, सफा वातावरण) । यस्तै प्रकृतिका कुनै शीर्षक दिएर विद्यार्थी समूह बनाउनुहोस् र आआफ्नो विचार राख्न लगाउनुहोस् ।

(ङ) **सवालजवाफ अभ्यास :** शिक्षकले कुनै पाठसँग सम्बन्धित प्रश्न सोध्नुहोस् र विद्यार्थीलाई आआफ्नो विचार राख्न लगाउनुहोस् ।

**कुराकानी वा छलफलको नमुना (संवाद)**

**विद्यालयमा रमाइलो कार्यक्रमबारे दुई विद्यार्थीको संवाद**

सुनिता : नमस्ते रिमा ! हिजोको विद्यालय कार्यक्रम कस्तो लाग्यो तिमीलाई ?

रिमा : नमस्ते सुनिता ! एकदमै रमाइलो लाग्यो । विशेष गरी नृत्य कार्यक्रममा मज्जा आयो ।

सुनिता : मलाई पनि ! तिमीले त कविता वाचन पनि गर्यौ नि ?

रिमा : हो, अलि डर लाग्यो सुरुमा तर पछि रमाइलो लाग्यो । तिमीले चित्रकला प्रतियोगितामा भाग लियौ ?

सुनिता : लिएकी थिएँ । दोस्रो स्थान प्राप्त गरेँ । पुरस्कार पाउँदा खुसी लाग्यो ।

रिमा : वाह ! बधाई छ । हाम्रो विद्यालयमा यस्ता कार्यक्रम भइरहे कति राम्रो हुन्छ है ?

सुनिता : हो नि । विद्यालयमा सञ्चालन हुने यस्ता गतिविधिबाट धेरै कुरा सिकिन्छ ।

## २. उच्चारण

विद्यार्थीलाई उच्चारण गर्न कठिनाइ भएका शब्द पहिचान गरी टिपोट तथा रेखाङ्कन गर्नुहोस् । टिपोट गरेका शब्द शैक्षणिक पाटी वा शब्दपत्ती लेख्नुहोस् र विद्यार्थीलाई नै शुद्ध उच्चारण गर्न प्रेरित गर्नुहोस् । यस क्रममा शिक्षकले आवश्यक उपचारात्मक शिक्षण गर्नुहोस् । विद्यार्थीलाई उपचारात्मक विधिबाट उच्चारण सिकाउँदा अक्षरीकरण गरी सिकाइ उपलब्धि हासिल नहोउन्जेल पटक पटक उच्चारण अभ्यास गराउनुहोस्, जस्तै :

| शब्द | अक्षरीकरणबाट गरिने उच्चारण |
|---|---|
| सामर्थ्य | /सा.मर्.थ्य/ |
| बुद्ध | /बुद्.ध/ |

## ३. कथाकथन

कथाकथन बोलाइ सिप शिक्षणका लागि विशेष प्रभावशाली विधि हो । यसले विद्यार्थीलाई मनोरञ्जन मात्र गराउँदैन, सोच्न प्रेरित गर्छ र भाषा, बोली एवम् सांस्कृतिक ज्ञान विकासमा मदत गर्छ । यहाँ कथाकथनका लागि उपयुक्त क्रियाकलापहरू र नमुना प्रस्तुत गरिएको छ :

### कथाकथनका लागि क्रियाकलापहरू

(क) **कलात्मक प्रस्तुति** : शिक्षक वा विद्यार्थीले कुनै कथाका पात्रहरूलाई जनाउने पुतली, कार्ड अथवा कुनै दृश्य सङ्केत प्रयोग गर्नुहोस् ।

(ख) **कथाबाट प्रश्नोत्तर** : कथाका केही कौतुहल जनाउने विन्दुमा रोकिएर विद्यार्थीसँग प्रश्न सोध्नुहोस्, जस्तै : “अब के हुन्छ ?” “त्यो पात्र किन डरायो होला ?” आदि ।

(ग) **समूहमा अभिनय** : कथा सुनेपछि विद्यार्थीलाई समूह बनाएर संवाद र अभिनय गर्न लगाउनुहोस् ।

(घ) **कथा विस्तार** : शिक्षकले कुनै कथाको सुरुका केही अंश भनिदिनुहोस् र कथालाई अमुख अवस्थामा छोडिदिनुहोस् । विद्यार्थीलाई शिक्षकबाट सुनेको कथाको अंशबाट कथा अगाडि बढाउन लगाउनुहोस् र आफ्नै शब्दमा कथानक तयार गरी समापन गर्न लगाउनुहोस् ।

(ङ) **चित्रकथा बनाउने** : विद्यार्थीलाई कुनै कथाको प्रमुख दृश्यहरू चित्र वा स्लाइड मा देखाउन लगाउनुहोस् र ती दृश्यलाई मिलाएर पूर्ण कथा तयार गर्न लगाउनुहोस् ।

### कथाकथन अभ्यास नमुना

**कथा शीर्षक: “दुई दोस्त र पनि सहयोग”**

कथोपकथन प्रस्तुतिका लागि योजना

#### १. कथावस्तु सङ्क्षेप

- दुई साथी : रडी (कुकुर) र मीरा छन् ।
- उनीहरू जङ्गलमा भएको वेलामा साना जनावरसँग भेट हुन्छ ।
- पारस्परिक सहयोग र विश्वास प्रदर्शन हुन्छ ।

#### २. क्रियाकलाप

विद्यार्थीलाई सरोकारजनक कथा सुन्न र बुझ्न सिकाउने ।

सहयोग, मित्रता जस्ता मानवीय गुणहरू उजागर गर्ने ।

वाक्य सङ्गठन, वर्णनात्मक भाषा विस्तारको अभ्यास गराउने ।

३. **कथानक प्रस्तुतीकरण :**

**चरण १** : कथा प्रस्तुत

शिक्षकले पुतली वा कार्ड (रडी, मीरा, रुख, ससाना जनावर) प्रयोग गरेर कथा सुनाउने ।

जस्तै, "एक थियो रडी, एक थिई मीरा । उनीहरू जङ्गलमा पैदल यात्रा गर्दै थिए...।"

**चरण २** : प्रश्नोत्तर (प्रतिक्रिया) : कथाकाबिचमा रोकेर निम्नानुसार प्रश्न सोध्ने ।

रडी कति डराएको होला ?

मीराले त्यहाँ के गरिन् होला ?

**चरण ३** : समूह अभिनय

आवश्यकतानुसार विद्यार्थी समूह बनाएर कथावस्तुअनुसार अभिनय गर्न लगाउनुहोस् ।

**चरण ४** : कथा विस्तार

अन्ततः रडीले रुखको भाग पकडेर मीरालाई बचायो...पछि ?"

विद्यार्थीले समूहमा आएर यस घटनाभन्दा अगाडिको भाग अभिनयसहित कथा विस्तार गरी कथा समापन गर्नुपर्ने कुराको जानकारी गराउनुहोस् ।

**चरण ५** : पुनरावृत्ति व सुधारात्मक समीक्षा

प्रत्येक समूहलाई छोटो अभिनय गरेर बाँकी कथा पूरा गर्न लगाउनुहोस् ।

शिक्षकले समूह प्रस्तुतिका आधारमा वाक्य प्रयोग, भाव र वाणीका सम्बन्धमा प्रतिक्रिया दिनुहोस् ।

४. **घटना वर्णन**

घटना वर्णन भाषा शिक्षणमा बोलाइ सिप विकासका महत्वपूर्ण क्रियाकलाप हो किनभने यसले विद्यार्थीको ध्यान केन्द्रित गर्ने, अनुभव वर्णन गर्ने, कालक्रम मिलाउने तथा विवरणात्मक भाषा प्रयोग गर्ने सिप विकास गर्छ ।

**घटना वर्णनका लागि उपयोगी क्रियाकलापहरू**

(क) **उदाहरण हेरेर वर्णन गराउने** : कुनै तस्बिर, कार्टुन वा दृश्य देखाएर सो दृश्यमा के भइरहेको छ भनेर वर्णन गराउनुहोस्, उदाहरणः कुनै पार्कको दृश्य, सडक दुर्घटना, विद्यालयको वार्षिकोत्सव

(ख) **अनुभव लेख्न वा सुनाउन लगाउने** : विद्यार्थीलाई "मेरो जीवनको रमाइला घटना" शीर्षकमा वर्णन गर्न लगाउनुहोस् । उनीहरूले भोगेको कुनै घटना कालक्रम मिलाएर बोल्ने अभ्यास गराउनुहोस् ।

(ग) **घटना पुनःक्रम मिलाउने** : छरिएका घटनाक्रमलाई क्रम मिलाउने खेल खेलाउनुहोस् । उदाहरणः ५ ओटा वाक्य दिई ती वाक्य मिलाएर कथानक बनाउन लगाउनुहोस् ।

(घ) **साक्षात्कार शैलीको प्रयोगः** विद्यार्थीलाई "पसले" र "ग्राहक" बनाएर छोटो कुराकानी गराउने ।

(यस्तै अन्य उदाहरण प्रयोग गर्न सकिन्छ ।)

(ङ) **समूह प्रस्तुति** : कुनै एक घटनालाई प्रारम्भ, मध्य र अन्त्य तीन समूहमा बाँड्नुहोस् र सोहीअनुसार विद्यार्थी समूह निर्माण गरी ती घटनाका अंशलाई समूहअनुसार विभाजन गरी आआफ्नो समूहलाई परेको अंश वर्णन गर्न लगाउनुहोस् ।

**नमुना घटना वर्णन**

**शीर्षक: रमाइलो वनभोज यात्रा**

गत शनिवार हाम्रो विद्यालयबाट कक्षा ७ र ८ का विद्यार्थीलाई वनभोज लगिएको थियो । बिहान ठिक ८ बजे हामी बस चढेर गोदावरीतर्फ निस्कियौँ । बाटोभरि गीत गाउँदै रमाइलो गर्दै गयौँ । गोदावरी पुगेपछि हामीले बिहानको खाजा खायौँ । त्यसपछि खेलकुद, नाचगान र गीत प्रतियोगिता भयो । मलाई मेरो साथीको नृत्य अत्यन्त मन पऱ्यो । शिक्षकहरूले पनि रमाइलो कार्यक्रममा भाग लिनुभएको थियो । शिक्षकको नृत्य हेरेर म आश्चर्यचकित भएँ । समय समयमा खानपानको व्यवस्था पनि भइरहेको थियो । दिनभर घुमघाम, फोटो खिचाइ र हाँसोमा बित्यो । बेलुका ५ बजे हामी विद्यालय फर्कियौँ । यो वनभोज मेरो जीवनको एक अविस्मरणीय अनुभव बन्यो ।

## ५. चित्र वर्णन

चित्र वर्णन भाषाको शिक्षणमा दृष्टिबोध, अभिव्यक्ति क्षमता, शब्द प्रयोग र वर्णनात्मक क्षमता विकास गर्ने अत्यन्त प्रभावकारी विधि हो । यो विशेष गरी आधारभूत तहका लागि उपयुक्त अभ्यास हो ।

**चित्र वर्णनका लागि क्रियाकलापहरू**

(क) **चित्र हेरेर कुरा गराउने** : विद्यार्थीलाई कुनै चित्र देखाउनुहोस् र निम्नानुसार प्रश्न गरी छलफल गराउनुहोस् : चित्रमा के के देखिन्छ ? के भइरहेको छ ? आदि प्रश्न गरेर बोल्न लगाउनुहोस् ।

(ख) **मौखिक वर्णन** : चित्रका बारेमा छोटकरीमा वर्णन गर्न लगाउनुहोस् । आवश्यक परेमा शब्द सूची प्रदान गर्नुहोस् ।

(ग) **प्रश्नोत्तर गराउने** : चित्रका आधारमा विभिन्न प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस्, जस्तै, यो चित्र कहाँको हो ? यहाँ कति जना मानिस छन् ? चित्रमा के काम भइरहेको छ ?

(घ) **कथानक बनाउने** : चित्र हेरेर त्यसको कथावस्तु तयार गर्न लगाउनुहोस् । चित्रअनुसार पात्र, घटना र स्थान वर्णन गर्न लगाउनुहोस् ।

(ङ) **चित्र मिलाउने/अनुक्रम मिलाउने** : छरिएका चित्रहरू मिलाएर कथाक्रम बनाउन र वर्णन गर्न लगाउनुहोस् ।

## चित्र वर्णनको नमुना

**चित्र विवरण :** एउटा पार्कको चित्र, त्यहाँ केटाकेटी खेलिरहेका छन्, मानिस हिँडिरहेका छन्, रुखहरू छन्, चराहरू उडिरहेका छन् ।

**नमुना वर्णन :**

यो चित्र एक पार्कको हो । यहाँ हरियाली रुखहरू छन् । केही चरा रुखमा बसेका छन् भने केही आकाशमा उडिरहेका छन् । चित्रमा केटाकेटी झुला खेलिरहेका छन् । केही मानिस हिँडिरहेका छन्, कोही गफ गर्दै बसेका छन् । पार्क सफा र रमणीय देखिन्छ । यहाँ आउँदा मानिस लाई आनन्द मिल्ने देखिन्छ । यहाँ आएका सबै मानिस आनन्दित देखिन्छन् ।

### ६. प्रश्नोत्तर

कुनै अनुच्छेद वा पाठ विद्यार्थीले बुझे वा बुझेनन् भनी प्रश्नोत्तरका माध्यमबाट गरिने क्रियाकलाप नै प्रश्नोत्तर हो । यसले विद्यार्थीको बोलाइ क्षमाता विकासमा सहयोग गर्छ ।

**क्रियाकलाप**

(क) **तयारीको चरण :**

शिक्षकले कुनै एउटा पाठ वा अनुच्छेद पढ्न लगाउनुहोस् ।

**उदाहरण :** “इमानदार केटो”

विद्यार्थीलाई आवश्यकतानुसार समूहमा बाँड्नुहोस् ।

(ख) **सक्रियताको चरण :**

शिक्षकले तीन तहका प्रश्न तयार गर्नुहोस् – ज्ञान, बोध र विश्लेषण ।

विद्यार्थीलाई समूहमा छलफल गरी सोधिएका प्रश्नको उत्तर दिन लगाउनुहोस् ।

आवश्यक परेमा शिक्षकले मार्गदर्शन गर्नुहोस् ।

(ग) **प्रस्तुतिको चरण:**

विद्यार्थीलाई पालैपालो उत्तर दिन लगाउनुहोस् ।

शिक्षकले समापनमा सुधारात्मक टिप्पणी र थप जानकारी दिनुहोस् ।

**नमुना अभ्यास**

## "इमानदार केटो"

कुनै गाउँमा रामु भन्ने एक सानो केटो बस्थ्यो । ऊ गरिब परिवारमा जन्मिएको भए पनि अत्यन्तै इमानदार, मिहिनेती र चरित्रवान् थियो । ऊ गाउँको विद्यालयमा पढ्थ्यो र बेलुका बाख्रा चराएर परिवारलाई सहयोग गर्थ्यो ।

एक दिन रामु बाख्रा चराउँदै जङ्गलको बाटो हुँदै घर फर्कँदै थियो । बाटोमा उसले एक पुरानो झोला भेट्यो । झोलाभित्र हेर्दा थुप्रै पैसा, सुनका गहना र केही कागजपत्र थिए । रामु अचम्ममा पऱ्यो । त्यो धेरै धन सम्पत्ति देखेर ऊ लोभिन पनि सक्थ्यो तर ऊ इमानदार थियो ।

उसले झोला उठायो र सिधै गाउँको प्रहरीचौकीमा पुग्यो । झोला बुझाउँदै उसले भन्यो,

"मैले यो झोला जङ्गलको बाटोमा भेटेको हुँ । यसको मालिक को हो, फेला पार्नुहोस् ।"

प्रहरीले झोलाभित्र भएका कागजात हेरे र मालिक पत्ता लगाए । त्यो झोला सहरबाट आएका एक व्यापारीको थियो । त्यस दिन व्यापारी जङ्गलको बाटो हुँदै गाउँतिर गएका रहेछन् । त्यही क्रममा व्यापारी झोला हराएर निराश भएका भएका रहेछन् । जब उनले आफ्नो झोला रामुले फिर्ता दिएको थाहा पाए, उनी खुसी भए । व्यापारीले रामुलाई पुरस्कार दिने प्रस्ताव गरे तर रामुले नम्रतापूर्वक भन्यो, "मलाई पुरस्कार चाहिएको होइन, मेरो धर्म पूरा गरेको हुँ ।"

गाउँका सबै मानिस रामुको इमानदारीबाट प्रभावित भए । विद्यालयमा पनि शिक्षकहरूले उनको प्रशंसा गरे पछि नगरपालिकाले रामुलाई 'इमानदार बालक' भनेर सम्मान पत्र प्रदान गऱ्यो ।

**प्रश्नोत्तर अभ्यास**

(क) ज्ञान तह (सिधा उत्तर आउने)

- (अ) कथाको शीर्षक के हो ?
- (आ) कथाको मुख्य पात्र को हो ?
- (इ) रामुले भेटेको झोलामा थियो ?

(ख) बोध तह (थोरै सोच्नुपर्ने):

- (अ) रामु गहना भेट्दा कस्तो अनुभव भयो होला ?
- (आ) रामुले भेटेको झोला किन प्रहरीलाई बुझाएको हो ?
- (इ) कथामा रामुलाई किन 'इमानदार' भनिएको हो ?

(ग) विश्लेषण तह (तर्क र विचार गर्ने):

(अ) रामु इमानदार नभएको भए के हुन्थ्यो ?

(आ) कथाले के सन्देश दिएको छ ?

(इ) तपाईँले आफूले भेटेको कुनै कुरा फिर्ता गरेको अनुभव छ, बताउनुहोस् ।

## ७. वादविवाद

वादविवादको तयारी प्रक्रिया (क्रियाकलाप)

(क) **विषय चयन गर्ने** : शिक्षक वा विद्यार्थीले मिलेर एउटा सान्दर्भिक र विवादास्पद विषय चयन गर्नुहोस् ।

**उदाहरण:** "मोबाइल बालबालिकाका लागि हानिकारक हो कि होइन ?"

(ख) **दुई पक्ष बनाउने** : वादविवादको पक्ष र विपक्षमा दुई टोलीमा विद्यार्थीलाई विभाजन गर्नुहोस् ।

(ग) **अनुसन्धान गर्ने समय दिने** : दुबै समूहलाई आफ्नो पक्षमा तर्क तयार गर्न समय दिनुहोस् ।

(घ) **नियम निर्धारण गर्ने** : वक्तालाई बोल्ने समय (प्रत्येक विद्यार्थीलाई २-३ मिनेट) निर्धारण गर्नुहोस् । क्रम (पहिले पक्षमा, पछि विपक्षमा)

(ङ) **प्रस्तुती गर्ने** : विद्यार्थीले पालैपालो आफ्नो विषय शीर्षकमा केन्द्रित रहेर तर्कपूर्ण प्रस्तुति दिन लगाउनुहोस् । शिक्षकले आवश्यक मूल्याङ्कन, सुझाव र पृष्ठपोषण दिनुहोस् ।

### नमुना वादविवाद अभ्यास

### वादविवादको विषय: पक्षबाट

## "मोबाइल फोन विद्यार्थीका लागि आवश्यक छ ।"

- मोबाइलबाट अनलाइन कक्षा र सिकाइ सम्भव छ ।
- डिजिटल सिप विकास हुन्छ ।
- जानकारी खोज्न सजिलो हुन्छ ।
- आपतकालीन अवस्थामा सम्पर्क गर्न सकिन्छ ।

### नमुना प्रस्तुति

"मोबाइल आजको युगको आवश्यकता हो । विद्यार्थीले गुगल, युट्युबजस्ता माध्यमबाट सिक्न सक्छन् । आजको युग सूचना प्रविधिको युग हो, त्यसैले मोबाइल शिक्षासँगै जोडिएको साधन हो ।"

### विपक्षबाट तर्क

## “मोबाइल फोन विद्यार्थीका लागि आवश्यक छैन ।”

- ध्यान पढाइबाट हट्छ ।
- खेल र सामाजिक सम्पर्कमा कमी आउँछ ।
- आँखाको समस्या र मानसिक असर पर्न सक्छ ।
- अश्लील सामग्रीमा पहुँच हुन सक्छ ।

### नमुना प्रस्तुति

“मोबाइलले विद्यार्थीको समय बर्बाद गर्छ । उनीहरू अनलाइन गेम वा टिकटकमा अल्झिन्छन् । पढाइभन्दा ध्यान अर्कैतिर जान्छ । त्यसैले मोबाइल विद्यार्थीका लागि हानिकारक हो ।”

### ट. अर्थ तथा आशय वर्णन

अर्थ वा आशय वर्णनको क्रियाकलाप विद्यार्थीलाई पाठको मर्म बुझ्ने, सन्देश खोतल्ने र व्यक्त गर्न सक्ने क्षमता विकास गर्न प्रयोग गरिन्छ ।

**आशय वर्णनका लागि क्रियाकलाप**

(क) **पाठ चयन गर्ने : उदाहरण:** “मेरो देश” कविता

(ख) **पठन र छलफल गर्ने :** शिक्षकले कविता पढ्न लगाउनुहोस् र महत्वपूर्ण पङ्क्तिबारे छलफल गराउनुहोस् ।

(ग) **प्रश्नहरू तयार गर्ने :** मेरो देश कवितामार्फत कविले के सन्देश दिएका छन् ?

(घ) **आशय निकाल्ने अभ्यास गराउने :** विद्यार्थीलाई आवश्यकतानुसार समूहमा वा व्यक्तिगत रूपमा सन्देश भन्न अभिप्रेरित गर्नुहोस् । यस क्रममा पहिला मुख्य मुख्य बुँदा भन्न लगाउनुहोस् ।

(ङ) **प्रस्तुति र सुधार :** हरेक विद्यार्थी/समूहलाई बुँदाका आधारमा आशय बताउन लगाउनुहोस् र शिक्षकले रचनात्मक सुझाव र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## नमुना अभ्यास

पाठ: “मेरो देश” (कविता)

कविता अंश:

“पहाड, तराई र हिमालको देश,

वीर सपूतले राखेका छन् शिर उच्च ।

प्रकृतिको काखमा रमाएको यो माटो,

हामी सबैको साझा गाथा हो ।"

### आशय वर्णनको नमुना

यो कविताले नेपाल देशको प्राकृतिक सौन्दर्य, एकता र वीरताको गौरव गाएको छ । पहाड, तराई र हिमाल जस्ता भूभागहरूको वर्णन गर्दै कविले देशको विविधता र एकतालाई देखाएका छन् । यस कविताले देशभक्तिको भावना उजागर गर्छ । यो देशको शिर उच्च बनाउने काम वीर सपूतले गरेका हुन् । यो देश प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ । यो सम्पूर्ण नेपालीको साझा वासस्थान हो भन्ने कुरा कविता मार्फत कविले व्यक्त गरेका छन् ।

### विद्यार्थी अभ्यासका लागि सम्भावित प्रश्नहरू

(अ) कविताले कुन भाव प्रकट गर्छ ?

(आ) आफ्नो देशप्रतिको माया कसरी देखाउन सकिन्छ ?

### पढाइ सिपसम्बद्ध सिकाइ प्रक्रिया

१. **सस्वर वाचन**

- विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् ।
- यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।
- शिक्षकले पाठको केही वाक्य/अनुच्छेद नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका लेख्यचिह्नहरूको उचित प्रयोग गरी हाउभाउसहित सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।
- शिक्षकले विद्यार्थीलाई अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।
- यस क्रममा विद्यार्थीलाई कठिन परेका क्षेत्रमा शिक्षकले शब्दोच्चारणको अभ्यास गराउँदै क्रमिक सिकाइ रणनीति अपनाउनुहोस् ।

२. **शुद्धोच्चारण** :

विद्यार्थीलाई उच्चारण गर्न कठिनाइ भएका शब्द पहिचान गरी टिपोट तथा रेखाङ्कन गर्नुहोस् । टिपोट गरेका शब्द शैक्षणिक पाटी वा शब्दपत्ती लेख्नुहोस् र विद्यार्थीलाई नै शुद्ध उच्चारण गर्न प्रेरित गर्नुहोस् । यस क्रममा शिक्षकले आवश्यक उपचारात्मक शिक्षण गर्नुहोस् । विद्यार्थीलाई उपचारात्मक विधिबाट उच्चारण सिकाउँदा अक्षरीकरण गरी सिकाइ उपलब्धि हासिल नहोउन्जेल पटक पटक उच्चारण अभ्यास गराउनुहोस् ।

जस्तै :

| शब्द | अक्षरीकरणबाट गरिने उच्चारण |
|---|---|
| जङ्गल | /जङ्. गल्/ |
| चिन्तित | /चिन्. तित्/ |

३. **पठनबोध र प्रश्नोत्तर :**

विद्यार्थीलाई कुनै अनुच्छेद दिनुहोस् र उक्त अनुच्छेद ध्यानपूर्वक पढ्न निर्देश गर्नुहोस् । उक्त अनुच्छेदमा आधारित बोध प्रश्नहरू शैक्षणिक पाटीमा प्रदर्शन गरी छलफल गर्नुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गराउनुहोस् । विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

**प्रश्नोत्तरको नमुना (कक्षा पाँचको नानीशोभा नर्सरी कथाको १-५ अनुच्छेदमा आधारित नमुना पठनबोध)**

प्रश्न : तोयानाथको परिवारमा कति जना मानिस थिए ?

उत्तर : तोयानाथको परिवारमा तीन जना मानिस थिए ।

यसैगरी अनुच्छेदबाट अन्य प्रश्न पनि यसरी नै तयार गरी प्रश्नहरूको उत्तर यसैगरी लेख्न लगाउनुहोस् । जस्तै :

दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) तोयानाथकी श्रीमतीको नाम के हो ?

(आ) कसले रेडियो घन्काएर सुन्थे ?

उनीहरूले लेखेको प्रश्नको उत्तर मिले नमिलेको परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् । बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप अनुच्छेद, प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

४. **समयबद्ध पठन**

- विद्यार्थीलाई पाठको अनुच्छेद निश्चित समयमा सस्वर पठनका लागि उत्प्रेरित गर्नुहोस् ।
- यो चरणको पढाइ समयबद्ध हुने जानकारी गराई विद्यार्थीलाई उक्त अनुच्छेद पढ्न लागेको समय टिपोट गर्दै पालैपालो पढ्न लगाउनुहोस् ।
- एक विद्यार्थी र अर्को विद्यार्थीलाई पढ्न लागेको समय तुलना गरी पठन गति बढाउन प्रेरित गर्नुहोस् ।
- एउटै विद्यार्थीलाई नै पहिलो पटकमा लागेको समय र पछिल्लो पटकमा लागेको समयको समेत तुलना गरी क्रमशः पठन गति बढाउन प्रेरित गर्नुहोस् ।

- यसरी नै शिक्षकले समय तोकेर उक्त समयभित्र पठन गर्न सके नसकेको पहिचान गरी पृष्ठपोषण दिनुहोस् साथै पटक पटक यसरी नै अभ्यास दोहोऱ्याउन लगाउनुहोस् ।

**५. मौनपठन**

कक्षा सातको मदर टेरेसा जीवनीमा आधारित नमुना क्रियाकलाप

- विद्यार्थीलाई मदर टेरेसाको जीवनी पाठ मनमनै पढ्न लगाउनुहोस् ।
- विद्यार्थीले ध्यानपूर्वक पढेनपढेको पहिचान गरी ध्यानपूर्वक नपढ्ने विद्यार्थीलाई पढाइमा प्रेरित गर्नुहोस् ।
- मौनपठनको काम सकिएपछि आफूले पढेको पाठका आधारमा मदर टेरेसाले गरेका सामाजिक सेवासम्बन्धी कार्यहरू बुँदागत रूपमा टिपोट गर्न लगाउनुहोस् ।
- टिपोट गरिएका बुँदा विद्यार्थीलाई नै प्रस्तुतीकरण गर्न लगाई छलफल गराउनुहोस् ।
- यस क्रमलाई चक्रीय रूपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल नगरेसम्म अभ्यास गराउनुहोस् ।

## लेखाइ सिपसम्बद्ध प्रक्रिया :

**१. श्रुतिलेखन**

- विद्यार्थीलाई श्रुतिलेखनको अवधारणा र श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्दबनोट, डिकोको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीमाझ कुनै एउटा नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका अक्षर लेखाइ, शब्दबनोट, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि विषयमा छलफल गराउनुहोस् ।
- विद्यार्थीले पढेका पाठको कुनै अनुच्छेदको श्रुतिलेखन अभ्यास गराउनुहोस् ।
- तोकिएको कार्य सकिएपछि शिक्षकले तयार गरेको अनुच्छेद प्रदर्शन गरी सम्बन्धित विद्यार्थीलाई नै परीक्षण गराउनुहोस् र शिक्षकले त्यसका लागि आवश्यक सहयोग तथा पृष्ठपोषण प्रदान गर्नुहोस् ।
- विद्यार्थीले पढेका अन्य अनुच्छेदको पनि श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

**२. अनुलेखन :**

- अनुलेखनको अवधारणा र अनुलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्दबनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

- विद्यार्थीमाझ कुनै एउटा नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका अक्षर लेखाइ, शब्दबनोट, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि विषयमा छलफल गराउनुहोस् र ती विषयवस्तुमा आधारित भई सो अनुच्छेदलाई अनुलेखन गर्न प्रेरित गर्नुहोस् ।
- विद्यार्थीले अनुलेखन गरेको समयमा शिक्षकले विद्यार्थीको कार्य गहनसँग हेर्नुहोस् र आवश्यक स्थानमा पृष्ठपोषण पनि दिनुहोस् ।
- विद्यार्थीबाट तोकिएको कार्य सम्पन्न भएपछि उत्तरपुस्तिका परीक्षण गरी अक्षर लेखाइ, शब्दबनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदिको प्रयोगमा विद्यार्थीले गरेका त्रुटिक्षेत्र पहिचान गरी त्यसलाई सुधार गरेर पुनः अनुलेखन गर्न प्रेरित गर्नुहोस् ।
- तोकिएको कार्य सकिएपछि शिक्षकले त्यसको परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।
- अन्य अनुच्छेद दिई अनुलेखनको अभ्यास गराउनुहोस् ।

३. **अनुच्छेद लेखन :**

**शिक्षकले निम्नअनुसारको अनुच्छेद तयार गरी विद्यार्थीमाझ अनुच्छेद लेखनको नमुना प्रदर्शन गर्नुहोस् ।**

## मेरी आमा

मेरी आमाको नाम लक्ष्मी हो । मेरी आमाले कक्षा दससम्म पढ्नुभएको छ । आमाले घरमा बिहान बेलुका खाना र दिउँसो खाजा बनाउनुहुन्छ । आमा घरभित्रका कामबाहेक घरबाहिरका काम पनि गर्नुहुन्छ । आमाले करेसावारीमा तरकारी गोडमेलको काम पनि गर्नुहुन्छ । मेरी आमाले मलाई आफूले जानेका कुरा सिकाउनुहुन्छ । मेरी आमा नै मेरो पहिलो शिक्षक हुनुहुन्छ ।

निमार्ण गरिएको अनुच्छेद विद्यार्थीमाझ प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् । शिक्षकले प्रस्तुत गरेको अनुच्छेदलाई अनुकरण गरेर विभिन्न शीर्षक दिई प्रस्तुत गरिएको उदाहरणको जस्तै शीर्षक विद्यार्थीलाई पनि मेरा बा, मेरो साथी, मेरा मामा, मेरी दिदी जस्ता विभिन्न शीर्षकमा अनुकरण गरी लेख्न उत्प्रेरित गर्दै आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीसँग छलफल गरेर अनुच्छेद रचनाका लागि विद्यार्थीको रुचिअनुसारको कुनै स्वतन्त्र शीर्षक छनोट गर्नुहोस् । छनोट गरिएको शीर्षकमा विद्यार्थीले जानेका कुरा भन्न लगाई आवश्यक बुँदा तयार गर्न सहयोग गर्नुहोस् । टिपोट गरिएका बुँदालाई मिलाएर अनुच्छेद रचना गर्न लगाउनुहोस् । विद्यार्थीलाई चार पाँच शब्दका छोटा वाक्य र एक वाक्यलाई अर्को वाक्यसँग सम्बन्धित गरेर जोड्दै अनुच्छेद रचना गर्न सिकाउनुहोस् । अनुच्छेद रचनाका लागि विद्यार्थीसँग छलफल गरेर कुनै शीर्षक छनोट गर्नुहोस् । उनीहरूलाई एउटा कार्डबोर्ड प्रदान गरी उक्त कार्डबोर्डमा आवश्यक बुँदा टिपोट गर्न लगाउनुहोस् र तिनै बुँदामा आधारित भएर

अनुच्छेद लेख्न लगाउनुहोस् । विद्यार्थीको कार्य सकिएपछि कार्डबोर्डमा तयार भएको अनुच्छेद प्रदर्शन गर्न लगाई विद्यार्थीलाई उक्त अनुच्छेद पढ्न लगाउनुहोस् । विद्यार्थीद्वारा रचना भएको अनुच्छेद के कस्तो भयो, आवश्यक छलफल गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

४. **भाव लेखन :**

## कक्षा सातको 'मेरो देश' कवितामा आधारित नमुना

विद्यार्थीलाई पाठ्य कविता मनमनै पढ्न लगाउनुहोस् र त्यस कवितामा भएका मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले महत्वपूर्ण विषयवस्तु टिपोट गर्न सके नसकेको अवलोकन गर्नुहोस् र बुँदा टिपोटका लागि आवश्यक सहजीकरण गर्नुहोस् । विषयवस्तु टिपोटको काम सकिएपछि विद्यार्थीलाई नै सुनाउन लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषणसहित आफूले टिपोट गरेर ल्याएका घटनाको सूची प्रदर्शन गर्नुहोस्, जस्तै :

## 'मेरो देश' कविताको मुख्य विषयवस्तुका बुँदाहरू

- 'मेरो देश' शीर्षकको कविता कवि दैवज्ञराज न्यौपानेद्वारा लिखित कविता
- राष्ट्रप्रेमको भावनाले ओतप्रोत कविता
- कविले नेपालको भौगोलिक र प्राकृतिक विविधताको माध्यमबाट नेपाललाई सुन्दर राष्ट्रका रूपमा चिनाएका
- कविले यस कवितामा नेपाललाई ज्ञानभूमि र कर्मवीरहरूको कर्मभूमिका रूपमा समेत चिनाएका
- नेपाल कर्मवीरहरूको कर्मभूमिका रूपमा रहेको
- पौराणिक भूमिका रूपमा रहेको यस देशमा शङ्करले पहिलो सृष्टि खोलेका र वेद बोलीले चेतनाको पहिलो ज्योति छरेका, बुद्ध र जनक जस्ता महामानवहरूको ज्ञानभूमि तथा शान्तिभूमिका रूपमा रहेको
- नेपालीहरूको जात र नाम नेपाली नै भएको
- कविले नेपाललाई हिउँचुलीको पहिलो झुल्का पर्ने पहिलो राष्ट्रका रूपमा वर्णन गरेका
- लेकबेँसी, पहाड, तराई भौगोलिक विविधता भएको यस देशमा सबै एकआपसमा प्रीति गाँसेर बसेको कुरा उल्लेख गरेका
- यहाँको ढुङ्गामाटो, नदीनाला सबै बोल्ने गर्छन् भन्दै कविले इन्द्रधनु जस्तै राम्रो घामछायाको सुन्दर देश नेपाल नै मेरो देश हो भन्ने कुरा कवितामा उल्लेख गरेका
- यिनै महत्वका वस्तुले हामीलाई नेपाली र हाम्रो यस पवित्र देशलाई नेपाल भनेर विश्वमा चिनिन सफल भएका

टिपोट गरिएका मुख्य विषयवस्तुलाई समेटेर मूलभाव लेख्ने तरिका र मूलभावको संरचनाका बारेमा आवश्यक छलफल गराउनुहोस् र आफूले तयार पारी ल्याएको मूलभावको नमुना प्रस्तुत गर्नुहोस्, जस्तै :

### मेरो देश कविताको मूलभाव

उत्तर : मेरो देश पाठ कवि दैवज्ञराज न्यौपानेद्वारा लिखित राष्ट्रप्रेमको भावनाले ओतप्रोत भएको कविता हो । यस कवितामा कविले नेपालको भौगोलिक र प्राकृतिक विविधताको माध्यमबाट नेपाललाई सुन्दर राष्ट्रका रूपमा चिनाएका छन् । त्यस्तै कविले यस कवितामा नेपाललाई ज्ञानभूमि र कर्मवीरहरूको कर्मभूमिका रूपमा समेत चिनाएका छन् ।

कर्मवीरहरूको कर्मभूमिका रूपमा रहेको यो देश पौराणिक भूमि हो । यहाँ शङ्करले पहिलो सृष्टि खोलेका र वेद बोलीले चेतनाको पहिलो ज्योति छरेका छन् । बुद्ध र जनकजस्ता महामानवको ज्ञानभूमि तथा शान्तिभूमिका रूपमा नेपाललाई कविले चिनाएका छन् । नेपालीहरूको जात र नाम नेपाली नै भएको कुरा उल्लेख गर्दै कविले नेपाललाई हिउँचुलीको पहिलो झुल्का पर्ने पहिलो राष्ट्रका रूपमा वर्णन गरेका छन् । लेकबेँसी, पहाड, तराई विविध भौगोलिक अवस्था भएको यस मुलुकमा विविधताभित्र एकतामा रमाउँदै प्रीति गाँसेर बसेको तथ्य कविले कवितामा उल्लेख गरेका छन् । यहाँका ढुङ्गामाटो, नदीनाला सबै बोल्ने गर्छन् भन्दै कविले इन्द्रधनु जस्तै राम्रो घामछायाको सुन्दर देशका रूपमा नेपाललाई चिनाउनु नै मेरो देश कविताको मूलभाव हो ।

समग्रमा नेपाल प्राकृतिक, सांस्कृतिक, भौगोलिक तथा ऐतिहासिक महत्त्वले भरिपूर्ण स्वतन्त्र मुलुक हो । यिनै महत्त्वका वस्तुले हामीलाई नेपाली र हाम्रो यस पवित्र देशलाई नेपाल भनेर विश्वमा चिनाएका छन् भन्ने आशयलाई कविले कवितामार्फत व्यक्त गरेका छन् ।

विद्यार्थीलाई पनि यसै नमुनाअनुसार बोध अभिव्यक्ति खण्डको अभ्यास १० मा आधारित भई 'मेरो देश' कविताको मूलभाव लेख्न लगाउनुहोस् र विद्यार्थीले तयार पारेको मूलभावलाई सुनाउन लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषण दिनुहोस् र थप अभ्यास गराउनुहोस् ।

५. **सारांश लेखन :**

### कक्षा ६/७ का लागि नमुना

विद्यार्थीलाई कुनै दृष्टांश अनुच्छेद दिई उक्त अनुच्छेदका मुख्य मुख्य विषयवस्तुलाई समेटी चारओटा बुँदा टिपोट गर्न निर्देश गर्नुहोस् :

विद्यार्थीलाई बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने पक्षहरूबारे जानकारी गराउनुहोस् ।

### बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरू

- दिइएको अनुच्छेद स्पष्ट हुने गरी पढ्ने
- महत्त्वपूर्ण शब्द/शब्दावलीलाई रेखाङ्कन गर्ने
- शब्द नदोहोऱ्याउने, मुख्य मुख्य बुँदाहरू टिप्ने
- टिपिएका बुँदाहरूलाई संशोधन र परिमार्जन गर्ने
- निर्देशित सङ्ख्यामा बुँदाहरूलाई अन्तिम रूप दिने
- अपूर्ण वाक्यहरूको प्रयोग गर्ने तथा असमापिका क्रियापदको प्रयोग गर्ने

उपर्युक्त निर्देशनका आधारमा विद्यार्थीलाई एकपछि अर्को चरणमा क्रमश: गई कार्य गर्न प्रेरित गर्नुहोस् र आवश्यकतानुसार सहजीकरण गर्नुहोस् । विद्यार्थीबाट बुँदा टिपोटको कार्य सकिएपछि शिक्षकले तयार पारी ल्याएको नमुना बुँदा टिपोटलाई प्रदर्शन गर्नुहोस् । विद्यार्थीका बुँदालाई समेत शिक्षकको नमुनासँग तुलना गरी विद्यार्थीका राम्रा कार्यप्रति उत्प्रेरित गर्दै सुधार गर्नुपर्ने स्थानमा आवश्यक सुधार गर्न प्रेरित गर्दै बुँदा टिपोट गर्ने तरिकाको स्पष्ट धारणा दिनुहोस् । तयारी बुँदालाई जोडेर मूल अनुच्छेदको एक तृतीयांशमा सारांश लेख्न प्रेरित गरी शिक्षकले मौखिक रूपमै सारांश भनी त्यसैअनुरूप लिपिबद्ध गर्न लगाउनुहोस् । विद्यार्थीका कार्य हेरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले तयार गरेको सारांशलाई नमुनाको रूपमा विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् । शिक्षकले तयार गरी ल्याएको नमुना सारांश प्रस्तुत गर्दै विद्यार्थीका सारांश तुलना गर्न लगाई आवश्यक सल्लाह प्रदान गर्नुहोस् ।

**६. अनुभव वर्णन, घटना वर्णन :**

- शिक्षकले आफ्नो जीवनका वास्तविक घटना लेखिएको कुनै एउटा घटना वर्णनको नमुना प्रदर्शन गर्नुहोस् ।
- उक्त नमुनाका आधारमा विद्यार्थीले देखेका, सुनेका, अनुभव गरेका कुनै यात्रा वा घटनाका बारेमा जानकारी लिनुहोस् ।
- यदि त्यस्ता कुनै घटना वा यात्रा भए त्यसबाट तपाईँले के सिक्नुभयो भनी छलफल गराउनुहोस् ।
- यस क्रममा विद्यार्थीलाई अनुभव बताउने अवसर प्रदान गर्नुहोस् ।
- विद्यार्थीको अनुभव वर्णनपश्चात् शिक्षकले आवश्यक पृष्ठपोषणसहित ती घटनालाई लिखित रूपमा वर्णन गर्न प्रेरित गर्नुहोस् ।
- विद्यार्थीले तयार पारेको घटना वर्णन प्रदर्शन गरी सुनाउन लगाउनुहोस् । आवश्यक पृष्ठपोषणसहित अन्य घटनाको वर्णन गर्न प्रेरित गर्नुहोस् ।

**७. व्यावहारिक रचना :**

## कक्षा पाँचको प्रधानाध्यापकलाई निवेदन पाठमा आधारित नमुना

- शिक्षकले निवेदन लेखनको आवश्यकता, आधार, विषयवस्तु, प्रक्रिया र विनम्रतासँग सम्बन्धित रहने कुरा प्रस्ट पारिदिनुहोस् ।
- विद्यार्थीलाई निवेदन लेखनको प्रक्रियाका बारेमा छलफल गराउँदै यसको संरचनाबारे जानकारी गराउनुहोस् जसका लागि निम्नानुसारको ढाँचा अवलम्बन गर्नुपर्ने कुरा छलफल गराई प्रस्ट पारिदिनुहोस्, जस्तै :

### निवेदनको ढाँचा

**मिति**..............

सम्बोधन : .......................

संस्था : .......................

ठेगाना : .........................

**विषय** : .........................................

महोदय,

विषयले सङ्केत गरेको कुरालाई विस्तृत रूपमा स्पष्ट पार्दै विनम्रतापूर्वक आफ्ना माग राख्नुपर्ने र माग राख्नुका कारणसमेत खुलाउने ।

निवेदक

..........................

निवेदनको ढाँचाका बारेमा छलफल गरिसकेपछि सोही ढाँचामा लेखिएका केही निवेदनका नमुना पत्रहरू देखाई थप स्पष्ट पारिदिनुहोस् । जस्तै :

मिति : २०८२/०२/२२

श्री प्रधानाध्यापकज्यू,

श्री मनकामना माध्यमिक विद्यालय,

पालुङटार, गोरखा

विषय : सामग्री उपलब्ध गराइपाऊँ भन्नेबारे ।

महोदय,

उपर्युक्त विषयमा हामी कक्षा पाँचका विद्यार्थी मिली सामाजिक विषयको परियोजना कार्यअन्तर्गत सांस्कृतिक कार्यक्रम आयोजना गर्ने निर्णय गरेका छौँ । यस कार्यका लागि सामाजिक विषयका शिक्षक श्री दानसिंह क्षेत्रीले हामीलाई पटक पटक उत्प्रेरित गरिरहनुभएको बेहोरा अवगत गराउँछौँ । हामी यो कार्यक्रम विद्यालयको वार्षिक समारोहमा प्रस्तुत होओस् भन्ने चाहन्छौँ । हामीलाई उक्त कार्यक्रमको तयारी र पूर्णताका लागि मादल एक सेट, चाँप तीन सेट, मुरली एक सेट, तबला एक जोर, हार्मोनियम एक थान साथै तीन तीन थान धोती, चोलो, पटुका, दौरासुरुवाल र इस्टकोट उपलब्ध गराइदिनुहुन विनम्र अनुरोध गर्छौँ ।

आज्ञाकारी विद्यार्थी

कक्षा : ५

श्री मनकामना माध्यमिक विद्यालय,

पालुङटार, गोरखा

यसै नमुनाका आधारमा अनुकरण लेखनसहित अन्य नमुनासमेत तयार गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**८. वर्णविन्यास प्रयोग, लेख्यचिन्ह्नको प्रयोग :**

- वर्णविन्यास र लेख्यचिन्ह्नको प्रयोगका लागि विद्यार्थीलाई सर्वप्रथम श्रुतिलेखन अभ्यासका लागि तयारी गराउनुहोस् ।
- विद्यार्थीलाई श्रुतिलेखनको अवधारणा र श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्दबनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिन्ह्न) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीमाझ कुनै एउटा नमुना अनुच्छेद प्रदर्शन गरी त्यसमा भएका अक्षर लेखाइ, शब्दबनोट, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिन्ह्न आदि विषयमा छलफल गराउनुहोस् ।
- नमुनाका रूपमा प्रदर्शन गरिएको अनुच्छेद शिक्षकले मौखिक रूपमा सुनाउनुहोस् र विद्यार्थीलाई उक्त अनुच्छेद सुनेर लेख्न निर्देश गर्नुहोस् ।

- श्रुतिलेखनको कार्य सकिएपछि विद्यार्थीलाई एकआपसमा उत्तरपुस्तिका साटासाट गर्न लगाई एकले अर्काको उत्तरपुस्तिका अनुच्छेद हेर्दै जस्ताको तस्तै लेखे नलेखेको पहिचान गर्न र अशुद्ध भएका ठाउँमा गोलो चिन्ह्न लगाउन निर्देश गर्नुहोस् ।
- शिक्षकले सचेततापूर्वक सबै विद्यार्थीको गतिविधि अवलोकन गरी आवश्यक सल्लाह प्रदान गर्नुहोस् ।
- श्रुतिलेखनको कार्य सकिएपछि विद्यार्थीलाई वर्णविन्यास र लेख्यचिन्ह्नका केही क्षेत्र तोकी तिनलाई उपयुक्त स्थानमा प्रयोग गरेर एउटा अनुच्छेद रचना गर्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीले लेखेको अनुच्छेदमा प्रयुक्त वर्णविन्यास, लेख्यचिन्ह्न, शब्दसङ्गति र वाक्य सङ्गतिको अवस्थाको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् र थप अभ्यासका लागि प्रेरित गर्नुहोस् ।

## ९. अनुकरण लेखन

अनुकरण लेखन भनेको शिक्षकले उदाहरण स्वरूप लेखेको पाठ, अनुच्छेद वा रचना हेरेर विद्यार्थीलाई त्यही ढाँचामा लेख्न लगाउने लेखन अभ्यास हो । यो लेखन सिप विकासको प्रारम्भिक चरणमा उपयोगी हुन्छ । अनुकरण लेखन गराउँदा निम्न प्रकारका क्रियाकलाप प्रयोग गर्न सकिन्छ :

### (क) पूर्वतयारी क्रियाकलाप

**पाठको नमुना प्रस्तुत गर्ने :** शिक्षकले सुलभ भाषामा लेखिएको एउटा सानो अनुच्छेद वा रचना (जस्तै : आत्मपरिचय, दिनचर्या, मौसमको वर्णन आदि) प्रस्तुत गर्नुहोस् ।

**पाठको विश्लेषण गराउने :** विद्यार्थीसँग मिलेर नमुनामा प्रयोग गरिएका वाक्य संरचना, शब्दचयन, अनुच्छेदको क्रम आदिबारे छलफल गराउनुहोस् ।

**प्रश्नोत्तर:** नमुनाको आधारमा प्रश्नहरू सोध्नुहोस् । यसले सामग्री बुझ्न सहयोग पुऱ्याउँछ ।

### (ख) अनुकरण लेखन क्रियाकलाप

**रिक्त स्थान भर्ने :** नमुनामा केही शब्द वा वाक्य हटाएर विद्यार्थीलाई ती रिक्तस्थान भर्ने अभ्यास गराउनुहोस् ।

**आधा लेख पूरा गराउने:** अनुच्छेदको सुरुआत गरिदिनुहोस् र विद्यार्थीलाई बाँकी लेख पूरा गर्न लगाउनुहोस् ।

**शीर्षकमा लेख लेख्न लगाउने :** जस्तै, “मेरो विद्यालय” भन्ने लेखको नमुना प्रदर्शन गर्नुहोस् र त्यही नमुनाका आधारमा “मेरो घर” शीर्षकमा लेख लेख्न लगाउनुहोस् ।

**शब्दसूची दिएर लेख लेख्न लगाउने :** उदाहरण : “घाम”, “वनभोज”, “साथी”, “वन” भन्ने शब्दहरू

प्रयोग गरी सानो रचना लेख्न लगाउनुहोस्

**रचनाको अनुकरणमा संवाद लेखन :** जस्तै : “दुई साथीको संवाद” हेरेर त्यही ढाँचामा “दुई विद्यार्थीको संवाद” लेख्न लगाउनुहोस् ।

**(ग) सहकार्यमा लेखन अभ्यास**

साथी साथीबिचमा दुई दुई जनाको समूह बनाएर लेख्न लगाउनुहोस् ।

**शिक्षकको साथमा लेख्ने :** शिक्षकले विचार सोध्दै विद्यार्थीसँग मिलेर पाटेपाटे लेख्ने अभ्यास गराउनुहोस् ।

**(घ) समीक्षा तथा सुधार अभ्यास**

**साझा लेखन गराउने :** विद्यार्थीको लेखन साझा गराउनुहोस् र समूहमा छलफल गराउँदै सुधारात्मक अभ्यास गराउनुहोस् ।

**त्रुटि सुधार अभ्यास गराउने :** कुनै विद्यार्थीको लेखमा भएका सामान्य गल्तीलाई सबै विद्यार्थीलाई समूहमा छलफल गराएर सुधार गराउनुहोस् ।

**(ङ) अनुकरण लेखनका लागि उपयुक्त विषयहरू**

आत्मपरिचय

आफ्नो परिवार

मेरो विद्यालय

मौसम वर्णन

साथीको वर्णन

रमाइलो दिन

वनभोज अनुभव

पत्र लेखन

**कक्षा ४/५ का लागि अनुकरण लेखनको नमुना**

**मेरो विद्यालय**

म अध्ययन गर्ने विद्यालयको नाम नमुना मच्छिन्द्र माध्यमिक विद्यालय हो । यो विद्यालय ललितपुर जिल्लाको लगनखेलमा अवस्थित छ । मेरो विद्यालय सफा, राम्रो र आकर्षक छ । यहाँ धेरै विद्यार्थी अध्ययन गर्छन् । विद्यालयमा राम्रा भवन, खेल मैदान, पुस्तकालय र कम्प्युटर प्रयोगशाला छन् । हरेक शिक्षक सहयोगी, मिहिनेती र मिजासिला हुनुहुन्छ । उहाँहरूले हामीलाई मन लगाएर पढाउनुहुन्छ । म विद्यालय जान निकै रमाउँछु । म मेरा साथीहरूसँग पढ्न, खेल्न र नयाँ कुरा सिक्न मन पराउँछु । मेरो विद्यालयले मलाई राम्रो शिक्षा दिएको छ । म मेरो विद्यालयप्रति गर्व गर्छु ।

**विद्यार्थीका लागि अनुकरण लेखन कार्य**

कार्य निर्देशन: माथिको नमुना पढेर "मेरो घर" शीर्षकमा त्यही ढाँचामा एउटा अनुच्छेद लेख्नुहोस् ।

१०. **निर्देशित लेखन :**

- शिक्षकले निर्देशित कथा रचनाका लागि बुँदा निर्माण गरी प्रदर्शन गर्नुहोस् ।
- विद्यार्थीलाई निर्देशित बुँदाका आधारमा कथा लेख्न सिकाउनुहोस् ।
- कथा लेख्ने क्रममा कथातत्त्वको सामान्य परिचय दिँदै पात्रका बिचमा कम्तीमा एउटा संवाद अनिवार्य हुनुपर्ने कुरा जानकारी गराउनुहोस् र शिक्षकले बुँदाका आधारमा तयार पारेको कथाको नमुना पनि प्रस्तुत गर्नुहोस् ।
- छलफलमा आएका विषयवस्तुका आधारमा कथा लेख्न लगाउनुहोस् र कथा लेखनपश्चात् कथा वाचन गरेर सुनाउन लगाउनुहोस् ।
- आवश्यकतानुसार शिक्षकले पृष्ठपोषण प्रदान गर्नुहोस् ।
- विद्यार्थीलाई कथा लेखनका लागि केही बुँदा दिनुहोस् र उक्त बुँदाका आधारमा पहिलेको जस्तै गरी कथा सिर्जना गर्न लगाउनुहोस् ।
- विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेखिएका कथा वाचन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।
- यसै गरी निर्देशित कथा, जीवनी र संवाद लेख्ने अभ्यास पटक पटक गराउनुहोस् ।

११. **स्वतन्त्र लेखन**

- शिक्षकले तयार पारेको लिखित निबन्धको नमुना प्रदर्शन गरी त्यस निबन्धमा रहेका परिचय, विषयवस्तुको मूल खण्ड, विषयवस्तुको गहनता, तार्किकता, तथ्य, भावना,

विचार, भाषाशैलीका बारेमा छलफल गराउनुहोस् ।

- निबन्धको संरचना जनाउने तालिका प्रदर्शन गरी निबन्धमा हुनुपर्ने पक्षहरू (आदि, मध्य र अन्तिम) को जानकारीसहित निबन्धको सङ्गठन वा संरचनाबारे छलफल गराउनुहोस् ।
- विद्यार्थीलाई संरचनाका बारेमा जानकारी दिइसकेपछि त्यसै संरचनामा बाँधिएर तयार गरेको कुनै एउटा निबन्धको नमुना प्रदर्शन गर्नुहोस् ।
- निबन्ध लेखनका लागि कुनै शीर्षक दिई उक्त शीर्षकमा आधारित निबन्ध तयार गर्न लगाउनुहोस् ।
- तयार भएको निबन्धको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् र अन्य शीर्षकसमेत दिएर निबन्ध लेखनको थप अभ्यास गराउनुहोस् ।

## उपचारात्मक शिक्षणका लागि विद्यार्थीको सिकाइ स्तर परीक्षणका लागि नमुना प्रश्न

### कक्षा : ५

**विषय : नेपाली** | **पूर्णाङ्क : २०**

#### तल दिइएका सबै प्रश्नका उत्तर दिनुहोस् :

१. **खाली ठाउँमा मिल्दो शब्द भर्नहोस् :** २

(क) 'आमा' शब्दको उस्तै अर्थ दिने शब्द ...............हो । (जननी, मानव, पिता)

(ख) 'एक' शब्दको उल्टो अर्थ दिने शब्द ...............हो । (अनेक, बिजोर, एकता)

(ग) अनेकार्थी शब्द ............ हो । (चरा, उत्तर, कलम)

(घ) 'पराल' शब्दको सानो रूप जनाउने शब्द ...............हो । (छेस्को, केस्रो, त्यान्द्रो)

२. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** ३

अवसर, नि:शुल्क, मुसुक्क

३. **शुद्ध शब्द छानेर लेख्नुहोस् :** १

(क) (अ) संकल्प (आ) शंकल्प (इ) सङ्कल्प (ई) सम्कल्प

(ख) (अ) आकर्षण (आ) आकर्सण (इ) आकर्शण (ई) आकरषण

४. **शिक्षकले उच्चारण गरेको शब्दमा ठिक चिह्न (√) लगाउनुहोस् :** ३

| | | | | |
|---|---|---|---|---|
| (क) | आँगन | आँचल | आखिर | ओखती |
| (ख) | संस्कृति | सञ्चार | सम्पूर्ण | सम्पर्क |
| (ग) | बिहानी | बिरामी | बिगुल | बिसौनी |
| (घ) | लहरा | लसुन | लहना | लङ्गुर |

५. तल दिइएको चित्र हेरी वर्णन गर्नुहोस् : ३



६. दिइएको जीवनीको अंश पढ्नुहोस् र उत्तर लेख्नुहोस् : ४

साहित्य रचना गर्न समको पारिवारिक अवस्था निकै अनुकूल थियो । उनले सानो छँदै घरमा रामायण र महाभारत जस्ता रचना सुन्ने अवसर पाएका थिए । समका पिता मिठो लयमा कविता वाचन गर्थे । सम पिताको सुरिलो र मिठो भाकालाई ध्यान दिएर सुन्थे । त्यसैले उनलाई सानैदेखि कविता लेख्न मन लाग्यो । उनले १० वर्षको उमेरमै 'ईश्वर' शीर्षकको कविता लेखे । त्यसपछि त उनलाई अझै धेरै साहित्य लेख्ने चाहना बढ्न थाल्यो । उनी नेपाली नाटकको आधुनिककाल सुरुआत गर्ने साहित्यकार हुन् । वि.सं. १९८६ मा प्रकाशित 'मुटुको व्यथा' नाटकबाट नेपाली नाटकको आधुनिककाल सुरु भएको हो । समले आफ्नो जीवनकालमा सोह्रओटा पूर्णाङ्की नाटक रचना गरेका छन् । उनी अन्य विधाको तुलनामा नाटक विधामा बढी सफल मानिन्छन् ।

(अ) समले बाल्यकालमा कस्ता रचना सुन्ने अवसर पाए ?

(आ) समले १० वर्षको उमेरमा लेखेको कविताको शीर्षक के थियो ?

(इ) नेपाली नाटकको आधुनिककाल कसले सुरुआत गरेका हुन् ?

(ई) समलाई किन सानैदेखि कविता लेख्न मन लाग्यो ?

७. दिइएका बुँदाका आधारमा कथा पूरा गर्नुहोस् : ४

बागमती नदीको किनारमा भ्यागुतो, सर्प र गँगटो बस्नु ........... अलग अलग ठाउँमा उनीहरूको बासस्थान हुनु.......... उनीहरू खानेकुरा खोज्न भने सँगसँगै मिलेर जाने गर्नु ...........एक दिन आकाशमा कालो बादल मडारिनु ......... गँगटाले डराएर भ्यागुतो र सर्पलाई बाढीपहिरोबाट जोगिने उपाय खोजी गर्न लगाउनु .......... भ्यागुतो र सर्प दुबैले गँगटाको कुरा नसुन्नु ........... गँगटो सुरक्षित ठाउँको खोजीमा हिँड्नु ......... भ्यागुतो र सर्प भने बाढीको बेवास्ता गरेर नदी किनारमै बस्नु............लगातार ठुलो पानी परिरहनु........... नदीमा ठुलो बाढी आउनु............. बाढीले भ्यागुतो र सर्पलाई बगाउनु ........... दुबैको मृत्यु हुनु........... गँगटाले भोलिपल्ट आफ्ना साथीहरूको मृत शरीर फेला पार्नु ...........समयमा बुद्धि पुऱ्याएर काम गर्नुपर्ने सन्देश ।

## कक्षा : ८

**विषय : नेपाली** **पूर्णाङ्क : २०**

**तल दिइएका सबै प्रश्नका उत्तर दिनुहोस् :**

**१. खाली ठाउँमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस् :** **२**

(क) 'ढोका' को पर्यायवाची शब्द ......................... हो । (मैलो, दैलो, भैलो)

(ख) 'साक्षर' को विपरीतार्थी शब्द .................. हो । (जीवन, आघात, निरक्षर)

(ग) 'ताजा र रसिलो' को एउटै अर्थ दिने शब्द ........... हो । (आलो, धूर्त, बादल)

(घ) 'भाँडा' को समावेश्य शब्द ............... हो । (वर्तन, कचौरा, मालसामान)

**२. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** **२**

गमक्क, हुने बिरुवाको चिल्लो पात

**३. शुद्ध शब्द छानेर लेख्नुहोस् :** **१**

(क) (अ) सिशिर (आ) शिशिर (इ) शिसिर (ई) शिषिर

(ख) (अ) संचय (आ) सन्चय (इ) सङ्चय (ई) सञ्चय

**४. शिक्षकले पढेको सुनेर तलका प्रश्नको उत्तर भन्नुहोस् : ३**

नेपाल प्राकृतिक दृष्टिकोणले सम्पन्न मुलुक हो । हावापानी, उचाइ र धरातलीय स्वरूपले यहाँ प्राकृतिक विविधता सिर्जना गरेको छ । आजभोलि संसारभरका मुलुकहरू जैविक विविधताको संरक्षण गर्ने मामिलामा सचेत देखिन थालेका छन् । नेपालले पनि आफ्नो प्राकृतिक गौरव बुझ्न थालेको छ । जैविक विविधताका विभिन्न पक्षमध्ये हाम्रो देशमा रहेका महत्त्वपूर्ण र दुर्लभ जडीबुटी पनि पर्छन् । चाँप, जटामसी, सर्पगन्धा, लौठसल्ला, पाँचऔँले, यार्सागुम्बा आदि हाम्रा बहुमूल्य सम्पत्तिहरू हुन् । यी सम्पदाको संरक्षण गर्नु हाम्रो दायित्व हो ।

**प्रश्नहरू :**

(क) नेपाललाई किन विविधताले भरिपूर्ण मुलुक भनिएको हो ?

(ख) नेपालका बहुमूल्य सम्पत्तिहरू के के हुन् ?

(ग) नेपालमा प्राकृतिक विविधता हुनाको कारण बताउनुहोस् ।

**५. तल दिइएको चित्र हेरी वर्णन गर्नुहोस् : ३**



**६. दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : ४**

लोग्नेका कुरा सुनेपछि बुढीले त्यस मूर्तिलाई हातमा लिएर गहिरोसित हेरिन् । हेर्दाहेर्दै उनलाई भक्कानो छुट्यो । अनि मूर्तिलाई छातीमा राखेर रुन थालिन्, "मेरो प्यारो छोरा ! मेरो जुजु !"

बुहारीले पनि आफ्नो दिल थाम्न सकिनन् र सासूको हातबाट त्यो मूर्ति खोसेर हेरिन् । नभन्दै सम्पूर्ण भाव र झल्को आफ्नै स्वर्गवासी लोग्नेको ! उनी पनि त्यस मूर्तिलाई आफ्नो छातीमा टाँसेर घुँक्क घुँक्क गर्दै वेदनापूर्ण पुकारमा विलाप गर्न थालिन् ।

सासूबुहारी दुबैका आँसुका बलिन्द्र धाराबाट एउटा संयुक्त वाक्य निस्कियो, "बेच्नुहुँदैन, यो मूर्ति बेच्नुहुँदैन ।"

जुजुलालको मानव देह चिताको खरानी भएर नाश भए पनि सङ्गमरमरको आकर्षक मूर्तिका रूपमा कृष्णावतार छोरो त कालान्तरसम्म संसारमा रहिरहला । अब यही मूर्ति भाजुलालको अमर पुत्र हुने छ ।

प्रश्नहरू :

(अ) बुढीले मूर्तिलाई कसरी हेरिन् ?

(आ) बुहारीले कसका हातबाट मूर्ति खोसिन् ?

(इ) कसको देह चिताको खरानी भएको थियो ?

**७. तीन दिन बिरामी बिदाको माग गर्दै कक्षाशिक्षकलाई निवेदन लेख्नुहोस् । ४**

# गणित

# सिकाइ सुधारका लागि उपचारात्मक शिक्षण

## २.१ सिकाइ आवश्यकता पहिचान

### २.१.१ सिकाइमा देखा पर्ने सम्भावित कठिनाइका क्षेत्र (गणित विषयको विभिन्न क्षेत्रको क्षेत्रगत रूपमा आधारभूत सिपका आधारमा)

गणित विषयमा सिकाइ सहजीकरण गर्दा विद्यार्थीले विभिन्न क्षेत्रमा आधारभूत सिपको कमीले गर्दा कठिनाइहरू महसुस गर्छन् । यसको प्रमुख कारण गणितीय अवधारणाको अस्पष्टता वा जटिलता, सूत्र र नियमहरूको बुझाइमा कमजोरी हुन सक्छ । यसले गर्दा विद्यार्थीमा प्रायोगिक समस्याहरू समाधान गर्ने क्षमतामा सीमितता रहेको देखिन्छ ।

**आधारभूत तह (कक्षा १–३) मा विद्यार्थीको सिकाइमा देखापर्ने सम्भावित कठिनाइका क्षेत्र**

| क्षेत्र | विषयवस्तु | समस्या |
|---|---|---|
| सङ्ख्याको ज्ञान | • सङ्ख्याहरू | • सङ्ख्याहरूको अवधारणा (सङ्ख्यालाई अङ्क र अक्षरमा लेख्न)<br>• सङ्ख्याहरूलाई स्थानमान तालिकामा प्रस्तुत गर्न र स्थानमान पत्ता लगाउन |
| गणितका आधारभूत क्रियाहरू | • जोड, घटाउ, गुणन र भाग गर्न | • जोड, घटाउ, गुणन र भाग गर्न |

**आधारभूत तह (कक्षा ४–८) मा विद्यार्थीको सिकाइमा देखापर्ने सम्भावित कठिनाइका क्षेत्र**

| क्षेत्र | विषयवस्तु | समस्या |
|---|---|---|
| ज्यामिति | • कोणहरू<br>• ज्यामितीय आकृतिहरू | • कोणहरूको नाप लिन र खिच्न<br>• त्रिभुज तथा चतुर्भुजका भुजा, भित्री कोण तथा शीर्षविन्दुको पहिचान र मापन, प्रयोगात्मक परीक्षण |
| अङ्कगणित | • पूर्ण सङ्ख्या<br>• भिन्न, दशमलव र प्रतिशत | • रूढ सङ्ख्या र सङ्ख्याको अवधारणा<br>• शून्यान्तको अवधारणा<br>• भिन्न, दशमलव र प्रतिशत तथा तत्सम्बन्धी व्यावहारिक समस्या |

| | | |
|---|---|---|
| नाप/क्षेत्रमिति | • क्षेत्रफल र आयतन | • दुई आयामिक तथा त्रिआयामिक वस्तुको पहिचान, क्षेत्रफल र आयतन |
| बीजगणित | • बीजीय अभिव्यञ्जक | • चल र अचल राशीको पहिचान र सम्बन्ध<br>• बीजीय अभिव्यञ्जकहरूको जोड, घटाउ, गुणन र भाग<br>• खण्डीकरण<br>• शाब्दिक समस्या समाधान<br>• समीकरण |

यी कठिनाइहरूको समाधानका लागि आधारभूत सिप विकासमा जोड दिने, नियमित अभ्यास गर्ने, गणितीय अवधारणाहरूलाई प्रायोगिक उदाहरणसँग जोड्ने, गणितीय खेलहरूको प्रयोग गर्ने तथा नमुनाहरूलाई दृश्य सामग्रीको रूपमा प्रयोग गर्नुपर्छ । शिक्षकहरूले पनि विद्यार्थीको कठिनाइका क्षेत्रहरू पहिचान गरी तिनीहरूलाई फरक फरक तरिका वा विधिबाट विद्यार्थीको सिकाइमा सहयोग गर्नुपर्छ ।

### २.१.२ विद्यार्थीको सिकाइमा भएको कठिनाइ पहिचानका तरिका/आधार

विद्यार्थीको सिकाइमा भएको कठिनाइ पहिचान गर्ने कार्य विशेष गरी अगिल्ला मूल्याङ्कनमा विद्यार्थीको सिकाइ स्तर, कक्षा शिक्षणका क्रममा कक्षामा विद्यार्थीको अन्तरक्रिया र कक्षाकार्य, गृहकार्य, परियोजना तथा प्रयोगात्मक कार्यमा विद्यार्थीको सहभागिता र कार्यसम्पादन स्तर र कुनै एकाइ शिक्षणपश्चात् लिइने एकाइ परीक्षाका माध्यमबाट गर्न सकिन्छ । यदि नियमित कक्षा शिक्षणका क्रममा कुनै विद्यार्थीको सिकाइमा भएको कठिनाइ पहिचान गर्न नसकिएमा निदानात्मक साधन विकास गरी निदानात्मक परीक्षा सञ्चालन गरेर प्राप्त नतिजाको विश्लेषणका माध्यमबाट गर्नुपर्ने छ ।

**आधारभूत तह कक्षा १ देखि ८ सम्मको गणित विषयको उपचारात्मक शिक्षणका लागि विद्यार्थी छनोटका आधारहरू**

| क्र.स. | आधारहरू | अङ्क | कैफियत |
|---|---|---|---|
| १. | शिक्षकको मूल्याङ्कन | १२ | नियमित सिकाइ सहजीकरणका क्रममा |
| २. | निदानात्मक परीक्षा | २५ | धेरै कमजोर, सम्बन्धित कक्षाको सिकाइ स्तरभन्दा न्यून भएको र थप समय दिई सहयोगको आवश्यकता भएका विद्यार्थीका लागि विद्यार्थीको सिकाइ स्तरअनुसार उपचारात्मक शिक्षण गर्नुपर्ने अवस्थामा मात्र गर्ने |

## विद्यार्थीको सिकाइ स्तर पहिचानका सम्बन्धमा शिक्षकको अवलोकन साधन

(आधारभूत तह, कक्षा १–८) पूर्णाङ्क : १२

कक्षा :

| रोल नम्बर | विद्यार्थीको नाम थर | अगिल्ला मूल्याङ्कनमा विद्यार्थीको सिकाइ स्तर (४) | सिकाइ क्रियाकलापमा सहभागिता र कार्यसम्पादन स्तर (४) | एकाइ परीक्षा (४) | जम्मा प्राप्ताङ्क (पूर्णाङ्क : १२) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोट :

- कार्यसम्पादन स्तर उच्च (Advanced) भएमा ४ अङ्क, राम्रो (Proficient) भएमा ३ अङ्क, सामान्य (Basic) भएमा २ अङ्क र न्यून (Below Basic) भएमा १ अङ्क प्रदान गर्नुहोस् ।
- विद्यार्थीलाई विभिन्न आधारहरूमा अङ्क प्रदान गर्दा तल दिइएअनुसार अङ्क प्रदान गर्न सकिने छ :

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| न्यून (Below basic) | १ | न्यून सहभागिता तथा सक्रियता र कार्यसम्पादन स्तर कमजोर भएको |
| सामान्य (Basic) | २ | लगभग आधा समय सहभागी तथा सक्रिय भएको र कार्यसम्पादन स्तर सामान्य भएको |

| | | |
|---|---|---|
| राम्रो (Proficient) | ३ | लगभग तीन चौथाइ समय सहभागी तथा सक्रिय भएको र कार्यसम्पादन स्तर राम्रो भएको |
| उच्च (Advanced) | ४ | सधैँ सहभागी तथा सक्रिय भएको र कार्यसम्पादन स्तर उच्च भएको |

- **एकाइ परीक्षा र निदानात्मक परीक्षा सञ्चालनका लागि नमुना साधन**

  उपचारात्मक शिक्षणका लागि गणितीय आधारभूत ज्ञान र सिप परीक्षणका गरी विद्यार्थीको सिकाइ कठिनाइ पहिचान गर्न विकास गर्नुपर्ने निदानात्मक साधनको नमुना प्रश्नहरू क्षेत्रगत रूपमा दिइएको छ । शिक्षकले विद्यार्थीको कक्षाअनुसार दिइएका नमुना प्रश्नहरू वा यस्तै प्रकृतिका अन्य प्रश्न आफैँले निर्माण गरी एकाइ परीक्षा र निदानात्मक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइ कठिनाइ पहिचान गर्न सक्नुहुने छ ।

## निदानात्मक परीक्षा सञ्चालनका लागि नमुना प्रश्नहरू

**क्षेत्र : ज्यामिति** **कक्षा (१(३)**

1. **तल दिइएको चित्रमध्ये वृत्तको चित्र कुन हो ? सही उत्तरमा ठिक (√) लगाउनुहोस् ।** [1]



2. **दिइएको चित्रबाट, कोण BCD को भुजा, कोण र शीर्षविन्दु लेख्नुहोस् ।** [1]




भुजा . ........................ र ..................

कोण . .............................

शीर्षविन्दु . .......................

3. **दिएको रेखाखण्ड AB को लम्बाइ रुलर (Ruler) ले नापेर लेख्नुहोस् ।** [1]




AB = ☐ से.मि.

4. **5 से.मि. लम्बाइ भएको एउटा सिधा रेखाखण्ड AB खिच्नुहोस् ।** [1]

# कक्षा (४-८)

1. चित्रमा दिइएका, कोणहरू STV र LMN को नाप डिग्रीमा लेख्नुहोस् । [2]







2. तल दिएका कोणहरू ABC र LMN को नाप चाँद (Protractor) को प्रयोग गरी नापेर लेख्नुहोस् । [1]







∠ABC = ☐ ∠LMN = ☐

3. चाँद (Protractor) को प्रयोग गरी $60^{o}$ को कोण खिच्नुहोस् । [1]

4. दिइएको षड्मुखाको चित्रमा A लाई शीर्षविन्दु भनिन्छ भने ED लाई के भनिन्छ, लेख्नुहोस् ।[1]




5. दिइएको त्रिभुजलाई हेरी कोणहरूको प्रकार (समकोण, न्यूनकोण वा अधिककोण) लेख्नुहोस् ।[3]

| कोण | प्रकार |
|---|---|
| ∠ABC | |
| ∠BAC | |
| ∠ACB | |



6. कम्पासको प्रयोगबाट 120° कोण रचना गर्नुहोस । [2]

7. कम्पासको प्रयोगबाट 60° को कोण रचना गरी त्यसलाई आधा गर्नुहोस् । [3]

8. तलका विन्दुहरूको निर्देशाङ्कहरू कुन कुन चतुर्थांशमा पर्छन्, ठिक (√) लगाउनुहोस् । [3]

| निर्देशाङ्कहरू | पहिलो चतुर्थांश | दोस्रो चतुर्थांश | तेस्रो चतुर्थांश | चौथो चतुर्थाँश |
|---|---|---|---|---|
| (4, 3) | | | | |
| (-5, 7) | | | | |
| (2, -3) | | | | |
| (-1, 2) | | | | |
| (4, 7) | | | | |
| (-3, -4) | | | | |

9. दिइएको चित्रबाट विन्दु **A** को जस्तै गरी बाँकी तीनओटा विन्दुहरू **B**, **C** र **D** को निर्देशाङ्कहरू लेख्नुहोस् । **[3]**

| विन्दुहरू | निर्देशाङ्कहरू |
|---|---|
| A | (3, 4) |
| B | |
| C | |
| D | |




10. दिएको रेखासँग समानान्तर हुने एउटा रेखा खिच्नुहोस् । [4]



11. चित्रमा, त्रिभुज ABC र त्रिभुज XYZ कुन तथ्यबाट अनुरूप छन्, लेख्नुहोस् । [2]




12. तलको चित्रबाट x र y को मान पत्ता लगाउनुहोस् । [4]




## निदानात्मक परीक्षा सञ्चालनका लागि नमुना प्रश्नहरू

**क्षेत्र : सङ्ख्याको ज्ञान/अङ्कगणित** **कक्षा (१-३)**

1. दिइएको सङ्ख्यालाई घट्दो क्रममा अथवा ठुलोदेखि सानो क्रममा लेख्नुहोस् । [1]

२३, ३५, ३२

2. बिजोर सङ्ख्यामा गोलो घेरा लगाउनुहोस् । [1]

| | | | | | |
|---|---|---|---|---|---|
| ४२६ | २८७ | ५८८ | ९१९ | २०० | १२५ |

3. सङ्ख्या ७९०५२ लाई स्थानमान तालिकामा प्रस्तुत गर्नुहोस् । [1]

| दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|
| | | | | |

4. सङ्ख्याको ढाँचा हेरी खाली ठाउँ भर्नुहोस् । [4]

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 25 | 26 | | 28 | | 30 | | | 33 |

5. सङ्ख्या २४० मा २ को स्थान र स्थानमान कति हुन्छ, लेख्नुहोस् । [2]

6. २, ३ र ४ बाट बन्ने तीन अङ्कका कुनै ३ ओटा सङ्ख्याहरू लेख्नुहोस्, जस्तै : ३२४ अन्य तीनओटा सङ्ख्याहरू लेख्नुहोस् । [3]

| | | |
|---|---|---|
| | | |

7. **जोडा मिलाउनुहोस् :** [4]

| | |
|---|---|
| 3 + 4 | 5 |
| 7 − 2 | 12 |
| 3 × 4 | 7 |
| 12 ÷ 4 | 3 |
| | 2 |

8. **जोडा मिलाउनुहोस् :** [4]




## कक्षा (४-८)

1. **दिइएको वृत्तमा कति भागमा छाया पारिएको छ ?** [1]



2. $\frac{1}{5}$ **र** $\frac{2}{5}$ **को जोड कति हुन्छ ?** [2]

3. **४० पूर्णाङ्कको कुनै परीक्षामा २० अङ्क प्राप्त गर्दा कति प्रतिशत हुन्छ ?** [3]

4. **रु. 150 लाई 2:3 को अनुपातमा बाँड्नुहोस् ।** [3]

5. **10 र 20 को ल.स. र म.स. पत्ता लगाउनुहोस् ।** [2]

6. **सरल गर्नुहोस् :** [2]

$$\frac{10}{15} \times \frac{35}{45}$$

7. सरल गर्नुहोस् : [2]

$$\frac{35}{45} \times \frac{20}{9}$$

8. सबिनासँग भएको रु. 160 मा 25% खाजा खान, 30% कलम किन्न र बाँकी रकम कापी किन्न खर्च गरिछन् भने सबिनाले खाजा खान, कलम किन्न र कापी किन्न कति कति रुपियाँ खर्च गरिछन् ? [4]

9. सरिनाले एउटा कलम रु. 200 मा किनेर साथीलाई रु. 160 मा बेचिन् । सरिनालाई कति प्रतिशत नाफा वा नोक्सान भयो, प्रतिशतमा पत्ता लगाउनुहोस् । [2]

10. 30 लाई द्विआधार सङ्ख्या पद्धती र पञ्चआधार सङ्ख्या पद्धतिमा रूपान्तर गर्नुहोस् । [2]

11. रु. 5000 को 10% प्रतिवर्ष ब्याजकादरले २ वर्षमा हुने साधारण ब्याज पत्ता लगाउनुहोस् ।[2]

## निदानात्मक परीक्षा सञ्चालनका लागि नमुना प्रश्नहरू

**क्षेत्र : नाप/क्षेत्रमिति** **कक्षा (१-३)**

1. तलका दुईओटा रेखाहरूमध्ये कुन रेखा लामो छ, तलको बाकसमा रेजा (√) लगाउनुहोस् । [1]



2. तलका दुईओटा गाग्रीमध्ये कुनमा बढी पानी अटाउँछ, तलको बाकसमा ठिक (√) लगाउनुहोस् । [1]



3. चित्रमा देखाइएका नोटहरू कति रुपियाँका हुन्, लेख्नुहोस् । [3]



4. चित्रमा देखाइएको पेन्सिलको लम्बाइ कति छ, लेख्नुहोस् । [2]



5. **तल दिएको क्यालेन्डर अध्ययन गरी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।** [5]

**वार्षिक शैक्षिक कार्यपात्रो - २०८२**

| **असार** June/July 2025 | | | **नेपाल सम्वत ११४५** तछलागा/दिल्लाथ्व | | **विक्रम संवत् २०८२** | **साउन** July/August 2025 | | | **नेपाल सम्वत ११४५** दिल्लागा/गुंलाथ्व | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| चतुर्थी १ 15 | द्वादशी ८ 22 | चतुर्थी धान दिवस १५ दहि चिउरा खाने दिन 29 | एकादशी २२ तुलसी रोप्ने दिन 6 | तृतीया २९ भानु जयन्ती 13 | आइतबार SUNDAY | | दशमी ४ 20 | तृतीया ११ 27 | नवमी १८ 3 | प्रतिपदा गाईजात्रा २५ नेवार समुदाय तथा काठमाडौं उपत्यका बिदा 10 |
| पञ्चमी २ 16 | त्रयोदशी ९ 23 | पञ्चमी १६ 30 | द्वादशी २३ 7 | चतुर्थी ३० 14 | सोमबार MONDAY | | एकादशी ५ 21 | चतुर्थी १२ 28 | दशमी १९ 4 | द्वितीया २६ रोपाई जात्रा 11 |
| षष्ठी ३ 17 | चतुर्दशी १० 24 | षष्ठी १७ खेलकुद पत्रकार दिवस 1 | त्रयोदशी २४ 8 | पञ्चमी ३१ 15 | मंगलबार TUESDAY | | द्वादशी ६ 22 | पञ्चमी १३ नाग पञ्चमी 29 | एकादशी २० 5 | तृतीया २७ 12 |
| सप्तमी ४ 18 | औंशी ११ 25 | सप्तमी १८ 2 | चतुर्दशी २५ 9 | षष्ठी ३२ 16 | बुधबार WEDNESDAY | | चतुर्दशी ७ 23 | षष्ठी १४ 30 | द्वादशी २१ 6 | चतुर्थी २८ 13 |
| अष्टमी ५ 19 | प्रतिपदा १२ 26 | अष्टमी १९ 3 | पूर्णिमा २६ गुरु पूर्णिमा 10 | | बिहीबार THURSDAY | सप्तमी १ 17 | औंशी ८ 24 | सप्तमी १५ खिर खाने दिन 31 | त्रयोदशी २२ 7 | पञ्चमी २९ 14 |
| नवमी ६ 20 | द्वितीया १३ 27 | नवमी २० 4 | प्रतिपदा २७ विश्व जनसंख्या दिवस 11 | | शुक्रबार FRIDAY | अष्टमी २ 18 | प्रतिपदा ९ 25 | अष्टमी १६ 1 | चतुर्दशी २३ विश्व भू-संरक्षण दिवस 8 | सप्तमी ३० 15 |
| एकादशी ७ 21 | तृतीया १४ 28 | दशमी २१ 5 | द्वितीया २८ 12 | | शनिबार SATURDAY | नवमी ३ 19 | द्वितीया १० 26 | अष्टमी १७ 2 | पूर्णिमा जनै पूर्णिमा २४ रक्षाबन्धन 9 | अष्टमी ३१ श्रीकृष्ण जन्माष्टमी 16 |

(क) माथि कुन कुन महिनाको क्यालेन्डर देखाइएको छ ?

(ख) असार महिनामा कुन दिन दही चिउरा खाने दिन रहेछ ?

(ग) साउन महिनामा कति दिन सार्वजनिक बिदा रहेछन् ?

(घ) असारभन्दा साउनमा कतिओटा शनिवार बढी रहेछ ?

(ङ) भाद्र ५ गते र १२ गते कुन वार पर्छ ? पत्ता लगाउन सक्नुहुन्छ वा अनुमान गर्नुहोस् र लेख्नुहोस् ।

## कक्षा (४-८)

1. **रूपान्तर गरेर लेख्नुहोस् :** [3]

| | |
|---|---|
| 4 मिटर | ............................................ सेन्टिमिटर |
| 5 किलोमिटर 200 मिटर | .................................................. मिटर |
| 3 किलोग्राम 250 ग्राम | .................................................. ग्राम |

2. दिइएको चित्र हेरी वर्ग कोठा गनेर परिमिति र क्षेत्रफल पत्ता लगाउनुहोस् : [4]




3. लम्बाइ 10 मिटर र चौडाइ 5 मिटर भएको एउटा आयताकार खेतको क्षेत्रफल निकाल्नुहोस् । [2]

4. लम्बाइ 10 मिटर भएको एउटा वर्गाकार कागजको परिमिति निकाल्नुहोस् । [2]

5. दिइएको षड्मुखाकार वस्तुको पूरा सतहको क्षेत्रफल निकाल्नुहोस् : [2]




(a)

6. दिइएको घनाकार वस्तुको आयतन निकाल्नुहोस् : [2]




(b)

7. दिइएको त्रिभुज ABC को परिमिति पत्ता लगाउनुहोस् । [2]



8. **दिइएको वृत्तको परिधि पत्ता लगाउनुहोस् ।** [2]




9. **अर्धव्यास 14 सेन्टिमिटर भएको वृत्तको क्षेत्रफल पत्ता लगाउनुहोस् ।** [2]

10. **दिइएको त्रिभुजको क्षेत्रफल पत्ता लगाउनुहोस् ।** [2]




11. **दिइएको चित्रबाट छाया पारिएको भागको क्षेत्रफल पत्ता लगाउनुहोस् ।** [2]



## निदानात्मक परीक्षा सञ्चालनका लागि नमुना प्रश्नहरू

**क्षेत्र : बीजगणित** **कक्षा (४-८)**

1. **तल दिइएको बाकसमा सही अङ्क भर्नुहोस् ।** [2]

   5 + ☐ = 12

2. **दिइएको सङ्ख्याको ढाँचा हेरी थप तीन ओटा सङ्ख्या भर्नुहोस् ।** [2]

| | | | | | |
|---|---|---|---|---|---|
| 12 | 15 | 18 | | | |

3. **दिइएका बीजगणितीय अभिव्यञ्जकबाट चल राशिहरू छानेर तालिकामा भर्नुहोस् ।** [2]

   5x, 3xy, 7x, 9yz, 12x, 2y, x

| चल राशिहरू : |
|---|
| |

4. **हिसाब गर्नुहोस् ।** [6]

   (क) $5x + 3x =$

   (ख) 4x2 + 3x2 =

   (ग) $7x - 2y =$

   (घ) $5 \times 3x =$

   (ङ) $25xy \div 5y =$

   (च) 49x3y2 ÷ 7x2y =

5. **यदि $x = 2$ र $y = 1$ भए $2x + 3y$ को मान पत्ता लगाउनुहोस् ।** [2]

6. **यदि $x = 3$ र $y = 2$ भए 2x2 + 3y2 को मान पत्ता लगाउनुहोस् ।** [2]

7. **$3 \times 3 \times 3 \times 3 \times 3 \times 3$ लाई 3 को घातका रूपमा लेख्नुहोस् ।** [1]

8. **ल.स. पत्ता लगाउनुहोस् : $x - 3$ र $(x - 3)^2$** [1]

9. **म.स. पत्ता लगाउनुहोस् : $x - 2$ र x2 − 4x + 4** [2]

10. **सरल गर्नुहोस् :** [2]

$$\frac{a}{a-b} - \frac{b}{a+b}$$

11. **हल गर्नुहोस् :** [2]

x2 − 5x + 6 = 0

## निदानात्मक परीक्षा सञ्चालनका लागि नमुना प्रश्नहरू

**क्षेत्र : समूह** **कक्षा (६–८)**

1. **तलको तालिकामा ∈ र ∉ भर्नुहोस् :** [3]

(क) 5 ............. {3, 4, 5}

(ख) 7 ............. {3, 5, 8}

2. **समूहको परिचय दिई एउटा सीमित र एउटा असीमित समूहको उदाहरण दिनुहोस् ।** [3]

3. **तल दिइएका समूहहरूमध्ये कुन कुन समूह समतुल्य समूहहरू हुन्, लेख्नुहोस् ।** [3]

A = {3, 4, 5, 7, 9} B = {a, b, c, d}

C = {p, q, r, s} D = {2, 5, 8, 9, 11}

4. **समूह A = {आँप, केरा, सुन्तला} बाट बन्ने उपसमूहहरू तल तालिकामा लेख्नुहोस् ।** [3]

| | |
|---|---|
| खाली उपसमूह | |
| एउटा सदस्य मात्र भएका उपसमूहहरू | |
| दुईओटा सदस्य मात्र भएका उपसमूहहरू | |
| तीनओटा सदस्य मात्र भएको उपसमूह | |

5. **समूह A = {2, 3} बाट बन्ने उपयुक्त र अनुपयुक्त उपसमूहहरू निर्माण गर्नुहोस् ।** [3]

## निदानात्मक परीक्षा सञ्चालनका लागि नमुना प्रश्नहरू

**क्षेत्र : तथ्याङ्कशास्त्र** **कक्षा (४-८)**

1. **तलको बिललाई पढेर सोधेका प्रश्नहरूको उत्तर दिनुहोस् :** [5]

**सगरमाथा किराना पसल**

**काठमाडौँ**

मिति : 2082/02/10

पान न. : 1243095130

क्रेताको नाम : रमिला

ठेगाना : बानेश्वर

| क्र.स. | सामानको नाम | परिमाण | दर (रु.) | जम्मा मूल्य (रु.) |
|---|---|---|---|---|
| 1 | चामल | 5 किलोग्राम | 100 | 500 |
| 2 | दाल | 3 किलोग्राम | 150 | 450 |
| 3 | चिनी | 2 किलोग्राम | 100 | 200 |
| 4 | दुध | 2 लिटर | 120 | 240 |
| जम्मा | | | | 1390 |

अक्षरेपि : एक हजार तीन सय नब्बे रुपियाँ मात्र

भूलचुक लिनेदिने । विक्रेता

जीवन

(क) के के सामान किनेको रहेछ ?

(ख) एक किलो चामलको मूल्य कति रहेछ ?

(ग) कति किलो चामल किनेको रहेछ ?

(घ) जम्मा बिल कति रुपियाँको रहेछ ?

(ङ) रमिलाले पसलेलाई रु. 1500 दिएकी रहिछन् भने पसलेले कति रुपियाँ फिर्ता दिनुपर्छ, पत्ता लगाउनुहोस् ।

2. **जनता आधारभूत विद्यालयले शैक्षिक वर्ष 2078 मा कक्षा 1-5 मा भर्ना भएका विद्यार्थीका आधारमा तयार पारेको स्तम्भ चित्रको अवलोकन गरी तलका प्रश्नको उत्तर लेख्नुहोस् :** [5]




(क) कक्षा 2 मा जम्मा कति विद्यार्थी भर्ना भएका रहेछन् ?

(ख) कक्षा 4 र 5 मा गरी जम्मा कति विद्यार्थी भर्ना भएका रहेछन् ?

(ग) जम्मा कति जना विद्यार्थी भर्ना भएका रहेछन् ?

(घ) सबैभन्दा बढी र सबैभन्दा कम विद्यार्थी कुन कुन कक्षामा रहेछन् ?

(ङ) कक्षा 4 र कक्षा 3 मध्ये कुन कक्षामा बढी विद्यार्थी भर्ना भएका रहेछन् ? सो सङ्ख्या कतिले बढी छ ?

3. **एउटा विद्यालयका विद्यार्थीलाई कुन रङ बढी मन पराउनुहुन्छ भनी सोधिएको प्रश्नबाट प्राप्त उत्तर तल तालिकामा देखाइएको छ । यसलाई साधारण स्तम्भ चित्रमा देखाउनुहोस् ।** [5]

| रङ | रातो | हरियो | निलो | पहेँलो | सेतो |
|---|---|---|---|---|---|
| सङ्ख्या | 20 | 25 | 35 | 10 | 15 |

4. 2, 3, 4, 3, 4, 2, 3, 3, 3, 5 **को रीत कति हुन्छ, निकाल्नुहोस् ।** [1]

5. 5, 10, 15, 20, 25 **को अङ्कगणितीय मध्यक निकाल्नुहोस् ।** [2]

6. 3, 5, 7, 9, 11 **को मध्यिका कति हुन्छ ?** [2]

7. **सन २०१५ मा विभिन्न देशहरूले गरेको कार्बनडाइअक्साइड ग्यास उत्सर्जनलाई वृत्तचित्रमा देखाइएको छ । त्यसका आधारमा तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।** [4]

(क) सबैभन्दा कम कार्बनडाइअक्साइड ग्यास उत्सर्जन कुन देशले गरेको रहेछ ?

(ख) सबैभन्दा धेरै कार्बनडाइअक्साइड ग्यास उत्सर्जन कुन देशले गरेको रहेछ ?

(ग) जापानले भन्दा भारतले कति धेरै कार्बनडाइअक्साइड ग्यास उत्सर्जन गरेको रहेछ, प्रतिशतमा लेख्नुहोस् ।

(घ) रामले भन्यो “भारत, रुस र जापानले जति कार्बनडाइअक्साइड ग्यास अमेरिका एक्लैले उत्सर्जन गरेको रहेछ ।” तपाईँ उनको कुरामा सहमत हुनुहुन्छ ? तर्कपूर्ण जवाफ दिनुहोस् ।




**२.१.३ एकाइ परीक्षा र निदानात्मक परीक्षाबाट प्राप्त नतिजाको अभिलेखीकरण र विश्लेषण**

विद्यार्थीका सिकाइ कठिनाइ पहिचानका लागि शिक्षक निर्मित प्रश्नहरूबाट एकाइ परीक्षा र निदानात्मक परीक्षा सञ्चालन गरी प्राप्त नतिजाको अभिलेखीकरण गर्नका लागि दिइएअनुसारको तालिका बनाई प्राप्ताङ्क प्रस्तुत गरी विश्लेषण गर्न सकिने छ :

| रोल न. | विद्यार्थीको नाम थर | प्रश्नगत रूपमा विद्यार्थीको प्राप्ताङ्क | | | | | जम्मा प्राप्ताङ्क (पूर्णाङ्क) | प्रश्नगत रूपमा सिकाइ कठिनाइ भएमा लेख्ने |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रश्न न. १ | प्रश्न न. २ | प्रश्न न. ३ | ...... | ...... | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**द्रष्टव्य :** हरेक प्रश्नको विद्यार्थी प्रतिक्रियाको विश्लेषण गरी उस्तै खालका सिकाइ कठिनाइ भएका विद्यार्थीलाई समूहगत रूपमा वा अन्य उपयुक्त विधि अपनाई उपचारात्मक शिक्षण गर्न सकिन्छ ।

## २.२ उपचारात्मक शिक्षणका केही रणनीतिहरू

### उपचारात्मक शिक्षण

उपचारात्मक शिक्षण विद्यार्थीको सिकाइमा देखिएका कठिनाइ पहिचान गरी हटाउन गरिने विशेष प्रकारको शिक्षण हो । अर्को शब्दमा उपचारात्मक शिक्षण भनेको सिकाइमा कठिनाइ भएका विद्यार्थीलाई उनीहरूको आधारभूत सिपहरू सुधार गर्नका लागि प्रदान गरिने शिक्षण हो ।

उपचारात्मक शिक्षणले विद्यार्थीलाई उनीहरूको सिकाइ स्तरमा सुधार गर्न, आत्मविश्वास बढाउन र शैक्षिक प्रगतिका लागि बलियो जग बसाल्न महत्त्वपूर्ण भूमिका खेल्छ । यो प्रक्रिया कक्षाभित्र वा बाहिर, व्यक्तिगत वा समूहगत रूपमा सञ्चालन गर्न सकिन्छ । यसले विद्यार्थीलाई पाठ्यक्रममा भएका आधारभूत ज्ञान तथा सिपहरू हासिल गराउन मदत गर्छ ।

### उपचारात्मक शिक्षणका रणनीतिहरू

१. **वैयक्तिक शिक्षण (One to One Teaching)**

वैयक्तिक शिक्षण विधिमा शिक्षकले एक विद्यार्थीलाई लक्षित गरी प्रत्यक्ष रूपमा सिकाउने गर्छन् । यो विधि उपचारात्मक शिक्षणका लागि धेरै प्रभावकारी मानिन्छ । शिक्षकले विद्यार्थीको कमजोरी, आवश्यकता र सिकाइ शैलीलाई बुझेर सामग्री तयार गर्छन् । शिक्षक र विद्यार्थीबिचको निकट सम्बन्धले सिकाइको गुणस्तरमा सुधार ल्याउँछ । विशेषतः कमजोर वा पछाडि परेका वा सिकाइ कठिनाइ भएका विद्यार्थीका लागि यो रणनीति उपयोगी हुन्छ । कक्षाभित्र वा कक्षाबाहिरसमेत यो रणनीति प्रयोग गर्न सकिन्छ । सिकाइको अवस्था नियमित रूपमा मूल्याङ्कन गर्न सकिन्छ । विद्यार्थीको सिकाइ कठिनाइअनुसार तत्कालै आवश्यक सहयोग गरिने भएकाले सिकाइमा सुधारका

लागि यो रणनीति महत्त्वपूर्ण छ । वैयक्तिक शिक्षणले विद्यार्थीको स्तरअनुसार सिकाइ सम्भव बनाउँछ । विद्यार्थीलाई उनीहरूको सिकाइको गति र गुणस्तरमा सकारात्मक प्रभाव पार्नको लागि सक्रिय सहभागी हुन प्रोत्साहन गरिन्छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि वैयक्तिक शिक्षण अत्यन्तै उपयोगी हुन्छ । विद्यालयले शिक्षक विद्यार्थी अनुपात सन्तुलित बनाएमा यस रणनीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिन्छ । यसरी सहयोग गर्नुपर्ने विद्यार्थीको सङ्ख्या धेरै भएको अवस्थामा समय व्यवस्थापन चुनौती हुन सक्छ ।

२. **सहपाठी शिक्षण (Peer Teaching)**

सहपाठी शिक्षणमा आफूभन्दा बढी ज्ञान र सिप भएकाले आफूभन्दा कम ज्ञान र सिप भएकालाई सहयोग गर्छन् । यस प्रक्रियामा सहपाठी विद्यार्थीले आफ्ना साथीलाई प्रत्येक चरणमा मार्गदर्शन गर्छन्, जुन भिगोत्स्कीको social constructivism मा आधारित छ । यो रणनीतिले सिकाउने विद्यार्थीलाई आफ्नो ज्ञान बलियो बनाउन र सिक्ने विद्यार्थीलाई सहज वातावरणमा सिक्न मदत गर्छ । यो रणनीति लागु गर्न शिक्षकले पहिले विद्यार्थीलाई जोडी वा साना समूहमा विभाजन गर्नुपर्छ ।

शिक्षकले सहपाठी विद्यार्थीलाई कसरी प्रश्न सोध्ने, गल्ती सच्याउने र प्रोत्साहन गर्ने भन्ने बारे मार्गदर्शन गर्छन् जसले सिकाइलाई प्रभावकारी बनाउँछ । यो मार्गदर्शनले विद्यार्थीलाई आफ्नो क्षमताभन्दा अलि माथिको काम गर्न प्रेरित गर्छ, जुन भिगोत्स्कीको Zone of Proximal Development अवधारणासँग सम्बन्धित छ । यसमा विद्यार्थीले कक्षा बाहिर तथा गाउँ वा टोलमा बसेर एकअर्कासँग सिक्न सक्छन् । शिक्षकले नियमित रूपमा समूहको सिकाइ जाँच्न र सहपाठी विद्यार्थीलाई पुरस्कृत गर्नुपर्छ जसले उनीहरूको प्रेरणा मिल्नुको साथै जिम्मेवारी महसुस हुन्छ ।

३. **प्रविधिमा आधारित सिकाइ (Technology Based Learning)**

विद्यार्थीले मोबाइल, ट्याब्लेट वा कम्प्युटरमार्फत विभिन्न विषयका सामग्रीहरू डाउनलोड गरी वा उपकरण प्रयोग गरी अवलोकन गरेर सिक्न सक्छन् । यसबाट विद्यार्थीले सिक्नुपर्ने विषयवस्तुसँग सम्बन्धित सामग्री पटक पटक अवलोकन र अध्ययन गरी आफ्नै गतिमा सिक्न सक्छन् । यो रणनीतिले आधारभूत सिपमा कमजोर विद्यार्थीलाई सहयोग प्रदान गर्छ ।

यो रणनीति कार्यान्वयन गर्न, शिक्षकले पहिले उपलब्ध प्रविधि र स्रोतहरूको मूल्याङ्कन गर्नुपर्छ । नेपालमा सरकारी वा गैरसरकारी संस्थाहरूले विकास गरेका शैक्षिक सामग्रीहरू, जस्तै : क्विज र भिडियो सामग्री प्रयोग गर्न सकिन्छ । कक्षाभित्र शिक्षकले प्रोजेक्टर वा स्क्रिनमा गणितीय विषयवस्तुसँग सम्बन्धित भिडियो देखाउन सक्छन् भने कक्षाबाहिर विद्यार्थीले मोबाइलमा अभ्यास गर्न सक्छन् । शिक्षक र अभिभावकले विद्यार्थीको सिकाइ अनुगमन गरी प्रविधिको उच्चतम प्रयोगका लागि मार्गदर्शन गर्नुपर्छ ।

## ४. क्रियाकलापमा आधारित सिकाइ (Activity Based Learning)

क्रियाकलापमा आधारित सिकाइले विद्यार्थीलाई कुनै विषयवस्तु बुझ्न र सिक्न सहयोग गर्छ । यो रणनीतिमा गणितीय खेल, नाटक, प्रयोगात्मक कार्य जस्ता गतिविधिहरू समावेश गरिन्छ । यो रणनीति लागु गर्न शिक्षकले सरल र प्रभावकारी क्रियाकलापहरू निर्माण गर्नुपर्छ । कक्षाभित्र शिक्षकले यी क्रियाकलापहरूलाई पाठ्यक्रमसँग सम्बन्धित गराई सञ्चालन गर्न सक्छन् भने कक्षा बाहिर विद्यार्थीले घर वा समुदायमा यस्ता क्रियाकलाप गर्न सक्छन् । शिक्षकले प्रत्येक क्रियाकलापपछि विद्यार्थीको सिकाइ जाँच गरेर पृष्ठपोषण दिनुपर्छ । यस्ता क्रियाकलापहरूले विद्यार्थीको रचनात्मकता र आत्मविश्वासका साथै विषयगत ज्ञान तथा सिपको विकासमा सहयोग गर्छ ।

## ५. अभिभावक र समुदायको संलग्नता (Parent and Community Involvement)

विद्यार्थीको सिकाइमा आएको ह्रासलाई सम्बोधन गर्न अभिभावक र स्थानीय समुदायको सहयोग आवश्यक छ । अभिभावकले घरमा विभिन्न क्रियाकलापमार्फत आफ्ना बालबालिकालाई सिकाइ सहजीकरणमा सहयोग गर्न सक्छन् । समुदायका सदस्यहरू, जस्तै : स्थानीय लेखक वा शिक्षित व्यक्तिहरूले पनि स्वयम्सेवकका रूपमा सिकाइमा सहयोग गर्न सक्छन् । यो रणनीतिले विद्यार्थीलाई कक्षाबाहिर पनि सिक्ने वातावरण प्रदान गर्छ र आधारभूत सिप सुधारमा सहयोग गर्छ ।

यो रणनीति कार्यान्वयन गर्न शिक्षकले अभिभावकसँग नियमित भेटघाट र बैठक आयोजना गर्नुपर्छ । यी बैठकमा विभिन्न विषयका आधारभूत सिप जस्तै : पढ्ने, लेख्ने, बोल्ने, जोड्ने र घटाउने तरिकाबारे अभिभावकसँग छलफल गर्नुपर्छ । समुदायमा स्थानीय पुस्तकालय, सांस्कृतिक कार्यक्रम वा सिकाइ केन्द्र स्थापना गरी सिकाइको वातावरण निर्माण गर्न सकिन्छ । शिक्षकले अभिभावक र समुदायसँग मिलेर विद्यार्थीको सिकाइ अनुगमन गर्नुपर्छ ।

## ६. छुट्टै कक्षाको व्यवस्था (Separate Classroom)

सिकाइमा विशेष रूपमा सहयोग गर्नुपर्ने विद्यार्थीलाई लक्षित गरी छुट्टै कक्षा सञ्चालन गर्दा विद्यार्थी आत्मविश्वासका साथ सिक्न सक्छन् किनभने उनीहरूलाई अरू विद्यार्थीसँग तुलना गरिँदैन । शिक्षकले उनीहरूको आवश्यकताअनुसार सामग्री चयन गर्न सक्छन् । कक्षा सानो हुने भएकाले संवाद र अभ्यासको पर्याप्त अवसर हुन्छ । विषयवस्तु विस्तारपूर्वक बुझाउन सकिन्छ । यस्तो वातावरणमा विद्यार्थीले सोधपुछ गर्न डराउँदैनन् । उनीहरूलाई बढी ध्यान र मार्गदर्शन मिल्छ । समय र स्रोतको व्यवस्था मिलाएर यस्तो कक्षा सञ्चालन गर्न सकिन्छ । विद्यालयले उपलब्ध समयअनुसार नियमित शिक्षणमा वा छुट्टै समयमा कक्षा सञ्चालन गर्न सक्छ ।

विद्यार्थीको सहभागिता र सिकाइमा देखिने प्रगतिको मूल्याङ्कन निरन्तर रूपमा गरिनुपर्छ । छुट्टै कक्षामा लचिलो पाठयोजना प्रयोग गरिनु उपयुक्त हुन्छ जसले विद्यार्थीको आफ्नै सिक्ने गतिअनुसार

सिकाइ क्रियाकलाप गराउनुपर्छ । छुट्टै कक्षा सञ्चालन प्रक्रियामा शिक्षकमा साथै अभिभावकको समेत सक्रिय रूपमा संलग्नता हुनु आवश्यक छ ।

### ७. स्वनिर्देशित सिकाइ (Self Directed Learning)

स्वनिर्देशित सिकाइमा विद्यार्थी आफैँले सिकाइको योजना बनाउँछ र कार्यान्वयन गर्छ । यो विधि अलि माथिल्ला कक्षाका विद्यार्थीलाई बढी उपयोगी हुन सक्छ । यसले विद्यार्थीलाई जिम्मेवारी लिन सिकाउँछ । उनीहरू कुन विषयमा कमजोर छन् भन्ने थाहा पाएर लक्ष्य निर्धारण गर्छन् । अनलाइन स्रोत, पुस्तक, अभ्यास सामग्रीको प्रयोग गरी स्वअध्ययन गर्छन् । यसले उनीहरूमा आत्मअनुशासन र समसामयिक प्रविधिको प्रयोग सिप विकास गर्छ । शिक्षकले परामर्शदाता र मार्गदर्शकको भूमिका निर्वाह गर्छन् । विद्यार्थीको रुचि र गतिअनुसार सिकाइ अगि बढ्छ । यसले विद्यार्थीको सिकाइ क्षमताको विकासमा योगदान पुऱ्याउँछ । यसमा लक्षित सिकाइका लागि 'learning contract' वा 'goal setting sheets' जस्ता तरिकाहरू प्रयोग गर्न सकिन्छ । डिजिटल लर्निङ प्लेटफर्महरू (जस्तै : CEHRD learning portal) मार्फत विविध अभ्यास गर्न सकिन्छ । स्वनिर्देशित सिकाइले एकातर्फ व्यक्तिगत आत्मबल बढाउँछ भने अर्कोतर्फ समय व्यवस्थापनको सिप पनि विकास गर्छ । विद्यालय/शिक्षकहरूले आवश्यक स्रोत र मार्गदर्शन उपलब्ध गराउन सकेमा यो विधि विद्यार्थीका लागि अत्यन्तै प्रभावकारी हुन सक्छ ।

### ८. क्रमिक सिकाइ रणनीति (I do-We do-You do)

यो रणनीतिमा सुरुमा शिक्षकले विषयवस्तु तथा क्रियाकलाप आफैँ प्रदर्शन गर्छन् (I do) । त्यसपछि शिक्षक र विद्यार्थी सँगै अभ्यास गर्छन् (We do) । अन्त्यमा विद्यार्थीले आफैँ अभ्यास गर्छन् (You do) । यस्तो क्रमिक सिकाइले विद्यार्थीलाई बिस्तारै आत्मनिर्भर बनाउँछ । उनीहरूले पहिले देखेर, त्यसपछि सहकार्य गरेर, अन्त्यमा स्वयम् कार्य गरेर सिक्छन् । यसले सिकाइमा आत्मविश्वास बढाउँछ । शिक्षकले प्रत्येक चरणमा प्रतिक्रिया र सहयोग प्रदान गर्छन् । उपचारात्मक शिक्षणमा क्रमिक अभ्यासले सिकाइ कठिनाइ हटाउन सहयोग पुऱ्याउँछ । यो रणनीति सिप विकासका लागि विशेष उपयोगी हुन्छ । यस रणनीतिले विशेष गरी जटिल अवधारणाहरू सिकाउन सहयोग गर्छ किनभने यसले सिकाइलाई सानो, छोटो खण्डमा विभाजन गर्छ । शिक्षकले हरेक चरणमा नजिकबाट सहयोग गर्ने भएकाले सिकाइको चरणमा गलत धारणा निर्माणको सम्भावना कम हुन्छ । यसले विद्यार्थीलाई सोच्न, प्रयोग गर्न र सुधार गर्न निरन्तर अभ्यासको अवसर दिन्छ । विद्यार्थीका लागि यो सुरक्षित सिकाइको वातावरण सिर्जना गर्छ, जहाँ उनीहरू कतिपय अवस्थामा गल्ती कमजोरी गर्दै, छलफल गर्दै सुधार्दै सिक्छन् । कक्षा व्यवस्थापनमा पनि यसले अनुशासन र ध्यान केन्द्रित गर्न सहयोग पुऱ्याउँछ ।

### ५. विद्यार्थीको सिकाइ स्तरअनुसार शिक्षण (Teaching at the Right Level-TaRL)

विद्यार्थीको सिकाइ स्तरअनुसार शिक्षणले प्रत्येक विद्यार्थीको वास्तविक सिकाइ स्तर पहिचान गरेर त्यहीअनुसार शिक्षण प्रक्रिया सञ्चालन गर्न सहयोग गर्छ । सबै विद्यार्थीलाई एउटै स्तरको पाठ पढाउँदा केही विद्यार्थी पछाडि पर्न सक्छन् । त्यसैले TaRL मा विद्यार्थीको स्तर (पढ्न, लेख्न, गणना गर्न) परीक्षण गरी व्यक्तिगत रूपमा र उस्तै कठिनाइ भएका विद्यार्थीको समूह बनाएर प्रत्येक समूहमा सोहीअनुसार सामग्री दिने र क्रियाकलाप गराउने कार्य गरिन्छ । यसले सिकाइलाई सहज र सान्दर्भिक बनाउँछ । विद्यार्थीलाई आफ्नो सिकाइको स्तरबाट सुरु गर्ने अवसर मिल्छ । सिकाइमा पछि परेका विद्यार्थी क्रमश: अगाडि बढ्न सक्छन् । शिक्षकले सहजै सिकाइको मूल्याङ्कन गर्न सक्छन् । यसले सिकाइलाई विद्यार्थीको गतिअनुसार अघि बढाउँछ । शिक्षकले स्तर अनुसार फरक गतिविधि, अभ्यास सामग्री र शिक्षण क्रियाकलाप गराउँछन् । यसले कक्षाभित्र विविधता (diversity) लाई स्विकार्छ र सबैको समावेशी सिकाइ सुनिश्चित गर्छ । विद्यार्थीले आफूले विषयवस्तु सिक्दै गएको महसुस गर्न थाल्छन्, जसले उनीहरूलाई अझ सक्रिय र उत्तरदायी बनाउँछ । मूल्याङ्कन निरन्तर गरिँदा तत्काल सुधार सम्भव हुन्छ । सामूहिक र व्यक्तिगत दुबै प्रकारका अभ्यास गरेर सिकाइको प्रभावकारिता बढाउन सकिन्छ ।

## २.३ कक्षागत तथा विषयगत समस्याका क्षेत्रअनुसार नमुना शिक्षण क्रियाकलापहरू

**विषयक्षेत्र : सङ्ख्याका ज्ञान**

**कठिनाइको क्षेत्र :** सङ्ख्याको अवधारणा, सङ्ख्यालाई अङ्क र अक्षरमा लेख्न, स्थानमानको अवधारणा

कठिनाइ हुनाका सम्भाव्य कारणहरू

- शिक्षणमा ठोस सामग्रीको प्रयोग कम हुनु ।
- विद्यालयमा प्रयोग गरिने माध्यम भाषा दोस्रो भाषाका रूपमा हुनु ।
- उपयुक्त सिकाइ सहजीकरण प्रक्रिया प्रयोग कम हुनु ।
- खेलमा आधारित सिकाइ वातावरण नहुनु आदि ।

सङ्ख्याको अवधारणा, सङ्ख्यालाई अङ्क र अक्षरमा लेख्न, स्थानमानको अवधारणा सम्बन्धमा उपचारात्मक शिक्षणका सम्भावित रणनीति र क्रियाकलापहरू

**एक अङ्कको सङ्ख्याको अवधारणा विकासका लागि**

**रणनीति १ :** ठोस सामग्रीको प्रयोगबाट शिक्षण

**क्रियाकलापहरू**

- ○ विद्यार्थीमा ठोस वस्तुको प्रयोगबाट गणितीय धारणा विकास गर्न सहज हुने भएकाले सङ्ख्याको अवधारणा शिक्षण गर्दा स्थानीय स्तरमा पाइने ठोस वस्तुहरू, जस्तै : किताब, सिन्का,

गोटी (माटोबाट बनाइएको वा मसिना ढुङ्गाहरू वा मालाका दानाहरू), पानीका बोत्तलका बिर्कोहरू, डटपेनका खाली खोलहरू, मकैका खोयाहरू (रङ लगाएर आकर्षक बनाउन पनि सकिन्छ), बेस टेन ब्लक्स, अबाकस, काठ तथा प्लाष्टिकबाट बनेका किटहरू आदि प्रयोग गरेर विद्यार्थी आफैँलाई गन्न लगाई सिकाइ सहजीकरण गर्ने ।

- ○ सुरुआती चरणमा ठोस वस्तुहरू एक एक गरी गनेर जम्मा कति भयो भनी मौखिक अभ्यास गराउने र यसमा अभ्यस्त भएपश्चात् ठोस वस्तुका चित्रहरू गनेर जम्मा कति भयो भनेर भन्न लगाउने । यस प्रक्रियाबाट ठोस वस्तुबाट अर्धठोस वस्तुको चरणमा जान सहज हुन्छ ।
- ○ गनिएका ठोस वस्तुको सङ्ख्या र सो सङ्ख्यालाई जनाउने सङ्ख्याङ्क सम्बन्धित गर्दै सङ्ख्याङ्क पढ्ने र लेख्ने अभ्यास गराउने ।
- ○ एक दिनमा एउटा सङ्ख्या मात्र फरक फरक तरिकाबाट चिन्ने, पढ्ने र लेख्ने, चित्रमा रङ भर्ने जस्तै : १ चिनाउन एउटा चित्रमा, २ चिनाउन दुईओटा चित्रमा रङ भर्ने, आफ्नो शरिरका एउटा मात्र हुने बाहिरी अङ्गहरू चिनाउने आदि ।

**रणनीति २ : मातृभाषामा शिक्षण**

**क्रियाकलापहरू**

- ○ विद्यार्थीलाई सकेसम्म उनीहरूको मातृभाषामा सिक्न पाउने व्यवस्था गर्ने, शिक्षकबाट मातृभाषामा शिक्षण गर्न समस्या भएमा सोही कक्षाका मातृभाषी विद्यार्थी र माथिल्लो कक्षाका दाइदिदीहरूको सहयोग लिन पनि सकिन्छ ।

**रणनीति ३ : व्यक्तिगत विभिन्नताका आधारमा शिक्षण**

**क्रियाकलापहरू**

- ○ विद्यार्थी विविध सिकाइ क्षमताका हुन्छन्, फरक फरक पारिवारिक तथा आर्थिक वातावरणबाट आएका हुन्छन् । यसका साथै शारीरिक रूपमा पनि फरक किसिमको आवश्यकता भएका विद्यार्थी पनि हुन सक्छन् तसर्थ विद्यार्थीको व्यक्तिगत भिन्नताका आधारमा, आवश्यकताका आधारमा सिकाइ सहजीकरण प्रक्रियाको छनोट गर्नुपर्ने हुन्छ, जस्तै :

(क) सिकाइ क्षमता कम भएका विद्यार्थीलाई अलि बढी समय दिएर

(ख) शैक्षिक सामग्री विद्यार्थी आफैँले छोएर अनुभव गरेर सिक्ने अवसर प्रदान गरेर

(ग) भिडियो सामग्री हेर्ने अवसर दिएर

(घ) विद्यार्थीको सिकाइ स्तर पहिचान गरी उसको आवश्यकताअनुसारको सिकाइ आपुरण गरेर

(ङ) निरन्तर प्रोत्साहन र सहयोग गरेर आदि ।

**रणनीति ४ : सहपाठी शिक्षण**

**क्रियाकलापहरू**

- छिटो सिक्न सक्ने बालबालिकालाई अन्य बालबालिकाको सिकाइमा सहयोग गर्न लगाउनुहोस् यसबाट बालबालिकामा सहयोगी भावनाको पनि विकास गराउन सकिन्छ ।
- भाषा तथा शारीरिक अवस्थाका कारण वा अन्य कुनै पनि कारणबाट सिकाइमा पछाडि परेका बालबालिकाहरूलाई सम्बन्धित भाषाको सहपाठीको सहयोग लिएर पनि सिकाइ उपलब्धि हासिल गराउन प्रयत्न गर्नुपर्छ ।

**रणनीति ५ : प्रविधिमा आधारित शिक्षण**

**क्रियाकलापहरू**

- Internet को पहुँच भएका विद्यालयमा पाठसँग सम्बन्धित आधिकारिक भिडियो सामग्रीहरू खोज गरी देखाउन सकिन्छ जसले कक्षा रमाइलो र सिकाइ दिगो हुन्छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास गरी NCED Virtual YouTube channel मा राखिएको कक्षा १ को सङ्ख्याको ज्ञान पाठको भिडियो सामग्री अवलोकन गराउनुहोस् ।

**रणनीति ६ : खेलमा आधारित शिक्षण**

**क्रियाकलापहरू**

- बालबालिकाहरू स्वभावैले खेलप्रति रुचि राख्ने हुन्छन् तसर्थ खेलमा आधारित सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुहोस्, जस्तै :

**जोडा मिलाउने खेल**

**उद्देश्य** : गणना गर्ने र सङ्ख्याङ्क चिन्ने

**आवश्यक सामग्री** : चित्रपत्ती (१ ओटादेखि ९ ओटासम्म चित्रहरू बनाइएको अलग अलग पत्ती कम्तीमा २ सेट), सङ्ख्यापत्ती (१ देखि ९ सम्म लेखिएको अलग अलग पत्ती कम्तिमा २ सेट)

**तयारी** : विद्यार्थीलाई कक्षा कोठाको खाली ठाउँमा वा कक्षाकोठाबाहिर खाली ठाउँमा लिएर जानुहोस् । एउटा समूहमा बढीमा ९ जना हुने गरी विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एक नाम दिनुहोस् । प्रत्येक समूहका सदस्यहरूलाई क्रमाङ्क प्रदान गर्नुहोस् । तयार गरिएका चित्रपत्ती र सङ्ख्यापत्तीलाई घोप्टो पारेर भुइँमा फिजाउनुहोस् । प्राप्ताङ्क टिपोट गर्न सेतोपाटी वा कापीको व्यवस्था गर्नुहोस् ।

**कसरी खेल्ने ?**

१. शिक्षकले एउटा क्रमाङ्क भन्नुहुन्छ । दुबै समूहबाट सो क्रमाङ्कले जनाउने विद्यार्थी खेलाडीका रूपमा चित्रपत्ती तथा सङ्ख्यापत्ती फिँजाइएको स्थानमा आउँछन् ।

२. शिक्षकले समय सुरु भएको जानकारी गराउँछन् र खेलाडी विद्यार्थीले चित्र पत्ती र सङ्ख्या पत्तीको जोडी मिलाउन सुरु गर्छन् । कुनै एक सङ्ख्याको एकपटक मात्र जोडी बनाउन सक्ने छ ।

३. शिक्षकले समय समाप्त भएको जानकारी गराउँछन् र तोकिएको समयभित्र जुन खेलाडीले बढी सङ्ख्यामा सही जोडी बनाउँछन् सोही समूह विजयी हुन्छ । खेलाडीले मिलाएको जोडी सङ्ख्याको आधारमा प्राप्ताङ्क प्रदान गर्न पनि सकिन्छ ।

४. अर्को पटक शिक्षकले अर्को क्रमाङ्क भएका खेलाडीलाई बोलाउने र एवम् प्रकारले समयको उपलब्धता र विद्यार्थीको चाहनाअनुरूप खेललाई निरन्तरता दिन सकिने छ ।

५. अन्त्यमा जुन समूह बढी पटक विजयी हुन्छ उसलाई विजयी घोषित गर्न पनि सकिने छ । अथवा बढी प्राप्ताङ्क ल्याउने समूहलाई विजयी घोषित गरिने छ ।

**नोट :**

१. विद्यार्थीको दुईओटा समूहमा पालैपालो एउटा समूहले चित्र पत्ती देखाउने र अर्को समूहले सङ्ख्या पत्ती देखाउने, मिलेमा प्राप्ताङ्क १ प्रदान गर्ने गरी खेलाउन पनि सकिन्छ ।

२. एक समूहको प्रतिनिधि विद्यार्थीले कुनै एक सङ्ख्या पत्ती बोर्डमा टाँस गर्ने र अर्को समूहको प्रतिनिधि विद्यार्थीले सो सङ्ख्यालाई जनाउने चित्र पत्ती टाँस गर्ने गरी खेलाउन पनि सकिन्छ ।

**शिक्षकलाई निर्देशन**

१. नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित पाठ्क्रम, शिक्षक निर्देशिका तथा अन्य शिक्षक सहयोगी सामग्रीहरू www.moecdc.gov.np मा गएर डाउनलोड गर्ने, पढ्ने र प्रयोग गर्ने गर्नुहोस् ।

२. नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइट www.cehrd.gov.np मा राखिएका शिक्षकको पेसँगत विकाससँग सम्बन्धित सामग्रीहरू, भिडियो सामग्रीहरू अध्ययन गर्ने र प्रयोग गर्ने गर्नुहोस् । यसअन्तर्गत सिकाइ स्तरमा आधारित शिक्षण (Teaching at the Right Level-TaRL), क्रियाकलाप सन्दर्भ सामग्रीले यस उपचारात्मक शिक्षण कार्यलाई सहयोग गर्छ ।

**दुई अङ्कको सङ्ख्याको अवधारणा विकासका लागि**

**रणनीति १ :** क्रमिक सिकाइको रणनीति

### क्रियाकलापहरू

**I Do**

- ठोस सामग्रीको प्रयोग गरी १० (दश) को अवधारणा दिनुहोस् । १० ओटा सिन्काहरू लिएर एक एकओटा गर्दै गनेर १० पुऱ्याई रबरब्यान्डको सहायताले मुठा बनाउन सिकाउनुहोस् र १० ओटा एक बराबर १ दश हुने अवधारणा दिनुहोस् ।
- एक दशको १०, दुई दशको २०, तिन दशको ३०, चार दशको ४० हुँदै नौ दशको ९० हुने सम्म मौखिक रूपमा भन्न र साङ्ख्यिक रूपमा लेख्न सक्ने बनाउनुहोस् ।
- अब एक दशको मुठामा वा पोकामा क्रमश: एक, दुई, तीनओटा सिन्का वा गोटी थप्दै अब कति बन्यो गनेर देखाउनुहोस् । एक दशमा १ थप्दा एघार बन्छ र यसलाई साङ्ख्यिक रूपमा ११ लेखिन्छ, त्यसैगरी १२, १३, १४ गर्दै १९ सम्म दैनिक रूपमा एउटा सङ्ख्या चिनाउने गरी गराउँदै जानुहोस् ।
- यसरी प्राप्त सङ्ख्यालाई एक र दशको समूहमा तालिकामा प्रस्तुत गरेर देखाउनुहोस्, जस्तै :

| दश | एक |
|---|---|
| १ | २ |

**We Do**

- विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहमा ठोस सामग्रीहरू जस्तै : सिन्काहरू र रबरब्यान्ड वा ढुङ्गाहरू र प्लास्टिकका झोला (१० ओटासम्म अटाउने) वा बेस टेन ब्लक्स प्रदान गरेर आफूसँगै दश दशको समूह बनाउन लगाउनुहोस् ।
- एक दशमा क्रमश: १, २, ३ थप्दै जाँदा बन्ने सङ्ख्या आफूसँगै भन्न र लेख्न लगाउनुहोस् ।
- प्राप्त सङ्ख्यालाई एक र दशको समूह बनाई आफूसँगै तालिकामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- प्रत्येक समूहमा गएर आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

**You Do**

विद्यार्थीलाई ठोस सामग्री उपलब्ध गराएर पालैपालो ११ देखि १९ सम्मका सङ्ख्याहरूलाई दश र एकको समूह बनाई प्रस्तुत गर्न, सङ्ख्या पढ्न र तालिकामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**विषयक्षेत्र : गणितका आधारभूत क्रिया**

**कठिनाइको क्षेत्र :** तीन अङ्कसम्मका सङ्ख्याहरूको हातलागी आउने जोड गर्न (कुनै तीनओटा सङ्ख्याहरू सम्ममात्र)

**कठिनाइ हुनाका सम्भाव्य कारणहरू**

- स्थानमानको अवधारणा नहुनु
- जोडको अवधारणा नहुनु
- शिक्षणमा ठोस सामग्री (सिन्काहरू, बेस टेन ब्लक्स, गोटीहरू, नमुना नोटहरू) को प्रयोग नगरिनु
- व्यावहारिक समस्याको प्रयोग कम गरिनु

तीन अङ्कसम्मका सङ्ख्याहरूको हातलागी आउने जोड गर्ने सम्बन्धमा उपचारात्मक शिक्षणका सम्भावित रणनीति र क्रियाकलापहरू

**रणनीति १ :** विद्यार्थीको सिकाइ स्तरअनुसार शिक्षण

**क्रियाकलापहरू**

- सर्वप्रथम तीन अङ्कसम्मका सङ्ख्याको जोड सम्बन्धमा परीक्षणका माध्यमबाट विद्यार्थीको स्तर पहिचान गर्नुहोस् ।
- व्यावहारिक समस्याहरू बनाएर जोडसम्बन्धी समस्या समाधान गराउनुहोस्, जस्तै : रमासँगा ६ ओटा सिसाकलम थियो उनलाई उनकी आमाले थप ५ ओटा त्यस्तै सिसाकलम ल्याइदिनुभयो । अब रमासँग जम्मा कतिओटा सिसाकलम भए ?
- एक अङ्कका सङ्ख्याहरू जोड्दा आउने योगफल, जस्तै : ४˙ ७˙ ८ . १९ लाई ठोस सामग्रीको प्रयोग गरी दश र एकको समूह बनाइ अर्थात् १ दश र ९ एक बनाई प्रस्तुत गर्ने पर्याप्त अभ्यास गराउनुहोस् ।
- यहि प्रक्रियालाई अर्धठोस सामग्री जस्तै : चित्रहरू, धर्काहरूको प्रयोगबाट पनि गराउनुहोस् । सिकिसकेका विद्यार्थीको सहयोग लिएर ढिलो सिक्ने विद्यार्थीलाई सहजीकरण गर्न लगाउनुहोस् ।
- विद्यार्थीलाई एक अङ्कका सङ्ख्याहरूको जोडसम्बन्धी समस्याहरू निर्माण गर्न लगाई कक्षामा समाधान गर्न लगाउनुहोस् ।
- दुई अङ्क र तीन अङ्कको सङ्ख्याको जोड गर्नका लागि व्यावहारिक समस्या लिएर दशआधारपत्ती वा ब्लक र स्थानमान तालिकाको प्रयोगबाट ती सङ्ख्याको जोडसम्बन्धी समस्या समाधान गराउनुहोस् ।

**रणनीति २ :** व्यावहारिक समस्याको प्रयोग र सामूहिक सिकाइ

**क्रियाकलापहरू**

- दुई अङ्कका सङ्ख्याको जोडसम्बन्धी कुनै एक व्यावहारिक समस्या लिएर समाधान गराउनुहोस् ।

*जस्तै : श्यामको घरमा १५ ओटा कुखुरा पालिएको थियो । श्यामको बुबाले अर्को एउटा खोर बनाएर १८ ओटा थप कुखुरा पाल्नका लागि ल्याउनुभयो । केही दिनपछि बुबाले फेरी १२ ओटा कुखुरा ल्याउनुभयो । अब श्यामको घरमा जम्मा कतिओटा कुखुरा भए ?*

- विद्यार्थीलाई सिकाइ क्षमताका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहमा उल्लिखित समस्या लेखिएको मेटाकार्ड र आवश्यक ठोस सामग्रीहरू प्रदान गर्नुहोस् ।
- प्रत्येक समूहमा विद्यार्थीलाई पालैपालो प्रश्नलाई पढ्न लगाउनुहोस् । प्रश्नमा दिइएका जानकारीहरू के के छन् ?, प्रश्नमा के पत्ता लगाउन भनिएको छ ? जस्ता प्रश्नहरूको उत्तर समूहमा छलफल गरी खोजी गर्न प्रेरित गर्नुहोस् । प्रश्नमा दिइएका जानकारीहरू रेखाङ्कित गर्न र पत्ता लगाउनु पर्ने के छ भनी पहिचान गर्न लगाउन पनि सक्नुहुन्छ । प्रश्नमा दिइएको समस्यालाई बुझ्न सहयोग गर्नुहोस् ।

(क) श्यामको घरमा सुरुमा कतिओटा कुखुरा पालिएको रहेछ ?

(ख) श्यामको बुबाले पहिला कतिओटा कुखुरा थपेका रहेछन् ?

(ग) श्यामको बुबाले पछि कतिओटा कुखुरा थप गरेछन् ?

(घ) जम्मा कुखुराको सङ्ख्या कसरी पत्ता लगाउन सकिएला ?

श्यामको घरमा सुरुमा भएको कुखुराको सङ्ख्या = १५

श्यामको बुबाले पहिला ल्याउनुभएको कुखुराको सङ्ख्या = १८

श्यामको बुबाले पछि ल्याउनुभएको कुखुराको सङ्ख्या = १२

जम्मा कुखुराको सङ्ख्या = ?

- जम्मा सङ्ख्या पत्ता लगाउन १५, १८ र १२ लाई जोड्नुपर्छ भन्ने कुरामा स्पष्ट बनाउनुहोस् । आवश्यकता परेमा साना साना सङ्ख्या भएको उदाहरण, जस्तै : रसिकसँग २ ओटा सिसाकलम थिए । दुई जना साथीले क्रमशः ३ ओटा र १ ओटा सिसाकलम थपिदिए, अब रसिकसँग जम्मा कतिओटा सिसाकलम भए, कसरी पत्ता लगाउन सकिएला ?
- जम्मा पत्ता लगाउन जोड्नुपर्ने रहेछ भनेर पत्ता लगाइसकेपछि प्रत्येक समूहलाई तल दिइएअनुसार १५, १८ र १२ को योगफल पत्ता लगाउन लगाउनुहोस् ।

(क) ठोस सामग्रीको प्रयोग गरेर एक एक गरी गनेर

(ख) प्रत्येक सङ्ख्यालाई ठोस सामग्रीको प्रयोग गरी दश र एकको समूह बनाएर

(ग) ५ एक + ८ एक + २ एक = १५ एकको १ दश र ५ एकबाट १ दशलाई दशको समूहमा र ५ एकलाई एकको समूहमा राखेर

(घ) ठोस सामग्रीको प्रयोगबाट जम्मा सङ्ख्या पत्ता लगाउन सफल भएपछि स्थानमान तालिकाको प्रयोगबाट समाधान गराउनुहोस् ।

(ङ) प्रत्येक समूहलाई समाधानको प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहलाई पृष्ठपोषण प्रदान गर्न लगाउनुहोस् ।

(च) आवश्यकता अनुसार सहजीकरण गर्दै जानुहोस् ।

**रणनीति ३ : परियोजना कार्यमा आधारित सिकाइ**

**क्रियाकलापहरू**

- विद्यार्थीलाई आवश्यकताअनुसार उपयुक्त समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहलाई नजिकैको पसल गएर कुनै दुई वा तीनओटा सामग्रीको मूल्य सोध्न लगाउनुहोस् जसको मूल्य सय रुपियाँ भन्दा कम होस् ।
- मूल्य सोधिएका वस्तुहरू किन्नु पर्दा पसलेलाई कति बुझाउनुपर्छ, पत्ता लगाई मिले नमिलेको पसलेलाई नै सोधेर यकिन गर्न लगाउनुहोस् ।

**विषयक्षेत्र :** गणितका आधारभूत क्रिया

**कठिनाइको क्षेत्र :** सापटी लिनुपर्ने घटाउ (तीन अङ्कसम्मको सङ्ख्याको)

**कठिनाइ हुनाका सम्भाव्य कारणहरू**

- स्थानमानको अवधारणा स्पष्ट नहुनु
- ठोस सामग्रीको प्रयोग नहुनु

**तीन अङ्कसम्मका सङ्ख्याहरूको सापटी लिनुपर्ने घटाउ गर्ने सम्बन्धमा उपचारात्मक शिक्षणका सम्भावित रणनीति र क्रियाकलापहरू**

**रणनीति १ :** भूमिका निर्वाहमा आधारित शिक्षण

**क्रियाकलाप १ (स्थानमानको अवधारणा दिन)**

- विद्यार्थीलाई एक अङ्क, दुई अङ्क र तीन अङ्कसम्मले बनेका सङ्ख्याहरू र ती सङ्ख्यामा भएका अङ्कहरूको स्थानमानसम्बन्धी अभ्यास गराउनुहोस् । यसका लागि शैक्षणिक पाटीमा क्रमशः एक, दश र सयको स्थान लेख्नुहोस् । ती स्थानको ठिक तल क्रमशः तीनजना विद्यार्थी उभ्याउनुहोस् ।
- प्रत्येक विद्यार्थीलाई एक एकओटा अङ्कपत्ती लिन लगाउनुहोस् । ती अङ्कहरूबाट बन्ने सङ्ख्या र प्रत्येक अङ्कका स्थान र स्थानमान तथा सङ्ख्या लेख्न र पढ्न लगाउनुहोस् ।
- विद्यार्थीका स्थान परिवर्तन गर्दा बन्ने सङ्ख्यामा पनि यस किसिमको अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप २ (सापटीको अवधारणा दिन)**

- अर्को तीन जना विद्यार्थीलाई अगाडि बोलाउनुहोस् र प्रत्येकलाई एक एकओटा अङ्कपत्ती लिन लगाउनुहोस् ।
- प्रत्येक विद्यार्थीलाई आफ्नो स्थानमान अनुसार नमुना नोट लिन लगाउनुहोस् । एकको स्थानमा भएको विद्यार्थीलाई एक एकको नोटहरू, दशको स्थानमा भएको विद्यार्थीलाई दश दशको नोट मात्र र सयको स्थानमा भएको विद्यार्थीलाई सयको नोट मात्र पर्ने गरी मिलाउनुहोस् ।
- सापटी लिनुपर्ने एउटा घटाउको समस्या लिएर छलफल गर्दै दशको स्थानमा भएको विद्यार्थीले एकको स्थानमा भएको विद्यार्थीलाई एउटा दश दिँदा एकको स्थानमा भएको विद्यार्थीसँग कति एक भयो सापट दिन लगाएर नै देखाउन लगाउनुहोस् । यही प्रक्रिया सयको स्थानबाट दशको स्थानमा पनि गराउनुहोस् ।
- सापटी दिने र लिने कार्य गरिसकेपछि आएको परिवर्तन पहिचान गराउनुहोस् ।
- आवश्यकताअनुसार अर्को तीन जना विद्यार्थी ल्याएर यही प्रक्रिया दोहोऱ्याउन सक्नुहुन्छ ।

**क्रियाकलापहरू (सापटी लिनुपर्ने घटाउ शिक्षण गर्न)**

- उदाहरण

$$\begin{array}{r} 6\quad 3\quad 2 \\ -\ 1\quad 5\quad 7 \\ \hline \end{array}$$

- पहिलो तीन जना विद्यार्थीलाई ६३२ लाई जनाउने गरी अङ्कपत्ती लिएर माथि जस्तै स्थानमान तालिका बमोजिम उभिन लगाउनुहोस् ।
- पछिल्लो तीन जना विद्यार्थीलाई १५७ लाई जनाउने गरी अङ्कपत्ती लिएर अगि उभिएका विद्यार्थीका अगाडि स्थानमान तालिकाबमोजिम बस्न लगाउनुहोस् ।
- हरेक स्थानमा भएका उभिएका विद्यार्थीले सम्बन्धित स्थानमा बस्ने विद्यार्थीलाई उसको हातमा भएको अङ्कको स्थानमान बमोजिम रकम नमुना नोटका रूपमा दिने अभ्यास गराई घटाउने अभ्यास पुरा गराउनुहोस् ।

**विषयक्षेत्र :** सङ्ख्याको ज्ञान

**कठिनाइको क्षेत्र :** रूढ सङ्ख्या र संयुक्त सङ्ख्याहरू (१०० सम्मका सङ्ख्याहरूमा)

**कठिनाइ हुनाका सम्भाव्य कारणहरू**

- गुणन तालिका याद नहुनु

- नि:शेष भाग जाने र नजाने सङ्ख्या पहिचान गर्न नसक्नु
- खेलमा आधारित शिक्षण विधि नअपनाउनु

रूढ सङ्ख्या र संयुक्त सङ्ख्याहरू (१०० सम्मका सङ्ख्याहरूमा) को अवधारणा सम्बन्धमा उपचारात्मक शिक्षणका सम्भावित रणनीति र क्रियाकलापहरू

रणनीति १ : खेलमा आधारित शिक्षण विधि

**क्रियाकलाप १ (गुणन तालिका याद गर्न)**

**खेलको नाम : लड्डु खेल**

- विद्यार्थीलाई खुला स्थानमा लगेर गोलो घेरामा उभिन लगाउनुहोस् ।
- कुनै एक विद्यार्थीबाट खेल सुरु गर्न उसलाई १ बाट गन्न सुरु गराउनुहोस् ।
- यदि ३ को गुणन तालिका याद गराउने खेल खेलाउँदै हुनुहुन्छ भने ३ र ३ ले नि:शेष भाग जाने स्थानको विद्यार्थीले आफ्नो पालोमा लड्डु भन्नुपर्ने र बाँकी विद्यार्थीले आफ्नो क्रमाङ्कअनुसार को सङ्ख्या भन्नु पर्ने स्पष्ट बनाउनुहोस् ।
- यदि यसअनुसार गर्न नसकिएमा खेलबाट बाहिरिने जानकारी गराउनुहोस् ।
- एउटा विद्यार्थी बाहिरिएपछि पुन: १ बाट गन्न लगाउनुहोस् ।
- यदि $3 \times 10 = 30$ सम्म पनि कोहि पनि बाहिरिएन भने पुन: १ बाट गन्न लगाउन पनि सकिन्छ ।
- यसै प्रक्रियाबाट २, ४, ५, ६ आदिका गुणन तालिकासँग सम्बन्धित खेल पनि खेलाउन सकिन्छ ।
- २, ३, ४, ५, ६ आदिका गुणन तालिकामा पर्ने सङ्ख्याहरूलाई क्रमश: ती सङ्ख्याहरूले नि:शेष भाग जाने सङ्ख्याहरू भनिन्छ भनी स्पष्ट बनाउनुहोस् ।

**क्रियाकलाप २ (रुढ र संयुक्त सङ्ख्या पहिचान गर्न)**

खेलको नाम : बसौँ खेल

- विद्यार्थीलाई खुला स्थानमा लगेर गोलो घेरामा उभिन लगाउनुहोस् ।
- कुनै एक विद्यार्थीबाट खेल सुरु गर्न उसलाई १ बाट गन्न सुरु गराई प्रत्येकलाई क्रमाङ्क दिनुहोस् ।
- १ ले सबै सङ्ख्यालाई नि:शेष भाग जाने भएकाले १ क्रमाङ्क भएको विद्यार्थीलाई अलग्गै बसेर रिपोर्टरका रूपमा राख्नुहोस् ।

- अब २ क्रमाङ्कमा पर्ने विद्यार्थी छोडेर २ ले नि:शेष भाग जाने स्थानको विद्यार्थीलाई बस्न लगाउनुहोस् ।
- यसै गरी अब ३ क्रमाङ्कमा पर्ने विद्यार्थी छोडेर ३ ले नि:शेष भाग जाने स्थानको विद्यार्थीलाई बस्न लगाउनुहोस् ।
- अब अर्को उभिने विद्यार्थी ५ क्रमाङ्कमा पर्ने विद्यार्थी छोडेर ५ ले नि:शेष भाग जाने स्थानको विद्यार्थीलाई बस्न लगाउनुहोस् ।
- एवम् प्रकारले अर्को उभिने क्रमाङ्कको विद्यार्थी छोडेर सो सङ्ख्याले नि:शेष भाग जाने विद्यार्थी बस्न लगाउनुहोस् ।
- अन्तिम उभिने विद्यार्थीसम्म नपुगुञ्जेल यो प्रक्रिया जारी राख्नुहोस् ।
- अब अन्त्यमा उभिने विद्यार्थीका क्रमाङ्क कति कति रहेछ रिपोर्टरलाई टिपोट गर्न लगाउनुहोस् ।
- यिनीहरूमा के खास विशेषता छ खोजी गर्न लगाउनुहोस् ।
- बस्ने विद्यार्थीका क्रमाङ्कमा के फरक विशेषता छ, खोजी गर्न लगाउनुहोस् ।

**नोट :** खेलपश्चात् १ देखि १०० सम्मका रुढ र संयुक्त सङ्ख्याहरू पहिचान गर्न अभ्यास गराउनुहोस् ।

**विषयक्षेत्र :** ज्यामिति

**कठिनाइको क्षेत्र :** कोणहरूको नाप लिन र खिच्न ।

कठिनाइ हुनाका सम्भाव्य कारणहरू

- ज्यामितीय औजारहरू (रुलर र प्रोट्रेक्टर) का विभिन्न भागहरू पहिचानमा कठिनाइ
- ज्यामितीय औजारहरू (रुलर र प्रोट्रेक्टर) को प्रयोग सिप नहुनु

कोणहरूको नाप लिने र खिच्ने सम्बन्धमा उपचारात्मक शिक्षणका सम्भावित रणनीति र क्रियाकलापहरू

**रणनीति १ :** प्रविधिमा आधारित शिक्षण

**क्रियाकलापहरू**

- विद्यार्थीलाई ज्यामितीय औजारहरू (रुलर र प्रोट्रेक्टर) को अवलोकन गर्न लगाई ती औजारको विभिन्न भागहरू र ती औजारहरूको प्रयोग केका लागि गरिन्छ भन्ने सम्बन्धमा छलफल गराउनुहोस् ।
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास गरी NCED Virtual YouTube channel मा कक्षा ४ को गणित विषयको भिडियोअन्तर्गत राखिएको कोणहरूको नाप लिन र खिच्नका लागि सिकाइएको भिडियो हेर्न लगाउनुहोस् । विद्यार्थीलाई कोणको नाप लिने र खिच्ने

सम्बन्धमा प्रस्ट नभएसम्म आवश्यकताअनुसार छलफल गराउँदै अवलोकन गर्न लगाउनुहोस्, जसको लिङ्क तल दिइएको छ ।

https://www.youtube.com/watch?v=ZyZhQDEpWRY&list=PLVOHiHZt8InLn0CQ0Hsqq__tJlX5ZvrEF&index=2

**रणनीति २ : क्रमिक सिकाइको रणनीति**

**क्रियाकलाप १ (दिइएको कोणको नाप लिनका लागि)**

**I do**

- सर्वप्रथम रुलर र प्रोट्रेक्टरको सहायताले $50^{\circ}$ को एउटा कोणको चित्र चार्टपेपरमा बनाउनुहोस् । उक्त चार्टपेपरलाई शैक्षणिक पाटीमा टाँस्नुहोस् ।
- शैक्षणिक पाटीमा टाँस गरिएको $50^{\circ}$ को कोणको चित्रमा प्रोट्रेक्टर राखेर प्रोट्रेक्टर राख्ने तरिका प्रस्ट पार्दै कोणको नाप लिने तरिकाका बारेमा प्रस्ट पार्नुहोस् र कोणको नाप लेख्नुहोस् ।

**We do**

- अब हामी सबैले $50^{\circ}$ को कोणको नाप लिन्छौँ भनेर जानकारी गराउनुहोस् र प्रक्रियाका बारेमा समेत छलफल गर्नुहोस् ।
- रुलर र प्रोट्रेक्टरको सहायताले $50^{\circ}$ को एउटा कोणको चित्र चार्टपेपरमा बनाउनुहोस् । उक्त चार्टपेपरलाई शैक्षणिक पाटीमा टाँस्नुहोस् । सबै विद्यार्थीलाई $50^{\circ}$ को कोणको चित्र भएको कार्यपुस्तिका उपलब्ध गराउनुहोस् ।
- सबै विद्यार्थीलाई आफूसँगै प्रोट्रेक्टरको सहायताले दिइएको कोणको नाप लिन लगाउनुहोस् । आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

**You do**

- सबै विद्यार्थीलाई $50^{\circ}$ को कोणको चित्र भएको कार्यपुस्तिका उपलब्ध गराउनुहोस् ।
- सबै विद्यार्थीलाई व्यक्तिगत रूपमा प्रोट्रेक्टरको सहायताले दिइएको कोणको नाप लिन लगाउनुहोस् । आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

**क्रियाकलाप २ (दिइएको नापको खिच्नका लागि)**

**I do**

- सर्वप्रथम रुलर र प्रोट्रेक्टरको सहायताले कोण खिच्ने तरिका बताउँदै $80^{\circ}$ को एउटा कोण शैक्षणिक पाटीमा खिचेर देखाइदिनुहोस् ।

**We do**

- अब हामी सबैले रुलर र प्रोट्रेक्टरको सहायताले 80° को एउटा कोण खिच्छौँ भनेर जानकारी गराउनुहोस् र प्रक्रियाका बारेमा समेत छलफल गर्नुहोस् ।
- रुलर र प्रोट्रेक्टरको सहायताले सबै विद्यार्थीलाई आफूसँगै 80° को एउटा कोण खिच्न लगाउनुहोस् । आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

**You do**

- सबै विद्यार्थीलाई रुलर र प्रोट्रेक्टरको सहायताले आफैँ 80° को कोण खिच्न लगाउनुहोस् । आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

**विषयक्षेत्र :** अङ्कगणित

**कठिनाइको क्षेत्र :** प्रतिशतसम्बन्धी समस्या बुझ्न, प्रयोग गर्न र दैनिक जीवनमा अर्थपूर्ण रूपमा लागु गर्न नसक्नु

**कठिनाइ हुनाका सम्भाव्य कारणहरू**

- भिन्न र दशमलवसँग प्रतिशतको सम्बन्ध बुझ्न कठिन
- वास्तविक जीवनका उदाहरणहरूसँग सम्बन्ध गर्न नसक्नु
- शिक्षक केन्द्रित विधिबाट सिकाइ
- अभ्यासको कमी

**प्रतिशतसम्बन्धी समस्या समाधानका सम्बन्धमा उपचारात्मक शिक्षणका सम्भावित रणनीति र क्रियाकलापहरू**

**रणनीति १ :** ठोस सामग्रीको प्रयोगबाट शिक्षण

**क्रियाकलापहरू**

- विद्यार्थीलाई विभिन्न वस्तुहरू (झोला, जुत्ता, पुस्तक, मोबाइल कभर) को मूल्य ट्याग दिनुहोस् र छुट प्रतिशत (१०%, २०%, २५%) उल्लेख गरिएका कार्डहरू प्रदान गर्नुहोस् ।
- प्रत्येक विद्यार्थीलाई छुट रकम निकाल्न र अन्तिम मूल्य लेख्न लगाउनुहोस् । आफैँ पसल चलाएको जस्तो अभ्यास गराउनुहोस् । क्रियाकलाप गर्दा विद्यार्थीलाई वस्तु छनोट गर्ने, छुट कार्ड मिलाउने, मूल्य घटाउने र अन्तिम मूल्य बताउने कार्य क्रमिक रूपमा गर्न लगाउनुहोस् ।

**रणनीति २ :** सहपाठी शिक्षण (Peer Tutoring)

**क्रियाकलापहरू**

- कक्षालाई दुई भागमा विभाजन गर्नुहोस् । एउटा समूहमा प्रतिशत निकाल्ने विधि राम्ररी बुझेका विद्यार्थी र अर्को समूहमा सिकाइ सहजीकरण गर्नुपर्ने विद्यार्थीलाई राख्नुहोस् ।

- राम्ररी बुझेका प्रत्येक विद्यार्थीलाई एक जोडी सिकाइ सहजीकरण गर्नुपर्ने विद्यार्थी सँगै समूहमा राख्नुहोस् ।
- जोडीमा बस्दै उनीहरूलाई दुई, तीनओटा प्रतिशतका समस्या हल गर्न लगाउनुहोस् । सिकाउने विद्यार्थीलाई स्पष्ट चरणहरू देखाएर सिकाउन लगाउनुहोस् : (१) छुट प्रतिशत पत्ता लगाउने, (२) छुट रकम निकाल्ने, (३) अन्तिम मूल्य निकाल्ने ।

**रणनीति ३ : क्रमिक सिकाइ रणनीति (I do - We do - You do)**

**क्रियाकलापहरू**

**I do**

शिक्षकले शैक्षणिक पाटीमा १०% छुट प्रतिशत पत्ता लगाउने एउटा समस्या समाधान गरेर देखाइदिनुहोस् । (जस्तै : रु. ८०० को १०% छुट कति हुन्छ ?)

**We do**

शिक्षक र विद्यार्थी सँगसँगै रु. ८०० को १०% छुट निकाल्ने समस्या समाधान गर्नुहोस् ।

**You do**

विद्यार्थीलाई समूहमा वा व्यक्तिगत रूपमा रु. ८०० को १०% छुट पत्ता लगाउन लगाउनुहोस् ।

अन्त्यमा सबैलाई आफूले गरेको समाधान कस्तो भयो भनी आदानप्रदान (share) गर्न लगाउनुहोस् ।

**रणनीति ४ : विद्यार्थीको सिकाइ स्तरअनुसार शिक्षण (TaRL)**

**क्रियाकलापहरू**

- कक्षाको सुरुआतमा विद्यार्थीको कक्षाकार्य वा गृहकार्य अवलोकन गरेर वा १/२ वटा छोटा उत्तर आउने प्रश्नहरू दिएर प्रतिशतको बुझाइ कस्तो छ भनेर मूल्याङ्कन गर्नुहोस् ।
- त्यसपछि विद्यार्थीलाई उनीहरूको स्तरअनुसार तीन समूहमा वर्गीकरण गर्नुहोस् :

◊ प्रारम्भिक (प्रतिशत के हो भन्ने बुझाउने, १०%, ५०% जस्ता सजिला अभ्यास)

◊ मध्यम (दैनिक जीवनका छुट जस्ता विषयमा अभ्यास)

◊ उच्च (प्रतिशतसँग भिन्न, दशमलवको रूपान्तरण र जटिल समस्या)

- प्रत्येक समूहलाई शिक्षकले स्तर र आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

**रणनीति ५ : परियोजनामा आधारित सिकाइ (Project Based Learning)**

### क्रियाकलापहरू

- विद्यार्थीलाई आफ्नो घर, परिवार र समाजसँग सम्बन्धित परियोजना कार्य निर्माण गरी कार्यसम्पादन गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस्, जस्तै : विद्यार्थीलाई विद्यालयको छात्रवृत्ति छनोट समितिको सदस्यको भूमिका दिनुहोस् ।
- तिनीहरूलाई पाँच जना विद्यार्थीका प्राप्ताङ्क दिनुहोस् (विभिन्न विषयमा प्राप्त गरेको अङ्क) र औसत प्रतिशत निकालेर ७५% भन्दा माथि ल्याउने विद्यार्थी चयन गर्नुपर्छ भनेर बताउनुहोस् ।
- विद्यार्थीलाई समूहमा मिलेर कार्य गर्न, छलफल गर्न र अन्तिम निर्णयसहित सङ्क्षिप्त प्रतिवेदन तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**विषयक्षेत्र :** ज्यामिति

**कठिनाइको क्षेत्र :** त्रिभुजको रचना

कठिनाइ हुनाका सम्भाव्य कारणहरू

- कोण र भुजाको अवधारणामा अस्पष्टता
- आवश्यक सामग्री प्रयोग गर्ने सिपको अभाव
- चरणबद्ध कार्य गर्न नसक्ने समस्या
- शिक्षक केन्द्रित अभ्यास र कम अनुभवात्मक क्रियाकलाप

## त्रिभुजको रचनासम्बन्धी उपचारात्मक शिक्षणका सम्भावित रणनीति र क्रियाकलापहरू

**रणनीति १ :** ठोस सामग्रीको प्रयोगबाट शिक्षण

### क्रियाकलापहरू

- विद्यार्थीलाई त्रिभुजको तीनओटा भुजा जनाउने कागजको स्ट्रिप दिनुहोस, जस्तै : छ अ, ट अ, ठ अ र तिनलाई धागोबाट नाप्न लगाउनुहोस् ।
- पिनको प्रयोग गरेर दफ्तीमा टाँसेर दुईओटा स्ट्रिपलाई जोडेर एउटा कोण बनाउन लगाउनुहोस् । त्यसपछि अर्को स्ट्रिप जोडेर त्रिभुज बनाउन लगाउनुहोस् ।
- त्रिभुज बनाइसकेपछि विद्यार्थीलाई कुन कोण कस्तो प्रकारको कोण हो भनेर छुट्याउन लगाउनुहोस् । यस्तो प्रयोगात्मक क्रियाकलापबाट विद्यार्थीले त्रिभुजलाई वास्तविक रूपमा अनुभव गर्छन् ।

**रणनीति २ :** सहपाठी शिक्षण (Peer Tutoring)

- कक्षामा त्रिभुजको रचना गर्ने राम्रो सिप भएका विद्यार्थी र विशेष रूपमा सहयोग गर्नुपर्ने विद्यार्थी मिलाएर समूह निर्माण गर्नुहोस् ।
- त्रिभुजको रचना गर्ने राम्रो सिप भएका विद्यार्थीले क्रमशः त्रिभुज बनाउने चरणहरू (दुई भुजा र कोण दिँदा, एक भुजा र दुई कोण दिँदा) साथीलाई सिकाउँछन् ।
- अभ्यासका क्रममा सिकाइसम्बन्धी सानो "step by step card" प्रयोग गर्न सकिन्छ जसले सिकाउने प्रक्रिया सजिलो बनाउँछ । विद्यार्थीले सहपाठीसँग खुलेर प्रश्न गर्न सक्ने वातावरण पाउँछन् जुन शिक्षकसँग सोध्न हिच्किचाउने विद्यार्थीका लागि निकै उपयोगी हुन्छ । यसरी सिकाउने विद्यार्थीको आफ्नो ज्ञान पनि दिगो हुने गर्छ । 'सिकाउँदै सिक्ने' तरिका सिकाइको एउटा प्रभावकारी रणनीति हो ।
- अन्त्यमा प्रत्येक समूहलाई आफ्नो सिकाइ प्रक्रिया प्रस्तुत गर्न लगाउनुहोस् ।

**रणनीति ३ :** क्रमिक सिकाइ रणनीति (I do - We do - You do)

**क्रियाकलापहरू**

**I do**

शिक्षकले ट से.मि. र ठ से.मि. भुजा र एउटा कोण टण्ड भएको त्रिभुज रचना गर्ने तरिका बताउँदै सेतो पाटीमा गरेर देखाउनुहोस् ।

**We do**

शिक्षक र विद्यार्थी सँगसँगै मिलेर ट से.मि. र ठ से.मि. भुजा र एउटा कोण 60° भएको त्रिभुज बनाउनुहोस् ।

**You do**

विद्यार्थीलाई 6 से.मि. र 7 से.मि. भुजा र एउटा कोण 60° भएको त्रिभुज बनाउन लगाउनुहोस् ।

यसक्रममा शिक्षकले प्रोजेक्टर वा बोर्डमार्फत चरणबद्ध रूपमा प्रदर्शन गर्छन् । त्रुटि भएका प्रयासहरूलाई सुधार गर्दै अगाडि बढ्न सहयोग गर्छन् जसले त्रुटिबाट सिक्न सकिने वातावरण तयार गर्छ ।

यस्तो किसिमको सहजीकरणबाट विद्यार्थीलाई स्वतन्त्र अभ्यासमा लैजान्छ र क्रमशः आफैँ रचना गर्न सक्ने बनाउँछ । अन्त्यमा विद्यार्थीलाई आफूले रचना गरेका त्रिभुजहरू एकअर्कामा तुलना गराउने कार्य गर्न सकिन्छ ।

**रणनीति ४ :** विद्यार्थीको सिकाइ स्तरअनुसार शिक्षण (TaRL)

**क्रियाकलापहरू**

- कक्षाको सुरुआतमा विद्यार्थीको कक्षाकार्य वा गृहकार्य अवलोकन गरेर वा एक, दुईओटा छोटा

उत्तर आउने प्रश्नहरू दिएर त्रिभुजको रचना गर्ने सिपको मूल्याङ्कन गर्नुहोस् ।

- विद्यार्थीको सिकाइ स्तरअनुसार सिकाइ कठिनाइ भएका विद्यार्थीलाई शिक्षकले पूर्ण सहयोग गर्नुहोस् र अन्य विद्यार्थीलाई त्रिभुजको रचना गर्ने थप अभ्यास गर्न लगाउनुहोस् ।
- अन्य विद्यार्थीलाई शिक्षकले आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

यसरी व्यक्तिगत स्तरअनुसार गरिने शिक्षणले सिकाइ कठिनाइ भएका विद्यार्थीलाई पनि सिकाइमा अगि बढ्न सहयोग गर्छ जुन उपचारात्मक शिक्षणको मुख्य उद्देश्य हो ।

**रणनीति ५ :** परियोजनामा आधारित शिक्षण (Project Based Learning)

**क्रियाकलापहरू**

- विद्यार्थीलाई नेपालको तीनओटा प्रमुख सहरहरू (काठमाडौँ, पोखरा, चितवन) बिचको दुरी दिनुहोस् ।
- उनीहरूलाई दिइएको तीनओटा प्रमुख सहरहरूबिचको दुरीलाई सानो स्केलमा रूपान्तरण गरी त्रिभुज बनाउन लगाउनुहोस् ।
- त्रिभुजको प्रत्येक कोण अनुमान गर्न र त्यसको भौगोलिक व्याख्या गर्न पनि लगाउनुहोस् ।
- यसबाट रुलरको प्रयोग, कोण नाप्ने र दुरी मापन गर्ने कार्यमार्फत व्यावहारिक सिप पनि विकास हुन्छ ।
- अन्त्यमा समूहगत प्रस्तुति गर्न लगाउनुहोस् जहाँ उनीहरूले कुन कोण ठूला भए, कुन बाटो छोटो र कुन सहरहरूबिच यात्रा सजिलो हुन्छ भन्ने आधारमा विश्लेषण प्रस्तुत गर्छन् ।

यस परियोजनामार्फत विद्यार्थीले नक्सा, अनुपात र त्रिकोणमिति बुझ्न थाल्छन् जुन अर्को कक्षाका लागि आधार तयार हुन सक्छ ।

# विज्ञान तथा प्रविधि

# सिकाइ सुधारका लागि उपचारात्मक शिक्षण

## २.१ सिकाइ आवश्यकता पहिचान

### २.१.१ सिकाइमा देखापर्ने सम्भावित कठिनाइका क्षेत्र (विज्ञान तथा प्रविधि विषयको विभिन्न क्षेत्रको क्षेत्रगत रूपमा आधारभूत सिपका आधारमा)

विज्ञान तथा प्रविधि विषयमा सिकाइ सहजीकरण गर्दा विद्यार्थीले प्राप्त गरेको नतिजाका आधारमा विज्ञानका विषयवस्तुहरूमा आधारभूत धारणा अस्पष्टता रहेको पाइन्छ । विद्यालयहरूमा अध्यापनरत विषय शिक्षक र विद्यार्थीसँगको अन्तरक्रियालाई आधार मानी प्रश्नपत्र निर्माण गरी परीक्षा लिएर त्यसको नतिजाबाट देखिएका जटिल र अवधारणागत रूपमा स्पष्ट नभएका विषयवस्तुहरू कक्षागत रूपमा निम्नानुसार रहेका छन् :

आधारभूत तह (कक्षा १-३) को हाम्रो सेरोफेरो विषयअन्तर्गत समावेश भएका विज्ञानसँग सम्बन्धित विषयवस्तुमा विद्यार्थीको सिकाइमा देखापर्ने सम्भावित कठिनाइका क्षेत्र

| क्षेत्र | विषयवस्तु | सम्भावित समस्याहरू |
|---|---|---|
| **हाम्रो वरपरका जीवजन्तु** | • सजीव र निर्जीव वस्तुहरूको पहिचान | • सजीवका गुणहरू<br>• निर्जीवका गुणहरू समस्याका रूपमा उल्लेख गर्नुपर्ने । |
| **हाम्रो दैनिक जीवन** | • दैनिक जीवनमा विद्युत् र चुम्बकको प्रयोग | • दैनिक जीवनमा विद्युत्को उपयोगिता<br>• दैनिक जीवनमा चुम्बकको उपयोगिता |
| **हाम्रो दैनिक जीवन** | • प्रकाश र तापका स्रोतहरूको पहिचान | • प्रकाश र तापका स्रोतहरूको फरक छुट्याउन |

## आधारभूत तह (कक्षा ४–८) को विज्ञान तथा प्रविधि विषयमा विद्यार्थीको सिकाइमा देखापर्ने सम्भावित कठिनाइका क्षेत्र

| क्षेत्र | विषयवस्तु | सम्भावित समस्याहरू |
|---|---|---|
| वैज्ञानिक सिकाइ | • वैज्ञानिक उपकरण<br>• स्केमेटिक चित्र<br>• भौतिक परिमाणको मापनका उपकरणको प्रयोग<br>• एकाइहरूको रूपान्तरण | • वैज्ञानिक उपकरणहरू चिन्न र तिनीहरूको प्रयोग गर्न<br>• वैज्ञानिक उपकरणहरूको स्केमेटिक चित्र कोर्न<br>• भौतिक परिमाणको मापनका उपकरणको प्रयोग गर्न<br>• विभिन्न भौतिक परिमाणहरूको एकाइ पहिचान गरी एकाइगत रूपान्तरण गर्न |
| सूचना तथा सञ्चार प्रविधि | • मानव र कम्प्युटर विचका समानता र भिन्नता<br>• Cloud Computing को अवधारणा | • मानव र कम्प्युटर विचका निश्चित आधारमा समानता र भिन्नता बताउन<br>• Cloud Computing को अवधारणा बताउन |
| जीवहरू र तिनको बनोट | • फूल फूल्ने र नफूल्ने वनस्पतिको पहिचान<br>• सजीवहरूको वर्गीकरण (दुई जगत् र पाँच जगत्) | • फूल फुल्ने र नफुल्ने वनस्पतिको पहिचान गर्न<br>• सजीवहरूको दुई जगत् र पाँच जगत्को वर्गीकरण प्रणालीको तुलना गर्न<br>• पाँच जगत् वर्गीकरण प्रणालीअनुसार सजीवहरूलाई विभिन्न जगत्मा विभाजन गर्न |
| जैविक विविधता र वातावरण | • पारिस्थितिक पद्धतिका जैविक तथा अजैविक तत्वहरू | • पारिस्थितिक पद्धतिका जैविक तथा अजैविक तत्वहरूको पहिचान गर्न<br>• पारिस्थितिक पद्धतिका जैविक तथा अजैविक तत्वहरूबिचको सम्बन्धको व्याख्या गर्न |
| जीवन प्रक्रिया | • जीवन प्रक्रिया (श्वास फेर्नु र श्वासप्रश्वास) | • श्वास फेर्नु र श्वासप्रश्वासबिचको भिन्नता र सम्बन्ध पहिचान गर्न |

| | | |
|---|---|---|
| बल र चाल | • गुरुत्वबल, पिण्ड र तौलको अवधारणा<br>• बल र चालसम्बन्धी गणितीय समस्याहरू | • गुरुत्वबल, पिण्ड र तौलको अवधारणा बताउन<br>• बल र चालसम्बन्धी गणितीय समस्याहरू समाधान गर्न |
| दैनिक जीवनमा शक्ति | • शक्तिका स्रोतहरू<br>• वस्तुको रङअनुसार ताप शोषण गर्ने क्षमता<br>• गोलाकार ऐनाबाट हुने परावर्तनका किरण रेखाचित्र<br>• ध्वनि तरङको तरङ लम्बाइ, आवृत्ति, वेग, तीव्रता, तीक्ष्णता, एम्प्लिच्युड, समयावधिको अवधारणा र सम्बन्ध | • शक्तिका विभिन्न स्रोतहरूको पहिचान गर्न<br>• वस्तुको रङअनुसार ताप शोषण गर्ने क्षमतामा हुने भिन्नताको प्रदर्शन गर्न<br>• गोलाकार ऐनाबाट हुने परावर्तनका किरण रेखाचित्र कोर्न<br>• ध्वनि तरङको तरङ लम्बाइ, आवृत्ति, वेग, तीव्रता, तिक्ष्णता, एम्प्लिच्युड, समयावधिको अवधारणा र सम्बन्ध बताउन |
| विद्युत् र चुम्बकत्व | • Static electricity को परिचय र असर<br>• भूचुम्बकत्व<br>• सेलहरूको जडान (श्रेणीक्रम र समानान्तर)<br>• गार्हस्थ विद्युत् महसुलको गणितीय समस्या | • Static electricity को परिचय र असर बताउन<br>• भुचुम्बकत्वको अवधारणा र प्रमाणहरू बताउन<br>• सेलहरूको जडान (श्रेणीक्रम र समानान्तर) को परिचय र विशेषताहरू बताउन<br>• विद्युत् मिटर पढी सामान्य खालका गार्हस्थ विद्युत् महसुलको गणितीय समस्या समाधान गर्न |
| पदार्थ | • घनत्व र सापेक्षिक घनत्व<br>• परमाणु र अणुको परिचय, तिनका नाम तथा सङ्केत<br>• भौतिक परिवर्तन र रासायनिक परिवर्तन | • घनत्व र सापेक्षिक घनत्वको परिभाषा र सम्बन्ध बताउन<br>• घनत्व र सापेक्षिक घनत्वसँग सम्बन्धित गणितीय समस्याहरू समाधान गर्न<br>• परमाणु र अणुको परिचय, तिनका नाम तथा सङ्केतहरू भन्न |

| | | |
|---|---|---|
| | | • पारमाणविक संरचना चित्र कोर्न<br>• आणविक सूत्र लेख्न<br>• भौतिक परिवर्तन र रासायनिक परिवर्तनको परिचय र व्यावहारिक उदाहरणहरू दिन |
| दैनिक जीवनमा प्रयोग हुने पदार्थहरू | • अम्ल, क्षार लवण<br>• सूचक पदार्थ | • अम्ल, क्षार र लवणको परिचय र उदाहरण र गुणहरू बताउन<br>• स्थानीय सामाग्रीको प्रयोग गरी सूचक पदार्थ तयार गर्न<br>• अम्ल, क्षार र लवणमा सूचक पदार्थको प्रतिक्रिया प्रदर्शन गर्न |
| पृथ्वी र अन्तरीक्ष | • दिन र रातको अवधारणा<br>• ग्रहणको अवधारणा<br>• चन्द्रमाको कला<br>• पृथ्वीको इतिहास (जीवहरूको विकास) | • दिन र रात हुनु कारणको कारण भन्न<br>• ग्रहणको अवधारणा बताउन<br>• चन्द्रमाको कला वर्णन गर्न<br>• पृथ्वीको उत्पत्ति र जीवहरूको विकासक्रमको इतिहास बताउन |

उल्लिखित कठिनाइहरूको समाधानका लागि अवधारणागत स्पष्टतामा जोड दिने, वैज्ञानिक सिकाइ प्रक्रियाका विभिन्न चरणहरूको अभ्यास गराउने, सम्बन्ध र नियमहरूको स्पष्टता गराउने, गणितीय समस्या समाधानका पर्याप्त अभ्यास गराउने, नियमित प्रयोगात्मक र परियोजना कार्यहरू गराउने, वैज्ञानिक अवधारणाहरूलाई प्रायोगिक उदाहरणसँग जोड्ने, खेलहरूको प्रयोग गर्ने तथा नमुना शैक्षिणिक सामग्रीहरूको प्रयोगमा व्यापकता ल्याउनुपर्छ । शिक्षकहरूले पनि विद्यार्थीको कठिनाइका क्षेत्रहरू पहिचान गरी तिनीहरूलाई उपयुक्त तौरतरिका वा विधिबाट विद्यार्थीको सिकाइमा सहयोग गर्नुपर्छ ।

### २.१.२ विद्यार्थीको सिकाइमा भएको कठिनाइ पहिचानका तरिका/आधार

आधारभूत तह कक्षा १ देखि ८ सम्मको विज्ञान तथा प्रविधि विषयको उपचारात्मक शिक्षणका लागि विद्यार्थी छनोटका आधारहरू

| क्र.स. | आधारहरू | अङ्क | कैफियत |
|---|---|---|---|
| १. | शिक्षक र अभिभावकको मूल्याङ्कन | २० | नियमित सिकाइ सहजीकरणका क्रममा |
| २. | निदानात्मक परीक्षा | २५ | धेरै कमजोर, सम्बन्धित कक्षाको सिकाइस्तरभन्दा न्यून भएको र थप समय दिई सहयोगको आवश्यकता भएका विद्यार्थीका लागि विद्यार्थीको सिकाइ स्तरअनुसार उपचारात्मक शिक्षण गर्नुपर्ने अवस्थामा मात्र गर्ने |

साधन १ : शिक्षकको मूल्याङ्कन (तालिका नं १)

**विद्यार्थीको सिकाइस्तर पहिचानका सम्बन्धमा शिक्षकको अवलोकन साधन (आधारभूत तह)**

**कक्षा : कक्षा १–८** **पूर्णाङ्क : २०**

| रोल नम्बर | विद्यार्थीको नाम थर | अघिल्ला मूल्याङ्कनमा विद्यार्थीको सिकाइस्तर ३ | कक्षामा विद्यार्थीको अन्तरक्रिया र कक्षा कार्य ३ | गृहकार्य, परियोजना तथा प्रयोगात्मक कार्य ३ | वैज्ञानिक सिकाइप्रति रुचि र तत्परता ३ | अभिभावक र विद्यार्थीको प्रतिक्रिया ४ | एकाइ परीक्षा ४ | जम्मा प्राप्ताङ्क (पूर्णाङ्क : २०) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**नोट :**

१. उच्च (Advanced) भएमा ४ अङ्क, राम्रो (Proficient) भएमा ३ अङ्क, सामान्य (Basic) भएमा २ अङ्क र न्यून (Below Basic) भएमा १ अङ्क प्रदान गर्नुहोस् ।

२. विद्यार्थीलाई विभिन्न आधारहरूमा अङ्क प्रदान गर्दा तल दिइएअनुसार अङ्क प्रदान गर्न सकिने छ :

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| न्यून (Below basic) | १ | न्यून सहभागिता तथा सक्रियता र कार्यसम्पादन स्तर कमजोर भएको |
| सामान्य (Basic) | २ | लगभग आधा समय सहभागी तथा सक्रिय भएको र कार्यसम्पादन स्तर सामान्य भएको |
| राम्रो (Proficient) | ३ | लगभग तीनचौथाइ समय सहभागी तथा सक्रिय भएको र कार्यसम्पादन स्तर राम्रो भएको |
| उच्च (Advanced) | ४ | सधैँ सहभागी तथा सक्रिय भएको र कार्यसम्पादन स्तर उच्च भएको |

३. विषय शिक्षकले आवश्यकताअनुसार एकाइगत रूपमा, मासिक रूपमा वा त्रैमासिक रूपमा प्रयोग गर्न सकिन्छ ।

**साधन २ : निदानात्मक परीक्षा**

**साधन १:** शिक्षकको मूल्याङ्कनबाट सिकाइस्तर न्यून भएका, सम्बन्धित कक्षाको सिकाइ स्तरभन्दा कमजोर भएका र थप सहयोग आवश्यक भएका विद्यार्थीको पहिचान गरी उनीहरूको सिकाइस्तरअनुसार उपचारात्मक शिक्षण गर्नुपर्ने हुन्छ । यसका लागि शिक्षकको मूल्याङ्कन (साधन १) लाई प्रयोग गरेर विद्यार्थीको सिकाइ स्तर पत्ता लगाउन सकिन्छ

वा,

एकाइ परीक्षालाई नै निदानात्मक परीक्षाको रूपमा प्रयोग गर्दा, विद्यार्थीले दिएको उत्तरको विश्लेषण गरेर अधिकांश विद्यार्थीमा कुनै विषयवस्तुको अवधारणा स्पष्ट नभएको वा द्विविधा भएको पाइएमा, त्यस विषयवस्तुलाई सुधारात्मक शिक्षणको लागि छनोट गरिन्छ । यदि यसबाट पनि आवश्यक विषयवस्तु पहिचान नभएमा, निदानात्मक परीक्षा सञ्चालन गर्नुपर्छ ।

**साधन १: विद्यार्थीको सिकाइ स्तर पहिचान गर्ने प्रक्रिया**

विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न र उनीहरूको शैक्षिक आवश्यकता पहिचान गर्न मूल्याङ्कन (साधन १) लाई प्रभावकारी उपकरणका रूपमा प्रयोग गर्न सकिन्छ । यस प्रक्रियामा निम्नलिखित अवस्थामा ध्यान दिइन्छ :

१. **न्यून सिकाइ स्तर भएका विद्यार्थीको पहिचान :** शिक्षकले कक्षा शिक्षण, गृहकार्य, कक्षाकार्य वा अन्य मूल्याङ्कन विधिहरू (जस्तै : प्रश्नोत्तर, समूह छलफल वा लिखित कार्य) मार्फत विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न सकिन्छ । यदि कुनै विद्यार्थीको सिकाइ स्तर सम्बन्धित कक्षाको अपेक्षित सिकाइ स्तरभन्दा कमजोर (न्यून) पाइएमा, ती विद्यार्थीलाई उपचारात्मक शिक्षणको आवश्यकता भएको ठानिन्छ ।

२. **थप सहयोगको आवश्यकता पहिचान :** मूल्याङ्कनबाट कुनै विद्यार्थीले विषयवस्तुको अवधारणा बुझ्न नसकेको, आधारभूत सिपहरूमा कमजोर भएको वा थप समय र सहयोग आवश्यक भएको देखिएमा, ती विद्यार्थीलाई लक्षित गरी विशेष उपचारात्मक शिक्षण योजना तयार गरिन्छ । यो प्रक्रियाले विद्यार्थीको सिकाइमा रहेका कमजोरीहरूलाई सुधार गर्न सहयोग गर्छ ।

३. **उपचारात्मक शिक्षणको लागि सिकाइस्तरअनुसार योजना :** पहिचान भएका विद्यार्थीको सिकाइ स्तरअनुसार शिक्षकले उपचारात्मक शिक्षणको रणनीति तयार गर्नुपर्छ । यसमा व्यक्तिगत वा समूहगत रूपमा थप अभ्यास, सरल व्याख्या, दृश्य सामग्री वा अन्य शिक्षण विधिहरू प्रयोग गरिन्छ । उदाहरणका लागि यदि विज्ञानमा विद्यार्थीले परमाणुको अवधारणा बुझ्न सकेका छैनन् भने, शिक्षकले चित्र, मोडल वा खेलजस्ता विधिहरू प्रयोग गरेर सिकाउन सकिन्छ ।

४. **एकाइ परीक्षालाई निदानात्मक परीक्षाको रूपमा प्रयोग :** शिक्षकले गरेको मूल्याङ्कनबाट स्पष्ट नतिजा प्राप्त नभएमा, एकाइ परीक्षालाई निदानात्मक परीक्षाको रूपमा प्रयोग गर्न सकिन्छ । यसमा विद्यार्थीले दिएको उत्तरको गहन विश्लेषण गरिन्छ । विश्लेषणबाट निम्नलिखित पक्षहरू पत्ता लगाइन्छ :

(क) **अवधारणामा स्पष्टता नभएको अवस्था:** अधिकांश विद्यार्थीले कुनै खास विषयवस्तुमा (जस्तै : ऊर्जा सङ्कट, पदार्थ, विद्युत् आदि ।) स्पष्ट हुन नसकेको अवस्थामा स्पष्ट पार्नुपर्छ । परीक्षामा उनीहरूले प्राप्त गरेको नतिजालाई आधार मानी अपेक्षित उपलब्धि हासिल नगरेमा निदानात्मक परीक्षा गर्न सकिन्छ ।

(ख) **द्विविधात्मक अवधारणा:** विद्यार्थीले कुनै विषयवस्तुमा गलत बुझाइ वा भ्रमपूर्ण जवाफ दिएका छन् भने त्यसलाई सुधार गर्न विशेष ध्यान दिइन्छ । यस्ता विषयवस्तुहरूलाई सुधारात्मक शिक्षणका लागि प्राथमिकतामा राखिन्छ र तिनलाई पुन: सिकाउने योजना बनाइन्छ ।

(ग) **निदानात्मक परीक्षाको सञ्चालन:** यदि माथिका विधिहरू (शिक्षकको मूल्याङ्कन वा एकाइ परीक्षा) बाट पनि विद्यार्थीको सिकाइ कमजोरी वा सुधार आवश्यक पर्ने विषयवस्तु पहिचान गर्न नसकिएमा, निदानात्मक परीक्षा सञ्चालन गरिन्छ । यो परीक्षा विशेष रूपमा विद्यार्थीको कमजोरी र सिकाइ अवरोधहरू पत्ता लगाउन डिजाइन गरिएको हुन्छ । उदाहरणका लागि, यो परीक्षाले कुनै खास गणितीय अवधारणा, भाषिक सिप वा वैज्ञानिक सिद्धान्तमा विद्यार्थीको कमजोरी स्पष्ट पार्छ ।

५. **सुधारात्मक शिक्षणको कार्यान्वयन :** माथिका प्रक्रियाहरूबाट पहिचान भएको विषयवस्तु वा कमजोरीलाई लक्षित गरी सुधारात्मक शिक्षण सञ्चालन गरिन्छ । यसमा शिक्षकले विद्यार्थीको आवश्यकता र सिकाइ शैलीअनुसार विभिन्न शिक्षण विधिहरू (जस्तै: गरेर सिक्ने, दृश्य-श्रव्य सामग्री, वा समूह कार्य) प्रयोग गर्छन् । यो प्रक्रियाले विद्यार्थीको सिकाइ स्तरलाई कक्षाको अपेक्षित स्तरसम्म पुऱ्याउन सहयोग गर्छ ।

# निदानात्मक परीक्षा (नमुना साधन)

**विषय : विज्ञान तथा प्रविधि** **कक्षा : ५** **समय : १ घण्टा**

**समूह : क (Group : A)**

**बहुवैकल्पिक प्रश्नहरू Selective Response Question 10x1=10 Marks**

**दिइएका प्रश्नको सही विकल्प छान्नुहोस् :**

1. **अवलोकनबाट थाहा पाउन नसकिने वस्तुको गुण कुन हो ?** (Which property of an object cannot be noticed by observation?)

   (a) स्वाद (Taste)

   (b) खस्रोपना (Roughness)

   (c) तातोपना (Hotness)

   (d) बल्ने गुण (Firing property)

2. **बिनु किताब पढिरहेकी छिन् । विवेक भान्सामा चिया बनाउँदै साथीसँग फोनमा कुराकानी गरिरहेका छन् । बुबा र आमा रेडियोमा समाचार सुनिरहनुभएको छ । यो घटनामा भएका अन्तरवैयक्तिक सञ्चार तलका मध्ये कुन हो ?** (Binu is reading a book. Bibek is making tea in the kitchen and talking to his friend on the phone. Father and Mother are listening to the news on the radio. Which of the following is interpersonal communication in those incidents?)

   (a) बिनुले किताब पढ्नु (Binu reading a book)

   (b) रेडियोले समाचार भन्नु (The news on the radio)

   (c) विवेकले साथीसँग टेलिफोनमा कुरा गर्नु (Bibek talking to friend on the telephone)

   (d) बुबा र आमाले रेडियो सुन्नु (Father and mother listening the news on the radio)

3. **दिइएका मध्ये तापको प्रमुख स्रोत कुन हो ?** (Which one of the following is the main source of heat?)

   (a) ग्यास (Gas) 

   (b) आगो (Fire) 

   (c) बिजुली बत्ती (Electricity) 

   (d) सूर्य (Sun) 

4. **चित्रमा देखाइएको जीव कुन समूहमा पर्छन् ?** (In which group does the organism shown in figure belong to?)



(a) माछा (Pisces)

(b) उभयचर (Amphibians)

(c) सरिसृप (Reptiles)

(d) पन्क्षी (Bird)

5. **चित्रमा देखाइएको जनावरलाई पानीमा पौडन कुन अङ्गले मदत गर्छ ?** (Which organ of the animal shown in the picture helps it swim in water?)



(a) हलुका हाड (Hollow Bone)

(b) पछाडीको लामो खुट्टा (Hind Limb)

(c) हावा भरिएको थैली (Air Sac)

(d) जालीदार खुट्टा (Webbed Feet)

6. **दिइएको चित्रको अध्ययन गरी उत्तम विकल्प छान्नुहोस् ।** (Study the given figure and choose the best alternative.)




(a) हरिण, सिंह र घाँस क्रमश: शाकाहारी, मांसाहारी र उत्पादक हुन् । (Deer, lion and grass are herbivorous, carnivorous and producers respectively.)

(b) हरिण, सिंह र घाँस क्रमश: उत्पादक, मांसाहारी र शाकाहारी हुन् । (Deer, lion and grass are producer, carnivorous and herbivorous respectively.)

(c) हरिण, सिंह र घाँस सबै उत्पादक हुन् । (Deer, lion and grass all are producers.)

(d) हरिण, सिंह र घाँस सबै मांसहारी हुन् । (Deer, lion and grass all are carnivorous.)

7. **तपाईँले आफ्नो कोठामा प्रशस्त घाम नचाहिने बिरुवा हुर्काउन चाहनु हुन्छ भने तलका मध्ये कस्तो झ्याल उपयुक्त हुन्छ ?** (If you wish to grow a plant that does not need a lot of sunlight in your room, which of the following window be suitable ?)

(a) काँच (Glass pane) (b) काठ (Wooden pane)

(c) जस्तापाता (Zinc pane) (d) प्लास्टिक (Plastic pane)

8. **तपाईले दिइएका मध्ये कुन घटना भइरहेको देख्नुभयो भने उक्त कार्य गर्न सबैभन्दा पहिले रोक्नुहुन्छ ?** (If you see the following actions, which one do you stop to continue at first?)

(a) बुबाले आइरन गरिरहनुभएको (Father ironing cloths)

(b) आमाले टेलिभिजनको प्लग निकालिरहनुभएको (Mother unplugging TV)

(c) सानो भाइले बिजुलीको तार मुखमा राखिरहेको (Small brother putting electric wire into his mouth)

(d) दाजुले जलेको चिम फेरिरहनुभएको (Brother replacing the damaged bulb)

9. **पृथ्वीमा दिन र रात हुनुको कारण तलका मध्ये कुन हो ?** (Which of the following is the cause of day and night on the earth ?)

(a) सूर्य आफ्नो अक्षमा घुमेर (sun rotating on its axis)

(b) पृथ्वी आफ्नो अक्षमा घुमेर (Earth is rotating on its axis)

(c) पृथ्वीले सूर्यलाई परिक्रमा गरेर (Earth revolving around the sun)

(d) चन्द्रमाले पृथ्वीलाई परिक्रमा गरेर (Moon revolving around the earth)

10. **तल दिएको चित्र अध्ययन गरी पृथ्वीको उत्तरी ध्रुवमा क्रमशः करिब छ महिना दिन र छ महिना रात कुन अवस्थामा हुन्छ ?** (In which conditions would there be about 6 months of day and 6 months of night at the north pole of the earth?)

(a) क्रमशः १ र ३ अवस्थामा (In condition 1 & 3 respectively)

(b) क्रमशः ३ र १ अवस्थामा (In condition 3 & 1 respectively)

(c) क्रमशः २ र ४ अवास्थामा (In condition 2 & 4 respectively)

(d) क्रमशः ४ र २ अवास्थामा (In condition 4 & 2 respectively)



## समूह : ख (Group : B)

**विषयगत प्रश्नहरू (Creative Response Question)** **15 Marks**

11. **नम्रताले फलफूल पसलमा एउटा मेवा किन्न भनेर तराजुको सहायताबाट जोख्दा २१०० ग्राम पाइन् । उक्त मेवाको पिण्ड किलोग्राममा निकाल्नुहोस् ।** (Namrata weighted a papaya in a fruit shop and found it to be 2100g. Find its mass in kilograms.) 1

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

12. **सञ्चारका कुनै दुई साधनहरूको नाम लेख्नुहोस् ।** (Write any two means of communication.) 1

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

13. **मानिस र कम्प्युटरबिच प्रमुख एक फरक लेख्नुहोस् ।** (Write any one major differences between Human and Computer.) 1

| मानिस (Human) | कम्प्युटर (Computer) |
|---|---|
| | |

14. **शिक्षकले कक्षाका सबै विद्यार्थीलाई कम्प्युटरमा तपाईँको कल्पनाको विद्यालय कस्तो छ, चित्र बनाएर देखाउनुहोस् भन्ने निर्देशन दिनुभयो । निर्देशन पाएपछि अरू सबै विद्यार्थी आआफ्नो कल्पनाको विद्यालयलाई चित्रमा ढाल्ने प्रयासमा लागे तर साधनालाई उक्त काम कुन कम्प्युटर सफ्टवेयरको प्रयोगबाट गर्न सकिन्छ भन्नेमा द्विविधा भयो । यस्तो अवस्थामा साधनालाई कुन सफ्टवेयर प्रयोग गर्न सुझाव दिनुहुन्छ ?** (The teacher instructed all the students in a class to show how the school of your imagination is versed on the computer. All the other students went trying to put pictures of their imagination, but it became the use of the fact that the work can be done by the use of software that can be done by the use of software. What do you suggest to use the software in such a situation?) 1

..........................................................................................................

..........................................................................................................

15. **एकदलीय बिरुवाको कुनै एक उदाहरण लेख्नुहोस् ।** (Write one example of the monocotyledon plant.) 1

..........................................................................................................

..........................................................................................................

16. **चित्रले कुन जिवन प्रक्रियालाई प्रदर्शन गर्छ ?** (Which life process is demonstrated by the given figure?) 1



...................................................................

...................................................................

...................................................................

...................................................................

17. **"सास फेर्नु र श्वासप्रश्वास गर्नु भनेको फरक फरक कुरा हुन्" यसको कुनै एक कारण लेख्नुहोस् ।** "Breathing and respiration are different things." Write any one reasons for it. 1

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

18. **हावा ग्यास र ग्यासको मिश्रण भए जस्तै घरायसी कार्यमा प्रयोग हुने ग्यास र तरलको मिश्रणको उदाहरण दिनुहोस् ।** (If air is the mixture of gas and gas, give an example of gases and liquid mixture used in domestic purpose.) 1

.........................................................................................................

.........................................................................................................

19. **तपाईंको आमाले भान्सामा काम गर्दागर्दै एक्कासी चामलसँग नुन मिसाउनुभयो । आमा त्यसलाई अलग गर्न चाहनुहुन्छ । उक्त मिश्रणलाई छुट्याउनको लागि कुन विधि प्रयोग गर्नु ठिक होला, आमालाई सुझाव दिनुहोस् ।** (Your mother accidentally mixed salt with rice in the kitchen. She wants to separate them from the mixture. Which method would be suitable to separate the mixture? Suggest your mother.) 2

.........................................................................................................

.........................................................................................................

20. **दिइएका कुन कुन पदार्थहरूलाई एकआपसमा मिसाउँदा समान र असमान मिश्रण बन्छन्, एक एकओटा उदाहरण दिनुहोस् ।** (Which of the following substances form homogenous and heterogenous mixture when mixed with each other? Give one example of each.) 2

| | | | |
|---|---|---|---|
| काठको धुलो (Saw dust) | बालुवा (Sand) | पानी (Water) | भिनेगार (Vinegar) |

समान मिश्रण (Homogenous Mixture) :

..................................................................

असमान मिश्रण (Heterogenous Mixture) :

..................................................................

21. **आज चन्द्रमाको चन्द्रमा पूरै भाग कालो हुन्छ र यसलाई पृथ्वीबाट देख्न सकिँदैन भने आज चन्द्रमाको कलाको कुन दिन हो ?** (Today the moon is completely dark and if it cannot be seen from the earth, what day of the phase of the moon is today?) 1

.........................................................................................................

.........................................................................................................

22. **चित्रमा दिइएको विद्युत् परिपथमा राखिएको बत्ती नबल्नुको कारण के हुन सक्ला ? उक्त विद्युत् परिपथको चिम बाल्नका लागि के गर्नुपर्ला, उपयुक्त चित्रसहित लेख्नुहोस् ।** (What What can be the cause of not lighting the bulb in the given electric circuit? What should be done to light the bulb in given diagram? Write with a suitable diagram.) 2



.....................................................................

.....................................................................

..................................................................

.....................................................................

**समूह : क (Group : A)**

**बहुवैकल्पिक प्रश्नहरू (Selective Response Question)** **15x1=15 Marks**

दिइएका प्रश्नको सही विकल्प छान्नुहोस् :

१. **समुदायका मानिसले खाद्यवस्तुको संरक्षण गर्न प्रयोग गरेका विधिहरूका सम्बन्धमा जानकारी प्राप्त गर्न कुन विधि उपयुक्त हुन्छ** ? (Which of the following methods could be appropriate for obtaining information about the methods of preservation of food used by community people?)

A. अवलोकन (observation) B. प्रयोग (experiment)

C. सर्वेक्षण (survey) D. परीक्षण (test)

२. **तलका मध्ये कुन समूहले ATM को आउटपुट डिभाइसहरूको समूह जनाउँछ ? (Which of the following set represents a set of output device of ATM?)**

A. कार्ड रिडर, स्पिकर, डिस्प्ले स्क्रिन (card reader, speaker, display screen)

B. डिस्प्ले स्क्रिन, बिल प्रिन्टर, क्यास डिसपेन्सर (display screen, bill printer, cash dispenser)

C. किप्याड, स्पिकर, बिल प्रिन्टर (keypad, speaker, bill printer)

D. डिस्प्ले स्क्रिन, कार्ड रिडर, क्यास डिस्पेन्सर (display Screen, card reader, cash dispenser)

३. **सेट टपबक्स (STB) को मुख्य काम कुन हो** ? (What is the main function of set top box (STB)?

A. नेटवर्क जोड्ने (connecting networks)

B. बायोडाटा तयार गर्ने (Preparing Biodata)

C. डाटा भण्डारण गर्ने (Storing data)

D. डिजिटल सिग्नल प्राप्त गर्ने (Receiving a digital signal)

४. **कम्प्युटरमा रहेको कुनै फाइल प्रिन्ट गर्ने चरणहरूको कुन क्रम ठिक हो** ? Which order of steps is appropriate to print any file of computer?

A. फाइल खोल्ने → Print मा Click गर्ने → printer setting गर्ने → फाइल मिनुमा print option click गर्ने (Open the file → click on print → setting printer

→ click on print in file menu)

B. फाइल खोल्ने → printer setting गर्ने → फाइल मिनुमा print option click गर्ने → Print मा Click गर्ने (Open the file → setting printer → click on print in file menu → click on print)

C. फाइल खोल्ने → फाइल मिनुमा print option click गर्ने → printer setting गर्ने → Print मा Click गर्ने (Open the file → click on print in file menu → setting printer → click on print)

D. फाइल खोल्ने → Print मा click गर्ने → printer setting गर्ने → फाइल मिनुमा print option click गर्ने (Open the file → click on print → setting printer → click on print in file menu)

५. **इन्टरनेट सुरक्षाको जोखिम कुन हो ?** (Which is the risk of internet security?)

A. पासवर्ड प्रबन्धकको प्रयोग (use of a password manager)

B. फिसिङको प्रयोग (use of phishing)

C. फायरवालको प्रयोग (use of firewall)

D. एन्टिभाइरस सफ्टवेयरको प्रयोग (use of anti-virus software)

६. **चित्रमा देखाइएको कोषको भाग A को काम के हो ?** (What is the function of part A of the cell shown in the picture?)




A. कोषको सम्पूर्ण कार्यलाई नियन्त्रण गर्ने (control all functions of the cell)

B. कोषमा पानी र लवणको मात्रा सन्तुलन गर्ने (balance water and salt in the cell)

C. कोषमा हुने परिवहनमा भाग लिने (involved in transportation in the cell)

D. प्रोटिन संश्लेषण गर्ने (synthesize protein)

७. **पत्रदलको मुख्य कार्य तलका मध्ये कुन हो ?** (Which of the following is the main function of caly हरू)

A. कोपिला अवस्थामा फूलको सुरक्षा गर्नु (to protect the flower in bud stage)

B. परागकण उत्पादन गर्नु (to produce pollen grains)

C. परागसेचनका लागि किरा आकर्षण गर्नु (to attract insects for pollination)

D. प्रजननमा भाग लिनु (to take part in reproduction)

८. **परागसेचन क्रियाको सम्बन्धमा कुन क्रम सही छ ?** (Which of the following order is correct in terms of pollination?)

A. एन्थर, स्टिग्मा, परागकण, परागनली (anther, stigma, pollen grain, pollen tube)

B. एन्थर, परागकण, स्टिग्मा, परागनली (anther, pollen grain, stigma, pollen tube)

C. परागनली, परागकण, स्टाइल, एन्थर (pollen tube, pollen grain, style, anther)

D. परागकण, एन्थर, परागनली, स्टिग्मा (pollen grain, anther, pollen tube, stigma(

९. **सामाजिक न्यायसम्बन्धी दिगो विकासको सिद्धान्तअनुसार कुनै समुदायमा रहेका मानिसका प्राकृतिक स्रोत साधनमा समान पहुँच कायम गर्न कस्तो रणनीति उपयोगी हुन्छ ?** (According to the principle of social justice for sustainable development, what kind of community development strategy is useful to maintain equal access to natural resources for all people in a community?)

A. सामुदायिक आय आर्जन, सामुदायिक वन तथा जनचेतना कार्यक्रम (community income generation, community forest and public awareness programs)

B. दिगो विकासका लागि वातावरण संरक्षण कार्यक्रम (environmental conservation program for sustainable development)

C. वातावरण संरक्षण र स्थानीय अनुकूलन कार्यक्रम (environment conservation and local adaptation program)

D. स्थानीय मेलमिलाप र फोहोर व्यवस्थापन कार्यक्रम (local reconciliation and waste management program)

१०. **मानौँ, तपाईंले कुनै बिउ अङ्कुरणमा पानीको तापक्रमको प्रभाव अध्ययन गर्दै हुनुहुन्छ । तलका मध्ये कुन अबस्थामा सबैभन्दा अर्थपूर्ण नतिजा निस्किएला ?** (Suppose , you are conducting an experiment to see how water temperature affects germination of a seed. Which scenario would give the most meaningful results?)

A. सबै बिउमा चिसो पानी राख्ने (use of ice-cold water for all seed samples.)

B. सबै बिउमा तातो पानी राख्ने (use of boiling water for all seed samples.)

C. एउटा विउमा चिसो, दोस्रोमा सामान्य र तेस्रोमा तातो पानी राख्ने (use of cold water in first, normal water in second, and hot water in third seed sample.)

D. सबै बिउमा समान तापक्रमको पानी तर फरक फरक मात्रामा राख्ने (use of same water in all seed sample varying the amount of water given.)

**११. बलको एसआइ एकाइ के हो ?** (What is the SI unit of force?)

A. पास्कल (pascal)
B. न्युटन (newton)
C. वाट (watt)
D. जुल (joule)

**१२. एउटै दिशामा गइरहेका दुई वस्तु A र B को सापेक्षिक गति निकाल्ने सूत्र कुन हो ?** (Which Formula is used to find relative velocity of two objects A and B moving in the same direction?)

A. VAB= VA/Vb
B. VAB = VA- VB
C. VAB=VA×VB
D. VAB=VA+VB

**१३. कुन अवस्थामा यन्त्रको कार्यक्षमता 100% हुन्छ ?** (In what situation efficiency of a machine is 100%?)

A. लोड र इफोर्ट बराबर भएमा (if load and effort are equal)
B. लोड दुरी र इफोर्ट दुरी बराबर भएमा (if load arm and effort arm are equal)
C. लागत कार्य र उत्पादित कार्य बराबर भएमा (if input work and output work are equal)
D. लोड दुरीको दोब्बर इफोर्ट दुरी भएमा (if effort distance is double of load distance)

**१४. ओभरलोडको असरबाट विद्युतीय उपकरण जोगाउन तलका मध्ये कुन उपकरण प्रयोग गरिन्छ ?** (Which of the following devices is used to protect appliances from the effect of overloading?)

A. स्विच (switch)
B. बल्ब (bulb)
C. प्लग (plug)
D. फ्युज (fuse)

**१५. तारामण्डलसम्बन्धी दिइएका मध्ये कुन कथन सही छ ?** (Which of the following statement regarding constellation is correct?)

A. ब्रह्माण्डमा असङ्ख्य तारामण्डल छन् । (There are uncountable constellation in the universe.)
B. यो निश्चित आकारमा बसेका ताराको समूह हो । (It is a group of stars arranged in a definite shape.)
C. यसको केन्द्रमा ब्याल्क होल रहेको हुन्छ । (A black hole is located at its center.)

D. यो अनियमित आकार भएको लाखौं करोडौं ताराहरूको झुप्पो हो । (It is a collection of millions of stars of irregular shape.)

## समूह : ख (Group : B)

**विषयगत प्रश्नहरू (Creative Response Question)** **10 Marks**

१६. **विज्ञान प्रयोगशालामा प्रयोगात्मक कार्य गर्दा अपनाउनुपर्ने कुनै एक सावधानी लेख्नुहोस् ।** (Write any one precaution while doing practical work in science laboratory.) 1

१७. **साइबर कारोवार गर्दा अपनाउनुपर्ने कुनै एक आचारसंहिता उल्लेख गर्नुहोस् ।** (Write any one code of conduct that need to follow in cyber business.) 1

१८. **जन्तुकोष र वनस्पति कोषबिच एउटा समानता र एउटा असमनता लेख्नुहोस् ।** (Write one similarity and one dissimilarity between animal cell and plant cell.) 2

१९. **बिउ अङ्कुरण प्रक्रियामा तापक्रमको भूमिका उल्लेख गर्नुहोस् ।** (State the role of temperature on the seed germination process.) 1

२०. **दिइएको किरण रेखाचित्रमा वस्तु AB लाई कन्केभ ऐनाबाट केही पर राख्दा A'B' आकृति वनेको छ । उक्त आकृतिका कुनै एक ओटा विशेषता लेख्नुहोस् ।** (In the given ray diagram, when the object AB is placed at some distance from the concave mirror, the image A'B' is formed. Write any one features of the image so formed.) 1




२१. **एउटा स्थिर अवस्थावाट चल्न सुरु गरेको गाडीको गति 5 सेकेन्डमा 25 मिटर प्रति सेकेन्ड पुगेछ भने उक्त गाडीको प्रवेग कति हुन्छ ?** (What is the acceleration of a car when it starts moving from a stationary state and reaches 25 meter per second in 5 second?) 1

२२. **सँगैको चित्रमा कुनै घरमा एक महिनाको अवधिमा खपत भएको विद्युत्को दुईओटा मिटर रिडिङ देखाइएको छ । यदि प्रतियुनिट विद्युत् महसुल रु 13 भए कात्तिक महिनाको महसुल कति हुन्छ ?** (The alongside pictures give two meter reading of electricity meter used in a house during one month. If Electricity charges Rs.13 per unit, what is the total electric bill for the month Kartik?) 1




2080 Kartik 1




2080 kartik 30

२३. **विकरमा राखिएको कुनै घोलको अम्लीय वा क्षारीय गुण पत्ता लगाउने कुनै एक तरिका लेख्नुहोस् ।**
(Write any one ways of finding acidity or basicity of a solution in a beaker.) 1

२४. **दिइएको चित्रले आधुनिक पेरियोडिक तालिकालाई जनाउँछ, X र Y ले दुईओटा तत्त्वलाई जनाउँछ ।**
(The given figure represents the modern periodic table X and Y represent two elements.)

| 1 | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| a | 2 | 13 | 14 | 15 | 16 | 17 | |
| | | b | | | | | c |
| d | | | | | | e | |

X र Y विचमा हुने रासायनिक प्रतिक्रियालाई सूत्र समीकरणमा परिवर्तन गरी सन्तुलित गर्नुहोस् ।
(Convert the chemical reaction between X and Y into a formula equation and balance it.) 1

### २.१.३ अवलोकन र परीक्षण सञ्चालन (शिक्षकको मूल्याङ्कन र निदानात्मक परीक्षा)

नियमित सिकाइ सहजीकरणका क्रममा शिक्षकले विद्यार्थीका गतिविधिहरूको अवलोकन गर्ने, अगिल्ला मूल्याङ्कनमा विद्यार्थीको सिकाइ स्तरको तुलना गर्ने, कक्षामा विद्यार्थीको अन्तरक्रिया, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्य सम्पादनको अवस्था आँकलन गर्ने, वैज्ञानिक सिकाइप्रति रुचि र तत्परता पहिचान गर्ने, एकाइ परीक्षाहरूमा प्राप्त अङ्कको लेखाजोखा गर्ने जस्ता कार्यहरू गर्नुपर्छ । शिक्षकको मूल्याङ्कनबाट धेरै कमजोर सिकाइ स्तर पहिचान भएका, सम्बन्धित कक्षाको सिकाइ स्तरभन्दा न्यून सिकाइ स्तर भएका र थप समय दिई शिक्षण गर्ने आवश्यकता पहिचान भएका विद्यार्थीका लागि विद्यार्थीको सिकाइ स्तरअनुसार उपचारात्मक शिक्षण गर्नुपर्ने भएकाले उक्त विद्यार्थीको सिकाइ स्तर पहिचानका लागि निदानात्मक परीक्षण साधन तयार गरी परीक्षण सञ्चालन गर्नुपर्छ ।

### २.१.४ नतिजाको अभिलेखीकरण र विश्लेषण

नियमित सिकाइ सहजीकरणका क्रममा शिक्षकको मूल्याङ्कनबाट प्राप्त प्राप्ताङ्कलाई तालिका नं १ को ढाँचामा अभिलेखीकरण गरिन्छ । उक्त मूल्याङ्कनका लागि विभिन्न आधारहरूमा विद्यार्थीले प्राप्त गरेको अङ्कको जोडफल निकाली प्रतिशतमा लगिन्छ । यसरी हेर्दा ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी उपचारात्मक शिक्षण गर्नुपर्ने समूहमा पर्छन् । त्यस्तै तालिका नं २ को ढाँचाका आधारमा निदानात्मक परीक्षण साधन तयार गरी सञ्चालन गरेको निदानात्मक परीक्षणको

प्रश्नअनुसारको प्राप्ताङ्कलाई निम्नअनुसारको ढाँचामा अभिलेखीकरण गरी विश्लेषण गरिन्छ ।

| प्रश्न नं | १ | २ | ३ | ४ | ५ | जम्मा प्राप्ताङ्क | सिकाइ स्तर प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थीको नाम, थर | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| सही उत्तर मिलाउने विद्याथी सङ्ख्या | | | | | | | |
| सही उत्तर मिलाउने विद्यार्थी प्रतिशत | | | | | | | |

**२.१.५ उपचारात्मक शिक्षणका लागि विद्यार्थी र विषयवस्तु पहिचान (समग्रमा ५0 प्रतिशत अङ्क र क्षेत्रगत रूपमा विद्यार्थीको स्तरका आधारमा)**

**साधन १** : शिक्षकको मूल्याङ्कनमा तोकिएका प्रत्येक मूल्याङ्कनका आधारहरूको प्राप्ताङ्को जोड ५० प्रतिशत अङ्क भन्दा कम भएमा ती विद्यार्थीलाई उपचारात्मक शिक्षणको आवश्यक पर्छ ।

**साधन २** : निदानात्मक परीक्षामा विषयक्षेत्रगत रूपमा विद्यार्थीको स्तर ५० प्रतिशत अङ्कभन्दा कम भएमा सो विषयवस्तुका लागि उपचारात्मक शिक्षण आवश्यक भएको मानिन्छ ।

## २.२ उपचारात्मक शिक्षणका मुख्य रणनीतिहरू (उदाहरणसहित)

कक्षा १-८ मा विज्ञान विषयको उपचारात्मक शिक्षणका रणनीतिहरू

१. **व्यक्तिगत शिक्षा योजना** (Individualized Education Plan – IEP)

प्रत्येक विद्यार्थीको सिकाइ आवश्यकता र सिकाइ अवस्था कमजोर भएमा विशेष शिक्षा योजना तयार गरिन्छ ।

- **प्रयोग विधि :** शिक्षकले विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्नुपर्छ । जस्तै : निदानात्मक परीक्षा वा कक्षाकार्य विश्लेषण ।
- विज्ञानका कठिन अवधारणाहरू (जस्तै : पदार्थको अवस्था, बल र गति) मा कमजोर विद्यार्थीका लागि सरल र लक्षित पाठ्ययोजना बनाइन्छ । उदाहरण : यदि कुनै विद्यार्थीले

"प्रकाशको परावर्तन" बुझ्न सकेनन् भने शिक्षकले चित्र, मोडल र प्रयोगात्मक कार्यहरू समावेश गरी व्यक्तिगत योजना बनाउनुपर्छ । विद्यार्थीको नियमित उपलब्धि मूल्याङ्कन गरी आवश्यकताअनुसार योजना परिमार्जन गर्नुपर्छ ।

२. **सहयोग कार्यक्रम** (Support Program)

विद्यार्थीलाई थप सहयोग प्रदान गर्न ट्युसन, अतिरिक्त कक्षा वा सहपाठी/शिक्षकको सहयोगमा आधारित कार्यक्रम गर्न सकिन्छ ।

**प्रयोग विधि :** सिकाइमा कठिनाइ भएका विद्यार्थीका लागि स्कुलमा अतिरिक्त कक्षा सञ्चालन गरिन्छ । सहपाठीहरूसँग समूहमा विज्ञानका अवधारणाहरू (जस्तै : जीवको वर्गीकरण) अभ्यास गर्ने अवसर दिइन्छ । शिक्षक वा विशेषज्ञले साप्ताहिक रूपमा कमजोर विद्यार्थीसँग व्यक्तिगत वा समूहगत रूपमा छलफल गर्नुपर्छ । उदाहरण : कक्षा ५ का विद्यार्थीलाई "पृथ्वीको संरचना" बुझाउन अतिरिक्त समयमा भिडियो र मोडल प्रयोग गर्न सकिन्छ ।

३. **पुरस्कार योजना** (Reward Scheme)

विद्यार्थीको उपलब्धि र प्रयासलाई प्रोत्साहन गर्न पुरस्कार वा प्रशंसा प्रदान गर्ने रणनीति

**प्रयोग विधि :** विज्ञानका गृहकार्य, प्रयोग वा क्विजमा राम्रो उपलब्धि गर्ने विद्यार्थीलाई स्टिकर, प्रमाणपत्र वा प्रशंसा प्रदान गर्नुपर्छ । उदाहरण : जलचक्र बुझेर चित्र बनाउने विद्यार्थीलाई पुरस्कार दिन सकिन्छ । पुरस्कारले विद्यार्थीको आत्मविश्वास र रुचि बढाउँछ ।

४. **बहु-इन्द्रिय सिकाइ** (Multi–Sensory Learning)

दृष्टि, श्रवण र स्पर्शजस्ता विभिन्न इन्द्रियहरू प्रयोग गरी सिकाइलाई प्रभावकारी बनाउने ।

**प्रयोग विधि:** विज्ञानका अवधारणाहरू सिकाउन चित्र, मोडल, ध्वनि र हातले छुने गतिविधिहरू समावेश गर्न सकिन्छ । उदाहरण: "वनस्पति संरचना" सिकाउन पात र फूलको वास्तविक नमुना छुने, चित्र बनाउने र भिडियो हेर्ने क्रियाकलाप सञ्चालन गर्न सकिन्छ, जस्तै : रासायनिक प्रतिक्रिया बुझाउन सुरक्षित रूपमा रासायनिकको प्रयोग (जस्तै: बेकिङ सोडा र सिरका) गर्न सकिन्छ ।

५. **प्रविधिमा आधारित शिक्षण** (Technology–Based Instruction)

डिजिटल उपकरण र प्रविधिको प्रयोग गरी सिकाइलाई रमाइलो र प्रभावकारी बनाउने ।

**प्रयोग विधि :** विज्ञानका अवधारणाहरू बुझाउन ट्याब्लेट, कम्प्युटर वा प्रोजेक्टरमा भिडियो, एनिमेसन वा अन्तरक्रियात्मक खेलहरू प्रयोग गर्न सकिन्छ । उदाहरण : "सौर्यमण्डल" सिकाउन ग्रहहरूको 3D एनिमेसन वा अन्तरक्रियात्मक सिमुलेसन प्रयोग गर्न सकिन्छ ।

अनलाइन क्विज वा मोबाइल एप (जस्तै : विज्ञानसम्बन्धी शैक्षिक खेल) मार्फत विद्यार्थीले अभ्यास गर्न सकिन्छ ।

६. **सकारात्मक पुनर्वल** (Positive Reinforcement)

विद्यार्थीको सकारात्मक व्यवहार र प्रगतिलाई प्रशंसा वा प्रोत्साहनद्वारा बलियो बनाउने ।

**प्रयोग विधि :** विज्ञानको प्रयोगमा सहभागी हुने, सही उत्तर दिने वा नयाँ विचार प्रस्तुत गर्ने विद्यार्थीलाई मौखिक प्रशंसा (जस्तै: "राम्रो प्रयास !") वा सानो प्रोत्साहन दिन सकिन्छ । "जनावरका प्रकार" सिक्दा सक्रिय सहभागी विद्यार्थीलाई "विज्ञान अन्वेषक" भनेर प्रशंसा गर्न सकिन्छ । सकारात्मक विद्यार्थीको आत्मविश्वास र विज्ञानप्रति रुचि बढाउँछ ।

७. **निरन्तर सिकाइ रणनीति** (Continuous Learning Strategy)

सिकाइलाई निरन्तर र क्रमबद्ध बनाउन नियमित अभ्यास र पुनरावृत्ति गर्ने रणनीति ।

**प्रयोग विधि :** विज्ञानका अवधारणाहरूलाई ससाना भागमा विभाजन गरी क्रमबद्ध रूपमा सिकाउनुपर्छ । उदाहरण: कक्षा ८ मा "ऊर्जा रूपान्तरण" सिकाउन पहिले आधारभूत अवधारणा (जस्तै: ऊर्जाका प्रकार) सिकाउनुपर्छ, त्यसपछि प्रयोग र गृहकार्यद्वारा पुनरावृत्ति गर्नुपर्छ । नियमित मूल्याङ्कन र पुनरवलोकन (जस्तै: साप्ताहिक क्विज) मार्फत विद्यार्थीको जाँच गर्नुपर्छ ।

८. **जोडी र साझेदारी** (Pairing and Sharing)

विद्यार्थीलाई जोडी वा समूहमा काम गर्न लगाएर सहकार्य र सिकाइ प्रवर्धन गर्ने ।

**प्रयोग विधि :** सिकाइमा कमजोर विद्यार्थीलाई सिकेको विद्यार्थीसँग जोडी बनाएर विज्ञानका अवधारणा सिक्ने र छलफल गर्ने अवसर दिनुपर्छ । उदाहरण : "चुम्बकत्व" सिकाउन जोडीमा विद्यार्थीलाई चुम्बक प्रयोग गरी वस्तुहरूको आकर्षण र विकर्षण परीक्षण गर्न लगाउनुपर्छ । समूहमा विज्ञान परियोजना (जस्तै : सौर्य ऊर्जा मोडल) बनाउन लगाएर सहकार्य र साझेदारी प्रवर्धन गर्न सकिन्छ ।

यी रणनीतिहरूको प्रयोगले कक्षा १-८ का विद्यार्थीको विज्ञान विषयको सिकाइमा देखिएका कमजोरीहरूलाई सम्बोधन गर्न लगाउनुपर्छ । यी रणनीतिहरूलाई संयोजन गरी प्रयोग गर्दा विद्यार्थीको रुचि, आत्मविश्वास र सिकाइस्तरमा उल्लेखनीय सुधार हुन्छ । शिक्षकले विद्यार्थीको आवश्यकता र कक्षाको अवस्थाअनुसार यी रणनीतिहरूलाई अनुकूलित गर्नुपर्छ ।

## २.३ कक्षागत तथा विषयगत समस्याका क्षेत्रअनुसार नमुना शिक्षण क्रियाकलापहरू

### १. दैनिक जीवनमा विद्युत् र चुम्बकको प्रयोगसम्बन्धी उपचारात्मक शिक्षण क्रियाकलाप

**विषयक्षेत्र :** विद्युत् र चुम्बक

**कठिनाइको क्षेत्र:** दैनिक जीवनमा विद्युत् र चुम्बकको प्रयोग

कठिनाइ हुनाका सम्भाव्य कारणहरू

- **विद्युत्का विभिन्न स्रोतहरूको ज्ञान नहुनु :** विद्यार्थीलाई ब्याट्री, सौर्य ऊर्जा, जलविद्युत् वा अन्य स्रोतहरूबारे पर्याप्त जानकारी नहुनु ।
- **कारक र असरको सम्बन्ध थाहा नहुनु :** विद्युत् र चुम्बकले उपकरणहरू कसरी सञ्चालन गर्छन् भन्ने कारण र प्रभावको सम्बन्धबारे बुझाइ नहुनु ।
- **विद्युतीय र चुम्बकीय उपकरणहरूको अवलोकनमा ध्यान नदिनु :** विद्यार्थीले दैनिक जीवनमा प्रयोग हुने उपकरणहरूको कार्यप्रणालीमा रुचि नलिनु वा अवलोकन नगर्नु ।

### रणनीति र क्रियाकलापहरू

**रणनीति १:** प्रदर्शन कार्यमार्फत शिक्षण

**उद्देश्य:** विद्यार्थीलाई विद्युत् र चुम्बकको दैनिक प्रयोगबारे प्रत्यक्ष अनुभव प्रदान गरी अवधारणा स्पष्ट बनाउने ।

**विद्युतीय उपकरणहरूको चार्ट प्रदर्शन**

शिक्षकले दैनिक जीवनमा प्रयोग हुने विद्युतीय उपकरणहरू (जस्तै : पङ्खा, चिम, रेडियो, टेलिभिजन, फ्रिज, वासिङ मेसिन) को चित्र भएको चार्ट पेपर कक्षामा प्रदर्शन गर्छन् । विद्यार्थीलाई यी उपकरणहरूको नाम भन्न लगाउने ।

**प्रश्न:** उल्लिखित उपकरणहरू चलाउन कुन शक्तिको आवश्यकता पर्छ, छलफलमार्फत विद्यार्थीले "विद्युत्" को आवश्यकता भएको निष्कर्ष निकाल्न शिक्षकले सहयोग गर्नुपर्छ । उदाहरण : "पङ्खा चल्न विद्युत् चाहिन्छ किनभने बिजुलीले मोटर घुमाउँछ ।"

**चुम्बकको प्रत्यक्ष प्रदर्शन**

शिक्षकले छड चुम्बक (वा घोडाको टाप आकारको चुम्बक) लिएर फलामको काँटी, पिन वा सिक्का नजिक राख्नुपर्छ । विद्यार्थीलाई चुम्बकले फलामलाई तान्ने तर अन्य सामग्री (जस्तै : प्लास्टिक वा काठ) लाई नतान्ने कुरा अवलोकन गर्न लगाइन्छ ।

**छलफल:** "चुम्बकले किन फलाममलाई मात्र तान्छ ? दैनिक जीवनमा चुम्बकको प्रयोग कहाँ हुन्छ ?" उदाहरण: फ्रिजको ढोका, कम्पास, लाउडस्पिकर) । यो क्रियाकलापले विद्यार्थीको जिज्ञासा र विषयप्रति रुचि बढाउँछ ।

**प्रभाव:** यी क्रियाकलापहरूले विद्यार्थीलाई विद्युत् र चुम्बकको आधारभूत अवधारणा प्रत्यक्ष रूपमा बुझ्न र दैनिक जीवनसँग जोड्न सहयोग गर्छ ।

**रणनीति २:** अवलोकन भ्रमण

**उद्देश्य:** विद्यालय परिसरमा विद्युत् र चुम्बकको प्रयोग अवलोकन गरी विद्यार्थीमा प्रत्यक्ष अनुभव र बुझाइ विकास गर्ने ।

### क्रियाकलापहरू

**विद्युत् प्रयोगको अनुमान**

विद्यालयमा विद्युत्को प्रयोग कहाँ कहाँ हुन्छ ? विद्यार्थीलाई अनुमान गर्न लगाउने, विद्यार्थीलाई समूहमा अनुमान गर्न लगाइन्छ (जस्तै : कक्षाको चिम, पङ्खा, कम्प्युटर ल्याब, प्रिन्टर) । शिक्षकले यी अनुमानहरूको सूची बनाउने र सही/गलत छलफल गर्नुपर्छ ।

**विद्युतीय उपकरणहरूको अवलोकन**

विद्यार्थीलाई विद्यालय परिसरमा सञ्चालित विद्युतीय उपकरणहरू (जस्तै: पङ्खा, चिम, हिटर, विद्युत् मोटर, कम्प्युटर, प्रिन्टर) को अवलोकन गर्दा शिक्षकले प्रत्येक उपकरणको कार्यप्रणालीबारे छोटो व्याख्या गर्नु पर्छ । जस्तै: पङ्खाले विद्युत्बाट मोटर घुमाएर हावा दिन्छ ।

**विद्युत्को प्रभाव प्रदर्शन :** शिक्षकले एउटा उपकरण (जस्तै : पङ्खा वा चिम) को स्विच अन/अफ गर्नुपर्छ । यसो गर्दा विद्युत् प्रवाह हुँदा उपकरण चल्ने र नहुँदा नचल्ने कुरा देखिन्छ ।

**छलफल:** "विद्युत्बिना यी उपकरणहरू किन चल्दैनन ?"

विद्यार्थीलाई यस अवलोकनबाट साझा निष्कर्ष निकाल्न सहयोग गर्छ । जस्तै : "विद्युत् ऊर्जाले उपकरणहरूलाई शक्ति दिन्छ ।"

**प्रभाव:** यस क्रियाकलापले विद्यार्थीलाई विद्युत्को महत्त्व र दैनिक जीवनमा यसको प्रयोगबारे प्रत्यक्ष अनुभव प्रदान गर्छ ।

**रणनीति ३:** श्रव्यदृश्य सामग्रीमार्फत शिक्षण

**उद्देश्य :** प्रविधिको प्रयोग गरी विद्युत् र चुम्बकको दैनिक प्रयोगबारे रमाइलो र प्रभावकारी सिकाइ प्रदान गर्ने ।

### क्रियाकलापहरू

**श्रव्यदृश्य सामग्री प्रदर्शन**

शिक्षकले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको युट्युब च्यानल (वा अन्य विश्वसनीय स्रोत) बाट विद्युत् र चुम्बकको दैनिक प्रयोगसम्बन्धी भिडियो वा एनिमेसन प्रदर्शन गर्न सक्छन् ।

**उदाहरण :** भिडियोमा विद्युत्बाट चल्ने उपकरणहरू (जस्तै : टोस्टर, माइक्रोवेभ) वा चुम्बकको प्रयोग (जस्तै : एमआरआई मेसिन, कम्पास) गरी देखाउन सकिन्छ ।

**द्रष्टव्य :** युट्युब लिङ्क उपलब्ध नभएको अवस्थामा शिक्षकले अन्य शैक्षिक स्रोत (जस्तै : विज्ञानसम्बन्धी डकुमेन्ट्री वा एनिमेसन) को प्रयोग गर्न सक्दछन् ।

**छलफल र लेखन कार्य**

- भिडियो हेरेपछि विद्यार्थीलाई प्रश्न सोध्नुपर्छ । "भिडियोमा देखाइएका विद्युत् र चुम्बकका प्रयोग कसरी गरिएको छ ?"
- विद्यार्थीलाई समूहमा छलफल गर्न लगाएर दैनिक जीवनमा विद्युत् र चुम्बकको प्रयोगको सूची बनाउन लगाउनुपर्छ ।
- **उदाहरण :** विद्यार्थीले "विद्युत् : बत्ती, टेलिभिजन, मोबाइल चार्जरह चुम्बक : फ्रिजको ढोका, लाउडस्पिकर ।" आदि लेख्न सक्छन् ।
- **प्रभाव:** यस्ता श्रव्यदृश्य सामग्रीले विद्यार्थीको ध्यान आकर्षित गर्छ र जटिल अवधारणालाई सरल र रमाइलो बनाउँछ ।

उल्लिखित क्रियाकलापहरूले विद्यार्थीलाई विद्युत् र चुम्बकसम्बन्धी कठिनाइहरूलाई सिक्न सहयोग गर्छ । प्रदर्शन कार्यले प्रत्यक्ष अनुभव, अवलोकन भ्रमणले वास्तविक जीवनसँग जोड्ने अवसर र श्रव्यदृश्य सामग्रीले सिकाइमा रुचिकर बनाउँछ । शिक्षकले यस्ता क्रियाकलापहरूलाई विद्यार्थीको उमेर, कक्षा र सिकाइ स्तर अनुसार अनुकूलित गर्नुपर्छ । नियमित मूल्याङ्कन (जस्तै : प्रश्नोत्तर, लेखन कार्य) मार्फत विद्यार्थीको उपलब्धि जाँच्नुपर्छ ।

**२. स्केमेटिक चित्र कोर्ने सम्बन्धमा उपचारात्मक शिक्षणका लागि नमुना क्रियाकलाप**

(क) विषयक्षेत्र : वैज्ञानिक सिकाइ

(ख) कठिनाइको क्षेत्र : विभिन्न उपकरणको स्केमेटिक चित्र

(ग) कठिनाइ हुनाका सम्भाव्य कारणहरू

- सरल र वक्र रेखाहरू कोर्ने सिपको कमी हुनु,
- दश्यावलोकनमार्फत वस्तुहरूको चित्र बुझ्न नसक्नु,

- अभ्यासको अभाव हुनु ।

(घ) रणनीति र क्रियाकलापहरू

रणनीति १ : क्रमिक सिकाइको रणनीति

**क्रियाकलाप**

- सबै सिकारुलाई स्केल, पेन्सिल, इरेजर र पेपर उपलब्ध गराई निम्नानुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

**I Do**

- स्केलको प्रयोग गरेर निम्नानुसारका वा अन्य यस्तै विभिन्न लम्बाइका सिधा रेखाखण्डहरू र वक्र रेखाखण्डहरू कोर्नुहोस् ।





**We Do**

- सिकारुहरूलाई पनि आफूसँगै विभिन्न आकार र प्रकारका सिधा रेखाखण्डहरू र वक्र रेखाखण्डहरू कोर्न लगाउनुहोस् ।

**You Do**

- सिकारुहरूलाई स्वत:स्फुर्त रूपमा विभिन्न आकार र प्रकारका सिधा रेखाखण्डहरू एवम् वक्र रेखाखण्डहरू कोर्न लगाउनुहोस् ।
- माथिको क्रियाकलापअनुसार सिधा रेखाखण्डहरू र वक्र रेखाखण्डहरू जोडेर निम्नानुसारका विभिन्न प्रकारका ज्यामितीय आकृतिहरू कोर्न आवश्यक सहजीकरण गर्नुहोस् :



**रणनीति २ : श्रव्यदृश्य सामग्रीमा आधारित शिक्षण**

**क्रियाकलाप**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको युट्युब च्यानल NCED Virtual मा भएको निम्न लिखित लिङ्कको श्रव्यदृश्य सामग्री प्रदर्शन गर्नुहोस् र आवश्यकताअनुसार छलफल गरी विभिन्न प्रकारका उपकरणहरूको स्केमेटिक चित्र कोर्ने अभ्यास गर्न लगाउनुहोस् ।

*https://youtu.be/XhmiLK3dTuM?list=PLVOHiHZt8InJ22MlCOMJx2rjsQkgcT8Ci https://youtu.be/Fmt8MaBwH6M?list=PLVOHiHZt8InLUKkXGeJ8u-HPxo2QSd8EO*

**३. एकाइहरूको रूपान्तरण गर्ने सम्बन्धमा उपचारात्मक शिक्षणका लागि नमुना क्रियाकलाप**

(क) **विषयक्षेत्र :** वैज्ञानिक अध्ययन (कक्षा ६)

(ख) **कठिनाइको क्षेत्र :** एकाइहरूको रुपान्तरण

(ग) कठिनाइ हुनाका सम्भाव्य कारणहरू

- ठुलो र सानो एकाइहरू पहिचानमा कठिनाइ हुनु,
- ठुलो र सानो एकाइहरूबिचको सम्बन्ध थाहा नहुनु ।

(घ) रणनीति र क्रियाकलापहरू

**रणनीति १ :** गीतमा आधारित शिक्षण

क्रियाकलापहरू

**क्रियाकलाप १**

- लय मिलाएर तलको कविता वाचन गर्न लगाउनुहोस् :

कस्तो होला धनगढी महेन्द्रनगर,
डडेल्धुरा शितल छ माया नमार
ठुलो देखि सानो लम्बाइको एकाइ,
कति राम्रो मिलेको हेर है साथी
किलोमिटर हेक्टोमिटर डेकामिटर मिटर
डेसिमिटर सेन्टिमिटर मिलिमिटर
लम्बाइको एकाइ गरौं रूपान्तरण,
सजिलो छ तरिका यता हेर न
बाँयाबाट दाँया जाँदा ढुक्क गुणन गर,
उल्टोतर्फ हिँड्नु परे डिभाइड गर

**क्रियाकलाप २:**




- चित्रमा दिइएजस्तै ठुलो देखि सानो क्रमैसँग लम्बाइका एकाइहरू लेखिएको चार्टपेपर प्रदर्शन गर्नुहोस् ।
- बाँयाबाट दाँया जाँदा (ठुलो एकाइलाई सानो एकाइमा परिवर्तन गर्न) निम्न उदाहरण अनुसारको गुणन विधि प्रयोग गर्न सिकाउनुहोस् ।

Question: 2kilometer = ……………meter

Answer: 2kilometer = 2 X 1000 meter (माथिको चित्रमा मिटर, किलोमिटर भन्दा ३ स्थान दाँयातर्फ रहेकाले १ को पछाडि तीनओटा शून्यहरू राखेर गुणन गर्ने)

- दाँयाबाट बाँया जाँदा (सानो एकाइलाई ठुलो एकाइमा परिवर्तन गर्न) निम्न लिखित उदाहरण अनुसारको भाग विधि प्रयोग गर्न सिकाउनुहोस् :

Question: 2centimeter = ……………meter

Answer: 5centimeter = 5 / 100 meter (माथिको चित्रमा मिटर, सेन्टिमिटरभन्दा २ स्थान बायाँतर्फ रहेकोले १ को पछाडि दुईओटा शून्यहरू राखेर भाग गर्ने)

- यस्तै प्रकृतिका प्रशस्त प्रश्नहरू निर्माण गरी अभ्यास गर्न लगाउनुहोस् ।

**रणनीति २ :** श्रव्यदृश्य सामग्रीमा आधारित शिक्षण

**क्रियाकलाप**

- शिक्षा तथा मानव स्रोत विकास केन्द्रको युट्युब च्यानल NCED Virtual मा भएको निम्न लिखित लिङ्कको श्रव्यदृश्य सामग्री प्रदर्शन गर्नुहोस् र आवश्यकताअनुसार छलफल गरी विभिन्न प्रकृतिका एकाइ रूपान्तरणसम्बन्धी प्रशस्त प्रश्नहरू निर्माण गरी अभ्यास गर्न लगाउनुहोस् । *https://youtu.be/r25QKNo8xF0?list=PLVOHiHZt8InJ3In7oz5ZvIcCTH1jES2-r*

## ४. सेलहरूको जडान सम्बन्धमा उपचारात्मक शिक्षणको लागि नमुना क्रियाकलाप

(क) विषयक्षेत्र : धाराविद्युत् र चुम्बकत्व

(ख) कठिनाइको क्षेत्र : समानान्तर जडान र श्रेणीक्रम जडान

(ग) कठिनाइ हुनाका सम्भाव्य कारणहरू

- सेलहरूको ध्रुव पहिचान गर्न नसक्नु,
- तार, बल्ब, स्विच र सेलको जडान गर्ने प्राविधिक सिपको कमी हुनु,
- समानान्तर जडान र श्रेणीक्रम जडानको अवधारणा नहुनु ।

(घ) रणनीति र क्रियाकलापहरू

रणनीति १ : प्रयोगात्मक कार्यमार्फत शिक्षण

### क्रियाकलापहरू

#### क्रियाकलाप १

- आवश्यकताअनुसार सिकारुहरूलाई समूहमा बाँड्नुहोस् ।
- प्रत्येक समूहलाई ६ ओटा ड्राई सेल, केही तारका टुक्राहरू, बराबर सामर्थ्यका दुईओटा LED बल्ब र दुईओटा स्विचहरू उपलब्ध गराउनुहोस् ।
- समानान्तर जडान र श्रेणीक्रम जडानका निम्नानुसारका वा यस्तै अन्य कुनै परिपथका चित्रहरू प्रिन्ट गरेर वा ह्वाइट बोर्डमा कोरेर सिकारुहरूलाई अवलोकन गर्न लगाउनुहोस् ।



चित्र: सेलहरूको श्रेणीक्रम जडान



चित्र: सेलहरूको समानान्तर जडान

- चित्रमा जस्तै ड्राई सेल, तारका टुक्राहरू, LED बल्ब र स्विच प्रयोग गरी दुईओटा परिपथहरू जडान गर्न लगाउनुहोस् ।
- कुन परिपथको बल्ब बढी चम्किलो बल्यो, अवलोकन गर्न लगाउनुहोस् ।
- कुन बल्बले लामो समयसम्म उज्यालो दियो भन्ने कुरा पत्ता लगाउन परिपथहरूलाई लामो समयसम्म स्विच अन गरेर राख्न लगाई अवलोकन गर्न लगाउनुहोस् ।
- अन्तिममा सिकारुका प्रतिक्रियाहरू समेटेर साझा निष्कर्ष निकाल्नुहोस् ।

## ५. विद्युत् मिटरसम्बन्धी अध्ययन गरी सामान्य खालका ग्राहस्थ विद्युत् महसुलको हिसाब गर्ने सम्बन्धमा उपचारात्मक शिक्षणका लागि नमुना क्रियाकलाप

**(क) विषयक्षेत्र :** धारा विद्युत् र चुम्बकत्व

**(ख) कठिनाइको क्षेत्र :** विद्युत् मिटर अध्ययन गरी सामान्य खालका ग्राहस्थ विद्युत् महसुलको हिसाब गर्ने

**(ग) कठिनाइ हुनाका सम्भाव्य कारणहरू**

- विद्युत् मिटर अवलोकन गरेर विद्युत् खपत पहिचानमा कठिनाइ हुनु,
- विद्युत् खपतको सम्बन्ध सूत्र थाहा नहुनु,
- समस्या समाधान सिपको अभाव हुनु ।

**(घ) रणनीति र क्रियाकलापहरू**

**रणनीति १ :** प्रयोगात्मक कार्यमार्फत शिक्षण

**क्रियाकलापहरू**

**क्रियाकलाप १**

- विद्युत् मिटरको चित्र राखेर रातो र कालो अक्षरको अर्थ बुझ्
- विद्यालयमा भएका सम्पूर्ण विद्युतीय उपकरणहरू अफ् गर्नुहोस् र विद्युत् मिटरले देखाएको विद्युत् खपत् नोट गर्न लगाउनुहोस् ।
- दुई हजार वाट सामर्थ्य भएको कुनै विद्युतीय उपकरणलाई आधा घण्टाका लागि वा एक हजार वाट सामर्थ्य भएको कुनै विद्युतीय उपकरणलाई एक घण्टाको लागि वा पाँच सय वाट सामर्थ्य भएको कुनै विद्युतीय उपकरणलाई दुई घण्टाका लागि प्रयोगमा ल्याउनुहोस् ।
- ठिक समयमा विद्युतीय उपकरणलाई अफ गर्न लगाउनुहोस् र सबै सिकारुहरूलाई विद्युत् मिटरको अवलोकन गर्न लगाई पुन: विद्युत् मिटरले देखाएको विद्युत् खपत् नोट गर्न लगाउनुहोस् ।
- यसरी खपत भएको विद्युत्लाई एक युनिट विद्युत् खपत भनिन्छ भनेर विद्युत् मिटरको अवलोकनमार्फत प्रस्ट पारिदिनुहोस् ।

**रणनीति २ :** क्रमिक सिकाइको रणनीति

**क्रियाकलाप १** (समस्या समाधानका लागि)

- सर्वप्रथम आवश्यकताअनुसार सिकारुलाई समूहमा बाँड्नुहोस् ।
- विद्युत् खपतको निम्नानुसारको सूत्र लेखिएको चार्ट प्रदर्शन गनुहोस् ।

विद्युत् खपत $(E) = P \times N \times T$

**I Do**

- क्रियाकलाप १ मा प्रयोग गरिएको विद्युतीय उपकरणको सामर्थ्य, प्रयोगको समय र उपकरणको सङ्ख्या प्रगोग गरी माथिको सूत्रअनुसार विद्युत् खपत हिसाब गर्नुहोस् ।

**We Do**

- निम्नानुसारका प्रश्नहरू निर्माण गरी माथिको जस्तै समस्या समाधान कार्यमा सहजीकरण गर्नुहोस् ।

**प्रश्न:** कुनै घरमा 40 वाट सामर्थ्य भएका तीनओटा चिमहरू प्रतिदिन 6 घण्टाका दरले प्रयोगमा आउँछन् भने एक दिनको विद्युत् खपत हिसाब गर्नुहोस् । उक्त घरको एक महिनाको विद्युत् खपत कति होला ? यदि एक युनिट विद्युत् खपत वापत रु. 10 तिनुपर्छ भने एक महिनाको विद्युत् महसुल हिसाब गर्नुहोस् ।

**You Do**

- माथिको जस्तै अन्य प्रश्नहरू निर्माण गरी सबै सिकारुहरूलाई आवश्यकताअनुसार सहजीकरण गर्दै समस्या समाधान गर्न लगाउनुहोस् ।

**६. भौतिक परिणामको नाप सम्बन्धमा उपचारात्मक शिक्षणका लागि नमुना क्रियाकलाप**

(क) विषयक्षेत्र : वैज्ञानिक अध्ययन

(ख) कठिनाइको क्षेत्र : भौतिक परिणामको नाप

(ग) कठिनाइ हुनाका सम्भाव्य कारणहरू

- भौतिक परिणाम मापनका लागि प्रयोग गर्न सकिने उपकरणको ज्ञान नहुनु,
- भौतिक परिणाम मापनका लागि आवश्यक सिपको कमी हुनु ।

(घ) भौतिक परिणामको नाप सम्बन्धमा उपचारात्मक शिक्षणका रणनीति र क्रियाकलापहरू

**रणनीति १ :** सहपाठी शिक्षण विधि

**क्रियाकलापहरू**

**क्रियाकलाप १**

- उपचारात्मक शिक्षणको आवश्यकता भएका प्रत्येक सिकारुलाई सम्भव भएसम्म एक जना छिटो सिक्न सक्ने अर्को सहयोगी सहपाठी सिकारुसँगै बस्न लगाउनुहोस् ।
- प्रस्तुत विषयवस्तुहरूको सूची तयार गरी भौतिक परिणाम र मापनका लागि प्रयोग गर्न सकिने उपकरणको जोडा मिलाउन लगाउनुहोस् र आवश्यकताअनुसार सहयोगी सहपाठीको सहयोगमा पृष्ठपोषण दिनुहोस् ।

## तालिका नं. १

लम्बाइ



पिण्ड




तापक्रम





आयतन





तौल

## तालिका नं. २

| | |
|---|---|
| लम्बाइ | स्प्रिङ तराजु |
| पिण्ड | विम तराजु |
| तापक्रम | घडी |
| समय | थर्मोमिटर |
| आयतन | स्केल |
| तौल | मिजरिङ सिलिन्डर |

### क्रियाकलाप २

- सबै सिकारुलाई विज्ञान प्रयोगशालामा लिएर जानुहोस् र तालिका नं. १ मा भएका उपकरणहरू टेबलमा सङ्कलन गरी सबै उपकरणहरूको नाम र कार्य पहिचान गर्न सहयोगी सहपाठीद्वारा सहजीकरण गर्न लगाउनुहोस् ।

रणनीति २ : प्रयोगात्मक कार्यमार्फत शिक्षण

क्रियाकलापहरू

क्रियाकलाप १

- उपचारात्मक शिक्षणको आवश्यकता भएका प्रत्येक सिकारुलाई सम्भव भएसम्म एक जना छिटो सिक्न सक्ने अर्को सहयोगी सहपाठी सिकारु सँगै बस्न लगाउनुहोस् ।
- सबै सिकारुलाई विज्ञान प्रयोगशालामा लिएर जानुहोस् र उपचारात्मक शिक्षणको आवश्यकता भएका प्रत्येक सिकारुलाई एउटा स्केल, एउटा पेन्सिल, एउटा इरेजर, एउटा कापी भए नभएको यकिन गरी नभएको अवस्थामा उक्त सामग्रीको प्रबन्ध गर्नुहोस् ।
- निम्नलिखित चित्रहरूको अध्ययन गरी प्रयोगशालामा भएका विभिन्न वस्तुहरूको लम्बाइ सही तरिकाले नाप्न सिकाउनुहोस् ।




- सिकारुलाई यस्तै अन्य क्रियाकलापहरू गर्न लगाएर नाप लिने सिप विकास गर्न लगाउनुहोस् ।



## ७. घनत्व र सापेक्षिक घनत्व सम्बन्धमा उपचारात्मक शिक्षणका लागि नमुना क्रियाकलाप

**(क) विषयक्षेत्र :** पदार्थ

**(ख) कठिनाइको क्षेत्र :** घनत्व र सापेक्षिक घनत्व

(ग) कठिनाइ हुनाका सम्भाव्य कारणहरू

- घनत्वको अवधारणा नबुझ्नु
- घनत्वसम्बन्धी गणितीय समस्या हुनु

(घ) घनत्व र सापेक्षिक घनत्व सम्बन्धमा उपचारात्मक शिक्षणका रणनीति र क्रियाकलापहरू

**रणनीति १ :** प्रयोगात्मक कार्यमा आधारित शिक्षण

**क्रियाकलाप**

- समान पिण्ड भएको कपास र ढुङ्गाको अवलोकन गर्न लगाई खाँदिएको अणु भएको वस्तुमा घनत्व बढी र अणुहरू कम खाँदिएको वस्तुमा घनत्व कम हुन्छ ।
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास गरी NCED Virtual YouTube channel मा कक्षा ७ को विज्ञान विषयको भिडियोअन्तर्गत राखिएको सापेक्षिक घनत्व सिकाइएको भिडियो हेर्न लगाउनुहोस् जसको लिङ्क तल दिइएको छ :

*https://www.youtube.com/watch?v=5ZTsAG721u0&ab_channel=NCEDVirtual*

**रणनीति २ :** क्रमिक सिकाइको रणनीति

**क्रियाकलाप १ (घनत्वका आधारमा डुब्ने र उत्रने क्रिया)**

### I Do

- फराकिलो भाँडामा पानी राख्ने र क्रमश: खाली बट्टा, ढुङ्गा, प्लास्टिक र अन्डा पानीमा डुबाउने
- डुब्ने र उत्रने क्रियाको अवधारणा स्पष्ट पार्दै पानीको भन्दा कम घनत्व भएको वस्तु पानीमा उत्रन्छ तर पानीको भन्दा बढी घनत्व भएको वस्तु पानीमा डुब्छ भनी बताउने

### We Do

- अब हामी सबैले फरक फरक वस्तु पानीमा डुबाउने जानकारी गराउनुहोस् र प्रक्रियाका बारेमा समेत छलफल गर्नुहोस् ।
- सापेक्षिक घनत्व 1 भन्दा बढी भएको वस्तु पानीमा डुब्छ भनी व्याख्या गर्नुहोस् ।

### You Do

- तपाईंको घर वरपर पाइने दश दशओटा पानीमा डुब्ने र उत्रने वस्तुको सूची तयार पारी ल्याउनुहोस् ।

**८. तत्त्वहरूको नाम र सङ्केत सम्बन्धमा उपचारात्मक शिक्षणको लागि नमुना क्रियाकलाप**

(क) विषयक्षेत्र : पदार्थ

(ख) कठिनाइको क्षेत्र : पारमाणविक सङ्ख्या २० सम्मका तत्त्वहरूको नाम र सङ्केत जान्न नसक्नु ।

(ग) कठिनाइ हुनाका सम्भाव्य कारणहरू

- पारमाणविक सङ्ख्या २० सम्मका तत्त्वहरूको नाम र सङ्केत पहिचान गर्न कठिनाइ हुनु,
- पारमाणविक सङ्ख्याअनुसार तत्वहरूलाई क्रमैसँग सम्झन नसक्नु ।

(घ) तत्त्वहरूको नाम र सङ्केत सम्बन्धमा उपचारात्मक शिक्षणका रणनीति र क्रियाकलापहरू

**रणनीति १ :** QAP मा आधारित शिक्षण

**क्रियाकलाप**

- पारमाणविक सङ्ख्या २० सम्मका तत्त्वहरूको नाम र सङ्केत भएका फरक फरक कार्डहरू छरिदिनुहोस्, मिल्दा नाम र सङ्केतलाई जोडा मिलाउनका लागि प्रश्नोत्तर गराउनुहोस् ।
- तत्वको नाम र सङ्केत सम्झन सजिलो गरी बनाइएको गीत इन्टरनेटमार्फत देखाउनुहोस् ।

**९. अम्ल, क्षार र लवणसम्बन्धी उपचारात्मक शिक्षण**

(क) **विषयक्षेत्र :** दैनिक प्रयोगका पदार्थ

(ख) **कठिनाइको क्षेत्र :** अम्ल, क्षार र लवणका भौतिक गुणहरू नबुझ्नु

कठिनाइ हुनाका सम्भाव्य कारणहरू

- अम्ल, क्षार र लवणको पहिचानमा कठिनाइ : विद्यार्थीलाई यी पदार्थहरूको विशेषता, (जस्तै : स्वाद, रङ परिवर्तन) बारे जानकारी नहुनु ।
- लिटमस पेपर प्रयोग गर्ने सिप नहुनु : लिटमस पेपर प्रयोग गरेर अम्ल, क्षार र लवण छुट्याउने तरिका नजान्नु ।

**रणनीति र क्रियाकलापहरू**

**रणनीति १: सहपाठी शिक्षण** (Peer Teaching)

**उद्देश्य:** सहपाठीको सहयोगमा विद्यार्थीलाई अम्ल, क्षार र लवणको पहिचान र लिटमस पेपरको प्रयोग सिकाउनु ।

**क्रियाकलापहरू :**

- अम्ल, क्षार र लवणको पहिचान
- चाख्ने र छुट्याउने

शिक्षकले विद्यार्थीलाई समूहमा विभाजन गरी सुरक्षित पदार्थहरू (जस्तै : कागतीको रस, तिते करेलाको रस, खाने नुनको घोल, साबुनको घोल) उपलब्ध गराउने ।

- विद्यार्थीलाई यी पदार्थहरूको स्वाद (सुरक्षित तरिकाले) चाख्न लगाउने ।

छलफल : कागतीको रस अमिलो किन हुन्छ ? साबुनको घोल कस्तो स्वादको हुन्छ ?

**यसका लागि शिक्षकले साझा निष्कर्ष निकाल्न सहयोग गर्नुपर्छ :**

अमिलो स्वाद भएका पदार्थहरू (जस्तै : कागती) अम्ल, कडा/साबुनजस्तो स्वाद भएका (जस्तै : साबुनको घोल) क्षार र नुनिलो स्वाद भएका (जस्तै : खाने नुन) लवण हुन् ।

**लिटमस पेपर प्रयोग:**

- प्रत्येक समूहलाई रातो र निलो लिटमस पेपर दिनुपर्छ ।
- विद्यार्थीलाई कागतीको रस, साबुनको घोल र खाने नुनको घोलमा लिटमस पेपर डुबाउन लगाउनुपर्छ ।

**अवलोकन**

(क) **कागतीको रस (अम्ल)** : निलो लिटमस रातो हुन्छ भने रातो लिटमस अपरिवर्तित रहन्छ ।

(ख) **साबुनको घोल (क्षार)** : रातो लिटमस निलो हुन्छ भने निलो लिटमस अपरिवर्तित रहन्छ ।

(ख) **खानेनुनको घोल (लवण)** : लिटमस पेपरमा कुनै परिवर्तन हुँदैन ।

सहपाठीले आपसमा नतिजाहरूको व्याख्या गर्छ र शिक्षकले सही बुझाइ सुनिश्चित गर्नु पर्छ ।

## सूचक पदार्थ निर्माण र प्रयोग

### प्राकृतिक सूचक बनाउने

- विद्यार्थीलाई समूहमा रातो गुलाफको फूल वा रातो बन्दाको पातका टुक्राहरू उपलब्ध गराउने ।
- यी सामग्रीहरूलाई मसिनो टुक्रा बनाएर पानीमा उमालेर रङ्गीन रस निकाल्न लगाउने ।
- यो रसलाई प्राकृतिक सूचकका रूपमा प्रयोग गर्ने ।

### सूचकको प्रयोग

- विद्यार्थीलाई कागतीको रस, साबुनको घोल र खाने नुनको घोलमा यो प्राकृतिक सूचकको केही थोपा राख्न लगाइन्छ ।

अवलोकन : रसको रङ परिवर्तन हुन्छ (जस्तै : अम्लमा रातो, क्षारमा निलो/हरियो) ।

छलफल : "प्राकृतिक सूचकले कसरी अम्ल र क्षार छुट्याउँछ ?"

सहपाठीहरूले एकअर्कालाई नतिजा बुझाउने र शिक्षकले अवधारणा स्पष्ट पार्नुपर्छ ।

**प्रभाव** : यी क्रियाकलापहरूले विद्यार्थीलाई अम्ल, क्षार र लवणको भौतिक गुणहरू प्रत्यक्ष अनुभवमार्फत् बुझ्न र लिटमस पेपर प्रयोग गर्ने सिप विकास गर्न सहयोग गर्छ ।

## १०. ग्रहणको अवधारणासम्बन्धी उपचारात्मक शिक्षण

(क) **विषयक्षेत्र** : पृथ्वी र अन्तरिक्ष

(ख) **कठिनाइको क्षेत्र** : ग्रहणको अवधारणा

कठिनाइ हुनाका सम्भाव्य कारणहरू

- **सूर्य, पृथ्वी र चन्द्रमाको परिक्रमणबारे ज्ञान नहुनु** : अन्तरिक्षमा यी खगोलीय पिण्डहरूको गति र स्थानबारे बुझाइ नहुनु ।
- **सूर्य र चन्द्रमाको प्रकृतिबारे जानकारी नहुनु** : सूर्य दिप्त (आफ्नै प्रकाश भएको) र चन्द्रमा अदिप्त (प्रकाश परावर्तन गर्ने) भएको कुरा नबुझ्नु ।
- **परम्परागत धारणा**: ग्रहणलाई अन्धविश्वाससँग जोड्नु ।

### रणनीति र क्रियाकलापहरू

**रणनीति १** : प्रदर्शन विधि

उद्देश्य: प्रत्यक्ष प्रदर्शनमार्फत सूर्य, पृथ्वी र चन्द्रमाको परिक्रमण र ग्रहणको अवधारणा स्पष्ट गर्ने ।

### गतिविधिहरू

चन्द्रमाको प्रकाश परावर्तनको प्रदर्शन:

- शिक्षकले विद्यार्थीलाई झ्याल भएको कक्षामा बसाउने ।
- एक जना विद्यार्थीलाई ऐना लिएर झ्यालबाहिर घाम लागेको ठाउँमा पठाउने ।
- ती विद्यार्थीलाई ऐनाले सूर्यको प्रकाश कक्षाको भित्तामा परावर्तन गर्न लगाउने ।

### अवलोकन

- अन्य विद्यार्थीलाई टल्किएको ऐनालाई सावधानीपूर्वक हेर्न लगाउने ।
- शिक्षकले "सूर्य दिप्त वस्तु हो, जसले आफ्नै प्रकाश उत्पन्न गर्छ । ऐना र चन्द्रमा अदिप्त वस्तु हुन्, जसले सूर्यको प्रकाश परावर्तन गर्छ । चन्द्रमा सूर्यको प्रकाश परावर्तन गरेर टल्किन्छ । भनेर शिक्षकले व्याख्या गरिदिने ।

### छलफल:

**प्रश्न**: "चन्द्रमा किन रातमा टल्किन्छ ?"

**निष्कर्ष**: चन्द्रमाले सूर्यको प्रकाश परावर्तन गर्छ, जसले गर्दा यो टल्किन्छ ।

**ग्रहणको प्रदर्शनः**

- शिक्षकले सूर्य, पृथ्वी र चन्द्रमाको नमुना (जस्तै : टर्चलाइट = सूर्य, ठुलो बल = पृथ्वी, सानो बल = चन्द्रमा) प्रयोग गर्ने ।
- कक्षामा टर्चलाइटको प्रकाशलाई सूर्यको प्रकाशका रूपमा प्रस्तुत गर्ने ।
- विद्यार्थीलाई पृथ्वीले सूर्यको वरिपरि र चन्द्रमाले पृथ्वीको वरिपरि परिक्रमण गर्ने तरिका देखाउने ।

**सूर्य ग्रहणको प्रदर्शन**

- चन्द्रमाको नमुना (सानो बल) लाई सूर्य (टर्चलाइट) र पृथ्वी (ठुलो बल) का बिचमा राख्ने ।

**अवलोकन :** चन्द्रमाले सूर्यको प्रकाश छेक्छ र पृथ्वीको निश्चित भागमा छाया पर्छ ।

शिक्षकले यस अवस्थामा पृथ्वीको छायामा परेको भागबाट सूर्य देखिँदैन, जसलाई सूर्यग्रहण भनिन्छ । भनि शिक्षकले व्याख्या गर्ने ।

**चन्द्र ग्रहणको प्रदर्शन**

- पृथ्वीको नमुना (ठुलो बल) लाई सूर्य (टर्चलाइट) र चन्द्रमा (सानो बल) का बिचमा राख्ने ।
- अवलोकन : पृथ्वीको छायाले चन्द्रमाको भाग ढाक्छ जसले गर्दा चन्द्रमा कालो वा रातो देखिन्छ ।
- यस अवस्थामा पृथ्वीको छायाले चन्द्रमालाई ढाक्छ जसलाई चन्द्रग्रहण भनिन्छ भनी शिक्षकले व्याख्या गर्ने ।

**छलफल**



**प्रश्न :** "सूर्यग्रहण र चन्द्रग्रहण कसरी फरक हुन्छन् ?"

शिक्षकले परम्परागत गलत धारणाहरू (जस्तै : ग्रहण अशुभ हो) लाई वैज्ञानिक तथ्यले खण्डन गर्छन् ।

**प्रभाव :** यी प्रदर्शनहरूले विद्यार्थीलाई सूर्य, पृथ्वी र चन्द्रमाको परिक्रमण र ग्रहणको अवधारणा प्रत्यक्ष रूपमा बुझ्न सहयोग गर्छ । यसले गलत धारणाहरू हटाउँदै वैज्ञानिक बुझाइ विकास हुन्छ ।

**रणनीति २ :** अभिनय विधि

**उद्देश्य :** विद्यार्थीलाई सूर्य, पृथ्वी र चन्द्रमाको परिक्रमण एवम् ग्रहणको अवधारणा प्रत्यक्ष अभिनयमार्फत बुझाउने ।

**क्रियाकलाप :** सूर्य, पृथ्वी र चन्द्रमाको अभिनयद्वारा ग्रहणको प्रदर्शन गर्ने ।

**आवश्यक सामग्री**

- टर्चलाइट (सूर्यको प्रकाशको प्रतिनिधित्व गर्न)
- झ्यालढोका बन्द गरेर अँध्यारो बनाउन सकिने कक्षाकोठा
- सूर्य, पृथ्वी र चन्द्रमाको नमुना (वैकल्पिक : ठुलो बल, सानो बल वा कागजमा बनाएको चित्र)

**क्रियाकलापका चरणहरू**

१. कक्षाकोठा तयारी:

- शिक्षकले उपचारात्मक शिक्षण आवश्यक भएका विद्यार्थीलाई झ्यालढोका बन्द गरेर अँध्यारो बनाउन सकिने कक्षाकोठामा लैजानुपर्छ ।
- कक्षालाई अँध्यारो बनाउनाले टर्चलाइटको प्रकाश स्पष्ट देखिन्छ जसले सूर्यको प्रकाशको प्रभावलाई राम्रोसँग प्रदर्शन गर्नुपर्छ ।

शिक्षकले एउटा टर्चलाइट तयार गर्नुपर्छ । यसलाई सूर्यको प्रकाशका रूपमा प्रयोग गर्नुपर्छ ।

**अभिनयको भूमिका विभाजन :** तीन जना विद्यार्थीलाई छनोट गरिन्छ र उनीहरूलाई निम्नलिखित भूमिका दिइन्छ :

(क) **सूर्य:** एक जना विद्यार्थीले टर्चलाइट बोकेर सूर्यको भूमिका निर्वाह गर्ने ।

(ख) **पृथ्वी:** अर्को विद्यार्थीले पृथ्वीको भूमिका निर्वाह गर्ने ।

(ग) **चन्द्रमा:** तेस्रो विद्यार्थीले चन्द्रमाको भूमिका निर्वाह गर्ने ।

यदि नमुना बलहरू उपलब्ध छन् भने सूर्यका लागि ठुलो बल, पृथ्वीको लागि मध्यम बल र चन्द्रमाका लागि सानो बल प्रयोग गर्ने ।

### परिक्रमणको प्रदर्शन

- शिक्षकले सूर्य (टर्चलाइट बोकेको विद्यार्थी) लाई कक्षाका बिचमा उभिन लगाई टर्चलाइट बाल्न लगाउने ।
- पृथ्वी (दोस्रो विद्यार्थी) लाई सूर्यको वरिपरि घडीको सुईको विपरीत दिशामा (वामावर्त) परिक्रमा गर्न लगाउने ।
- चन्द्रमा (तेस्रो विद्यार्थी) लाई पृथ्वीको वरिपरि वामावर्त दिशामा परिक्रमा गर्न लगाउने ।
- शिक्षकले अन्य विद्यार्थीलाई यो परिक्रमण अवलोकन गर्न लगाई व्याख्या गर्ने ।
- पृथ्वीले सूर्यको वरिपरि र चन्द्रमाले पृथ्वीको वरिपरि परिक्रमा गर्छ । यही गतिका कारण ग्रहणहरू लाग्छन् ।

**ग्रहणको प्रदर्शन र व्याख्या**

### सूर्यग्रहण

- शिक्षकले तीन जना विद्यार्थीलाई एक सीधा रेखामा उभिन लगाउने, जहाँ चन्द्रमा (सानो बल वा विद्यार्थी) सूर्य र पृथ्वीको बिचमा हुन्छ ।
- सूर्य (टर्चलाइट) को प्रकाश चन्द्रमाले छेक्छ र पृथ्वीको निश्चित भागमा छाया पर्छ ।
- जब चन्द्रमा सूर्य र पृथ्वीको बिचमा आउँछ चन्द्रमाले सूर्यको प्रकाश छेक्छ । पृथ्वीको छायामा परेको भागबाट सूर्य देखिँदैन । यसलाई सूर्यग्रहण भनिन्छ । भनेर शिक्षकले व्याख्या गरिदिने ।

### चन्द्रग्रहण

- अब चन्द्रमा र सूर्यको बिचमा पृथ्वी आउने गरी तीन जना विद्यार्थीको स्थान परिवर्तन गर्ने ।
- पृथ्वी (मध्यम बल वा विद्यार्थी) ले सूर्यको प्रकाश छेकेर चन्द्रमामा छाया पर्छ ।
- जब पृथ्वी सूर्य र चन्द्रमाको बिचमा आउँछ, पृथ्वीको छायाले चन्द्रमालाई ढाक्छ । चन्द्रमाको छायामा परेको भाग कालो वा रातो देखिन्छ । यसलाई चन्द्रग्रहण भनिन्छ । भनेर शिक्षकले व्याख्या गरिदिने ।

**शिक्षकले विद्यार्थीलाई निम्न लिखित प्रश्न सोध्न सक्ने छन् ।**

- सूर्यग्रहण र चन्द्रग्रहण कसरी फरक हुन्छन् ?
- चन्द्रमाले आफ्नै प्रकाश किन उत्पन्न गर्दैन ?

### छलफल र निष्कर्ष

- शिक्षकले ग्रहणका वैज्ञानिक कारणहरू स्पष्ट पार्ने र परम्परागत गलत धारणाहरू (जस्तै : ग्रहण अशुभ हो) लाई खण्डन गर्न सक्छन् ।

- विद्यार्थीलाई आफ्नो कक्षाकोठा अनुभव लेख्न वा चित्र बनाउन लगाउने (उदाहरण : सूर्य, पृथ्वी र चन्द्रमाको स्थान देखाउने चित्र) ।

**शिक्षकले सूर्य दिप्त र चन्द्रमा अदिप्त वस्तु भएको कुरा पुनः दोहोऱ्याउने ।**

**प्रभावः** यो गतिविधिले विद्यार्थीलाई सूर्य पृथ्वी र चन्द्रमाको परिक्रमण र ग्रहणको अवधारणा प्रत्यक्ष अभिनयमार्फत बुझ्न सहयोग गर्छ । अभिनय र प्रदर्शनले जटिल वैज्ञानिक अवधारणालाई रमाइलो र सरल बनाउँछ । गलत धारणाहरू हट्दै विद्यार्थीको वैज्ञानिक बुझाइ र आत्मविश्वास बढ्छ ।

**नियमित मूल्याङ्कन** (जस्तैः प्रश्नोत्तर, चित्र बनाउने वा लेखन कार्य) मार्फत विद्यार्थीको प्रगति जाँचिनुपर्छ ।




**२.४ उपचारात्मक शिक्षणका नमुना प्रतिवेदन (विशिष्ट मामला, उपचारात्मक शिक्षणका लागि विषयवस्तुको क्षेत्र र विद्यार्थी पहिचान, उपचारात्मक शिक्षणका रणनीतिहरूको प्रयोग र प्राप्तिको विश्लेषण)**

**द्रष्टव्य :**

१. उपचारात्मक शिक्षण गर्नुपर्ने विद्यार्थीलाई कक्षा शिक्षण समयमा नै गर्नुका साथै सोबाट सिकाइमा भएको सुधारको विषयमा शिक्षक, अभिभावक र स्थानीय तहको संलग्नतामा समीक्षा गर्ने ।

२. सिकाइमा सुधारका लागि विभिन्न व्यक्ति (प्रधानाध्यापक, शिक्षा शाखा प्रमुख, स्रोत शिक्षक, मेन्टर र सुपरीवेक्षक) तथा निकाय (विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, स्थानीय तह र गैरसरकारी संस्था) को भूमिकालाई तेस्रो एकाइमा समावेश गर्ने ।

# स्वास्थ्य र शारीरिक शिक्षा

# विद्यार्थी सिकाइ उपलब्धि वृद्धिका लागि उपचारात्मक शिक्षण
# सहयोगी सामग्री

## एकाइ : दुई

**सिकाइ सुधारको लागि उपचारात्मक शिक्षण**

नेपालमा उपचारात्मक शिक्षण (Remedial Teaching) को व्यवस्था शिक्षाको गुणस्तर सुधार गर्न र विभिन्न कारणले पछि परेका विद्यार्थीलाई मुल धारको शिक्षामा ल्याउनका लागि गरिएको छ । उपचारात्मक शिक्षण विशेष गरी त्यस्ता विद्यार्थीका लागि लक्षित हुन्छ, जसले नियमित कक्षा सिकाइमा कठिनाइ अनुभव गरिरहेका हुन्छन् वा आफ्नो स्तरअनुसार अपेक्षित शैक्षिक प्रगति गर्न सकेका हुँदैनन् । उपचारात्मक शिक्षण पद्धतिलाई सुधारात्मक, निदानात्मक, निर्माणात्मक, क्लिनिकल वा संरचनात्मक शिक्षण पद्धति पनि भनिन्छ । विद्यार्थीले त्रुटि, गल्ती वा भुल गरेको ठाउँमा कार्यस्थलमै सिकाइका क्रममा गरिने सुधारात्मक शिक्षण उपचारात्मक शिक्षण हो । शिक्षकले शिक्षणपूर्व, शिक्षणका क्रममा र शिक्षणपछि गरिने कार्यकलाप समावेश गरी पाठयोजना निर्माण गरेको हुन्छ । शिक्षणपूर्व गरिने कार्यकलापमा पाठ्यक्रम, पुस्तक, शिक्षक निर्देशिका/मूल्याङ्कन निर्देशिका पढ्ने, स्रोत सामग्री पढ्ने, प्रशिक्षकसँग छलफल गर्ने, सामग्री तयारी गर्ने तथा शिक्षण योजना तयार गर्ने कार्य पर्छन् र यसैअनुसार कक्षा शिक्षणमा सुरुआती कार्यकलाप, सिकाइ तथा ज्ञान निर्माण कार्यकलाप र मूल्याङ्कन कार्यकलाप गरिन्छ । विद्यार्थी मूल्याङ्कनका लागि शिक्षकले निरन्तर उपलब्धि आकलन कार्यमा विद्यार्थीलाई अभ्यस्त गराउनुपर्छ । यसरी विद्यार्थीका सिकाइ दुर्बलतालाई सबलतामा परिणत गर्न र चुनौतीलाई अवसरमा परिणत गर्न गरिने कार्यकलाप, प्रयत्न, तरिका वा प्रयासलाई उपचारात्मक शिक्षणका रूपमा लिइन्छ । उपचारात्मक शिक्षण निम्नानुसारको चक्रमा पूरा हुन्छ ।




यस विषयमा उपचा रात्मक शिक्षणको प्रयोग फरक अवस्थामा फरक तरिकाले गरिन्छ :

| क्र.सं. | अवस्था | उपचारात्मक शिक्षणको प्रयोग |
|---|---|---|
| १ | ढिलो सिकाइ | पर्याप्त अभ्यास, वैयक्तिक सहयोग/मेन्टरिङ/कार्यकलापमा विविधता, वैयक्तिक कार्यकलाप, जान्नेहरूबाट सिकाउने तरिका उपयोग |
| २ | समस्या समाधान | विद्यार्थीमा देखिने असावधानीजन्य तथा अन्य समस्या पहिचान गरी उपयुक्त कार्यकलाप, घटना अध्ययन, कार्यमूलक अनुसन्धान, मूल्याङ्कन, विशिष्टीकरण, रुब्रिक्स, प्रयोगात्मक तथा परियोजनात्मक कार्य, व्यक्तिगत फाइल तथा घटना अध्ययन आदिको उपयोग |
| ३. | चुनौती सम्बोधन | छिटो सिकेर ज्ञान, सिप हासिल गरिसकेका विद्यार्थीलाई दोस्रो चरण कार्यकलाप (Second step activities) का रूपमा थप कार्यकलाप दिई थप धारणा र सिर्जनात्मक अभिव्यक्तिका लागि अभ्यास गराउने |

सुधारात्मक शिक्षण कमजोर सिकाइ भएका, ढिलो सिक्ने, नजान्ने समस्या भएका विद्यार्थीलाई हेरेर मात्र गरिने नभएर कक्षाका अब्बल विद्यार्थीका लागि पनि सिकाइको माथिल्लो स्तरमा उक्लन सुधारात्मक शिक्षण आवश्यक पर्छ । सुधारात्मक शिक्षण कक्षाको तात्क्षणिक अवस्था र विद्यार्थीको सिकाइ स्तरका आधारमा अपनाउनुपर्ने भएकाले शिक्षकको दक्षता र पेसँगत विकासका आधारमा कार्यकलाप र सहजीकरण प्रक्रियाका अनेक विकल्पमध्ये एक वा अनेक विकल्पको उपयोग गरी विद्यार्थीको सिकाइस्तर वृद्धि गर्नुपर्छ ।

### २.१. सिकाइ आवश्यकता पहिचान

प्रत्येक कक्षामा सिकाइ सहजीकरण सुरु गर्नुपूर्व बालबालिकाका सिकाइ आवश्यकताको पहिचान गर्नुपर्छ । बालबालिका  फरक फरक पृष्ठभूमि, रुचि, क्षमता र आवश्यकतासहित विद्यालयमा आएका हुन्छन् ।  सिकाइलाई प्रभावकारी बनाउन  विद्यार्थीको वास्तविक सिकाइ अवस्था र आवश्यकता  एवम् सिकाइपूर्वको क्षमता पहिचान गर्नु आवश्यक छ । यसका लागि कक्षाको सुरुमा नै बालबालिकाको मौजुदा ज्ञान, सिप र व्यवहारबारे बुझ्न प्रश्नोत्तर, वैयक्तिक कार्यकलाप, सिप प्रदर्शन, चित्र पहिचान तथा वर्णन, माटो तथा कागजका सामान निर्माण, स्वस्थ व्यवहार र गीत गायनजस्ता कार्य गराउनुपर्छ । यस्तै विद्यार्थीले कक्षाभित्र र बाहिर गर्ने कार्यकलापको अवलोकन, सामग्री निर्माण तथा प्रदर्शन कार्यको अवलोकन पनि गर्न सकिन्छ । अभिभावक तथा परिवारसँग अन्तर्क्रिया गरेर विद्यार्थीको घरको वातावरण, सामाजिक व्यवहार, रुचि क्षेत्र आदिबारे जानकारी लिन सकिन्छ । बालबालिकासँगको अन्तरक्रिया गरी उनीहरूका रुचिका कार्य र व्यवहार प्रदर्शन गर्न लगाउन पनि सकिन्छ । उनीहरूको रुचि, मनपर्ने क्रियाकलाप, आफूले जान्ने कुरा खुलाएर भन्न दिने वातावरण बनाउँदा पनि सिकाइ आवश्यकताबारे थाहा पाउन सकिन्छ । बालबालिकाको उमेरअनुकूल रङ छुट्याउने, माटो, काठ र कागजका सामान निर्माण गर्न लगाउने, गीत गाउन, नाच्न र विभिन्न प्रकारका खेलकूदमा सहभागी

गराउने जस्ता कार्यबाट पनि सिर्जनात्मक कलाका साथै स्वास्थ्य र शारीरिक शिक्षाका विषयमा आवश्यकता पहिचान गर्न सकिन्छ । यस्तै समूहमा वा जोडीमा काम गर्न लगाएर पनि विद्यार्थीको नेतृत्व क्षमता, सहकार्य, संवाद कला, गायन कला, समस्या समाधान सिप आदिको पहिचान गर्न सकिन्छ ।

कक्षा सिकाइमा चेकलिस्ट, रेटिङ स्केल आदिको प्रयोग पनि सिकाइ आवश्यकताको आधार बन्न सक्छ । आधारभूत तह (कक्षा ६-८) को स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयलाई हप्तामा जम्मा ३ पाठ्यभार छुट्टैयाइएको छ । सिर्जनात्मक कलाअन्तर्गत सिर्जना, सङ्गीत र कलाका विषयवस्तु समेटिएका छन् । कक्षा शिक्षण गर्ने विषय शिक्षकले विद्यार्थीको स्वास्थ्य, शारीरिक, सङ्गीत, कला र नृत्यका विविध सिर्जनात्मक पक्षमा आवश्यकता पहिचान गर्न सक्नुपर्छ । सिकाइमा सक्रियता, कक्षाकार्य, त्रैमासिक वा मासिक परीक्षामा विद्यार्थीले हासिल गरेको सिकाइ उपलब्धिलाई पनि आधार मान्न सकिन्छ । परीक्षण, कक्षा मूल्याङ्कन वा निरन्तर मूल्याङ्कनका आधारमा उपचारात्मक शिक्षणको आवश्यकताको लागि विद्यार्थीलाई पहिचान गर्न सकिन्छ ।

हालै नेपाल सरकारले गरेको सिकाइ उपलब्धि वर्गीकरण अनुसार ३५ प्रतिशत भन्दा कम सिकाइ उपलब्धि भएकालाई न्यून सिकाइका रूपमा राखिएको छ । यो समूहका विद्यार्थी विशेषत: उपचारात्मक शिक्षणमार्फत सिकाइ सुधारको लागि उपयोगी समूह हो । त्यसैगरी विद्यालयको आवश्यकता हेरी आधारभूत तहका कक्षामा ३५ देखि ५० प्रतिशत भन्दा कम प्राप्ताङ्क भएका विद्यार्थीलाई पनि उपचारात्मक शिक्षणको लागि पहिचान गर्न सकिन्छ । विशेषत: सामान्यभन्दा कम र आधारभूत क्षमताका विद्यार्थीका लागि उपचारात्मक शिक्षण आवश्यक पर्ने भएकाले यस पक्षलाई ध्यान दिई सिकाइ आवश्यकता पहिचान गर्नुपर्छ ।

यस विषयलाई हप्ताको जम्मा ३ पाठ्यभार छुट्टैयाइएको छ । यस विषयमा भएको विविधताले गर्दा झन् बढी विषयवस्तुहरू समेटिएका छन् । विशेषगरी स्वास्थ्य, शारीरिक र सिर्जनात्मक कलाअन्तर्गत पनि सङ्गीत र कलाका विषयवस्तुहरू समेटिएका छन् । कक्षा शिक्षण गर्ने विषय शिक्षकले विद्यार्थीको सिकाइ सुधारका लागि उनीहरूको अवस्था पहिचान गर्न सक्नुपर्छ । यसका लागि त्रैमासिक वा मासिक परीक्षामा विद्यार्थीले हासिल गरेको सिकाइ उपलब्धिलाई आधार मान्न सकिन्छ । शिक्षकले परीक्षण, कक्षा मूल्याङ्कन वा निरन्तर मूल्याङ्कनको आधारमा उपचारात्मक शिक्षणको आवश्यकताको लागि विद्यार्थी पहिचान गर्छन् ।

### २.१.१ सिकाइमा थप सहायता आवश्यक भएका बालबालिकाको पहिचान

सिकाइमा थप सहायता आवश्यक भएका बालबालिकाको पहिचानको निम्ति शिक्षकबाट निम्नअनुसारका क्रियाकलापहरूको प्रयोग गर्न सकिन्छ । नियमित गृहकार्य, कक्षा अभ्यास, साप्ताहिक परीक्षण,

परियोजना कार्य आदिबाट पनि विद्यार्थीको सिकाइको अवस्था मूल्याङ्कन गर्न सकिन्छ । लगातार कमजोर नतिजा भएका विद्यार्थी उपचारात्मक शिक्षणका लागि उपयुक्त ठहरिन्छन् । यस सन्दर्भमा शिक्षकले माथि उल्लेख भएअनुसारका कार्यमा आफनो विषयको हरेक क्रियाकलापलाई मूल्याङ्कनको आधार बनाउनुपर्छ ।

**(क) कक्षा अवलोकन**

सिकाइका क्रममा बालबालिकाको एकाग्र हुने क्षमता, सिकाइमा संलग्नता र सक्रिय सहभागिता, प्रदर्शन गर्ने व्यवहार र कार्यसम्पादनस्तर अवलोकन गर्न सकिन्छ । यसै गरी सिकाइको गति र बोध तथा सिप प्रदर्शन क्षमतालाई आधार मानी अन्य विद्यार्थीसँग तुलना गरेर पनि सिकाइ आवश्यकता पहिचान गर्न सकिन्छ ।

**(ख) परीक्षा परिणाम विश्लेषण**

त्रैमासिक, अर्धवार्षिक, वार्षिक वा कक्षा परीक्षणको नतिजाको विश्लेषण गरेर कम अङ्क प्राप्त गर्ने विद्यार्थी पहिचान गरिन्छ । यस विषयमा बारम्बार असफल हुने वा न्यून प्रदर्शन गर्ने विद्यार्थीलाई उपचारात्मक सहयोग चाहिन्छ ।

**(ग) शिक्षक र अभिभावकको अन्तरक्रिया**

विद्यार्थी, अभिभावक तथा शिक्षकसँग छोटो अन्तर्वार्ता लिएर विद्यार्थीको समस्याको प्रकृति बुझ्न सकिन्छ, जस्तैः घरको वातावरण, स्वास्थ्य समस्या, आत्मविश्वास अभाव आदि ।

**(घ) कक्षा सहभागिता र व्यवहार अवलोकन**

कक्षामा ध्यान नदिने, गृहकार्य नगर्ने, शिक्षकको निर्देशन बुझ्न नसक्ने, वारम्वार उस्तै गल्ती गर्ने विद्यार्थी पनि उपचारात्मक शिक्षणका लागि लक्षित हुन्छन् ।

**(ङ) सहपाठी प्रतिक्रिया**

समूह कार्यमा सहभागिता र सिप प्रदर्शनलाई आधार मानी कुनै विद्यार्थीका बारेमा सहपाठीको प्रतिक्रिया लिएर पनि बालबालिकामा थप सहायता चाहिने वा नचाहिने आकलन गर्न सकिन्छ ।

**(च) व्यक्तिगत शैक्षिक योजना तयारी :**

कक्षामा अपाङ्गता भएका बालबालिका भएमा तिनका लागि व्यक्तिगत योजना बनाएर थप सहायताको अवस्था पहिचान गर्न सकिन्छ ।

**(छ) निरन्तर मूल्याङ्कन**

नियमित गृहकार्य, कक्षा अभ्यास, साप्ताहिक परीक्षण, परियोजना कार्य आदिबाट विद्यार्थीको प्रदर्शन

मूल्याङ्कन गरिन्छ । यसबाट लगातार कमजोर नतिजा भएका विद्यार्थीका लागि थप सहायताका क्षेत्र पहिचान गर्न सकिन्छ

**(ज) शिक्षकको अनुभव र अभिलेख**

अनुभवी शिक्षकले विद्यार्थीको व्यवहार, प्रश्न गर्ने शैली, बुझाइको गति आदिबाट पनि उपचारात्मक आवश्यकताको सङ्केत पत्ता लगाउन सक्छन् ।

**(झ) स्तर परीक्षण**

विद्यार्थीको सिप, बुझाइ र ज्ञानको स्तर छुट्टै परीक्षण (diagnostic test) मार्फत् मूल्याङ्कन गरिन्छ । यस्तो परीक्षणले कुन क्षेत्रमा कस्तो समस्या छ भन्ने स्पष्ट जानकारी दिन्छ ।

**(ञ) सहकर्मी तुलना**

एउटै कक्षाका अन्य विद्यार्थीसँग तुलना गर्दा धेरै कमजोर देखिएको खण्डमा ती विद्यार्थीलाई छुट्टै शिक्षण आवश्यक हुन सक्छ ।

पुनश्च: पाठ्यक्रमले ५० अङ्कको आन्तरिक मूल्याङ्कनको व्यवस्था गरेकाले निम्न खाकाको आधारमा प्रत्येक विद्यार्थीको अवस्था विश्लेषण गर्न सकिन्छ । सिकाइ अवस्थाको पहिचान गर्दा कूल अङ्कमा १६ वा सो प्राप्ताङ्कभन्दा कमलाई न्यून सिकाइ अवस्थामा राखी उपचार गर्न सकिने व्यवस्था गर्न सकिन्छ । जस्तै: उदाहरणका लागि तल दिइएको तालिकाअनुसार विद्यार्थीको अवस्था पहिचान गर्न सकिन्छ ।

| क्र.सं. | विद्यार्थीको नाम, थर | अगिल्ला परीक्षा १० | | | अभिभावक प्रतिक्रिया १० | | | कक्षा कार्य ४ | | | गृह कार्य २ | | | परियोजना कार्य १० | | | एकाइ परीक्षा ८ | | | कक्षा व्यवहार २ | | | कक्षा सहभागिता ४ | | | सिकाइको अवस्था ५० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | जीवन लामा | | | * | | | * | | | * | | | * | | | * | | | * | | | | | | * | * |
| २. | अरुणिमा मगर | | | * | | | * | | | * | | | * | | | * | | | * | | | | | | * | * |
| ३. | मीना श्रेष्ठ | | | * | | | * | | | * | | | * | | | * | | | * | | | | | | * | * |
| ४. | सन्ध्या नेपाली | | | * | | | * | | | * | | | * | | | * | | | * | | | | | | * | * |
| ५. | हरि शर्मा | | | * | | | * | | | * | | | * | | | * | | | * | | | | | | * | * |
| ६. | ................ | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ७. | .......... | | | | | | | | | | | | | | | | | | | | | | | | | |

सिकाइ अवस्था पहिचानका लागि निम्न मापदण्डअनुसारको खाकालाई पनि आधार मान्न सकिन्छ :

**नोटः** विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि प्रारूपमा भएको व्यवस्थाबमोजिम विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई सहजीकरण गर्नुपर्छ ।

**कक्षा सहभागिताको मूल्याङ्कन मापदण्ड**

कक्षा सञ्चालन भएको ७५ देखि शत प्रतिशत हाजिरी भएमा अङ्क ४ दिने

कक्षा सञ्चालन भएको ५० देखि ७४ प्रतिशत हाजिरी भएमा अङ्क ३ दिने

कक्षा सञ्चालन भएको ३० देखि ४९ प्रतिशत हाजिरी भएमा अङ्क २ दिने

कक्षा सञ्चालन भएको १ देखि २९ प्रतिशत हाजिरी भएमा अङ्क १ दिने

**अभिभावक प्रतिक्रियाको मूल्याङ्कन मापदण्ड**

हाजिरी भएको र समयमै विद्यालय आएमा अङ्क १ दिने

गृहकार्य र परियोजनात्मक कार्य सम्पन्न गरी समयमै बुझाएमा अङ्क १ दिने

घरको काममा सवैलाई सघाउने र जिज्ञासु भई प्रतिक्रिया दिएमा अङ्क १ दिने

थप सुधारको अपेक्षा राखी विद्यालयमा सम्पर्क गरेमा अङ्क १ दिने

**गृहकार्यको मूल्याङ्कन मापदण्ड**

सम्पूर्ण गृहकार्य पूरा गरी बुझाएमा अङ्क १ दिने

गृहकार्य स्पष्ट बुझिने भएमा अङ्क १ दिने

समयावधि तोकिएअनुसार समयमै शिक्षकलाई बुझाएमा अङ्क १ दिने

गृहकार्य मूल्याङ्कनमा शिक्षकको सन्तुष्टि रहेमा अङ्क १ दिने

**परियोजना कार्यको मूल्याङ्कन मापदण्ड**

परियोजना कार्य बुझाएको, गुणस्तरीयता र निश्चिततासहित सन्दर्भ सामग्रीको अवस्थासमेत शुद्ध र पूर्ण भए अङ्क- १

प्रस्तुति र सिलसिलामा बनावट र सजावतको मात्र मूल्याङ्कन भएमा अङ्क १ दिने

परियोजना कार्यमा समूह कार्यको योगदान भएमा अङ्क १ दिने

कार्यमा शिक्षकको सन्तुष्टि वापत अङ्क १ दिने

**एकाइ वा परीक्षामा प्राप्ताङ्कको आधारमा मूल्याङ्कन मापदण्ड**

प्राप्ताङक ३.६ जिपिए देखि ४ जिपिए पाएमा अङ्क ४

प्राप्ताङक ३.२ देखि ३.६ जिपिए मुनि पाएमा अङ्क ३

प्राप्ताङक २.८ देखि ३.२ जिपिए मुनि पाएमा अङ्क २

प्राप्ताङक २.४ देखि २.८ जिपिए मुनि पाएमा अङ्क १

## स्वास्थ्य शिक्षा

## कक्षा ४-५

स्वास्थ्य विषयका विभिन्न विषयवस्तुहरू सिकाउने क्रममा विद्यार्थीले सम्बन्धित विषयको आधारभूत ज्ञान तथा सिपको अभावका कारण सिकाइमा विभिन्न कठिनाइहरू अनुभव गर्न सक्छन् । यस्तो स्थितिको प्रमुख कारण स्वास्थ्य विषयका अवधारणाहरूको अस्पष्टता, विषयवस्तुको जटिलता, वा बुझाइको कमजोरी हुन सक्छ । परिणामस्वरूप, विद्यार्थीमा दैनिक जीवनमा स्वास्थ्यसम्बन्धी व्यावहारिक समस्या समाधान गर्ने क्षमता सीमित देखिन्छ । यसले प्रभावकारी सिकाइका लागि उपचारात्मक शिक्षणको आवश्यकता औंल्याउँछ ।

कक्षा ४-५ स्वास्थ्य विषयमा विद्यार्थीको सिकाइमा देखा पर्ने सम्भावित कठिनाइका क्षेत्र

| क्र.सं. | विषयवस्तुको क्षेत्र | सिकाइ अपेक्षा | सिकाइ अवस्था पहिचानको साधन/ विधि | विद्यार्थीलाई हुन सक्ने सम्भावित कठिनाइहरू |
|---|---|---|---|---|
| १ | व्यक्तिगत स्वच्छता | सम्पूर्ण शरीरसहित ज्ञानेन्द्रियको हेरचाह र सरसफाइको आवश्यकता बताउन | - निरन्तर मूल्याङ्कन गृहकार्य बुझाए वा नबुझाएको लेखाजोखा राख्ने<br>- मौखिक प्रश्नोत्तर<br>- विद्यार्थीको लेखन कार्य (जस्तै कक्षाकार्य, गृहकार्य, साप्ताहिक परीक्षण) को नियमित समीक्षा<br>- कक्षागत अवलोकन<br>- प्रारम्भिक परीक्षण<br>- रुब्रिक्स<br>- रुजु सूची तथा श्रेणी मापन<br>- विधार्थीको कक्षामा सहभागिता | - सरसफाइको महत्त्व बुझ्न कठिनाइ<br>- सरसफाइले स्वास्थ्यमा पर्ने असरको बारेमा जानकारीको कमी<br>- ज्ञानेन्द्रियको नाम र सोहीअनुसारको सरसफाइ तरिका छुट्याउन नसक्नु |
| २ | वातावरणीय सरसफाइ | फोहरमैलाले स्वास्थ्यमा पर्ने असर बुझी उचित व्यवस्थापन गर्न | | - वातावरणीय सरसफाइको अवधारणा बुझाइमा कमी<br>- फोहरमैलाले स्वास्थ्यमा पर्ने असरको बारेमा जानकारीको कमी<br>- वातावरणीय सरसफाइको महत्व थाहा नहुनु<br>- चर्पी सफा राख्ने तरिका नजान्नु, चर्पी प्रयोग गर्ने बानी नहुनु |

| | | | | |
|---|---|---|---|---|
| ३ | पोषण | स्वस्थकर खानाको छनोट र प्रयोग गर्न | - स्वमूल्याङ्कन तथा प्रतिविम्बन<br>- सहपाठी मूल्याङ्कन<br>- छोटो उत्तर लेखन<br>- दैनिक व्यवहारको अवलोकन | - स्वस्थकर खानाको छनोट र प्रयोग गर्न कठिनाइ |
| ५ | रोग धूमपान र मद्यपान | सर्ने र नसर्ने रोगको माध्यम बताउन | | - रोगका नाम र लक्षणहरू सम्झन कठिन |
| ४ | सुरक्षा र प्राथमिक उपचार | संभावित दुर्घटना जस्तै : जलन, सडक दुर्घटनाबाट सुरक्षित रहन | | - दुर्घटना जस्तै : जलन, सडक दुर्घटनाबाट सुरक्षित रहन व्यावहारिक अभ्यासको अभाव |

**विषयगत समस्याका क्षेत्रअनुसार नमुना शिक्षण क्रियाकलापहरू**

**विषयवस्तुको क्षेत्र** : वातावरणीय सरसफाइ

**कठिनाइको क्षेत्र**: वातावरणीय सरसफाइको अवधारणा

**उपचारात्मक शिक्षणका सम्भावित रणनीति र क्रियाकलापहरू**

वातावरणीय सरसफाइ स्वास्थ्य र जीवनशैलीसँग गहिरो रूपमा सम्बन्धित विषय हो । यसबारे ज्ञान नहुनु या बुझाइमा कमजोरी भएमा विद्यार्थीको व्यवहार र सोचमा दीर्घकालीन असर पार्न सक्छ । यस्तो विषय सबै विद्यार्थीले एउटै गतिमा सिक्न सक्दैनन् । कतिपय विद्यार्थीमा निम्न समस्याहरू देखिन सक्छन् । जस्तै सरसफाइको महत्व बुझ्न नसक्ने, वातावरणीय प्रदूषण र त्यसको असर छुट्याउन कठिन हुने, व्यक्तिगत र सामुदायिक सरसफाइबिचको सम्बन्ध नबुझ्ने, व्यवहारमा लागु गर्न कठिनाइ हुने आदि हुन सक्छन् । यसकारण, उपचारात्मक शिक्षण रणनीति र क्रियाकलापहरू आवश्यक हुन्छन् । यसले विद्यार्थीको सिकाइ कठिनाइलाई सहज बनाउने, अवधारणा स्पष्ट बनाउने र व्यवहारमा परिवर्तन ल्याउने अवसर प्रदान गर्छ ।

**रणनीति १**: प्रदर्शनी विधिबाट शिक्षण

**क्रियाकलापहरू**:

- वातावरणीय सरसफाइको अवधारणा प्रस्ट पार्न विद्यार्थीलाई विद्यालय परिसरमा हुने वास्तविक सरसफाइ कार्यमा संलग्न गराई सिकाइ सहजीकरण गर्ने । उदाहरणका रूपमा: झाडी हटाउने, डस्टबिनमा फोहोर फाल्ने, कक्षाकोठा सफा गर्ने, बगैँचामा झरेका पात टिप्ने आदि ।
- शिक्षकले सुरुमा आफैँले एक क्षेत्र सफा गरेर देखाउनुहोस् – कसरी कुचो लगाउने, फोहोर छुट्याउने र सही ठाउँमा फाल्ने सिकाउनुहोस् । त्यसपछि विद्यार्थीलाई सोही तरिकाले गर्न लगाउनुहोस् । यसले गर्दा व्यवहारमा उतार्न सजिलो हुन्छ ।

- विद्यार्थीलाई ससाना समूहमा विभाजन गरी विद्यालयका विभिन्न स्थानहरू (कक्षा, चउर, चर्पी, बाटो वरपर) सफा गर्न जिम्मेवारी दिनुहोस् । प्रत्येक समूहले आफूले गरेको कार्यको कक्षामा मौखिक रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । न्यून तथा मध्यमस्तरको सिकाइ उपलब्धि भएका विद्यार्थीको मूल्याङ्कन मौखिक रूपमा समीक्षा गरेर पनि गर्न सकिन्छ ।
- सरसफाइपछि शिक्षकले सबै समूहलाई भेला गराएर कुन ठाउँमा बढी फोहोर थियो, किन त्यस्तो भएको होला? जस्ता प्रश्न गर्दै सामूहिक छलफल गर्नुहोस् । यो रणनीतिबाट विद्यार्थीले स्वयम् जिम्मेवारी लिने र सरसफाइको महत्व बुझ्ने अवसर पाउने छन् ।
- अन्त्यमा, विद्यार्थीलाई “म के गर्छु ?” भन्ने प्रतिबद्धता लेख्न वा भन्न लगाउनुहोस् । जस्तैः “म हरेक बिहीवार मेरो डेस्क वरिपरि सफा गर्छु ।” यसले उनीहरूमा व्यावहारिक बानी विकास गर्न सहयोग गर्छ ।

**रणनीति २ : व्यक्तिगत विभिन्नताका आधारमा शिक्षण**

विद्यार्थी विविध सिकाइ क्षमताका हुन्छन् । फरक फरक पारिवारिक तथा आर्थिक वातावरणबाट आएका हुन्छन् । शारीरिक रूपमा फरक किसिमको आवश्यकता भएका विद्यार्थी पनि हुन सक्छन् । तसर्थ, विद्यार्थीको व्यक्तिगत भिन्नता र आवश्यकताका आधारमा सिकाइ सहजीकरण प्रक्रियाको छनोट गर्नुपर्छ । जस्तै :

- सिकाइ क्षमता कम भएका विद्यार्थीलाई अलि बढी समय दिएर
- शैक्षिक सामग्री विद्यार्थी आफैँले छोएर, अनुभव गरेर, आफैँ सहभागी भएर सिक्ने अवसर प्रदान गरेर
- भिडियो सामग्री हेर्ने अवसर दिएर
- विद्यार्थीको सिकाइ स्तर पहिचान गरी उसको आवश्यकताअनुसारको सिकाइ गरेर
- निरन्तर प्रोत्साहन र सहयोग गरेर आदि ।

**व्यक्तिगत विभिन्नताका आधारमा शिक्षण क्रियाकलापहरू**

विद्यार्थीको क्षमता र रुचिअनुसार समूह विभाजन

- सुनाइ र अवलोकनबाट छिटो सिक्ने विद्यार्थीलाई प्रदर्शनी हेरेर फोहोर कसरी व्यवस्थापन गर्ने भन्ने सिकाइ गराउन सकिन्छ ।
- व्यावहारिक कार्यमा रुचि राख्ने विद्यार्थीलाई विद्यालय परिसर सफा गर्ने जिम्मेवारी दिनुहोस् ।
- कलामा रुचि भएका विद्यार्थीलाई सरसफाइसम्बन्धी पोस्टर बनाउने, नारा लेख्ने वा चित्र बनाउने काममा संलग्न गराउनुहोस् ।
- भाषिक श्रव्यमा चाख राख्ने विद्यार्थीका लागि वातावरणीय सरसफाइसम्बन्धी सानो गीत वा कविता लेख्न र सुनाउन अवसर दिनुहोस् ।

- अन्तरवैयक्तिक खालका विद्यार्थीलाई समूह नेतृत्व गरेर अरूलाई सहयोग गर्न प्रेरित गर्नुहोस् ।

**रणनीति ३ : सहपाठी शिक्षण**

**क्रियाकलापहरू**

- प्रत्येक सहपाठी शिक्षण समूहमा एक जना राम्रो बुझाइ भएको विद्यार्थी (Peer Tutor) र २-३ जना सहायक विद्यार्थी (Peer Learners) राख्नुहोस् ।
- शिक्षकले सफा वातावरण के हो ?, किन आवश्यक छ ?, यसले स्वास्थ्यमा कस्तो असर पार्छ ?, हामीले के गर्नुपर्छ ? भन्ने मुख्य बुँदाहरू समेटिएको सामग्री तयार गर्नुहोस् । चार्ट, चित्र, साना भिडियो, वा उदाहरणहरू प्रयोग गर्न सजिलो बनाउनुहोस् ।
- Peer Tutor ले आफ्नो समूहका साथीहरूलाई सरल भाषामा अवधारणा व्याख्या गर्न लगाउनुहोस् ।
- छिटो सिक्न सक्ने बालबालिकालाई अन्य बालबालिकाको सिकाइमा सहयोग गर्न लगाउनुहोस् यसबाट बालबालिकामा सहयोगी भावनाको पनि विकास गराउन सकिन्छ ।
- भाषा तथा शारीरिक अवस्थाका कारण वा अन्य कुनै पनि कारणबाट सिकाइमा पछाडि परेका बालबालिकाहरूलाई सम्बन्धित भाषाका सहपाठीको सहयोग लिएर पनि सिकाइ उपलब्धि हासिल गराउन जोड दिनुपर्छ ।

**रणनीति ४: छलफल विधिबाट शिक्षण**

**क्रियाकलापहरू**

प्रारम्भिक उत्प्रेरणा (Introduction & Motivation)

- शिक्षकले विद्यार्थीलाई सोच्न लगाउने प्रश्नहरू सोधेर छलफलको सुरुआत गर्नुहोस् :
- विद्यालय वरिपरि फोहोर देख्दा कस्तो महसुस हुन्छ ?
- हाम्रो वातावरण किन सफा हुनुपर्छ ?
- यदि हामीले वातावरणीय सरसफाइ नगरेमा के असर पर्न सक्छ ?

सानो समूह छलफल (Small Group Discussion)

- विद्यार्थीलाई ४-५ जनाको सानो समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहलाई फरक फरक विषय दिइन्छ, जस्तै :
    - विद्यालय वरपर देखिने फोहोरको प्रकार
    - फोहोर व्यवस्थापनमा आउने चुनौती
    - सरसफाइ गर्न हामीले के गर्न सक्छौँ ?

**समूह प्रस्तुतीकरण** (Group Sharing)

- प्रत्येक समूहले आफ्नो छलफलको निष्कर्ष कक्षामा प्रस्तुत गर्छन् ।
- अरू समूहले प्रश्न गर्न वा थप सुझाव दिन सक्छन् ।
- शिक्षकले सबै समूहको विचारहरू टाँस्ने वा बोर्डमा टिपोट गर्नुहोस् ।

छलफल विधिबाट विद्यार्थीले आफ्नो विचार राख्न, अरूको विचार सुन्न, र मिलेर समाधान खोज्न सिक्छन् । यसले समूह भावना, नेतृत्व र सरसफाइप्रतिको जिम्मेवारी विकास गर्न मदत गर्छ ।

**विषय वस्तुको क्षेत्र : पोषण**

**कठिनाइको क्षेत्र :** स्वस्थकर खानाको छनोट र प्रयोग गर्न

**उपचारात्मक शिक्षणका सम्भावित रणनीति र क्रियाकलापहरू**

**रणनीति १ :** क्रमिक सिकाइको रणनीति (Concrete Learning Strategy)

खाद्य सामग्रीको चित्र वा नमुना प्रयोग गर्ने :

- विद्यार्थीलाई विद्यालय आउँदा एक एकओटा खानेकुरा लिएर आउन लगाउनुहोस् वा विद्यालयको क्यान्टिनबाट सामग्री जम्मा गर्नुहोस् ।
- विद्यार्थीलाई साना समूहमा बाँड्नुहोस् ।
- सँगपात, फलफूल, दुध, अन्डा, भुजा, चिप्स, चकलेट आदि चित्र/सामग्री देखाएर "स्वस्थकर" र "अस्वस्थकर" छुट्याउन लगानुहोस् ।
- चित्रहरू बाँडेर कुन खाना स्वस्थकर हो भनेर छुट्याउने र किन भनेर छलफल गर्नुहोस् ।

**रणनीति २ :** संवाद र छलफल

**आज के खायौँ ? गतिविधि :**

- विद्यार्थीलाइ आज विहान खाएको खानेकुरा पालैपालो भन्न लगाउनुहोस् ।
- त्यो खानेकुरा स्वस्थ हो कि होइन ? समूहमा छलफल गराउनुहोस् ।
- अस्वस्थकर खानाको सट्टामा के खान सकिन्छ भनेर छलफल गराउनुहोस् ।

**रणनीति ३ :** समस्याको पहिचान र सहभागितामा सिकाइ

विद्यार्थी आफैँले भोगेका समस्या (जस्तै : घरमा अल्पपोषक खानेकुरा खाने बानी) बाट सिक्न सजिलो हुन्छ । सामूहिक कामले उनीहरूको सोच र व्यवहार दुबै परिवर्तन गर्छ ।

- व्यावहारिक समस्या दिनुहोस्, जस्तै : तिम्रो एउटा साथीले अल्पपोषक खाना खान्छ र अर्कोले स्थानीय स्तरमा (घरमा) बनेको खाना खान्छ भने कुन बानी ठीक होला र किन भनेर छलफल गराउन सकिन्छ ।

- समूहमा छलफल गराउनुहोस्, जस्तै : ४-५ जनाको समूह बनाएर प्रत्येक समूहलाई के गर्न सकिन्छ भनी समाधान खोज्न लगाउनुहोस् ।
- प्रस्तुतीकरण गराउनुहोस जस्तै समूहले पोस्टर, चित्र वा छोटो संवाद तयार गरेर अरूलाई सुनाउन लगाउनुहोस् ।
- कक्षामा सामूहिक निर्णयमा पुग्ने जस्तै : हामी अब कुन कुरामा ध्यान दिने भनेर सहमति गर्नु लगाउनुहोस् ।

**रणनीति ४ :** परियोजना कार्यमा आधारित सिकाइ

शिक्षकले दिइएका परियोजना शीर्षक छनोट गर्न सक्नुहुन्छ, जस्तै :

- मेरो एक दिनको स्वस्थ थाली बनाउने
- एक हप्ताको मेरो खाना डायरी राख्ने
- स्वस्थ र अस्वस्थ खानाको तुलना पोस्टर बनाउने

शिक्षकले कुन परियोजना कसरी गर्ने, कुन सामग्री चाहिन्छ, समयसीमा कति भनेर स्पष्ट गर्नुहोस्, जस्तै :

- पोस्टर बनाउने - स्वस्थ र अस्वस्थ खानाको तुलना ।
- डायरी लेख्ने - एक हप्तासम्मको बिहान, दिउँसो र बेलुकाको खानाको विवरण ।
- थाली प्रदर्शन - स्वस्थ थालीको नमुना तयार पार्ने वा चित्र बनाउने ।

अन्त्यमा विद्यार्थीलाई थाली देखाउन, डायरी सुनाउन, पोस्टर झुण्ड्याएर व्याख्या गर्न र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**रणनीति ५ :** खेलमा आधारित सिकाइ

विद्यार्थीले विभिन्न खाना वस्तुहरूको नाम र फाइदा सम्झन लगाउनुहोस् । यसले गर्दा स्वास्थ्यकर र रैथाने खानेकुरा सहज हुनुका साथै सक्रिय रूपमा सुन्ने, अनुमान गर्ने र सोच्ने क्षमता विकास हुन्छ । सहभागिता र रमाइलो वातावरणमा सिकाइ सुनिश्चित हुन्छ । यस खेलका लागि १५-२० ओटा खानेकुरासम्बन्धी सङ्केत लेखिएका कार्डहरू सङ्कलन गर्नुहोस् । शिक्षकले १५-२० ओटा कार्डहरू तयार गर्नुहोस् (वा विद्यार्थीलाई बनाउन लगाउन सक्नुहुन्छ) । विद्यार्थीलाई एक वृत्तमा वा लाइनमा बस्न लगाउनुहोस् । शिक्षकले एक कार्ड उठाउनुहोस् र सङ्केत पढ्नुहोस्, जस्तै : म शरीर बलियो बनाउँछु । मलाई पकाएर खाने गरिन्छ । विद्यार्थी पालैपालो अनुमान गर्छन्, जस्तै "तपाईं मासु !, "तपाईं सँग !" वा सोभन्दा बढी उत्तर पनि हुन सक्छ । सही जवाफ दिने विद्यार्थीले अब अर्को कार्ड पढ्छ र बाँकीले अनुमान गर्छन् । यस्तै गर्दै सबै विद्यार्थीलाई सहभागी बनाउन सकिन्छ ।

| नमुना प्रश्नहरू म को हुँ | नमुना उत्तरहरू |
|---|---|
| म शरीर बलियो बनाउँछु । म जनावरबाट प्राप्त हुन्छु । मलाई पकाएर खाने गरिन्छ । | मासु |
| म दाँत र हड्डी बलियो बनाउँछु । म सेतो रङको तरल पदार्थ हुँ । | दुध |
| म गुलियो हुन्छु तर धेरै खाँदा दाँत बिग्रन्छ । | चकलेट |
| म हरियो छु । म आँखा र छालाको स्वास्थ्य राम्रो राख्छु । | सँग |
| म एक प्रकारको फल हुँ । म काँचो हुँदा अमिलो हुन्छु । तर पाकेपछि मेरो रङ पहेँलो हुन्छ । म मिठो हुन्छु । मभित्र  ठुलो बिउ हुन्छ । | आँप |

**कक्षा ६–८**

कक्षा ६ देखि ८ सम्मको स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयको अध्ययनपश्चात् विद्यार्थी मानव शरीरका अङ्ग र प्रणालीहरूको कार्य तथा तिनीहरूबिचको अन्तरसम्बन्धको बोध गर्न र अभिव्यक्त गर्न सक्षम हुने छन् । उनीहरूले सामुदायिक तथा मानसिक स्वास्थ्यका अवधारणाहरूको ज्ञान प्राप्त गर्ने छन् र आफूलाई राख्न आवश्यक उपायहरू अवलम्बन गर्न सिक्ने छन् । साथै स्वस्थकर र सन्तुलित खानाको प्रयोग गर्न, कुपोषणजन्य रोगहरूबाट बच्ने उपायहरू अपनाउन र सर्ने तथा नसर्ने रोगहरूको सजगता र रोकथामका उपायहरू बुझ्न सक्ने छन् । विद्यार्थी जोखिमप्रति सचेत भई सावधानी अपनाउने र दुर्घटना तथा विपत् व्यवस्थापनका तयारी गर्न सक्ने छन् । किशोरावस्थामा देखिने शारीरिक, मानसिक तथा सामाजिक परिवर्तन र समस्याहरूको बोध गरी उचित व्यवस्थापन गर्न सक्ने क्षमताको विकास हुने छ । *यी सक्षमता र सिकाइ उपलब्ध गराउँदा* तथा शिक्षकले कक्षामा सक्रिय सिकाइको अभ्यास गर्दा गर्दै पनि केही विद्यार्थीमा न्यून र मध्यम स्तरको सिकाइ मात्र हुन सक्छ । यस्ता सम्भावित सिकाइ कठिनाइहरू प्रस्तुत गरिएको छ :

| विषयवस्तुको क्षेत्र | पाठ्यक्रमको अपेक्षा | सिकाइ अवस्था पहिचानको साधन/ विधि | विद्यार्थीलाई हुन सक्ने सम्भावित कठिनाइहरू |
|---|---|---|---|
| मानव शरीर | - ज्ञानेन्द्रको बनावट र कार्य हेर जाँच गर्ने<br>- मानव शरीरका विभिन्न प्रणालीहरूको बनावट, कार्य र अन्तरसम्बन्ध बताउन ।<br>- हर्मोन उत्पादन गर्ने ग्रन्थीहरूको परिचय र कार्य बताउन । | - निरन्तर मूल्याङ्कन<br>- विद्यार्थीको लेखन कार्य (जस्तै : कक्षा कार्य, गृहकार्य, साप्ताहिक परीक्षण) को नियमित समीक्षा | - प्रणालीहरूको बनावटबारे स्पष्ट धारणा बनाउन र बुझ्न कठिनाइ<br>- धेरै अङ्गहरूको अध्ययन गर्नपर्ने भएकाले अलमलिने<br>- ग्रन्थीहरूको नाम र हर्मोनको नाम स्मरण गर्न कठिनाइ |

| | | | |
|---|---|---|---|
| सामुदायिक स्वास्थ्य र मानसिक स्वास्थ्य | - सामुदायिक स्वास्थ्यको परिचय, सामुदायिक स्वास्थ्यलाई प्रभाव पार्ने तत्त्व, पक्ष, समस्या र समस्या समाधान गर्ने उपाय बताउन ।<br>- समुदायमा रहेका स्वास्थ्य संस्थाबाट स्वास्थ्यसेवा लिन ।<br>- वातावरण प्रदूषणले मानव स्वास्थ्यमा पार्ने असरहरू, पूर्ण सरसफाइका बारे बताउन ।<br>- विद्यालय स्वास्थ्य छनोट परीक्षण कार्यक्रमको महत्त्व बोध गर्न ।<br>- मानसिक स्वास्थ्य, मानसिक रूपमा स्वस्थ व्यक्तिका गुणहरू, मानसिक स्वास्थ्य समस्याहरू र व्यवस्थापन गर्ने उपायहरू र मानसिक स्वास्थ्य प्रवर्धन गर्ने उपायहरू अपनाउन ।<br>- लागु पदार्थको सेवनबाट हुने असरहरू, बच्ने उपायहरूको खोजी गर्न सक्ने छन् । | - स्वमूल्याङ्कन<br>- शिक्षकको अवलोकन<br>- प्रारम्भिक परीक्षण<br>- अभिभावक वा अन्य शिक्षकसँग अन्तरक्रिया<br>- सहपाठी मूल्याङ्कन<br>- मौखिक प्रश्नोत्तर<br>- लिखित कार्य तथा परीक्षा<br>- छोटो उत्तर लेखन<br>- दैनिक व्यवहारको अवलोकन | - समुदायमा रहेका विभिन्न स्वास्थ्य संस्थाबाट प्राप्त हुने स्वास्थ्य सेवाहरूका बारेमा बुझाइको कमी<br>- मानसिक रूपमा स्वस्थ हुनको लागि अपनाइने उपायहरूबारे स्पष्ट हुन नसकेको<br>- मानसिक समस्या उत्पन्न गर्ने कारणहरू धेरै भएकाले त्यसको व्यवस्थापनमा पनि विभिन्नता भएकाले सबै स्मरण गर्न कठिनाइ |
| पोषण र खाद्य सुरक्षा | - सन्तुलित भोजन, कार्यको आधारमा खानेकुराको वर्गीकरण, पोषक तत्वबारे बताउन<br>- स्थानीय स्तरमा पाइने खानेकुराबाट सन्तुलित भोजन बनाउन | | - सन्तुलित भोजन कसरी बनाउने भन्नेबारे स्पष्ट नहुनु<br>- कुपोषणका कारणहरू, असरहरू, व्यवस्थापन गर्ने उपायहरूप्रति अलमल |

| | | | |
|---|---|---|---|
| | - विषादियुक्त खाना, खाद्य मिसावट, रसायन प्रयोग गरिएको खानाको असरप्रति सचेत भई स्वस्थकर खाना छनोट गर्न सक्षम<br>- कुपोषणका कारणहरू, असरहरू, व्यवस्थापन गर्ने उपायहरू अवलम्बन गर्न<br>- खाद्य मिसावट, उपभोक्ता स्वास्थ्यबारे सचेत हुन | | |
| रोग सुरक्षा र प्राथमिक उपचार | - सरुवा रोग सर्ने तरिका, चरण, सर्ने माध्यमहरू (हावा, पानी) वर्णन गर्न<br>- प्रदूषित हावा र पानीबाट सर्ने रोगहरू र त्यसबाट बच्ने उपायहरू अवलम्वन गर्न सक्षम<br>- सङ्क्रमित सुई वा रगतबाट सर्ने रोगहरूको रोकथामका उपायहरू अवलम्बन गर्न<br>- यौनरोग, मुटुरोग, मधुमेह, दम, क्यान्सर रोगका कारण र रोकथामका उपायहरू बताउन ।<br>- सुरक्षा शिक्षा र प्राथमिक उपचारको महत्त्व, घरमा, विद्यालयमा हुने सम्भावित दुर्घटनाबाट बच्न सुरक्षाका उपायहरू अवलम्बन गर्न, दुर्घटना भएमा प्राथमिक उपचार गर्न | | - सरुवा रोगका चरणबारे स्पष्ट नहुनु<br>- सरुवा रोगबाट बच्ने उपायहरू बुझ्न गाह्रो हुनु<br>- सर्ने र नसर्ने रोगका नाम र लक्षणहरू सम्झन कठिन<br>- सरुवा रोगहरूको रोकथामका उपायहरू धेरै भएकाले स्मरण गर्न कठिनाइ<br>- यौन रोगबाट बच्ने उपायहरू राम्रोसँग भन्न नसक्नु |

| | | | |
|---|---|---|---|
| यौनिक तथा प्रजनन स्वास्थ्य | - किशोरवस्थाको परिचय, यस अवस्थामा देखापर्ने परिवर्तन, समस्याहरू र त्यसको व्यवस्थापन, यौन जिज्ञासाप्रति परिचित भई सोप्रति संयमता अपनाउन<br>- लैङ्गिक पहिचान र यौनिक अभिमुखीकरणबारे अवगत हुन<br>- महिनावारी चक्र, महिनावारी सम्बन्धी भ्रमले स्वास्थ्यमा पार्ने असरहरू, महिनावारी भएको वेला सरसफाइको महत्त्व थाहा पाई अवलम्बन गर्न<br>- गर्भधारण, सरक्षित गर्भपतन र गर्भनिरोधका साधनहरूको प्रकार र उपयोग गर्ने तरिका बताउन । | | - किशोरवस्थामा हुने परिवर्तन र त्यसले पारेको प्रभाव भन्न हिच्किचाउने ।<br>- यौन जिज्ञासा र संयमता अपनाउने उपायहरूबारे स्पष्ट हुन नसक्नु<br>- लैङ्गिक अभिमुखीकरणबारे स्पष्ट धारणा बनाउन कठिन<br>- महिनावारी चक्रबारे स्पष्ट धारणा बनाउन कठिन |

सुधारात्मक सत्रहरू विद्यार्थीमा देखिने सिकाइ कठिनाइहरू सम्बोधन गर्न अत्यन्त आवश्यक हुन्छन् । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयमा केही अवधारणाहरू जटिल वा व्यावहारिक हुने भएकाले सबै विद्यार्थीले एउटै गति र स्तरमा सिक्न सक्दैनन् । कतिपय विद्यार्थीले आधारभूत ज्ञान, सिप वा बुझाइमा कमजोरी देखाउन सक्छन् । यस्तो अवस्थामा शिक्षकले नियमित कक्षाको अतिरिक्त उपचारात्मक सत्रको आयोजना गरेर सम्बन्धित विषयमा दोहोऱ्याएर सिकाउने, श्रव्यदृश्य सामग्री प्रयोग गर्ने, प्रयोगात्मक अभ्यास गराउने, सरलीकृत भाषा प्रयोग गर्ने जस्ता उपायहरू अवलम्बन गर्नु आवश्यक हुन्छ । यी केही उदाहरण मात्र हुन् । शिक्षकले विद्यार्थीको आवश्यकता, कठिनाइको प्रकृति र उपलब्ध स्रोतहरूका आधारमा उपयुक्त रणनीति चयन गर्नुपर्छ । प्रत्येक विद्यार्थी फरक हुने भएकाले एउटै रणनीति सबैका लागि प्रभावकारी नहुन सक्छ । त्यसैले शिक्षकले लचकता अपनाउँदै परिस्थितिअनुसार उपचारात्मक शिक्षण रणनीति प्रयोग गर्नुपर्छ । यसले गर्दा सबै विद्यार्थीले अपेक्षित सिकाइ स्तर हासिल गर्न सक्छन् ।

**विषयगत समस्याका क्षेत्रअनुसार नमुना शिक्षण क्रियाकलापहरू**

**विषयवस्तुको क्षेत्र** : मानव शरीर

**कठिनाइको क्षेत्र** : मानव शरीरको प्रणालीहरूको बनावटबारे स्पष्ट धारणा बनाउन र बुझ्न

**उपचारात्मक शिक्षणका सम्भावित रणनीति र क्रियाकलापहरू**

**रणनीति १** : दृश्यसामग्री तथा प्राविधिको प्रयोग गरेर शिक्षण

दृश्यसामग्री जस्तै चित्र, मोडल, चार्ट र भिडियोहरूको प्रयोगले मानव प्रणालीहरूलाई सरल तरिकाबाट बुझ्न सहज बनाउँछ । दृश्यसामग्रीको सहायताले विद्यार्थीको दृष्टि र श्रवण क्षमतालाई एकैपटक सक्रिय बनाएर बहुपक्षीय सिकाइ सम्भव बनाउँछ । यसले उनीहरूमा ध्यान केन्द्रित गराउने मात्र नभई संलग्नता पनि बढाउँछ । यसले दीर्घकालीन सम्झनालाई सहयोग पुऱ्याउँछ । दृश्य सामग्रीका माध्यमबाट भाषागत कठिनाइ भएका विद्यार्थी वा विशेष आवश्यकता भएका विद्यार्थीलाई समेत सिकाइमा सहभागी गराउन सकिन्छ । चित्र कोर्ने, रङ भर्ने, मोडल बनाउने जस्ता अभ्यासहरूले विद्यार्थीको सक्रियता र आत्मविश्वास विकास गर्न सहयोग पुऱ्याउँछ । यसकारण दृश्य सहायताको प्रयोगले जटिल शैक्षिक अवधारणालाई सहज बनाउनुका साथै सबै प्रकारका विद्यार्थी विशेषगरी न्यून सिकाइ उपलब्धि भएका विद्यार्थीलाई बढी प्रभावकारी बनाउँछ ।

**गतिविधिहरू:**

- मानव शरीरको विभिन्न प्रणालीको चित्रहरू देखाउने र न्यून एवम् मध्यम सिकाइ उपलब्धि भएका विद्यार्थीलाई विशेष प्राथमिकता दिनुहोस् ।
- पावरपइन्ट स्लाइड, डिजिटल थ्रीडी भिडियोहरू देखाउनुहोस् ।
- शिक्षण भिडियो प्रयोग गर्नुहोस् (YouTube, Learn with Science) वा cdc को Website मा जानुहोस् ।
- अनलाइन क्विजहरू, स्लाइड सो, एनिमेसन प्रस्तुत गर्नुहोस् ।
- मोबाइल एप वा वेबसाइट (जस्तै : Bio Digital Human, Visible Body) प्रयोग गराउनुहोस्, जहाँ उपलब्ध छ ।
- रङ लगाउने कार्यपत्र - विद्यार्थीलाई मानव शरीरको चित्रका विभिन्न भागहरूमा रङ भरेर ती भाग वा अङ्गको नाम लेख्न लगाउनुहोस् ।

**रणनीति २** : **(I Do – We Do – You Do)**

**I Do: (शिक्षकले देखाउने चरण)**

शिक्षकले सम्बन्धित प्रणालीको ठुलो चार्ट वा PowerPoint स्लाइड देखाएर विभिन्न अङ्गहरूको नाम र कार्य व्याख्या गर्नुहोस् । इन्टरनेट भएमा एनिमेसन भिडियो देखाउनुहोस् ।

**We Do: (सहकार्यमा अभ्यास गर्ने चरण)**

सानो समूह बनाएर हरेक समूहलाई एक कार्डमा अङ्गको नाम, अर्कोमा कार्य लेखिएको उपलब्ध गराउनुहोस् । विद्यार्थीलाई जोडीमा मिलाएर राख्नुहोस् । यसरी जोडी बनाउँदा उच्च सिकाइ, माध्यम सिकाइ र न्यून सिकाइ भएका विद्यार्थीलाई एउटा समूहमा राख्नुहोस् । शिक्षकले समूहसँगै सम्बन्धित प्रणालीको चित्र कोर्न सहयोग गर्नुहोस् ।

**You Do: (विद्यार्थीको स्वतन्त्र अभ्यास)**

सम्बन्धित प्रणाली चित्र दिनुहोस् र विद्यार्थीलाई स्वतन्त्र गर्दै अङ्गको नाम लेख्ने र कार्य लेख्न लगाउनुहोस् ।

**रणनीति ३ : परियोजना कार्यमा आधारित सिकाइ**

- शिक्षकले मानव प्रणालीहरूका बारेमा छोटो विवरण दिनुहोस् ।
- विद्यार्थीलाई परियोजनाका उद्देश्य, मूल्याङ्कन मापदण्ड र समय सीमा स्पष्ट गर्नुहोस् ।
- विद्यार्थीलाई समूह (३-५ जना) मा विभाजन गर्नुहोस् ।
- समूहलाई कुन प्रणालीमा काम गर्ने (पाचन, श्वासप्रश्वास, रक्तसञ्चार आदि) रोज्न लगाउनुहोस् ।
- आवश्यक सामग्री (कागज, रङ, इन्टरनेट स्रोत, मोडल सामग्री) को सूची बनाउन लगाउनुहोस् ।
- भूमिका बाँडफाँट (लेख्ने, चित्र बनाउने, बोल्ने आदि) तय गर्न लगाउनुहोस् ।
- उनीहरूको सहभागिताको आधारमा मूल्याङ्कन गर्नुहोस् ।
- कार्य विभाजन गर्दा न्यून र मध्यम सिकाइ उपलब्धि भएका विद्यार्थी जे क्रियाकलाप गर्न खोज्छन् त्यही गर्न उत्प्रेरित गर्नुहोस् ।

**रणनीति ४ : व्यक्तिगत विभिन्नताका आधारमा शिक्षण**

विद्यार्थी फरक फरक पृष्ठभूमि, रुचि, सिकाइ शैली, भाषा क्षमता तथा बौद्धिक स्तर भएका हुन्छन् । यस्तो अवस्थामा सबैलाई एउटै विधिले पढाउँदा सबैले समान रूपमा सिक्न सक्दैनन् । त्यसैले व्यक्तिगत विभिन्नताका आधारमा शिक्षण रणनीति आवश्यक हुन्छ । यसले शिक्षकलाई प्रत्येक विद्यार्थीको स्तर र आवश्यकताअनुसार पाठ प्रस्तुत गर्ने अवसर दिन्छ । कसैले चित्र हेरेर सिक्छ, कसैले सुनेर कसैलाई लेखेर सहज हुन्छ भने कसैलाई खेल खेल्दै सिकाइ सम्भव हुन्छ । मानव शरीर प्रणाली जस्ता जटिल विषय पढाउँदा यदि शिक्षकले फरक सिकाइ शैलीलाई ध्यान दिएर समूहगत, दृश्यात्मक, क्रियाशील र मौखिक विधिको मिश्रण प्रयोग गरेमा सबै प्रकारका विद्यार्थीलाई पहुँच सुनिश्चित गर्न सक्नुहुन्छ । यसले विद्यार्थीको सिकाइमा सहभागिता बढाउँछ, आत्मविश्वास बढाउँछ र दीर्घकालीन सम्झना सुनिश्चित गर्छ । यस्तो शिक्षणले सिकाइलाई विद्यार्थीमैत्री, समावेशी र प्रभावकारी बनाउँछ ।

**विषयवस्तुको क्षेत्र : रोग**

**कठिनाइको क्षेत्र :** सर्ने र नसर्ने रोगका नाम र लक्षणहरू बुझ्न कठिन

**उपचारात्मक शिक्षणका सम्भावित रणनीति र क्रियाकलापहरू**

**रणनीति १ :** सक्रिय सहभागितामा आधारित सिकाइ क्रियाकलापहरू

१. रोगका नाम र लक्षणहरूलाई समूहमा बाँड्ने र कार्डहरू प्रयोग गर्ने

- प्रत्येक विद्यार्थीलाई रोगको नाम र त्यसका लक्षणहरू लेखिएको कार्डहरू दिनुहोस् ।
- विद्यार्थीले मिलेर एउटै रोगसँग सम्बन्धित नाम र लक्षणहरूको जोडी बनाउन लगाउनुहोस् ।
  उदाहरण : झिङ्गा, लामखुट्टेको टोकाइबाट सर्ने रोग - नसर्ने रोग
- रोग र लक्षणहरूलाई तालिकामा विभाजन गर्न लगाउनुहोस् ।

**उदाहरण :**

| रोगको नाम | लक्षणहरू |
|---|---|
| मधुमेह | - भोक, तिर्खा र पिसाब बढी लाग्ने हुन्छ ।<br>- निद्रा लागिरहने, शरीरको तौल घट्ने र थकान महसुस हुने हुन्छ ।<br>- छाला चिलाउने, आँखा कमजोर हुने तथा हात खुट्टा झमझमाउने हुन्छ ।<br>- घाउ वा चोटपटक लामो समयसम्म निको नहुने हुन्छ । |
| दम | - श्वास फेर्न गार्हो हुन्छ ।<br>- छाती घ्यार घ्यार हुने तथा भारी हुन्छ ।<br>- खोकी लाग्छ ।<br>- शरीरमा अक्सिजनको कमी भएको अवस्थामा शरीर निलो देखिन्छ । |

विद्यार्थीलाई आफैँ तालिका बनाउँदै सम्झने अभ्यास गर्न सकिन्छ । यो समूहगत गतिविधि गर्दा विद्यार्थीलाई संवाद गरेर सम्झन सजिलो हुन्छ ।

**रणनीति २: मौखिक दोहोऱ्याइ र गीत/कविता मार्फत सिकाइ क्रियाकलापहरू:**

रोगका नाम र लक्षणहरू दोहोऱ्याउने गीत वा कविता तयार गर्ने

- आफैँ वा विद्यार्थी वा शिक्षकको सहयोगमा रोगसँग सम्बन्धित गीत वा कविता तयार गर्न लगाउनुहोस् ।
- विद्यार्थीसँगै शिक्षक आफैँले गाएर सिकाउन सक्नुहुन्छ ।

- गीत वा कविता तयार गर्दा मध्यम सिकाइ र न्यून सिकाइ भएका विद्यार्थीलाई विशेष प्राथमिकता दिनुहोस् ।

**रणनीति ३ : समूहमा प्रश्नोत्तर खेलमार्फत सिकाइ**

**चरण १ :** पूर्वतयारी

- शिक्षकले पढाइसकेको पाठसँग सम्बन्धित रोगहरू र तिनका लक्षणहरूको सूची बनाउनुहोस् ।
- कक्षा अनुसार सरल र उपयुक्त प्रश्नहरू तयार गर्नुहोस् ।
- कार्डहरू वा फ्लिपहरू बनाएर एकातिर रोगको नाम र अर्कातिर लक्षण लेख्न सक्नुहुन्छ ।

**चरण २ :** विद्यार्थी समूहमा बाँड्ने

- कक्षालाई ४-५ जनाको समूहमा बाँड्नुहोस् ।
- प्रत्येक समूहमा न्यून सिकाइ भएका विद्यार्थीलाई अनिवार्य रूपमा समावेश गर्नुहोस् । उनीहरूमा सहकार्यबाट सिक्न सक्ने वातावरण सिर्जना हुनुपर्छ ।

**चरण ३ :** खेलको सञ्चालन

- पहिलो चरण (लक्षण-बाट-रोग) : शिक्षकले लक्षणहरू पढ्नुहोस, जस्तै: भोक, तिर्खा र पिसाब बढी लाग्ने हुन्छ, घाउ वा चोटपटक लामो समयसम्म निको नहुने हुन्छ । समूहहरूले उत्तर दिन्छन्, जस्तै : मधुमेह ।
- दोस्रो चरण (रोग-बाट-लक्षण) : शिक्षकले रोगको नाम भन्नुहोस् र विद्यार्थीलाई लक्षणहरू बताउन लगाउनुहोस् ।
- उत्तर दिनुअघि समूहले सानो छलफल गर्न पाउने व्यवस्था गर्नुहोस् (३० सेकेन्ड जति) ।

**चरण ४ :** विशेष प्राथमिकता दिने उपाय

- कम बोल्ने, सङ्कोच गर्ने, निम्न वा मध्यम सिकाइ उपलब्धि भएका विद्यार्थीलाई उत्तर दिन प्रोत्साहित गर्नुहोस् ।
- शिक्षकले सरल सङ्केत दिएर उनीहरूलाई सहभागी गर्नुहोस् (जस्तै : यो लक्षण त हामीले हिजो पढेका थियौं, स्मरण गर्नुहोस् !) ।
- समूहभित्र भूमिकाको बाँडफाँट गर्न सकिन्छ - कोही बोल्ने, कोही लेख्ने, कोही सहायता गर्ने आदि ।

**चरण ५ : मूल्याङ्कन र प्रतिफल**

समूहको सहकार्य र उत्तर दिने शैलीको आधारमा प्रशंसा प्रदान गर्नुहोस् यसो गर्दा निम्न वा मध्यम सिकाइ उपलब्धि भएका विद्यार्थीलाई विशेष उत्प्रेरणा दिनुहोस् ।

**रणनीति ४ : समूहमा रोल प्ले (अभिनय) गर्ने क्रियाकलापहरू:**

विद्यार्थीलाई रोगका नाम र लक्षणलाई आधारित सानो नाटक वा संवाद तयार गर्न लगाउनुहोस्, जस्तै : एक विद्यार्थी (डाक्टर। को भूमिका र अर्को (रोगी' को भूमिका खेल्न सक्छन् ।

संवाद तयार गर्ने : "कहिलेबाट बिरामी हो ?", "के लक्षणहरू छन् ?", "के उपाय गर्नुभयो ?" जस्ता प्रश्न सोध्न लगाउनुहोस् । यसरी नाटक विधिबाट सिकाइ गर्दा मध्यम सिकाइ र न्यून सिकाइ भएका विद्यार्थीलाई विशेष प्राथमिकता दिने र उनीहरूको सहभागिता सुनिश्चित गर्नुहोस् ।

**विषयवस्तुको क्षेत्र : किशोरावस्थामा हुने परिवर्तन**

**कठिनाइको क्षेत्र :** किशोरावस्थामा हुने परिवर्तन र त्यसले पारेको प्रभावको अवधारणा बुझ्न

**उपचारात्मक शिक्षणका सम्भावित रणनीति र क्रियाकलापहरू**

**रणनीति १ :** सहभागितामूलक भिडियो बनाउने

- शिक्षकले किशोरावस्थामा हुने शारीरिक, मानसिक र सामाजिक परिवर्तनहरूको सङ्क्षिप्त व्याख्या गर्नुहोस् ।
- विद्यार्थीलाई ४-५ जनाको ससाना समूहहरूमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहले एक एक किशोर परिवर्तनको अवस्था चयन गर्न लगाउनुहोस् । जस्तै : आवाज परिवर्तन, झर्किने स्वभाव, लाज, साथीसँगको टाढापन आदि ।
- विद्यार्थीलाई शारीरिक, मानसिक र सामाजिक परिवर्तनहरूका बारेमा सानो स्क्रिप्ट लेख्न लगाउनुहोस् ।
- अब मोबाइल, ट्याब वा क्यामेराको प्रयोग गरी १-२ मिनेटको छोटो भिडियो खिच्न लगाउनुहोस् ।
- कक्षामा वा बालसभा जस्ता कार्यक्रममा भिडियो प्रदर्शन गर्न लगाउनुहोस् ।
- अन्त्यमा समीक्षा र छलफल गर्न लगाउनुहोस् ।

**रणनीति २ :** समस्या-आधारित सिकाइ (Problem–Based Learning – PBL) क्रियाकलाप

विद्यार्थीलाई ४-५ जनाको समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एउटा केस स्टडी उपलब्ध गर्नुहोस् । उदाहरणहरू

**केस १**

रमेश १४ वर्षको छ । केही समयअगिसम्म ऊ मिलनसार, सहयोगी र हँसिलो स्वभावको थियो । उसले विद्यालयमा राम्रो प्रदर्शन गर्‍यो । साथीहरूसँग समय बिताउन रुचाउँथ्यो । अहिले रमेशको व्यवहारमा परिवर्तन देखिएको छ । उसले साथीहरूसँग झगडा गर्न थाल्यो शिक्षकको कुरा नमान्ने भयो र प्रायः चुपचाप बस्न थालेको छ । उसले खेलकुदमा चासो देखाउन छाडेको छ र भन्छ, "म एक्लो महसुस गर्छु, कसैले मलाई बुझ्दैन ।"

छलफलका लागि प्रश्नहरू

- रमेशको व्यवहार किन परिवर्तन भएको होला ?
- के-कस्ता सामाजिक, भावनात्मक वा पारिवारिक कारणहरूले गर्दा रमेशको व्यवहार परिवर्तन भएको होला ?
- यस्तो अवस्थामा रमेशलाई सहयोग गर्न परिवार, शिक्षक वा साथीहरूले के के गर्न सक्छन् ?

**केस २**

किशोरी १२ वर्षकी छिन् । उनको पढाइ राम्रो छ । अहिले उनी आफूप्रति असन्तुष्ट देखिन थालेकी छिन् । उनको शारीरिक बनावट अरू साथीहरूभन्दा फरक छ । यसले गर्दा उनलाई विद्यालयमा साथीहरूले जिस्काउने गर्छन् । किशोरी हिजोआज विद्यालय आउन खासै मन गर्दिनन् । उनी घरमै बस्न चाहन्छिन् र भन्छिन्, "म नराम्री देखिन्छु । मलाई सबैले जिस्क्याउँछन् । "उनका अभिभावकहरू चिन्तित छन् तर के गर्ने भन्ने थाहा छैन ।

छलफलका लागि प्रश्नहरू

- किशोरीको आत्मविश्वास किन कमजोर भयो होला ?
- किशोरावस्थामा यस्ता समस्या किन हुन्छन् ?
- विद्यालय र परिवारको भूमिकाले कसरी किशोरीलाई सहयोग गर्न सक्छ ?

समूहलाई आपसमा छलफल गरी समस्याको सम्भावित कारणहरू पत्ता लगाउन र समाधानको सुझाव दिन लगाउने । प्रत्येक समूहले कक्षामा आफ्नो निष्कर्ष प्रस्तुत गर्न र अन्य समूहहरूसँग छलफल गर्न लगाउने ।

**रणनीति ३ : सहपाठी सिकाइ**

किशोरावस्थाका विद्यार्थी साथीबाट सिक्न सहज महसुस गर्छन् । आफ्नो समस्या पनि साथीलाई सजिलै भन्न सक्छन् । त्यसैले सहपाठी सिकाइले सिकाइ उपलब्धि हासिल मात्रै हुने नभई सहकार्य, सुनुवाइ र समालोचनात्मक सोच विकास गर्न पनि सहयोग गर्छ । सिकाइको जिम्मेवारी लिँदा उनीहरूको विषयवस्तु बुझ्ने क्षमतामा पनि सुधार हुन्छ ।

**चरण १ : तयारी र योजना बनाउने**

- सिकाइ उद्देश्य स्पष्ट गर्नुहोस् (जस्तैः किशोरावस्थामा हुने परिवर्तनहरू बुझ्ने) ।
- अध्याय वा अवधारणालाई साना भागमा विभाजन गर्नुहोस् ।
- विद्यार्थीको सिकाइ स्तरअनुसार मिश्रित समूहहरू बनाउनुहोस् (प्रत्येक समूहमा ४-५ जना) ।

**चरण २ : सिकाइ सामग्री छनोट र सहयोग**

- शिक्षकले प्रत्येक समूहलाई सिकाउनुपर्ने उपविषय (जस्तै : शारीरिक, मानसिक, सामाजिक परिवर्तन) जिम्मा दिनुहोस् ।
- आवश्यक सामग्री (पाठ्यपुस्तक, चित्र, चार्ट, भिडियो, केस स्टडी) उपलब्ध गराउनुहोस् ।
- शिक्षकले समूहलाई विषय बुझ्न मार्गदर्शन दिनुहोस् (मिनी गाइड वा सहायक नोट्स दिन सकिन्छ) ।

**चरण ३ : तयारीको लागि समय दिने**

- समूहहरूलाई ३०-४५ मिनेट वा एक दिनको समय दिएर प्रस्तुति तयार गर्न लगाउनुहोस् ।
- शिक्षकले उनीहरूको तयारीमा सहायता र परामर्श दिने (जस्तै : कसरी व्याख्या गर्ने, पोस्टर बनाउने, प्रश्न तयार गर्ने आदि) ।

**चरण ४ : साथी-बाट-साथी सिकाइ सत्र सञ्चालन गर्ने**

- प्रत्येक समूहले पालैपालो कक्षामा आफ्नो विषय प्रस्तुत गर्न लगाउनुहोस् ।
- विभिन्न शैली प्रयोग गर्न प्रोत्साहन दिनुहोस्, जस्तै :
  - पोस्टर वा चार्टमार्फत व्याख्या
  - रोल प्ले वा संवाद
  - क्विज वा खेल गतिविधि
  - केस स्टडी विश्लेषण

**चरण ५ : समीक्षा र निष्कर्ष**

- शिक्षकले मुख्य बुँदाहरू दोहोऱ्याएर स्पष्ट पार्नुहोस् ।

# शारीरिक शिक्षा

शारीरिक शिक्षाअन्तर्गत कक्षा ४-५ मा देखिन सक्ने सम्भावित सिकाइ अवस्थाका बारेमा तल प्रस्तुत गरिएको छ :

| शारीरिक शिक्षामा पाठ्यक्रमको अपेक्षा | शारीरिक शिक्षामा सिकाइको अवस्था |
|---|---|
| • कवाज र शारीरिक कसरतको परिचय दिन र महत्व बताउन<br>• दायाँ नजर, सिधा नजर, छिटो हिँड, गोडाचाल र अड, गोडा फाट, दायाँ फर्क, बायाँ फर्क, पूरा फर्क, सतर्कको अभ्यास गर्न र आदेशअनुसार ठिक किसिमले सो कार्य प्रदर्शन गर्न<br>• तोकिएको नियमअनुसार शारीरिक कसरत गर्न | • कवाज र शारीरिक कसरतको महत्त्व बताउन नसक्नु<br>• दायाँ नजर र सिधा नजर, पूरा फर्कको अभ्यास र आदेशअनुसार ठिक किसिमले कार्य प्रदर्शन गर्न नसक्नु |
| • ५० मि, ७५ मि. र १०० मि. को दौड ठिक किसिमले प्रदर्शन गर्न<br>• उफ्रने क्षमता बढाउन हपिङ, दिशा बदली गर्ने, हप दौड र जोडीमा खेल्ने स्किपिङको प्रदर्शन गर्न<br>• दुई हातले बल फ्याँक्ने सिपको प्रदर्शन गर्न<br>• तोकिएका ठाउँमा बलले निशाना लगाउने सिपको प्रदर्शन गर्न<br>• ठिक तरिकाले झुल्ने र तन्किन, झुन्डिने, चढ्ने र झर्ने तथा तान्ने र लच्किने कसरत गर्न<br>• अगाडिबाट बिस्तारै पल्टने सिपको प्रदर्शन गर्न<br>• दुबै हातले र टाउकाले भुइँ टेकी गोडामाथि राखी शरीर सन्तुलनमा राख्न<br>• पेटले मात्र भुइँ छोई दुबै हात र गोडा सिधा तन्काई शरीर सन्तुलनमा राख्न<br>• उभिएर सुरु गर्ने दौड र समूहमा विभिन्न साधारण दौडको अभ्यास गर्न<br>• ताल दौडमा क्राउच स्टार्ट गर्ने तरिका प्रदर्शन गर्न<br>• कैँची तरिकाको हाइजम्प र ठिक तरिकाले लामो उफ्राइका सिप प्रदर्शन गर्न | • क्राउच पोजिसनको अभ्यास सही तरिकामा नहुनु<br>• दुबै हातले र टाउकाले भुइँ टेकी गोडामाथि राखी शरीर सन्तुलनमा नराख्नु<br>• पछाडिबाट बिस्तारै पल्टने सिपको प्रदर्शन नगर्नु |

| | |
|---|---|
| • क्रस स्किपिङ र घुमाएको लामो डोरीमा समूह स्किपिङ गर्न<br>• पछाडिबाट बिस्तारै पल्टने सिपको प्रदर्शन गर्न<br>• वार र पोलमा डोरीमा झुन्डिने र झर्ने सिपको प्रदर्शन गर्न<br>• छेउबाट मुढा झैँ पल्टने र काँधले टेकेर पल्टने सिपको प्रदर्शन गर्न<br>• शरीरलाई विभिन्न आकारमा सन्तुलन गराउने सिपको प्रदर्शन गर्न | |
| • साधारण खेलको परिचय दिन र महत्त्व चर्चा गर्न<br>• स्थानीय खेलको परिचय दिन र महत्त्व बताउन<br>• ठाउँ विशेषमा खेलिने साधारण खेलहरूको नियमअनुसार प्रदर्शन गर्न<br>• स्थानीय खेलहरूको खोजी गर्न र सिप प्रदर्शन गर्न<br>• स्थानीय खेल र साधारण खेलहरूको अभ्यासमार्फत मनोरञ्जन गर्न<br>• स्थानीय परिवेशमा खेलिने खेलहरू नियमानुसार अभ्यास गर्न<br>• फुटबलमा ड्रिबलिङ सिप, गोडाको भित्री भागबाट हान्ने सिप, गोडाको बाहिरी भागबाट हान्ने सिप, पासिङ सिप र ट्यापिङ सिपको अभ्यास गर्न र ठिक किसिमले सो सिप प्रदर्शन गर्न<br>• बास्केटबलमा पासिङ सिपको अभ्यास गर्न र ठिक किसिमले सो सिप प्रदर्शन गर्न<br>• रिले बलको अभ्यास गर्न र प्रदर्शन गर्न<br>• बास्केटबलमा क्याचिङ, ड्रिबलिङ, पासिङ सिपको विकास गर्न<br>• डजबलमा पासिङ, क्याचिङ, डजिङ सिपको प्रदर्शन गर्न<br>• समूहमा फुटबल, बास्केटबल र डजबल खेलको प्रदर्शन गर्न<br>• योगको सङ्क्षिप्त परिचय दिन<br>• योगासन गर्दा ध्यान दिनुपर्ने पक्ष बताउन | समूहमा फुटबल, बास्केटबल र डजबल खेलको प्रदर्शन गर्न कठिन हुनु |

| | |
|---|---|
| • सुखासन, वज्रासन, अर्धहलासन, ताडासन, पर्वतासन, त्रिकोणासनको परिचय दिन र ठिक तरिकाबाट सिप प्रदर्शन गर्न<br>• प्रणायाम र ध्यानको परिचय दिन, महत्त्व बताउन र अभ्यास गर्न | - सुखासन, वज्रासन, अर्धहलासन, ताडासन, पर्वतासन, त्रिकोणासन ठिक तरिकाबाट सिप प्रदर्शन नगर्नु |

दिइएको ढाँचाका आधारमा शारीरिक शिक्षाअन्तर्गत कक्षा ६-८ मा देखिन सक्ने सम्भावित सिकाइ अवस्थाका बारेमा तल प्रस्तुत गरिएको छ ।

| **शारीरिक शिक्षामा पाठ्यक्रमको अपेक्षा** | **शारीरिक शिक्षामा सिकाइको अवस्था** |
|---|---|
| • शारीरिक व्यायामको परिचय<br>• हात, पैताला, कुम, गोडा, पाखुरा, छाती, पेट, कम्मर, घुँडा, तिघ्रा र ढाड, गर्धन पेटको व्यायाम<br>• कवाजको परिचय र यसका आदेशहरूको अभ्यास<br>• मादल, सङ्गीत वा ड्रमको तालमा कवाजको अभ्यास, तितरवितर र छुट्टी प्रदर्शन गर्न | - मादल, सङ्गीत वा ड्रमको तालमा कवाजको अभ्यास, तितरवितर र छुट्टी प्रदर्शन नगर्नु |
| • एथ्लेटिक्सको परिचय दिन<br>• छोटो दुरी, मध्यम दुरी, लामो दुरीको दौडको अभ्यास गर्न<br>• साधारण रिले दौडको अभ्यास गर्न<br>• लङजम्प र हाइजम्पको अभ्यास गर्न<br>• सटपुटको सिपहरूको अभ्यास गर्न<br>• नाघ्दै जाने रिले र साथीलाई बोकी हिँड्ने रिले अभ्यास गर्न<br>• ब्याटन प्रयोग गरेर रिले दौडको अभ्यास गर्न<br>• हावा र हिउँमा गरिने साहसिक क्रियाकलापको परिचय दिन र अवलोकन तथा अभ्यास गर्न<br>• पहाड र जमिनमा गरिने साहसिक क्रियाकलापको परिचय दिन र अवलोकन तथा अभ्यास गर्न<br>• भलिबलका आधारभूत सिपहरूको अभ्यास गर्न<br>• भलिबल खेलका साधारण नियमहरू बताउन | • हावा र हिउँमा गरिने साहसिक क्रियाकलापको अभ्यास कठिन<br>• पहाड र जमिनमा गरिने साहसिक क्रियाकलापको अभ्यास कठिन |

| | |
|---|---|
| • बास्केटबल खेलका आधारभूत सिपहरू अभ्यास गर्न<br>• बास्केटबल खेलका साधारण नियमहरू बताउन<br>• फुटबलका आधारभूत सिपहरूको प्रयोग गरी अभ्यास गर्न<br>• फुटबल खेलका साधारण नियमहरू बताउन<br>• क्रिकेटका आधारभूत सिपहरूको अभ्यास गर्न<br>• कबड्डीको खेलको आधारभूत सिपहरूको प्रयोग गरी अभ्यास गर्न<br>• कबड्डी खेलका नियमहरू बताउन<br>• खो खो खेलमा आधारभूत सिपहरूको अभ्यास गर्न<br>• खो खो खेलका नियमहरू बताउन | • क्रिकेट, बास्केटबल, फुटबल र भलिबल खेलका आधारभूत सिपहरूको अभ्यास गर्न कठिन |
| • योगका नियम (धारणा, ध्यान र समाधि, प्रत्यहार, प्राणायाम र आसन, यम र नियम) को परिचय दिन<br>• सूक्ष्म क्रियाको अभ्यास गर्न<br>• सेतुबन्दासन, मकरासन र हलासन, अनुलोम विलोम, भुजङ्गासन, भ्रामरी र भस्त्रिका प्राणायाम, धनुरासन, मत्स्यासन, पवनमुक्तासन र उष्ट्रासन कपालभाति, मण्डुकासनको अभ्यास गर्न | • सेतुबन्धासन, मकर ासन र हलासन, अनुलोम-विलोम, भुजङ् गासन, भ्रामरी र भस्त्रिका प्राणायाम, धनुरासन, मत्स्यासन, पवनमुक्तासन र उष्ट्रासन, कपालभाति, मण्डुकासनको अभ्यास कठिन |

### २.१.२ सिकाइमा देखा पर्ने सम्भावित कठिनाइ क्षेत्रहरू

**कक्षा ४-५ का लागि सम्भावित कठिनाइ**

| शारीरिक शिक्षामा पाठ्यक्रमको अपेक्षा | शारीरिक शिक्षामा सम्भावित कठिनाइ क्षेत्रहरू | सिकाइको अवस्था |
|---|---|---|
| • कवाज र शारीरिक कसरतको परिचय दिन र महत्त्व बताउन | • शारीरिक कसरतको परिचय र महत्त्व बुझाउन कठिनाइ ।<br>• कसरतको जरुरीबारे प्रेरणाको अभाव<br>• शारीरिक अवस्थाका सहभागिता प्रभाव<br>• आदेश पालना र अभ्यास प्रदर्शनमा कठिनाइ | मध्यम |

| | | |
|---|---|---|
| • दायाँ नजर, सिधा नजर, छिटो हिँड, गोडाचाल र अड, गोडा फाट, दायाँ फर्क, बायाँ फर्क, पूरा फर्क, सतर्कको अभ्यास गर्न र आदेशअनुसार ठिक किसिमले सो कार्य प्रदर्शन गर्न<br>• तोकिएको नियमअनुसार शारीरिक कसरत गर्न | • एकै समयमा समय व्यवस्थापन कठिन हुने<br>• छिटो हिँड वा पूरा फर्क गर्दा सामूहिक तालमेल नहुनु<br>• 'दायाा' र 'बायाँ' छुट्याउन दिशा बुझेको भ्रम हुने<br>• तोकिएको नियमअनुसार कसरत गर्नेमा कठिनाइ<br>• अनुशासन अभाव<br>• दृढता र निरन्तरताको कमी<br>• स्वास्थ्यसम्बन्धी अवरोध आउन सक्ने । | |
| • ५० मि, ७५ मि. र १०० मि. को दौड ठिक किसिमले प्रदर्शन गर्न<br>• उफ्रने क्षमता बढाउन हपिङ, दिशा बदली गर्ने हप दौड र जोडीमा खेल्ने स्किपिङको प्रदर्शन गर्न<br>• दुई हातले बल फ्याँक्ने सिपको प्रदर्शन गर्न<br>• तोकिएका ठाउँमा बलले निशाना लगाउने सिपको प्रदर्शन गर्न<br>• ठिक तरिकाले झुल्ने र तन्किन, झुन्डिने, चढ्ने र झर्ने तथा तान्ने र लच्किने कसरत गर्न<br>• अगाडिबाट बिस्तारै पल्टने सिपको प्रदर्शन गर्न<br>• दुबै हातले र टाउकाले भुइँ टेकी गोडामाथि राखी शरीर सन्तुलनमा राख्न<br>• पेटले मात्र भुइँ छोई दुबै हात र गोडा सिधा तन्काई शरीर सन्तुलनमा राख्न | • सही दौडने प्रविधि विशेषत: स्टार्ट टेक्निक<br>• दौडने सहनशीलता र गति कमजोर हुनु<br>• क्राउच स्टार्ट जस्तो प्राविधिक सिपमा अपर्याप्त मार्गदर्शन<br>• उफ्राइ र स्किपिङ अभ्यासमा कठिनाइ<br>• समन्वय र सन्तुलनमा कमजोरी<br>• उफ्रने टेक्निकमा कठिनाइ<br>• हाइजम्पमा डर वा आत्मविश्वासको कमी<br>• बलसँग सम्बन्धित सिपहरूमा कठिनाइ<br>• दृष्टि र हातको समन्वय कमजोर हुनु<br>• बल नियन्त्रणमा समस्या हुनु<br>• शारीरिक सन्तुलन र लचकतासम्बन्धी सिपहरूमा कठिनाइ<br>• हातको बल कमजोर हुनु<br>• शरीर सन्तुलन गर्न नसक्नु<br>• डर लाग्नु वा उचाइप्रतिको त्रास<br>• पल्टनबाजीमा गति नियन्त्रणमा कठिनाइ | न्यून |

| | | |
|---|---|---|
| • उभिएर सुरु गर्ने दौड र समूहमा विभिन्न साधारण दौडको अभ्यास गर्न<br>• ताल दौडमा क्राउच स्टार्ट गर्ने तरिका प्रदर्शन गर्न<br>• कैँची तरिकाको हाइजम्प र ठिक तरिकाले लामो उफ्राइका सिप प्रदर्शन गर्न<br>• क्रस स्किपिङ र घुमाएको लामो डोरीमा समूह स्किपिङ गर्न<br>• पछाडिबाट बिस्तारै पल्टने सिपको प्रदर्शन गर्न<br>• वार र पोलमा डोरीमा झुन्डिने र झर्ने सिपको प्रदर्शन गर्न<br>• छेउबाट मुढा झैँ पल्टने र काँधले टेकेर पल्टने सिपको प्रदर्शन गर्न<br>• शरीरलाई विभिन्न आकारमा सन्तुलन गराउने सिपको प्रदर्शन गर्न | • शारीरिक फुर्तिलोपन र गतिशीलता कम हुनु<br>• शरीर चोट लाग्ने डर वा सुरक्षा सामग्रीको अभाव<br>• खेलकुदको सामाजिक र मनोवैज्ञानिक पक्षमा कठिनाइ<br>• आत्मविश्वासको कमी<br>• गल्ती गर्दा साथीहरूबाट हाँसो ठट्टा मजाकको डर | |
| • साधारण खेलको परिचय दिन र महत्त्व चर्चा गर्न<br>• स्थानीय खेलको परिचय दिन र महत्त्व बताउन<br>• ठाउँ विशेषमा खेलिने साधारण खेलहरूको नियमअनुसार प्रदर्शन गर्न<br>• स्थानीय खेलहरूको खोजी गर्न र सिप प्रदर्शन गर्न<br>• स्थानीय खेल र साधारण खेलहरूको अभ्यासमार्फत मनोरन्जन गर्न<br>• स्थानीय परिवेशमा खेलिने खेलहरू नियमानुसार अभ्यास गर्न | • खेलको परिचय र महत्व बुझ्न कठिनाइ<br>• स्थानीय खेलको जानकारी नहुनु<br>• नियम नबुझ्नु<br>• सिप प्रदर्शनमा असफलता<br>• तालमेल र समूह प्रदर्शनमा समस्या<br>• खेल सामग्रीको अभाव | न्यून |

| | | |
|---|---|---|
| • फुटबलमा ड्रिबलिङ सिप, गोडाको भित्री भागबाट हान्ने सिप, गोडाको बाहिरी भागबाट हान्ने सिप, पासिङ सिप र ट्र्यापिङ सिपको अभ्यास गर्न र ठिक किसिमले सो सिप प्रदर्शन गर्न<br>• बास्केटबलमा पासिङ सिपको अभ्यास गर्न र ठिक किसिमले सो सिप प्रदर्शन गर्न<br>• रिले बलको अभ्यास गर्न र प्रदर्शन गर्न<br>• बास्केटबलमा क्याचिङ, ड्रिबलिङ, पासिङ सिपको विकास गर्न<br>• डजबलमा पासिङ, क्याचिङ, डजिङ सिपको प्रदर्शन गर्न<br>• समूहमा फुटबल, बास्केटबल र डजबल खेलको प्रदर्शन गर्न | | |
| • योगको सङ्क्षिप्त परिचय दिन<br>• योगासन गर्दा ध्यान दिनुपर्ने पक्ष बताउन<br>• सुखासन, वज्रासन, अर्धहलासन, ताडासन, पर्वतासन, त्रिकोणासनको परिचय दिन र ठिक तरिकाबाट सिप प्रदर्शन गर्न<br>• प्राणायाम र ध्यानको परिचय दिन, महत्त्व बताउन र अभ्यास गर्न | • योगको अर्थ नबुझ्नु<br>• शब्दावली अप्ठ्यारो लाग्नु<br>• आसन गर्न असहज हुनु<br>• लचकता अभाव<br>• ध्यान केन्द्रित गर्न नसक्नु<br>• श्वासप्रश्वास तालमेलमा कठिनाइ | मध्यम |

## कक्षा ६-८ का लागि सम्भावित कठिनाइ

| शारीरिक शिक्षामा पाठ्यक्रमको अपेक्षा | शारीरिक शिक्षामा | सिकाइको अवस्था |
|---|---|---|
| • गर्धनको कसरत गर्न ।<br>• मादल, सङ्गीत वा ड्रमको तालमा कवाजको अभ्यास, तितरवितर र छुट्टी प्रदर्शन गर्न । | - अति छिटो अभ्यास<br>- पूरा फर्कको अभ्यास, तितरवितरमा सही दिशा आकलन | मध्यम |

| | | |
|---|---|---|
| • ३००० मिटरको दौडको प्रदर्शन गर्न,<br>• ब्याटनको प्रयोगसहितको रिले दौड प्रदर्शन गर्न,<br>• हाइजम्पका सिपको प्रदर्शन गर्न,<br>• लङजम्पका सिपको प्रदर्शन गर्न,<br>• सटपटका सिपको प्रदर्शन गर्न, | - शारीरिक सहनशक्तिको कमी<br>- गति व्यवस्थापनमा कमजोरी<br>- रिले दौडमा ब्याटन पास गलत हुनु<br>- समन्वय अभाव<br>- समूहको तालमेल अभाव<br>- हाइजम्प र लङजम्पमा उफ्राइ तौरतरिकामा कमजोरी<br>- आत्मविश्वासको कमी<br>- शरीरको सन्तुलन र लचकता अभाव<br>- सटपटमा सट समाउने र फ्याँक्ने तौरतरिकामा त्रुटि<br>- सटपटको नियम नबुझी अन्य दिशामा फ्याँक्नु<br>- भलिबल, फुटबल, बास्केटबल जस्ता समूह खेलहरूको आधारभूत सिपहरू नबुझ्नु<br>- सामूहिक भावनाको अभाव<br>- नियम र फाउलको ज्ञान नहुनु<br>- बल नियन्त्रण गर्नमा कठिनाइ हुनु<br>- फुर्तिलोपन कम हुनु<br>- क्रिकेट, कबड्डी, खो-खो, क्रिकेटमा ब्याट समाउने तरिका, बल थ्रो गर्ने, रनिङ गर्ने आदिमा तालमेलमा त्रुटि हुनु<br>- नियम र पोजिसन नबुझ्नु<br>- रेड गर्दा नियम पालना नहुनु<br>- डिफेन्स तरिकामा कमजोरी हुनु<br>- दिशा परिवर्तन र डज गर्ने क्षमताको कमी | न्यून |
| • भलिबल खेलका आधारभूत सिपहरू प्रदर्शन गर्न र साधारण नियमहरू बताउन, | • भलिङमा औँलाको अवस्था<br>• फुटबलमा ट्र्यापिङ, हेडिङको सिप विकास<br>• पिभोटिङ र लेअप सटको अभ्यास | न्यून |

| | | |
|---|---|---|
| • फुटबल खेलका आधारभूत सिपहरू प्रदर्शन गर्न र साधारण नियमहरू बताउन,<br>• बास्केटबल खेलका आधारभूत सिपहरू अभ्यास गर्न र साधारण नियमहरू बताउन,<br>• क्रिकेटका आधारभूत सिपहरू प्रदर्शन गर्न र नियमहरू बताउन,<br>• कबड्डीका आधारभूत सिपहरू प्रदर्शन गर्न र खेलका नियमहरू बताउन,<br>• खो खो का आधारभूत सिपहरू प्रदर्शन गर्न र खेलका नियमहरू बताउन, | • विकेट किपिङको अभ्यास<br>• चेन ट्रयापिङ अभ्यास र क्यान्ट तरिका<br>• लेट खो र फेक खो को अभ्यास | |
| • सूक्ष्म क्रियाको अभ्यास गर्न<br>• अनुलोम विलोम प्राणायामको अभ्यास गर्न<br>• विभिन्न आसनको अभ्यास गर्न | - क्रियाको उद्देश्य नबुझ्नु<br>- गति र श्वास तालमेल नमिल्नु<br>- श्वासप्रश्वासमा कठिनाइ<br>- आसनको त्रुटि<br>- शरीरमा लचकता कम<br>- स्वास्थ्यसम्बन्धी अवरोध | मध्यम |

## २.२ सिकाइ सहजीकरण उपायको छनोट र प्रयोग

### २.२.१ विषयगत समस्याका क्षेत्रहरू र समाधान प्रक्रिया

**कक्षा ४-५ का लागि सम्भावित शिक्षण समाधान तरिका**

| पाठ्यक्रमको सिकाइको उपलब्धि | सिकाइ अवस्था पहिचानको साधन | सम्भावित सहायता तौरतरिका र प्रक्रिया |
|---|---|---|
| • कवाज र शारीरिक कसरतको परिचय दिन र महत्त्व बताउन | • विद्यार्थी संलग्नता र सिकाइ परिणाम दुबै को मूल्याङ्कन | • कवाजको परिचय लेखिएको चार्टपेपर प्रस्तुत गर्दै छलफल गराउनुहोस् र आवश्यक सिपको प्रदर्शन गर्नुहोस् |

| | | |
|---|---|---|
| • दायाँ नजर, सिधा नजर, छिटो हिँड, गोडाचाल र अड, गोडा फाट, दायाँ फर्क, बायाँ फर्क, पूरा फर्क, सतर्कको अभ्यास गर्न र आदेशअनुसार ठिक किसिमले सो कार्य प्रदर्शन गर्न<br>• तोकिएको नियमअनुसार शारीरिक कसरत गर्न | • निर्माणात्मक मूल्याङ्कन<br>• अवलोकन<br>• सिप परीक्षण<br>• प्रश्नावली वा प्रश्नोत्तर<br>• सहकर्मी र आत्ममूल्याङ्कन | • जिउ तताउने कार्यहरू (जस्तै : साधारण जगिङ, बाङ्गोटिङ्गो दौड) गराउनुहोस्<br>• कवाजका सबै कार्यहरू गर्ने तरिका बताउने र प्रदर्शन गरेर देखाउनुहोस्<br>• समूहलाई पङ्क्ति वा ताँतीमा मिलाई गोडा फाट, सर्तक, दायाँ फर्क, बायाँ फर्क र पूरा फर्क कार्यहरूको अभ्यास गराउनुहोस्<br>• गोडा चाल र अडको कार्य गर्न लगाउनुहोस् र आवश्यक परेमा प्रदर्शन गरी देखाउनुहोस्<br>• शिक्षकले नमुनाका रूपमा कसरतहरू १ देखि ७ सम्म प्रदर्शन गरेर देखाउनुहोस् र सोहीअनुरूप अभ्यास गराउनुहोस्<br>• शारीरिक कसरतहरू क्रमश : लय, गन्तीमा प्रदर्शन गर्न लगाउनुहोस्<br>• अन्त्यमा कुनै एक मनोरञ्जनात्मक खेल खेलाउनुहोस् |
| • ५० मि, ७५ मि. र १०० मी को दौड ठिक किसिमले प्रदर्शन गर्न<br>• उफ्रने क्षमता बढाउन हपिङ, दिशा बदली गर्ने हप दौड र जोडीमा खेल्ने स्किपिङको प्रदर्शन गर्न<br>• दुई हातले बल फ्याँक्ने सिपको प्रदर्शन गर्न<br>• तोकिएका ठाउँमा बलले निशाना लगाउने सिपको प्रदर्शन गर्न | • विद्यार्थी संलग्नता र सिकाइ परिणाम दुबै को मूल्याङ्कन<br>• निर्माणात्मक मूल्याङ्कन<br>• अवलोकन<br>• सिप परीक्षण<br>• प्रश्नावली वा प्रश्नोत्तर<br>• सहकर्मी र आत्ममूल्याङ्कन | • सबै क्रियाकलापहरूमा उपलब्ध ठाउँ वा स्थानअनुसार अर्धगोलाकार घेरामा जिउ तताउने क्रियाकलापहरू गराउनुहोस्<br>• साधारण दौडका कार्यकलापहरू शिक्षकले प्रदर्शन गरी ५० देखि ७५ मि. सम्मको दौड अभ्यासमा सरिक गराउनुहोस्<br>• सहभागी सङ्ख्याअनुसारको समूह बनाई फाइलमा राखेर पालैपालो उफ्रने क्षमता बढाउने सहयोगी क्रियाकलापहरूको अभ्यास गराउनुहोस्<br>• विभिन्न किसिमका उफ्राइहरू, जोडीमा खेल्ने स्किपिङ, दिशा बदल्ने तथा स्किपिङको अवलोकन गर्दै सुधारका लागि मौका दिनुहोस् |

| | | |
|---|---|---|
| • ठिक तरिकाले झुल्ने र तन्किन, झुन्डिने, चढ्ने र झर्ने तथा तान्ने र लच्किने कसरत गर्न<br>• अगाडिबाट बिस्तारै पल्टने सिपको प्रदर्शन गर्न<br>• दुबै हातले र टाउकाले भुइँ टेकी गोडामाथि राखी शरीर सन्तुलनमा राख्न<br>• पेटले मात्र भुइँ छोई दुबै हात र गोडा सिधा तन्काई शरीर सन्तुलनमा राख्न<br>• उभिएर सुरु गर्ने दौड र समूहमा विभिन्न साधारण दौडको अभ्यास गर्न<br>• ताल दौडमा क्राउच स्टार्ट गर्ने तरिका प्रदर्शन गर्न<br>• कैँची तरिकाको हाइजम्प र ठिक तरिकाले लामो उफ्राइका सिप प्रदर्शन गर्न<br>• क्रस स्किपिङ र घुमाएको लामो डोरीमा समूह स्किपिङ गर्न<br>• पछाडिबाट बिस्तारै पल्टने सिपको प्रदर्शन गर्न<br>• वार र पोलमा डोरीमा झुन्डिने र झर्ने सिपको प्रदर्शन गर्न | | • तोकिएको ठाउँमा बलले निसाना लगाउनका लागि दुई हातले बल फाल्दै एकले अर्कालाई फ्याँक्ने र समाउने खेल खेलाउनुहोस्<br>• निसाना लगाउनुहोस् र फाल्ने तरिका समूह विभाजन गरी पालैपालो अभ्यास गराउनुहोस्<br>• तेस्रो वारमा झुन्डिने, झुल्ने तथा ठाडो वारमा चढ्ने र झर्ने अभ्यास गराउनुहोस् र यस्ता समयमा दुर्घटना हुन सक्ने सजग गराउनुहोस्<br>• शिक्षकले प्रदर्शन गराउनुहोस् र पालैपालो अभ्यास गर्न लगाउनुहोस्<br>• विद्यार्थीलाई फाइलमा राख्दै पल्टनबाजीका सजिला विभिन्न अभ्यासहरू गराउनुहोस्<br>• पल्टनबाजी शिक्षक वा सक्षम विद्यार्थीले प्रदर्शन गरेर देखाउनुहोस्<br>• पालैपालो नरम भुइँमा (फोम वा डसना) कम्तीमा तीन पल्ट जति फ्रन्ट र ब्याक रोल गराउँदै अभ्यास गराउनुहोस्<br>• विद्यार्थीलाई फाइलमा राख्दै सन्तुलनका सजिला विभिन्न अभ्यासहरू गराउनुहोस्<br>• शिक्षकले प्रदर्शन गरेर देखाउनुहोस् र सोहीबमोजिम गर्न लगाउनुहोस्<br>• साथीहरूको सहयोगमा (नरम) भुइँमा टाउकाले टेकेर उभिने, भुइँमा हातले टेकेर उभिने र पेटले भुइँमा टेकाई सन्तुलनको अभ्यास गराउनुहोस्<br>**समाधानका लागि ध्यान दिनुपर्ने कुराहरू:**<br>- साना चरणहरूमा अभ्यास गराउनुहोस |

| | | |
|---|---|---|
| • छेउबाट मुढा झैँ पल्टने र काँधले टेकेर पल्टने सिपको प्रदर्शन गर्न<br>• शरीरलाई विभिन्न आकारमा सन्तुलन गराउनुहोस् सिपको प्रदर्शन गर्न | | - दृष्टान्तसहित अभ्यास प्रदर्शन गर्नुहोस्<br>- शारीरिक तन्दुरुस्ती बढाउने पूर्वअभ्यास र तयारी गराउनुहोस्<br>- सकारात्मक वातावरण सिर्जना गर्ने र हौसला दिने गर्नुहोस्<br>- सुरक्षाका उपायहरू सुनिश्चित गर्नुहोस्<br>- समूहमा काम गराउने र सहयोगी अभ्यास गराउनुहोस् |
| • साधारण खेलको परिचय दिन र महत्त्व चर्चा गर्न<br>• स्थानीय खेलको परिचय दिन र महत्त्व बताउन<br>• ठाउँ विशेषमा खेलिने साधारण खेलहरूको नियमअनुसार प्रदर्शन गर्न<br>• स्थानीय खेलहरूको खोजी गर्न र सिप प्रदर्शन गर्न<br>• स्थानीय खेल र साधारण खेलहरूको अभ्यासमार्फत मनोरन्जन गर्न<br>• स्थानीय परिवेशमा खेलिने खेलहरू नियमानुसार अभ्यास गर्न<br>• फुटबलमा ड्रिबलिङ सिप, गोडाको भित्री भागबाट हान्ने सिप, गोडाको बाहिरी भागबाट हान्ने सिप, पासिङ | • प्रश्नावली वा प्रश्नोत्तर<br>• अवलोकन<br>• सिप परीक्षण<br>• सहकर्मी र आत्म-मूल्याङ्कन | • साधारण, स्थानीय खेलको परिचय लेखिएका सामाग्री वा अडियो भिडियो प्रस्तुत गरी छलफल गराउनुहोस् र उनीहरूलाई आफ्नो स्थानीय तहमा खेलिने साधारण र स्थानीय खेलहरूको अनुभव सुनाउन लगाउनुहोस्<br>• कुनै सामान वा बल लिई खेलिने साधारण खेलहरूको नियमहरू बताउनुहोस्<br>• कनै दुई खेल प्रदर्शन गरेर अभ्यास गर्न लगाउनुहोस्<br>• निर्देशनविना नै आफैँ खेलिने रमाइला स्थानीय खेलहरू खेल्ने नियम बताई सामग्रीहरू पनि उपलब्ध गराउनुहोस्<br>• स्थानीय खेलहरू प्रदर्शन गरी अभ्यास गराउनुहोस्<br>• विद्यार्थीको समूह बनाई फुटबल रोक्न र पास गर्ने तरिका बताउँदै प्रदर्शन गरी देखाउनुहोस् र अभ्यास गराउनुहोस्<br>• विद्यार्थीको समूह बनाई बास्केटबल पासिङ तथा क्याचिङ गर्ने तरिका बताउँदै प्रदर्शन गरी देखाउनुहोस् र अभ्यास गराउनुहोस् |

| | | |
|---|---|---|
| सिप र ट्यापिङ सिपको अभ्यास गर्न र ठिक किसिमले सो सिप प्रदर्शन गर्न<br>• बास्केटबलमा पासिङ सिपको अभ्यास गर्न र ठिक किसिमले सो सिप प्रदर्शन गर्न<br>• रिले बलको अभ्यास गर्न र प्रदर्शन गर्न<br>• बास्केटबलमा क्याचिङ, ड्रिबलिङ, पासिङ सिपको विकास गर्न<br>• डजबलमा पासिङ, क्याचिङ, डजिङ सिपको प्रदर्शन गर्न<br>• समूहमा फुटबल, बास्केटबल र डजबल खेलको प्रदर्शन गर्न | | • रिले बल खेल्ने तरिका प्रदर्शन गरी देखाउनुहोस् र अभ्यास गराउनुहोस्<br>• फुटबलका किकिङ, पासिङ र ट्र्यापिङका, बास्केटबलका थ्रोइङ र क्याचिङ सिप कुनै रमाइलो खेल तथा साधारण खेलसँग खेलाई अभ्यास गर्न र मनोरञ्जन गर्न लगाउनुहोस्<br>**ध्यान दिनुपर्ने कुराहरू:**<br>- दृश्य, कथावाचन वा स्थानीय व्यक्तिहरूसँग अन्तरक्रिया गराउने<br>- बालबालिकालाई आफ्नो घरपरिवारबाट खेलहरूको जानकारी ल्याउन लगाउने<br>- नियम चित्र वा प्रदर्शनमार्फत सिकाउने<br>- छोटा चरणमा अभ्यास गराउने<br>- सहकार्यमा आधारित अभ्यास गराउने, टोली बनाएर जिम्मेवारी बाँड्ने<br>- स्थानीय सामाग्रीको प्रयोग (कागजको बल, डोरी, काठको टुक्का आदि) |
| • योगको सङ्क्षिप्त परिचय दिन<br>• योगासन गर्दा ध्यान दिनुपर्ने पक्ष बताउन<br>• सुखासन, वज्रासन, अर्धहलासन, ताडासन, पर्वतासन, त्रिकोणासनको परिचय दिन र ठिक तरिकाबाट सिप प्रदर्शन गर्न<br>• प्राणायाम र ध्यानको परिचय दिन, महत्व बताउन र अभ्यास गर्न | • प्रश्नावली वा प्रश्नोत्तर<br>• अवलोकन<br>• सिप परीक्षण<br>• सहकर्मी र आत्म-मूल्याङ्कन | • प्राणायाम र ध्यानको सङ्क्षिप्त परिचय झल्किने भिडियो वा अडियो सामग्री प्रस्तुत गर्दै समूहमा छलफल गराउने<br>• योगको सङ्क्षिप्त परिचय प्रस्ट हुने सामगी हेर्न वा अध्ययन गर्न लगाउने र सोको बारेमा बताइदिने<br>• योगासन गर्दा ध्यान दिनुपर्ने कुरा लेखिएको पावर प्वाइन्ट वा चार्टपेपर वा फोटोकपी पेपर अध्ययन गर्न लगाई सोका बारेमा छलफल गरी निचोडमा पुऱ्याउने |

| | | |
|---|---|---|
| | | • विद्यार्थीलाई अर्धगोलाकारमा राख्दै शिक्षक वा टोली नेताले तोकिएका योग अभ्यास प्रदर्शन गरेर देखाउने<br>• योगका सुखासन, वज्रासन र अर्धहलासनको परिचय बताउदैँ सोको अभ्यास गर्ने तरिका बताउनुहोस् र नियमित रूपमा यस्ता अभ्यास गर्न लगाउने<br>**ध्यान दिनुपर्ने पक्षहरू**<br>• सरल भाषामा परिभाषा दिनु (जस्तै : "योग भनेको शरीर, मन र श्वासको समन्वय हो")<br>• नेपाली अनुवाद वा चित्रसहित व्याख्या गराउने<br>• चरणबद्ध अभ्यास, सहायक सामग्री (ब्लक, म्याट) प्रयोग<br>• प्रारम्भिक अभ्यास समावेश गर्ने<br>• छोटो अवधिबाट अभ्यास सुरु गर्ने (१-२ मिनेट) र क्रमश : समय बढाउने<br>• श्वास गन्ने अभ्यास (जस्तै : सास लिँदा "एक, दुई", छोड्दा "एक, दुई") |

## कक्षा ६–८ का लागि सम्भावित शिक्षण समाधान तरिका

| पाठ्यक्रमको सिकाइको उपलब्धि | सिकाइ अवस्था पहिचानको साधन | सम्भावित सहायता तौरतरिका र प्रक्रिया |
|---|---|---|
| • शारीरिक व्यायामको परिचय<br>• हात, पैताला, कुम, गोडा, पाखुरा, छाती, पेट, कम्मर, घुँडा, तिघ्रा र ढाड, गर्धन, पेटको व्यायाम<br>• कवाजको परिचय र यसका आदेशहरूको अभ्यास<br>• मादल, सङ्गीत वा ड्रमको तालमा कवाजको अभ्यास, तितरवितर र छुट्टी प्रदर्शन गर्न | • रुब्रिक्स<br>• रुजुसूची तथा श्रेणी मापन<br>• सहभागिता र कार्य सम्पादन<br>• विद्यार्थी कार्यको प्रदर्शन<br>• स्वमूल्याङ्कन तथा प्रतिविम्बन<br>• सहपाठी मूल्याङ्कन<br>• मौखिक प्रश्नोत्तर<br>• अभिभावक प्रतिक्रिया<br>• लिखित कार्य तथा परीक्षा | • जिउ तताउने क्रियाकलापसँगै कक्षा सुरु गर्ने<br>• हात, पाखुरा, कुम, छाती, ढाड र पेटको शारीरिक क्सरत शिक्षकले प्रदर्शन गरेर देखाउने र विद्यार्थीलाई अभ्यास गर्न लगाउने ।<br>• ड्रमको तालमा समूहमा कवाजका गोडाफाट, सतर्क, दायाँ फर्क, बायाँ फर्क, पूरा फर्क, गोडा चाल अगाडि बढ, दायाँ नजर, सिधा नजर, तितरवितर र छुट्टी कार्यहरूको पटक पटक अभ्यास गराउने । |
| • एथ्लेटिक्सको परिचय दिन<br>• छोटो दुरी, मध्यम दुरी, लामो दुरीको दौडको अभ्यास गर्न<br>• साधारण रिले दौडको अभ्यास गर्न<br>• लङजम्प र हाइजम्पको अभ्यास गर्न<br>• सटपुटको सिपहरूको अभ्यास गर्न<br>• नाघ्दै जाने रिले र साथीलाई बोकी हिँड्ने रिले अभ्यास गर्न | • रुब्रिक्स<br>• रुजुसूची तथा श्रेणी मापन<br>• सहभागिता र कार्यसम्पादन<br>• विद्यार्थी कार्यको प्रदर्शन<br>• स्वमूल्याङ्कन तथा प्रतिविम्बन<br>• सहपाठी मूल्याङ्कन<br>• मौखिक प्रश्नोत्तर<br>• अभिभावक प्रतिक्रिया<br>• लिखित कार्य तथा परीक्षा | • उपलब्ध ठाउँमा जिउ तताउने ।<br>• क्रियाकलापहरू गराउँदै कक्षा सुरु गर्ने<br>• लामो दौडका सिपहरूको परिचय दिने र शिक्षकले दौडने तरिका प्रदर्शन गरेर देखाउने ।<br>• ब्याटन प्रयोग गरेर गरिने रिलेको अभ्यास गराउने ।<br>• उफ्रने कार्य विद्यार्थीलाई प्रोत्साहन दिँदै लङजम्प, हाइजम्प र सटपुट गर्ने तरिका शिक्षकले प्रदर्शन गर्ने र सोहीबमोजिम विद्यार्थीहरूलाई अभ्यास गराउने । सके जति अवसर दिने ।<br>• जिउ चिस्याउने कसरतहरू गरी कक्षा अन्त्य गर्ने । |

| | | |
|---|---|---|
| • ब्याटन प्रयोग गरेर रिले दौडको अभ्यास गर्न<br>• हावा र हिउँमा गरिने साहसिक क्रियाकलापको परिचय दिन र अवलोकन तथा अभ्यास गर्न<br>• पहाड र जमिनमा गरिने साहसिक क्रियाकलापको परिचय दिन र अवलोकन तथा अभ्यास गर्न | | • भिडियो वा चित्र सामग्री देखाएर छलफल माध्ययमबाट साहसिक क्रियाकलाप र बन्जी जम्पिङ, ऱ्याफटिङ प्यारा‍ग्लाइडिङ, आइस स्केटिङ, आइस क्लाइम्बिङको परिचय दिने ।<br>• सम्भव भएको वा उपलब्ध स्थानमा शिक्षकको उपस्थितिमा मात्र हावा र हिँउमा गरिने साहसिक क्रियाकलापको अभ्यासमा सरिक गराउने ।<br>• नेपालमा हावा र हिँउमा गरिने साहसिक क्रियाकलापको सम्भावना र अभ्यासका सन्दर्भमा छलफल, प्रश्नोत्तर र व्याख्यान विधिको माध्यमबाट प्रस्ट पार्ने । |
| • भलिबलका आधारभूत सिपहरूको अभ्यास गर्न<br>• भलिबल खेलका साधारण नियमहरू बताउन<br>• बास्केटबल खेलका आधार भूत सिपहरू अभ्यास गर्न<br>• बास्केटबल खेलका साधारण नियमहरू बताउन<br>• फुटबलका आधारभूत सिपहरूको प्रयोग गरी अभ्यास गर्न<br>• फुटबल खेलका साधारण नियमहरू बताउन<br>• क्रिकेटका आधारभूत सिपहरूको अभ्यास गरी अभ्यास गर्न | • रुब्रिक्स<br>• रुजु सूची तथा श्रेणी मापन<br>• सहभागिता र कार्यसम्पादन<br>• विद्यार्थी कार्यको प्रदर्शन<br>• स्वमूल्याङ्कन तथा प्रतिविम्बन<br>• सहपाठी मूल्याङ्कन<br>• मौखिक प्रश्नोत्तर<br>• अभिभावक प्रतिक्रिया<br>• लिखित कार्य तथा परीक्षा | - शारीरिक तन्दुरुस्ती र सहनशक्ति विकासका लागि निम्नानुसार सहजीकरण गर्नुहोस् :<br>- नियमित वार्मअप र फिटनेस अभ्यास गराउने (जस्तै : रनिङ, हाइ नी, बर्पी, स्ट्रेचिङ)<br>- लचिलोपन विकासका योगाभ्यासहरू (जस्तै : ताडासन, पर्वतासन, त्रिकोणासन) गराउने ।<br>- साना र बढ्दो दुरीमा दौड अभ्यास अभ्यास गराउने ।<br>- सन्तुलन अभ्यास (जस्तैः एक खुट्टामा उभिने) गराउने ।<br>- प्रशिक्षकले पहिले प्रदर्शन गरेर देखाउने<br>- साना अभ्यास समूह बनाएर सिप अभ्यास गराउने ।<br>- सिप राम्रो भएका विद्यार्थीसँग अरूलाई सिकाउन अभ्यास गराउने । |

| | | |
|---|---|---|
| • कबड्डीको खेलको आधारभूत सिपहरूको प्रयोग गरी अभ्यास गर्न<br>• कबड्डी खेलका नियमहरू बताउन<br>• खो खो खेलमा आधारभूत सिपहरूको अभ्यास गर्न<br>• खो खो खेलका नियमहरू बताउन | | - अभ्यासको लागि भिडियो देखाएर सुधार गर्ने तरिका अपनाउने ।<br>- दुई वा दुई भन्दा बढी खेलाडी चाहिने खेलमा टिम बनाउने अभ्यास गर्ने ।<br>- समूहमा दायित्व बाँड्ने, जस्तै : कप्तान, स्कोरर, टाइम किपर आदि ।)<br>- सहकार्य आवश्यक पर्ने साना साना खेलहरू रिले रनिङ, पासिङका लागि अभ्यास गराउने ।<br>- सकारात्मक सामाजिक व्यवहारको प्रशंसा नियमित गर्ने ।<br>- चित्र वा पोष्टर प्रयोग गरेर नियम सिकाउने गर्ने ।<br>- खेलाउँदै मैदानमै अभ्याससँगै नियम दोहोऱ्याउँदै सिकाउने ।<br>- पोजिसन अभ्यास ड्रिलका लागि विद्यार्थीलाई पालैपालो उभ्याउन लगाई अभ्यास गराउने ।<br>- मिनी-गेम अभ्यास अन्तर्गत ५-१० मिनेटको छोटो खेल प्रदर्शन अभ्यास गराउने ।<br>- अरू विद्यार्थी खेल्दा बाँकीलाई नियमन रेफ्री, स्कोररको जिम्मा दिएर अवलोकन अभ्यास गराउने ।<br>- आवश्यक भएमा स्थानीय भाषा प्रयोग गरी नियमको व्याख्या गर्ने । |

| | | |
|---|---|---|
| • योगका नियम (धारणा, ध्यान र समाधि, प्रत्याहार, प्राणायाम र आसन, यम र नियम) को परिचय दिन<br>• सुक्ष्म क्रियाको अभ्यास गर्न<br>• सेतुवन्थासन, मकरासन र हलासन, अनुलोम विलोम, भुजङ्गासन, भ्रामरी र भस्त्रिका प्राणायाम, धनुरासन, मत्स्यासन, पवनमुक्तासन र उष्ट्रासन कपालभाति, मण्डुकासनको अभ्यास गर्न | • रुब्रिक्स<br>• रुजुसूची तथा श्रेणी मापन<br>• सहभागिता र कार्य सम्पादन<br>• विद्यार्थी कार्यको प्रदर्शन<br>• स्वमूल्याङ्कन तथा प्रतिविम्बन<br>• सहपाठी मूल्याङ्कन<br>• मौखिक प्रश्नोत्तर<br>• अभिभावक प्रतिक्रिया<br>• लिखित कार्य तथा परीक्षा | • योगका नियम धारणा, ध्यान र समाधिको परिचय दिदैं अभ्यास गराउने ।<br>• सुक्ष्म क्रियाको अभ्यास गर्ने तरिका प्रदर्शन गरी सोहीअनुसार अभ्यास गर्न प्रेरित गर्ने<br>• भ्रामरी र भस्त्रिका प्राणायाम गर्ने<br>• भिडियो वा चित्र सामग्रीमार्फत वा शिक्षकले प्रदर्शन गरी देखाउने र विद्यार्थीलाई अभ्यासमा सहभागी गराउने ।<br>• ठाउँअनुसार समूहमा सामेल हुने, पङ्क्ति वा ताँतीमा मिलेर बसेपछि योगका सेतुबन्दासन, मकरासन र हलासन कार्यहरूको शिक्षकले प्रदर्शन गरेर देखाउने ।<br>• शिक्षकले प्रदर्शन गरेपछि विद्यार्थीलाई अभ्यासमा सरिक गराउने र अवलोकन गर्ने ।<br>**ध्यान दिनुपर्ने कुराहरू**<br>- अभ्यासअगि सिधा र छोटो व्याख्या उदाहरणसहित दिने ।<br>- प्रशिक्षकले साथसाथै गरेर देखाउने र आवाजमार्फत गाइड गर्ने ।<br>- सास गन्ने विधि अपनाउने (जस्तै : ४-४),<br>- सुरुआतमा छोटो अवधिको अभ्यास<br>- चरणबद्ध रूपमा आसन सिकाउने चित्र प्रयोग गर्न सकिन्छ ।<br>- अभ्यास अगि हल्का स्ट्रेचिङ समावेश गर्ने ।<br>- वैकल्पिक आसन वा समय कम राख्ने, बाध्यतामूलक अभ्यास नगराउने । |

## २.३ सिकाइ सहजीकरण प्रक्रिया

### २.३.१ कक्षागत तथा विषयगत समस्याका क्षेत्र तथा समाधान प्रक्रिया

**कक्षा ४-५ का लागि सिकाइ सहजीकरण प्रक्रिया**

| विद्यार्थी | सिकाइको कठिनाइ क्षेत्र | सिकाइ सहजीकरण विधि तथा तरिका/ क्रियाकलाप | कक्षा सञ्चालन प्रक्रिया उदाहरणसहित | कैफियत |
|---|---|---|---|---|
| श्याम<br>राम<br>हरि<br>सँगम<br>विराज<br>........<br>........<br>........ | एकै चालमा गोडा चाल्न नसक्ने । | • 'म गर्छु, हामी गर्छौं र तिमी गर विधिबाट सिकाइ'<br>• प्रदर्शन<br>• अवलोकन<br>• अभ्यास<br>• मूल्याङ्कन<br>• पृष्ठपोषण | १. शिक्षक आफैले छाती, काँध र खुट्टाको अवस्था मिलाई शरीरलाई सन्तुलनमा राखी विद्यार्थीसमक्ष प्रदर्शन गर्नुहोस् र सोहीअनुसार विद्यार्थीलाई पनि गर्न लगाउनुहोस् ।<br>२. शिक्षकको अवलोकनमा विद्यार्थीको प्रदर्शनमा कुनै कमजोरी पत्ता लागे तुरुन्तै सच्याउनुहोस् । विशेषत: सहभागी विद्यार्थीको सामान्य शारीरिक ढाँचा अन्तर्गत, हात, खुट्टा, छातीको अवस्थामा ध्यान दिनुहोस् ।<br>३. गोडा चालको अवस्था विस्तारै तर सँगसँगै गर्न लगाई सिकाउनुहोस् ।<br>४. जमिनमा खुट्टा राख्ने बेलामा सकेसम्म गोडादेखि पञ्जातिरबाट छुनेगरी टेक्नुहोस् ।<br>५. मार्चको काउन्टिङ ४ वा ८ मा गर्न लगाउनुहोस् ।<br>६. सुरुमा मुखले आवाज निकाली १-२ को ताल दिनुहोस् र पछि पिटी ड्रममा समेत अभ्यास गराउनुहोस् । | थप आवश्यकता भए गृह अभ्यास तथा परियोजना कार्य दिनुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| गिता<br>सिता<br>रिना<br>मिला | पूरा फर्क सही तरिकाले प्रदर्शन नगर्ने । | भूमिका निर्वाह विधि | १. शिक्षक आफैँले पूरा फर्कको अवस्था देखाई शरीरलाई सन्तुलनमा राखी विद्यार्थीसमक्ष भूमिका निर्वाहका रूपमा नमुना प्रदर्शन गर्नुहोस् ।<br>२. सोही कार्य अब विद्यार्थीलाई पनि प्रदर्शन गर्न भूमिका निर्वाहकै रूपमा जस्ताको तस्तै गर्न लगाउनुहोस् ।<br>३. शिक्षकको अवलोकनमा विद्यार्थीको प्रदर्शनमा कुनै कमजोरी पत्ता लागे तुरुन्तै सच्याउनुहोस् । विशेषत: सहभागी विद्यार्थीको सामान्य शारीरिक ढाँचाअन्तर्गत हात, खुट्टा र छातीको अवस्थामा ध्यान दिनुहोस् ।<br>४. सुरुमा मुखले आवाज निकाली १-२-१ को ताल दिनुहोस् र पछि पिटि ड्रममा समेत अभ्यास गराउनुहोस् । | |
| | | डजिटल सहायता विधि | १. यस विधिमा स्मार्टबोर्डमा पूरा फर्क गरेको भिडियो सर्वप्रथम विद्यार्थीलाई देखाउनुहोस् । प्रदर्शन हलमा भिडियोको साथमा विद्यार्थीलाई पनि सँगसँगै अभ्यास गर्न लगाउनुहोस् ।<br>२. ३-४ जनाको सानो समूहमा कुनै किसिमको पृष्ठपोषण आवश्यक भए तुरुन्तै सोही बेला सच्याउनुहोस् ।<br>३. सफल कार्य गर्ने विद्यार्थीलाई स्यावास, राम्रो, उत्कृष्ट भन्दै प्रोत्साहन गर्नुहोस् । | |
| | | जोडी सिकाइ विधि | १. यस विधिबाट सिकाउँदा २ जनाको समूह बनाउनुहोस् ।<br>२. पूरा फर्क गरेर देखाउन सक्ने साथीले पहिलो पल्ट प्रदर्शन गरेर देखाउन लगाउनुहोस् । त्यस कार्यको अवलोकन नजिकको अर्को साथीले गर्न लगाउनुहोस् र लगत्तै उसलाई पनि पूरा फर्क लगाउनुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | | | ३. पालैपालो यसरी दुई जनाको बिचमा पूरा फर्क कार्य सिकिसकेमा त्यस्ता विद्यार्थीलाई नियमित कक्षामा पठाउनुहोस् । | |
| जीतेन्द्र<br>फिरोज<br>पंकज<br>तिनोज | क्राउच पोजिसन सही नहुनु । | नक्कल गरी सिक्ने विधि | १. शिक्षक आफैँले क्राउच अवस्थामा बसी विद्यार्थीलाई आफ्ना अगाडि पङ्तिमा राख्नुहोस् ।<br>२. शिक्षकले प्रदर्शनमा क्राउच अवस्थामा गर्नुपर्ने खास खास अवस्थाको नक्कल गर्न विद्यार्थीलाई अग्रिम जानकारी दिनुहोस् ।<br>३. अन योर मार्क, गेट सेट र गो जस्ता तीन अवस्थामा शरीरको अवस्थामा कस्तो हुन्छ भन्ने कुरामा ध्यान दिन लगाउनुहोस् ।<br>४. सुरुमा शिक्षक आफैँले ठुलो स्वरमा तीन अवस्था बोल्नुहोस् र विद्यार्थीलाई पनि ठ्याक्कै नक्कल गर्न लगाउनुहोस् ।<br>५. अभ्यास कार्य एकै पटकले नहुने भएकाले बारम्बार पालैपालो नक्कल गरी खेल्न प्रेरित गर्नुहोस् । | |
| | शरीर सन्तुलन नहुने । | प्रदर्शन विधि | १. शरीर सन्तुलन कार्य सिकाउनका लागि उमेर समूह ८ देखि १४ वर्ष सम्मका विद्यार्थीलाई कक्षामा सुरुमा शरीरलाई वार्मअप गर्ने तरिकाबारे बताउनुहोस् ।<br>२. शरीर तताउने अर्थात वार्मअपमा मांसपेशीलाई शारीरिक कार्यमा अभ्यस्त बनाउने तन्काउने र खुम्च्याउने कार्यको आवश्यकता पर्ने हुनाले सम्भवत बिस्तारै प्रदर्शन गर्न सिकाउनुहोस् ।<br>३. हल्का अभ्यासमा वीम ब्यालेन्समा हिँडाउने वा एक खुट्टामा उभ्याउने जस्ता क्रियाकलाप गराउनुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | | | ४. जिम्न्यास्टिक्स कार्यमा सुरक्षा कार्यबारे बुझाउनुहोस् ।<br>५. शरीर सन्तुलनका विभिन्न प्रयासहरू विद्यार्थी स्वयम्लाई गर्न दिनुहोस् । | |
| | फुटबलमा सही किकिङ र ट्र्यापिङ नहुने । | | उचित ट्र्यापिङका तरिकाहरू प्रयोग गरेर विद्यार्थीको बल नियन्त्रण र रोक्ने क्षमता सुधार गर्नुहोस् ।<br>१. ५-१० मिनेट जति सैद्धान्तिक पक्षको जानकारी दिने गरी कक्षा सुरु गर्नुहोस् ।<br>क. छलफल र प्रदर्शन विधिमा<br>"ट्र्यापिङ" भनेको के हो भनेर व्याख्या गर्नुहोस्: खुट्टा, तिघ्रा वा छाती प्रयोग गरेर बल नियन्त्रण गर्ने भनी तीन मुख्य प्रकारहरू फुट ट्र्याप (सोल ट्र्याप/स्टप ट्र्याप)<br>**थाइ ट्र्याप, चेस्ट ट्र्याप, प्रदर्शन गरी देखाउनुहोस् :**<br>• प्रत्येकलाई बिस्तारै र स्पष्ट रूपमा प्रदर्शन गर्नुहोस् ।<br>• सम्भव भएमा दृश्य सहायता वा भिडियो क्लिपहरू प्रयोग गर्नुहोस् ।<br>ख. गल्तीहरू सच्याउनुहोस् र विद्यार्थीलाई सोध्नुहोस् :<br>• तपाईँलाई कुन भाग गाह्रो लाग्छ ?<br>• बल उफ्रिँदा तपाईं के गर्नुहुन्छ ?<br>२. सम्भव भए जिउ तताउने कसरतका गतिविधिहरू ५-१० मिनेट जति बल नियन्त्रणमा लगाउनुहोस्,<br>जस्तै : बलसँग दौडने, स्टप-ट्र्यापको साथ जोडीमा पास गर्ने, हल्का गतिशील स्ट्रेचहरू गराउनुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | | | ३. सिप ब्रेकडाउन र ड्रिलहरू (३० मिनेट)<br>(क) फुट ट्र्याप ड्रिल<br>उद्देश्य : खुट्टाको सोल वा भित्री भागले गुडेर आएको बललाई रोक्नुहोस् ।<br>ड्रिल : एक पार्टनरले बललाई अर्को पार्टनरमा रोल गर्छ, जसले यसलाई फसाउँछ र फिर्ता गर्छ ।<br>गति र दुरी फरक पार्नुहोस् ।<br>(ख) थाइ ट्र्याप ड्रिल<br>एक पार्टनरले बललाई तिघ्रातिर फ्याँक्छ वा हल्का किक गर्छ ।<br>ट्र्याप गर्नुहोस् र यसलाई फिर्ता पास गर्नुअघि बिस्तारै खस्न दिनुहोस् ।<br>सन्तुलन राख्ने र बललाई धेरै टाढा उफ्रिन नदिने कुरामा जोड दिनुहोस् ।<br>(ग) चेस्ट ट्र्याप ड्रिल<br>• छातीमा हातले टस गर्नुहोस् ।<br>• घुँडा झुकेर र थोरै पछाडि झुकेर बललाई ट्र्याप गर्नुहोस् ।<br>• बललाई नजिकबाट फ्याँक्नुहोस् र पास गर्नुहोस् ।<br>४. सुधार र प्रतिक्रिया<br>• विद्यार्थीलाई व्यक्तिगत रूपमा अवलोकन गर्नुहोस् ।<br>• व्यक्तिगत प्रतिक्रिया दिनुहोस् :<br>• आफ्नो घुँडा बढी मोड्नुहोस्,<br>• बललाई अझ बढी झुकाउनुहोस्, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • बलमा आफ्नो आँखा राख्नुहोस् ।<br>• सकारात्मक सुदृढीकरण प्रयोग गर्नुहोस् । साना साना सुधारहरूको प्रशंसा गर्नुहोस् ।<br>५. खेलमा आधारित सिकाइ (१५-२० मिनेट)<br>(क) ट्र्याप र पास खेल<br>खेल जारी राख्नुअगि साना टोलीहरूले पास र ट्र्याप गर्छन् ।<br>सफल ट्र्यापहरूको लागि अङ्क दिनुहोस् ।<br>(ख) ट्र्याप चुनौती<br>१ मिनेटमा कति सफल ट्र्याप भयो ?<br>रमाइलो बनाउन सङ्गीत वा लय प्रयोग गर्नुहोस् ।<br>६. शान्त र प्रतिविम्ब (५ मिनेट)<br>हल्का स्ट्रेचिङ<br>सोध्नुहोस् : आज के सजिलो लाग्यो ?<br>गृहकार्य : भित्ता वा परिवारको सदस्यसँग ट्र्याप गर्ने अभ्यास गर्नुहोस् ।<br>**शिक्षण सुझावहरू :**<br>• ढिलो गतिको प्रदर्शन प्रयोग गर्नुहोस् ।<br>• धैर्यवान् र प्रोत्साहनजनक हुनुहोस् ।<br>• बिस्तारै ओभरलोड प्रयोग गर्नुहोस् : गति, बल, र अप्रत्याशितता बिस्तारै बढाउनुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • कमजोर र बलिया विद्यार्थीलाई एकसाथ जोड्नुहोस् ।<br>• फोकस सेट गर्न कोन वा मार्करहरू प्रयोग गर्नुहोस् । | |
| | पर्वतासन सही तरिकाले प्रदर्शन नगर्ने । | योगमा प्रत्येक पर्वतासनलाई प्रभावकारी रूपमा पङ्क्तिबद्धता, श्वासप्रश्वास र कोमल प्रगतिमा ध्यान केन्द्रित गर्न आवश्यक छ, विशेष गरी यदि तपाईं सुरुआत वा उपचारात्मक निर्देशन चाहिने विद्यार्थीसँग काम गर्दै हुनुहुन्छ भने । | पर्वतासन (पहाडी मुद्रा) सिंहावलोकन:<br>पर्वतासनले सामान्यत: योगमा पहाड जस्तो आकारलाई जनाउँछ, जुन प्राय: आधुनिक योगमा तलतिर फर्केको कुकुरसँग मिल्दोजुल्दो हुन्छ तर सन्दर्भको आधारमा बसेको पहाडको मुद्रा पनि भन्न सकिन्छ । दुबै व्याख्यालाई समेटौँ ताकि तपाईं आफ्नो कक्षाको आवश्यकताका आधारमा छनोट गर्न सक्नुहुने छ :<br>संस्करण १: पर्वतासन (सूर्य नमस्कारबाट - तलतिर फर्केको कुकुर जस्तै)<br>चरणबद्ध निर्देशनहरू:<br>औँलाहरू टेक्नुहोस्, कम्मरलाई माथि र पछाडि उठाउनुहोस् ।<br>शरीरसँग उल्टो ख आकार बनाउनुहोस् ।<br>हात र खुट्टा सीधा, कुर्कुच्चा भुइँतिर पुग्छन् ।<br>हातहरूबिच टाउको, आराम, घुँडातिर हेर्नुहोस् ।<br>शिक्षण बुँदाहरू :<br>हात र खुट्टाबिच समान रूपमा तौल बाँड्नुहोस् ।<br>हत्केलाहरूलाई चटाइमा दृढतापूर्वक थिच्नुहोस् ।<br>काँधलाई कानतिर माथि उठाउन नदिनुहोस् ।<br>मेरुदण्ड लामो र कम्मर माथि उठाउनुहोस् ।<br>भर्खर सिकेकाले घुँडा थोरै मोड्न सक्छन् । | |

| | | | | |
|---|---|---|---|---|
| | | | १. जिउ तताउने (५-१० मिनेट) जति गराउनुहोस् ।<br>प्रदर्शनका क्रममा शिक्षक आफैँले घाँटी घुमाउने, काँध उचाल्ने, हात हल्लाउने गरी विद्यार्थीलाई देखाउनुहोस् ।<br>हल्का मेरुदण्ड तन्किने गरी बसेर घुमाउने गर्नुहोस् ।<br>२. प्रदर्शन र व्याख्यामा (५ मिनेट) जति पर्वतासनका दुबै तरिकाहरू देखाउनुहोस् (उभिएर र बसेर) ।<br>मुद्रा, सास र उद्देश्यमा जोड दिनुहोस् (मनलाई शान्त पार्छ, शरीरलाई बलियो बनाउँछ)।<br>३. निर्देशित अभ्यास (१५ मिनेट)<br>विद्यार्थीलाई चरणबद्ध विभिन्न मुद्रामा लैजानुहोस् ।<br>"आफ्नो कम्मर उठाउनुहोस्," "आफ्नो हातमा थिच्नुहोस्," "लामो सास लिनुहोस्" जस्ता सङ्केतहरू प्रयोग गर्नुहोस् ।<br>बिस्तारै सच्याउनुहोस् - आवश्यक परेमा काँध, कम्मर, हातहरू पङ्क्तिबद्ध गर्न मदत गर्नुहोस् ।<br>४. श्वास जागरुकता (५ मिनेट)<br>बसेको पर्वतासनमा, आसन समात्नुहोस् र गहिरो सास फेर्न र सास छोड्नमा ध्यान केन्द्रित गर्नुहोस् ।<br>सास फेर्न गणना गर्नुहोस् (जस्तै : ४ गणना सास लिनुहोस्, ४ गणना सास छोड्नुहोस्) । | |

| | | | | |
|---|---|---|---|---|
| | | | ५. खेल वा पार्टनर वर्क (वैकल्पिक, साना विद्यार्थी लागि)<br>"योग ऐना" : एक विद्यार्थीले पर्वतासन समात्छ जबकि पार्टनरले नक्कल गर्छ ।<br>६. शान्त र प्रतिविम्ब (५-१० मिनेट)<br>बालबालिकाको आसन, शवासन<br>सोध्नुहोस् : तपाईंलाई आसनमा कस्तो महसुस भयो ? के तपाईंलाई सास फेर्न सहज थियो ?<br>**प्रभावकारी रूपमा सिकाउने सुझावहरू :**<br>- साना वा नयाँ विद्यार्थीका लागि सरल भाषा प्रयोग गर्नुहोस् ।<br>- दृश्य सहायताहरू थप्नुहोस् वा बिस्तारै आसनहरू प्रदर्शन गर्नुहोस् ।<br>- विद्यार्थीमा लचिलोपन वा शक्तिको कमी छ भने प्रोप्स (ब्लकहरू, भित्ता समर्थन) प्रयोग गर्नुहोस् ।<br>- पूर्णताभन्दा स्थिरतालाई प्रोत्साहन गर्नुहोस् । | |

# सिर्जनात्मक कला

## २.१ सिकाइ आवश्यकता पहिचान

**पाठ्यक्रमको अपेक्षा र सिकाइको अवस्था कक्षा ४–८**

| आधार | पाठ्यक्रमको अपेक्षा (४ र ५) | सिकाइको अवस्था |
|---|---|---|
| सक्षमता | चित्रकलाको विकासमा आधारभूत सिपको प्रयोग | • रेखाको संयोजन गर्ने आधारभूत ज्ञान भएको,<br>• उपयुक्त रङको छनोट गरी संयोजन गर्न जानेको तर सिपहरूको प्रयोग गर्न नजानेको<br>• उपयुक्त रङको संयोजनबाट चित्रकलाको प्रदर्शन गर्न थप सहायता वा उपचारात्मक शिक्षण चाहिने हुन्छ । |
| | हस्तकलाका आधारभूत सिपहरूको प्रयोग, छपाइ तथा निर्माण कार्य प्रदर्शन | • विषय शिक्षकको अभाव<br>• हस्तकलाका आधारभूत सिप सिकाउने शिक्षकको अभाव<br>• विद्यार्थीमा छपाइ कार्य र माटाबाट वस्तुको निर्माण सिप विकास नभएको तर कोलाज बनाउन जानेका |
| | स्वतन्त्र रुपले लय मिलाइ एकल तथा समूहमा गीतको प्रस्तुति | केही विद्यार्थीले आफ्नै अनुभवमा लय, ताल, स्वर, हाउभाउ, मुद्रा मिलाई एकल, युगल तथा समूहमा गाउने सिपको विकास र प्रदर्शन गर्न सकेका तर विषगगत शिक्षकको अभावमा अधिकांश विद्यार्थीले यो सिप विकास गर्न नसकेकाले थप सहायता आवश्यक पर्ने |
| | स्थानीय बाजाहरूको पहिचान र तालमा बजाउने अभ्यास | यो सिकाइ उपलब्धि पूरा गर्न सबैजसो विद्यार्थीलाई थप सहायता चाहिने, शिक्षकलाई तालिम दिनुपर्ने |
| | एकल, युगल र समूहमा नृत्य एवम् अभिनय प्रदर्शन | विद्यार्थीको आफ्नै अनुभव र कक्षाबाहिरको सिकाइबाट केही विद्यार्थीमा गीत र बाजाको तालमा एकल, युगल तथा समूहमा नृत्य र अभिनय प्रदर्शन गर्ने सिप विकास भएको भए पनि अधिकांशलाई थप सहायता चाहिन |

| | | |
|---|---|---|
| | पाठ्यक्रमको अपेक्षा (६ ७ र ८) | सिकाइको अवस्था |
| | रेखाको आधारभूत सिपहरूको प्रयोग गरी उपयुक्त रङको संयोजनबाट चित्रकलाको प्रदर्शन | रेखाको आधारभूत सिपहरूको प्रयोग गर्न जानेको तर उपयुक्त रङको संयोजनबाट चित्रकलाको प्रदर्शन थप सहायत वा उपचारात्मक शिक्षण चाहिने |
| | हस्तकलाको आधारभूत सिपहरूको प्रयोगबाट छपाइ कार्य, कोलाज र माटाबाट वस्तुको निर्माण | हस्तकलाको आधारभूत सिप सिकाउने शिक्षकको छपाइ कार्य र माटाबाट वस्तुको निर्माण सिप विकास नभएको तर कोलाज बनाउन जानेको |
| | लय, ताल, स्वर, हाउभाउ, मुद्रा मिलाई एकल, युगल तथा समूहमा गाउने सिपको विकास र प्रदर्शन | केही विद्यार्थीले आफ्नै अनुभवमा  लय, ताल, स्वर, हाउभाउ, मुद्रा मिलाई एकल, युगल तथा समूहमा गाउने सिपको विकास र प्रदर्शन गर्न सकेका तर शिक्षकको अभावमा अधिकांश विद्यार्थीले यो सिप विकास गर्न नसकेकाले थप सहायता आवश्यक पर्ने |
| | विभिन्न प्रचलित बाजाहरूसँग परिचित भई वादन सिपको प्रदर्शन | यो सिकाइ उपलब्धि पूरा गर्न सबैजसो विद्यार्थीलाई थप सहायता चाहिने, शिक्षकलाई तालिम दिनुपर्ने |
| | गीत र बाजाको तालमा एकल, युगल तथा समूहमा नृत्य र अभिनय प्रदर्शन | विद्यार्थीको आफ्नै अनुभव र कक्षा बाहिरको सिकाइबाट केही विद्यार्थीमा गीत र बाजाको तालमा एकल, युगल तथा समूहमा नृत्य र अभिनय प्रदर्शन गर्ने सिप विकास भएको भए पनि अधिकांशलाई थप सहायता चाहिने |
| गृहकार्य, परियोजना कार्य | कक्षा ४<br>आलु फर्सी मुला आदिमा कुनै वस्तुको आकृति कोरी रङ छर्कने र छपाइ गर्ने वा पात सिक्कामा रङ छर्केर छपाई गर्ने । | सुरुमा शिक्षकले गरेर देखाउने |
| | क्वायल र स्ल्याब विधिबाट आफूलाई मनपर्ने कुनै दुईओटा वस्तुको नमुना तयार गर्ने र रङ लगाउने । | सुरुमा शिक्षकले गरेर देखाउने |
| | खेर फालिएका वस्तुहरू जस्तै तारका टुक्रा, कागज सिनका माटो कागजको बट्टा आदिको प्रयोग गरी मनपर्ने वस्तुको नमुना तयार पार्ने । | सुरुमा शिक्षकले गरेर देखाउने |

| | | |
|---|---|---|
| | लयमा कक्षागत, राष्ट्रिय गान वा स्थानीय लोकगीतमध्ये कुनै एउटा गीत गाउने । | सुरुमा शिक्षकले गरेर देखाउने |
| | हार्मोनियम वा किबोर्डको किबोर्डबाट निस्कने स्वरको अभ्यास गर्ने र रेकर्ड गर्ने । | सुरुमा शिक्षकले गरेर देखाउने |
| | आफूले कक्षामा गाउन सिकेका गीतमा बज्ने कुनै एउटा काललाई तालवाद्यमा बजाउने वा ताली दिएर बजाउने अभ्यास गर्ने । | सुरुमा शिक्षकले गरेर देखाउने |
| एकाइ परीक्षा | कक्षा ५<br>व्यक्तिगत रूपमा आफूले अनुभव गरेका र कल्पनामा आधारित चित्र बनाउने र उपयुक्त रङ लगाउने । | शिक्षकले सहयोग गर्ने । |
| | खेर गएका काठबाट काठका रेसाहरू पहिचान हुने गरी छपाई गर्ने र प्रयोगात्मक पुस्तिका अभिलेखीकरण गर्ने । | शिक्षकले सहयोग गर्ने |
| | थप्ने र हटाउने विधिबाट आफूलाई मनपर्ने कुनै दुईओटा वस्तुको नमुना बनाई उपयुक्त रङ लगाउने । | शिक्षकले सहयोग गर्ने |
| | वरपर पाइने खेर गएका वस्तुको प्रयोग गरी कुनै एउटा वस्तुको कोलाजको नमुना तयार गर्ने । | शिक्षकले सहयोग गर्ने |
| | लयमा कक्षागत वा राष्ट्रिय गान वा बालगीतमध्ये कुनै दुईओटा गाउने अभ्यास गर्ने । | शिक्षकले सहयोग गर्ने |
| | कुनै दुई स्थानीय बाजा वा कहरवा वा झ्याउरे तालमा ताल बाद्य बजाउने र रेकर्ड गर्ने । | शिक्षकले गरेर देखाउने |
| | कुनै दुईवटा गीतमा हाउभाउसहित लोक नृत्य गर्ने र यसको भिडियो रेकर्ड गर्ने । | शिक्षकले सहयोग गर्ने |

| | | |
|---|---|---|
| | पाठ वा एकाइ शिक्षणका क्रममा गरिने लिखित कार्य तथा लिइने छोटो परीक्षा, त्रैमासिक परीक्षा यसअन्तर्गत समावेश हुन्छन् । | यस्तो परीक्षा हुने नगरेको, थप सहायता चाहिन |
| कक्षा/ व्यवहार अवलोकन | प्रक्रियागत सिपहरूको मूल्याङ्कन, पाठगत रूपमा विद्यार्थीले सिक्नुपर्ने सिप तथा तिनको प्रयोग र व्यवहारकुशल सिपको मापन गर्न रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्न सकिन्छ । | रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्न थप सहायता चाहिने |
| कक्षा सहभागिता | सिकाइ सहजीकरणका लागि प्रदर्शन, परियोजना कार्य, छलफल, समस्या समाधान, स्थलगत भ्रमण, सर्वेक्षण, भूमिका निर्वाह/अभिनय, खेल विधि, प्रयोगात्मक, कथाकथन, सहभागितात्मक, प्रश्नोत्तर, व्याख्यान विधि विधिमध्ये आवश्यकता र उपयुक्तताका आधारमा एक वा एकभन्दा बढी विधि प्रयोग गर्ने । सिकाइ सहजीकरणका क्रममा सोच्ने, जोडी बनाउने र अनुभव आदानप्रदान गर्ने, मस्तिष्क मन्थन गर्ने, जिग्स, ग्राफिटी, राउन्ड टेबल, ग्यालरी हिडाइ जस्ता क्रियाकलापहरू उपयोगी हुन । | यस पक्षमा थप सहायता चाहिने |
| घरायसी वातावरण | उल्लेख नभएको | यस पक्षमा थप सहायता चाहिने |
| कक्षाकार्य, गृहकार्य, परियोजना कार्य | कक्षा ६<br>स्थिर अवस्थाको चित्र र मानव आकृतिको चित्र कोरी उपयुक्त रङ भर्ने । | थप सहायता नचाहिने |

| | | |
|---|---|---|
| | थप्ने, हटाउने, पाता र क्वाइल विधिको प्रयोग गरी माटोबाट दुईओटा नमुना तयार गर्ने । | थप सहायता नचाहिने |
| | कक्षागतगीत र स्थानीय कुनै एक गीतलाई हाउभाउसहित लयबद्ध रूपमा गाउने । यसबाट भएको सिकाइलाई प्रतिविम्बन गर्ने । | थप सहायता चाहिने |
| | ती झ्याउरे ताल, ख्याली ताल, कहरवा तालको बोल, मात्रा, विभागको चार्ट तयार गरी अभ्यास गर्ने । | थप सहायता चाहिने |
| | मुद्राको प्रयोग गरी कुनै एक स्थानीय गीत वा लोकगीतमा एकल, युगल वा समूहमा नृत्य गर्ने । | थप सहायता नचाहिने |
| | कक्षा ७<br>आफूलाई मन पर्ने जनावर र चराको एकओटा चित्र कोरी उपयुक्त रङ भर्ने । | कक्षा ७<br>थप सहायता नचाहिने |
| | उपयुक्त माटो छनोट गरी आफूलाई मन पर्ने दुईओटा माटाका भाडाहरूको नमुना निर्माण गर्ने । | थप सहायता चाहिने |
| | कक्षागत गीत र स्थानीय कुनै एक गीतलाई हाउभाउसहित लयबद्ध रूपमा गाउने । यसबाट भएको सिकाइलाई प्रतिविम्बन गर्ने | थप सहायता नचाहिने |
| | हार्मोनियमका सी र जी स्केलका धुनहरूमा अभ्यास गर्ने । उक्त स्केलको चित्र तयार झ्याउरे गर्ने | थप सहायता चाहिने |
| | ती झ्याउरे ताल, ख्याली ताल, कहरवा तालको बोल, मात्रा, विभागको चार्ट तयार गरी अभ्यास गर्ने । | थप सहायता चाहिने |

| | | |
|---|---|---|
| | शृङ्गार, वेशभूषाको माध्यमबाट अभिनय कला (एकल, युगल वा समूहमा) प्रदर्शन गर्ने । | थप सहायता चाहिने |
| | कक्षा ८<br>कपडासहितको स्थिर वस्तुको चित्र बनाई उपयुक्त रङ भर्ने । | कक्षा ८<br>थप सहायता नचाहिने |
| | उपयुक्त माटो छनोट गरी आफूलाई मन पर्ने एउटा माटाको मूर्ति तयार गर्ने । | थप सहायता नचाहिने |
| | कक्षागत गीत र स्थानीय कुनै एक गीतलाई हाउभाउसहित लयबद्ध रूपमा गाउने । यसबाट भएको सिकाइलाई प्रतिविम्बन गर्ने । | थप सहायता नचाहिने |
| | तीझ्याउरझ्याउरे ताल, ख्याली ताल, कहरवा तालको बोल, मात्रा, विभागको चार्ट तयार गरी अभ्यास गर्ने । | थप सहायता चाहिने |
| | झ्याउरे वा सोरठी वा सेलोमा लोकनृत्यमा (एकल, युगल वा समूहमा) अभ्यास गर्ने । | थप सहायता चाहिने |
| | परियोजना/प्रयोगात्मक कार्य विषयवस्तुको प्रकृति, स्रोत साधनको उपलब्धता र उपयुक्तताका आधारमा व्यक्तिगत वा सामूहिक रूपमा गर्न सकिने छ । यी कार्यहरू सम्पादनपश्चात् कक्षाकोठामा प्रस्तुतीकरण गनुपर्ने छ । प्रस्तुतीकरण मौखिक, लिखित वा कम्प्युटर प्रविधिको प्रयोग गरी गर्न सकिने छ । | कम्प्युटर प्रविधिको प्रयोगका लागि थप सहायता चाहिने |
| एकाइ परीक्षा | पाठ वा एकाइ शिक्षणका क्रममा गरिने लिखित कार्य तथा लिइने छोटो परीक्षा, त्रैमासिक परीक्षा यसअन्तर्गत समावेश हुन्छन् । | यस्तो परीक्षा हुने नगरेको, थप सहायता चाहिने |

| | | |
|---|---|---|
| कक्षा/ व्यवहार अवलोकन | प्रक्रियागत सिपहरूको मूल्याङ्कन, पाठगत रूपमा विद्यार्थीले सिक्नुपर्ने सिप तथा तिनको प्रयोग र व्यवहारकुशल सिपको मापन गर्न रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्न सकिन्छ । | रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम प्रयोग गर्न थप सहायता चाहिन |
| कक्षा सहभागिता | सिकाइ सहजीकरणका लागि प्रदर्शन, परियोजना कार्य, छलफल, समस्या समाधान, स्थलगत भ्रमण, सर्वेक्षण, भूमिका निर्वाह/ अभिनय, खेल विधि, प्रयोगात्मक, कथाकथन, सहभागितात्मक, प्रश्नोत्तर, व्याख्यान विधिमध्ये आवश्यकता र उपयुक्तताका आधारमा एक वा एकभन्दा बढी विधि प्रयोग गर्ने । सिकाइ सहजीकरणका क्रममा सोच्ने, जोडी बनाउने र अनुभव आदानप्रदान गर्ने, मस्तिष्क मन्थन गर्ने, जिग्स, ग्राफिटी, राउन्ड टेबल, ग्यालरी हिडाइ जस्ता क्रियाकलापहरू उपयोगी हुने | यस पक्षमा थप सहायता चाहिने |
| घरायसी वातावरण | उल्लेख नभएको | यस पक्षमा थप सहायता चाहिने |

### २.१.२ सिकाइमा देखा पर्ने सम्भावित कठिनाइ

**कक्षा ४ र ५**

| सक्षमता | सम्भावित कठिनाइ |
|---|---|
| चित्रकलाको विकासमा आधारभूत सिपको प्रयोग | • चित्रकलासम्बन्धी आधारभूत ज्ञान र सिपको अभाव<br>• रेखाचित्र बनाउने आधारभूत सिपको अभाव<br>• हातको समन्वय र नियन्त्रणको कमी<br>• रङको संयोजनको ज्ञानको कमी |

| | |
|---|---|
| | • अनुभवी र तालिम प्राप्त शिक्षकको अभाव<br>• उपयुक्त कागज, पेन्सिल, रङ, ब्रस आदि सामग्रीको अभाव<br>• रङका प्रकार, प्राथमिक, द्वितीयक र पूरक रङहरूको ज्ञानको अभाव<br>• चित्रकलाको विधि स्पष्ट नहुनु<br>• चित्रकलाको अभ्यास र सुधारका लागि पर्याप्त समयको अभाव |
| हस्तकलाका आधारभूत सिपहरूको प्रयोग, छपाइ तथा निर्माण कार्य प्रदर्शन | **छपाइ कार्यमा देखिने कठिनाइहरू र समाधान**<br>• रेखा वा डिजाइन स्पष्ट नहुनु<br>• हातले समान रूपले रङ फैलाउन नसक्नु<br>• रङ फैलिनु वा धमिलो देखिनु<br>• फरक फरक रङको प्रयोगमा कठिनाइ आउनु<br>• रङ मिसिएर फरक रङको देखिनु<br>• रङ मिलाउन नजान्नु<br>• समान मापनमा छाप्न गाह्रो हुनु<br>• उपयुक्त सामग्रीको अभाव<br>**कोलाज बनाउँदा देखिने कठिनाइ**<br>• रचना संरचना मिलाउन कठिन<br>• चाहेको वस्तुको आकृति नआउनु<br>• काँटछाँट सफा नहुनु<br>• सामग्रीको अनुपलब्धता<br>• सबैबाट समान नतिजा नआउनु<br>• सबैको बुझाइ समान नहुनु |
| | **माटोबाट वस्तु निर्माण गर्दा देखिने कठिनाइ**<br>• माटोको छनोट गर्न नजान्नु<br>• माटो चिप्लो वा धेरै सुक्खा हुनु<br>• माटोलाई सही आकृति दिन नजान्नु<br>• बनाएका वस्तु फुट्नु<br>• समान आकार र बनावट बनाउन कठिन<br>• उपकरण र सफा स्थानको अभाव |

| | |
|---|---|
| स्वतन्त्र रूपले लय मिलाइ एकल तथा समूहमा गीतको प्रस्तुती | • विद्यार्थी लयअनुसार ताल (त्रिताल, कहरवा, दादरा आदि) मिलाउन नसक्ने<br>• स्वरमा समस्या<br>• गीतअनुसार अनुहारको हाउभाउ र शारीरिक मुद्रामा अभिव्यक्ति गर्न नसक्ने<br>• समूहमा स्वर र ताल मिलाउन कठिन<br>• ध्यान अन्तै हुनु<br>• स्वरले नपुग्नु |
| स्थानीय बाजाहरूको पहिचान र तालमा बजाउने अभ्यास | • बाजा समात्ने ढङ्ग नजान्नु<br>• हातको गति नियन्त्रण गर्न नसक्नु<br>• ताल र लय बुझ्न नसक्नु<br>• ताल र लय मिलाउन नसक्नु<br>• बाजा बजाउँदा हात गल्नु<br>• शारीरिक थकान वा सहनशीलताको अभाव<br>• सबै प्रकारका उपकरणको अभाव हुनु<br>• उमेरअनुसारका उपकरण नहुनु<br>• विद्यार्थीको रुचि नहुनु<br>• शिक्षकको अभाव हुनु |
| एकल, युगल र समूहमा नृत्य एवम् अभिनय प्रदर्शन | • गीत वा बाजाको ताल नबुझ्नु<br>• गीत वा बाजाको ताल सम्हाल्न गाह्रो हुने<br>• स्टेप बिर्सने, अनुशासन नहुनु, शरीरको लचकता नहुनु<br>• सिकाइमा रुचि र ध्यान नहुनु<br>• गीत र नृत्यको तालमेल नहुनु<br>• संवादविहीन अभिनय गर्दा अनुहारको भाव वा हाउभाउ स्पष्ट नदेखिनु<br>• समूह सदस्यबिच तालमेल नहुनु, स्टेप मिस हुनु<br>• भारी वा असहज पोसाक र पहिरनले हिँड्न, नाच्न गाह्रो बनाउनु |

**कक्षा ६–८**

| सक्षमता | सम्भावित कठिनाइ |
|---|---|
| रेखाको आधारभूत सिपहरूको प्रयोग गरी उपयुक्त रङको संयोजनबाट चित्रकलाको प्रदर्शन | • रेखाचित्र बनाउने आधारभूत सिपको अभाव<br>• रङको संयोजनको ज्ञानको कमी<br>• हातको समन्वय र नियन्त्रणको कमी<br>• रङका प्रकार, प्राथमिक, द्वितीयक र पूरक रङहरूको ज्ञानको अभाव<br>• छायाङ्कन, गहिराइ, बनावट आदि अवधारणाको कमी<br>• उपयुक्त कागज, पेन्सिल, रङ, ब्रस आदि सामग्रीको अभाव<br>• चित्रकलाको विधिप्रति स्पष्ट नहुनु<br>• चित्रकलाको अभ्यास र सुधारका लागि पर्याप्त समयको अभाव |
| हस्तकलाको आधारभूत सिपहरूको प्रयोगबाट छपाइ कार्य, कोलाज र माटाबाट वस्तुको निर्माण | **छपाइ कार्य मा देखिने कठिनाइहरू र समाधान**<br>**कठिनाइ**<br>• रेखा वा डिजाइन स्पष्ट नहुनु<br>• रङ फैलिनु वा धमिलो देखिनु<br>• समान मापनमा छाप्न गाह्रो हुनु<br>• उपयुक्त सामग्रीको अभाव |
| | **कोलाज बनाउँदा देखिने कठिनाइ**<br>• रचना संरचना मिलाउन कठिन हुनु<br>• काँटछाँट सफा नहुनु<br>• सामग्रीको उपलब्धता नहुनु<br>**माटोबाट वस्तु निर्माण गर्दा देखिने कठिनाइ**<br>• माटो चिप्लो वा धेरै सुक्खा हुनु<br>• बनाएका वस्तु फुट्नु<br>• समान आकार र बनावट बनाउन कठिन हुनु<br>• उपकरण र सफा स्थानको अभाव हुनु |

| | |
|---|---|
| लय, ताल, स्वर, हाउभाउ र मुद्रा मिलाई एकल, युगल तथा समूहमा गाउने सिपको विकास र प्रदर्शन | • विद्यार्थी लयअनुसार ताल (त्रिताल, कहरवा, दादरा आदि) मिलाउन नसक्ने<br>• स्वरमा समस्या<br>• गीतअनुसार अनुहारको हाउभाउ र शारीरिक मुद्रामा अभिव्यक्ति गर्न नसक्ने<br>• समूहमा स्वर र ताल मिलाउन कठिन |
| विभिन्न प्रचलित बाजाहरूसँग परिचित भई वादन सिपको प्रदर्शन | • ताल र लय मिलाउन नसक्नु<br>• हातको गति नियन्त्रण गर्न नसक्नु<br>• बाजा समात्ने ढङ्गमा त्रुटि हुनु<br>• शारीरिक थकान वा सहनशीलताको अभाव<br>• उपकरणको अभाव हुनु<br>• शिक्षकको अभाव हुनु |
| गीत र बाजाको तालमा एकल, युगल तथा समूहमा नृत्य र अभिनय प्रदर्शन | • गीत वा बाजाको ताल सम्हाल्न गाह्रो हुने<br>• स्टेप बिर्सने, अनुशासन नहुनु, शरीरको लचकता नहुनु<br>• संवादविहीन अभिनय गर्दा अनुहारको भाव वा हाउभाउ स्पष्ट नदेखिनु<br>• समूह सदस्यबिच तालमेल नहुनु, स्टेप मिस हुनु<br>• भारी वा असहज पोशाकले हिँड्न, नाच्न गाह्रो बनाउनु |

## २.२ सिकाइ सहजीकरण उपायको छनोट र प्रयोग

### २.२.१ विषयगत समस्याका क्षेत्रहरू र समाधान प्रक्रिया

कक्षा १ २ ३ का लागि

| क्र.सं. | क्षेत्र | समस्या क्षेत्र | समाधान प्रक्रिया |
|---|---|---|---|
| १. | चित्रकला | • रेखाचित्र, रङको संयोजन, हातको समन्वय र नियन्त्रण आदि कुनै पनि ज्ञान नभएको<br>• उपयुक्त कागज, पेन्सिल, रङ, ब्रस आदि सामग्रीको अभाव<br>• चित्रकला विधिको तालिम प्राप्त शिक्षक वा सहजकर्ताको अभाव<br>• चित्रकलाको अभ्यास र सुधारका लागि पर्याप्त समयको अभाव | • सबै वातावरण र परिवेशमा पाइने चराचुरुङ्गी, जनावर, फूल तथा फलहरूका चित्र जनाउने थोप्लाहरू जोडेर चित्र बनाउन लगाउने<br>• स्थूल वा मौलिक वस्तु देखाई चित्र बनाउन सिकाउने<br>• दृश्यबाट अदृश्य वा प्रत्यक्षबाट अप्रत्यक्ष सिकाइ सिद्धान्तको प्रयोग गरी सिकाउने<br>• चित्र पहिचान गरी रङ भर्न लगाउने |
| २. | हस्तकला | यो तहमा छपाइका कार्य गर्न कठिनाइ देखिने<br>• कोलाज बनाउँदा देखिने कठिनाइ<br>• रचना संरचना मिलाउन कठिन<br>• सही आकृति बनाउन नसक्नु<br>• सामग्रीको उपलब्धता नहुनु<br>• यो तहमा माटोबाट वस्तु निर्माण गर्न नसकिने | यस उमेर समूहका विद्यार्थीलाई छपाइ तथा माटोका वस्तु निर्माण गर्न कठिनाइ हुने हुँदा कोलाजबाट मात्र विभिन्न सामग्री बनाउन सिकाउने । |
| ३. | गायन | • लयअनुसार ताल (त्रिताल, कहरवा, दादरा आदि) मिलाउन नसक्ने<br>• स्वरमा समस्या<br>• गीतअनुसार अनुहारको हाउभाउ र शारीरिक मुद्रामा अभिव्यक्ति गर्न नसक्ने<br>• समूहमा स्वर र ताल मिलाउन कठिन | विद्यार्थीलाई बालगीत सुनाई गीत सँगसँगै गाउने अभ्यास गराउने<br><br>विद्यार्थीको उमेर र क्षमता बुझी सोही अनुसारका गायन क्रियाकलाप गराउने |

| | | | |
|---|---|---|---|
| ४. | वाद्यवादन | • बाजा समात्न नसक्ने तथा नजान्ने<br>• उपकरणको अभाव<br>• शिक्षकको अभाव | • हप्तामा केही समय छुट्याई सबै विद्यार्थीलाई ताल-लय अभ्यास गराउने<br>• बाजा समाउने तरिका व्यावहारिक रूपमा देखाएर अभ्यास गराउन सकिने<br>• हात, औँला, शरीरको अभ्यासको लागि अभ्यास गराउन सकिने<br>• समूहमा बजाउने अभ्यास गराउने<br>• विद्यालयमा बाजाको व्यवस्था गर्ने<br>• विद्यार्थीको प्रतिभा प्रदर्शन गराउने । |
| ५. | गायन तथा नृत्य | • गीत वा बाजाको ताल बुझ्न र सम्हाल्न गाह्रो हुने<br>• स्टेप नजान्नु, कुरा नबुझ्नु, बिर्सनु, अनुशासन नहुनु, शरीरको लचकता नहुनु | सामान्य, सजिला र छोटा गीतबाट गायन र नृत्यको अभ्यास गराउन सकिने |

**कक्षा ४, ५, ६, ७ र ८**

| क्र.स. | क्षेत्र | समस्या क्षेत्र | समाधान प्रक्रिया |
|---|---|---|---|
| १ | चित्रकला | • रेखाचित्र बनाउने आधारभूत सिपको अभाव<br>• रङको संयोजनको ज्ञानको कमी<br>• हातको समन्वय र नियन्त्रणको कमी<br>• रङका प्रकार, प्राथमिक, द्वितीय र पूरक रङहरूको ज्ञानको अभाव<br>• छायाङ्कन, गहिराइ, बनावट आदि अवधारणाको कमी<br>• उपयुक्त कागज, पेन्सिल, रङ, ब्रस आदि सामग्रीको अभाव<br>• चित्रकलाको विधिप्रति स्पष्ट नहुनु<br>• चित्रकलाको अभ्यास र सुधारका लागि पर्याप्त समयको अभाव | • सजिलो चरणदेखि सुरु गर्ने<br>• प्रयोगात्मक विधि अपनाउने<br>• रेखा तान्ने र रङ मिलाउने खेल वा अभ्यासहरू गराउने<br>• मूल्याङ्कनभन्दा बढी सिकाइ र अभिव्यक्तिमा जोड दिने<br>• प्रत्येक बालबालिकाको प्रयासको सराहना गर्ने, आत्मविश्वास बढाउने<br>• शिक्षकलाई पनि चित्रकला शिक्षणको आधारभूत तालिम दिने |

| | | | |
|---|---|---|---|
| २ | हस्तकला | **छपाइ कार्य मा देखिने कठिनाइ**<br>● रेखा वा डिजाइन स्पष्ट नहुनु<br>● रङ फैलिनु वा धमिलो देखिनु<br>● समान मापनमा छाप्न गाह्रो हुनु<br>● उपयुक्त सामग्रीको अभाव<br>**कोलाज बनाउँदा देखिने कठिनाइ**<br>● रचना संरचना मिलाउन कठिन<br>● काँटछाँट सफा नहुनु<br>● सामग्रीको अनुपलब्धता<br>**माटोबाट वस्तु निर्माण गर्दा देखिने कठिनाइ**<br>● माटो चिप्लो वा धेरै सुक्खा हुनु<br>● बनाएका वस्तु फुट्नु<br>● समान आकार र बनावट बनाउन कठिन<br>● उपकरण र सफा स्थानको अभाव | **समाधान**<br>● रेखा वा डिजाइन स्पष्ट पूर्वअभ्यास गरेर मात्र अन्तिम छपाइमा जानु<br>● उपयुक्त रङको सन्तुलन मिलाउनु<br>● सस्तो र सहज सामग्रीको विकल्प खोज्नु<br>**कोलाज बनाउँदा समाधान**<br>● प्रारम्भिक स्केच बनाएर त्यसअनुसार टुक्रा टाँस्ने<br>● साना कैंची वा सेफ्टी ब्लेड जस्ता साधन प्रयोग गर्न सिकाउने<br>● पुन: प्रयोगयोग्य सामग्री सङ्कलन गर्न प्रोत्साहन गर्ने<br>**माटोबाट वस्तु निर्माण गर्दा**<br>**समाधान**<br>● माटोमा पानी र अन्य बाइन्डिङ एजेन्टको सन्तुलित प्रयोग<br>● बनाइसकेपछि बिस्तारै हावामा सुकाउने, छायामा राख्ने<br>● हात वा औजार प्रयोग गरेर घुमाएर अभ्यास गराउने<br>● कक्षा वा घरमा माटो कार्यका लागि छुट्टै कुना तयार पार्ने |
| ३. | गायन | ● विद्यार्थी लयअनुसार ताल(त्रिताल, कहरवा, दादरा आदि) मिलाउन नसक्ने<br>● स्वरमा समस्या<br>● गीतअनुसार अनुहारको हाउभाउ र शारीरिक मुद्रामा अभिव्यक्ति गर्न नसक्ने | ● हातले ताली बजाएर ताल गन्ने अभ्यास गराउने<br>● तबला प्रयोग गरी ताल मिलाउने अभ्यास गराउने |

| | | | |
|---|---|---|---|
| | | • समूहमा स्वर र ताल मिलाउन कठिन | • सुरिलो र सरल ताल भएको गीतबाट अभ्यास सुरु गराउने<br>• सरगम गाउने नियमित अभ्यास गराउने।<br>• स्वर बिग्रेमा सुधार गरी फेरि गाउन लगाउने ।<br>• गीतसँग सम्बन्धित दृश्य कल्पना गराएर अभिव्यक्त गराउने |
| ४ | वाद्यवादन | • ताल र लय मिलाउन नसक्नु<br>• हातको गति नियन्त्रण गर्न नसक्नु<br>• बाजा समाउने ढङ्ग वा तरिकामा त्रुटि<br>• शारीरिक थकान वा सहनशीलताको अभाव<br>• उपकरणको अभाव<br>• शिक्षकको अभाव | • ताल-लय अभ्यास गराउने<br>• हात, औँला र शरीरको अभ्यासका लागि दैनिक अभ्यास गराउने<br>• बाजा समाउने तरिका व्यावहारिक रूपमा देखाएर अभ्यास गराउने<br>• समूहमा बाजा बजाउने अभ्यास गराउने<br>• विद्यालयमा बाजाको व्यवस्था गर्ने<br>• स्थानीय बाजा बजाउनेलाई प्रशिक्षकका रूपमा निम्त्याउने<br>• विद्यार्थीको प्रतिभा प्रदर्शन गराउने । |
| ५ | गायन तथा नृत्य | • गीत वा बाजाको ताल सम्हाल्न गाह्रो हुने<br>• स्टेप बिर्सनु, अनुशासनको पालना नगर्नु, शरीरको लचकता नहुनु<br>• संवादविहीन अभिनय गर्दा अनुहारको भाव वा हाउभाउ स्पष्ट नदेखिनु<br>• समूह सदस्यबिच तालमेल नहुनु, स्टेप मिस हुनु<br>• भारी वा असहज पोसाकले हिँड्न, नाच्न गाह्रो बनाउनु | • नियमित अभ्यास<br>• तालिमको क्रमअनुसार साना चरणमा सिकाउने<br>• समूह समन्वय अभ्यास<br>• भाव-अभिनय प्रशिक्षण<br>• पोसाक र उपकरणको पूर्वतयारी |

# एकाइ तीन
## नतिजा लेखाजोखा र सिकाइ निरन्तरता

# नतिजा लेखाजोखा र सिकाइ निरन्तरता

## नतिजा लेखाजोखा

नतिजा लेखाजोखाबाट विद्यार्थीको सिकाइ अवस्थाको पहिचान गर्न सकिन्छ । यस प्रक्रियाबाट विद्यार्थीको शैक्षिक अवस्थाका बारेमा जानकारी लिन सकिन्छ । शिक्षकले विद्यार्थीको सिकाइमा देखा परेका कमीकमजोरी पत्ता लगाउन सक्छन् । नतिजा लेखाजोखा परीक्षामा आधारित मूल्याङ्कनमा मात्र सीमित हुँदैन । यसमा विद्यार्थीको व्यवहार, सिप, बुझाइ र प्रस्तुतीकरणलाई पनि आधार लिइन्छ । यस प्रक्रियामा प्रारम्भिक, निरन्तर, औपचारिक र अनौपचारिक जस्ता मूल्याङ्कन विधिहरू अवलम्बन गरिन्छ । कक्षामा गरिने क्रियाकलापमा सहभागिता, गृहकार्य, समूहगत कार्य, परियोजना कार्य, मौखिक परीक्षा जस्ता साधनको प्रयोग गरी विद्यार्थीको सिकाइ स्तर मापन गरिन्छ । यस्ता लेखाजोखाले शिक्षकलाई पाठ योजनामा सुधार ल्याउन सहयोग गर्छ । भिन्न भिन्न सिकाइ स्तरका विद्यार्थीलाई आवश्यक सहयोग गर्न मदत गर्छ । नतिजा लेखाजोखाको कारणले अभिभावकलाई पनि विद्यार्थीको अवस्थाका बारेमा जानकारी गराउन सकिन्छ ।

## सिकाइ निरन्तरता

विद्यार्थीको शैक्षिक उपलब्धिलाई निरन्तर रूपमा सुनिश्चित गरिने प्रक्रिया सिकाइ निरन्तरता हो । सिकाइ निरन्तरताले पाठ्यक्रमले अपेक्षा गरेका सक्षमताहरू हासिल गर्न सहयोग गर्छ । आधारभूत तहका विद्यार्थी विभिन्न क्षमता र अवस्था भएका हुन्छन् । सिकाइ निरन्तरता कायम राख्नका लागि विद्यार्थीको आवश्यकताअनुसार व्यक्तिगत शिक्षण विधि अपनाई सिकाउनुपर्छ । शिक्षकले विद्यार्थीको अवस्था पहिचान गरी अनुकूल सिकाइ वातावरण सिर्जना गर्नुपर्छ । विद्यार्थीको अवस्थाअनुसार सिकाउनका लागि हौसला प्रदान गर्ने, सार्थीहरूसँगको सहकार्यबाट सिक्ने अवस्था निर्माण गर्नुपर्छ । विद्यार्थीले प्राप्त गरेको नतिजाका आधारमा शिक्षकले पुनः शिक्षण गर्ने योजना बनाउनुपर्छ । सिकाइ निरन्तरताको अभ्यासले विद्यार्थीमा आत्मविश्वास बढ्ने, सिकाइप्रति रुचि जाग्ने र दीर्घकालीन रूपमा सिकाइको आधार तयार हुने गर्छ । यसले विद्यार्थीको सिकाइमा सुधार गरी समावेशी सिकाइलाई सुनिश्चित गर्छ ।

## लेखाजोखा र सिकाइ निरन्तरताको सम्बन्ध

लेखाजोखाले सिकाइ प्रक्रियाको मानचित्रण गर्छ । निरन्तरताले सिकाइलाई गतिशील बनाउँछ । शिक्षकले विद्यार्थीको उपलब्धिको नियमित मूल्याङ्कन गरेर आवश्यकताअनुसार शिक्षण विधि अपनाउन सक्छन् । यसले विद्यार्थीलाई आफ्नो कमजोरी सुधार गर्न प्रेरित गर्छ । लेखाजोखा र सिकाइ निरन्तरताले शैक्षिक गुणस्तरमा सुधार गर्छन् । विद्यार्थीको सिकाइ स्तरलाई बढाउन र दीर्घकालीन शैक्षिक उपलब्धि सुनिश्चित गर्न लेखाजोखा र सिकाइ निरन्तरताबिच सम्बन्ध हुनुपर्छ ।

**समस्याहरू**

(क) विद्यार्थीले हासिल गरेको नतिजा नियमित अद्यावधिक नहुँदा विद्यार्थीको सिकाइ उपलब्धि यकिन गर्न कठिन हुनु

(ख) नतिजा व्यवस्थापन प्रणाली, निरन्तर मूल्याङ्कन र पोर्टफोलियो सम्बन्धमा शिक्षकको दक्षता कमी हुँदा मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्नु

(ग) प्रविधिमा आधारित प्रणाली प्रयोग गर्ने उपकरण, सफ्टवेयर वा तालिमको अभावले नतिजा सङ्कलन र विश्लेषण गर्न कठिनाइ हुनु

(घ) विद्यालय र शिक्षकबिच, अभिभावक र विद्यालयबिच समन्वय नहुँदा विद्यार्थीको सिकाइ निरन्तरतामा समस्या हुनु

(ङ) घरपरिवारको सहयोगको अभाव, आर्थिक अवस्था कमजोर तथा सिकाइमा रुचि कमी हुँदा विद्यार्थी विद्यालयमा नियमित उपस्थित नहुँदा सिकाइ निरन्तरतामा प्रभाव पर्नु

**समाधानका उपायहरू**

(क) विद्यालयमा डिजिटल अभिलेख प्रणाली लागु गरी नियमित अद्यावधिक गर्ने अभ्यासको विकास गर्नुपर्छ ।

(ख) शिक्षकलाई निरन्तर मूल्याङ्कन, पोर्टफोलियो निर्माण र उपयोग सम्बन्धीतालिम दिएर सक्षम बनाउनुपर्छ ।

(ग) विद्यालयमा आवश्यक उपकरण उपलब्ध गराई नतिजा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्छ ।

(घ) अभिभावकहरूलाई विद्यार्थीको उपलब्धि जानकारी गराई सक्रिय सहभागी गराउने वातावरण बनाउनुपर्छ ।

(ङ) समय समयमा निरीक्षण, आत्ममूल्याङ्कन र बाह्य मूल्याङ्कनमार्फत सिकाइ उपलब्धिको अवस्था पहिचान गरी सुधारका उपाय अवलम्बन गर्नुपर्छ ।

(च) व्यावहारिक र अन्तरक्रियात्मक शिक्षण प्रविधि प्रयोग गरेर विद्यार्थीको उपस्थिति बढाउनुपर्छ ।

## ३.१ सिकाइ सुधारको लेखाजोखा

सिकाइ सुधारको लेखाजोखा शिक्षाको गुणस्तर वृद्धि गर्न अपरिहार्य रहेको हुन्छ । यसको उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि, सिकाइ सहजीकरण विधि, पाठ्यक्रमको प्रयोग र विद्यालयको वातावरणको प्रभावकारिता मूल्याङ्कन गर्नु हो । यसका लागि निरन्तर रेखदेख, परीक्षण, नतिजाको विश्लेषण र सुधारात्मक कार्य योजना बनाई लागु गर्नुपर्छ । मूल्याङ्कनको माध्यमबाट शिक्षकले विद्यार्थीको कमजोरी, रुचि र आवश्यकताको पहिचान गरी पाठयोजना बनाई शिक्षण गर्न सक्छन् । विद्यालयबाट गरिने आन्तरिक परीक्षा, कक्षा अवलोकन, पाठ्यक्रमसम्बन्धी तालिम, अभिभावक तथा समुदायको सहभागिता आदि क्रियाकलापहरूले सिकाइमा सुधार ल्याउन सहयोग गर्छ ।

सिकाइमा सुधार ल्याउन विद्यालय व्यवस्थापन, शिक्षकको तत्परता, शैक्षिक सामग्रीको प्रयोग, बालमैत्री वातावरणको निर्माण, समावेशी शिक्षा र शैक्षिक प्रविधिको उपयोगमा जोड दिनुपर्छ । यसबाट पाठ्यक्रम कार्यान्वयनको अवस्था, विद्यार्थीको सिकाइ उपलब्धि, शिक्षक विद्यार्थीबिचको अन्तरक्रिया र सिकाइ नतिजाको अवस्थाका बारेमा जानकारी हुन्छ । विद्यार्थीको उपलब्धिबाट प्राप्त प्रमाण र तथ्याङ्कको आधारमा शिक्षक, विद्यालय व्यवस्थापन समिति र सरकारी निकायबिच साझा रणनीति बनाई सुधार गर्न सकिन्छ । यसरी निरन्तर समीक्षा, अनुगमन र उपलब्धिको अवस्था अध्ययन गरी सिकाइ सुधारको लेखाजोखा गर्दा शिक्षामा गुणात्मक सुधार ल्याउन सकिन्छ ।

विद्यार्थीको बौद्धिक, भाषिक, वैज्ञानिक र शारीरिक विकासको आधार आधारभूत तहमा निर्माण गरिन्छ । आधारभूत तहमा सिकाइ सुधारको लेखाजोखा गर्न विभिन्न विधि, औजार र दृष्टिकोणहरू प्रयोग गर्नुपर्छ । यसबाट विद्यार्थीको वास्तविक सिकाइ अवस्था बुझ्न सकिन्छ । अङ्ग्रेजी भाषा, नेपाली भाषा, गणित, विज्ञान, स्वास्थ्य तथा शारीरिक विषयहरूमा सिकाइ सुधार निम्नानुसार गर्न सकिन्छ :

१. **अङ्ग्रेजी भाषा**

(क) श्रवण, वाचन, लेखन र बोल्ने सिपको मूल्याङ्कन गरेर

(ख) शिक्षकले दैनिक वर्कसिट, डिक्टेसन, छोटो संवाद अभ्यास र उच्चारण परीक्षणका माध्यमबाट हुने सुधार अवलोकन गरेर

उदाहरणका लागि 'My name is...' भन्न नसक्ने विद्यार्थीले निरन्तरको अभ्यासपछि उनीहरूले आफ्नो नाम भन्न सक्छन् । भाषामा सुधार गरी 'I am ten years old' जस्ता शब्दको उच्चारण गर्न सक्छन् ।

२. **नेपाली भाषा**

(क) वर्ण चिनाउने, शब्द लेखाउने, वाचन क्षमता र व्याकरण प्रयोगमा आधारित अभ्यासहरू गराउने

(ख) साप्ताहिक वाचन प्रतियोगिता, रचनात्मक लेखन र अभिव्यक्ति परीक्षण आदि गर्ने

उदाहरणका लागि कक्षा ४ मा पढ्ने कुनै विद्यार्थीले सुरुमा केवल अनुच्छेद पढ्न सक्ने अवस्था मात्र हुन्छ भने नियमित वाचन अभ्यासपश्चात् आफ्नै शब्दमा कथा लेख्न सक्षम हुन्छन् ।

३. **गणित**

(क) आधारभूत सङ्ख्यात्मक ज्ञान, गणनात्मक सिप, मापन, ज्यामिति र तर्कशक्ति परीक्षण गर्ने

(ख) समूहगत क्रियाकलाप, खेल विधिबाट अभ्यास, दैनिक समस्या समाधान कार्यद्वारा मूल्याङ्कन गर्ने

उदाहरणका लागि कक्षा ५ का कुनै विद्यार्थीले सुरुमा भाग गर्न नसक्ने अवस्था थियो । शिक्षकले दैनिक जीवनका उदाहरण (जस्तै : १० ओटा गुच्चामा २ जना बच्चाले बाँड्दा कति कति पर्छ ?) दिई अभ्यास गराउँदा अवधारणा बुझी सजिलै भाग गर्न सक्छन् ।

**४. विज्ञान तथा प्रविधि**

(क) प्रयोगात्मक सिकाइ, अवलोकन क्षमता, प्रश्न गर्ने क्षमता र वैज्ञानिक धारणा बुझाइको मूल्याङ्कन गर्ने

(ख) प्रयोगशालामा सजीव/निर्जीव वस्तुको अवलोकन, समूहमा प्रतिवेदन लेखन र परियोजना कार्य गराउने

उदाहरणका लागि कक्षा ६ का विद्यार्थीले "वनस्पति कसरी बढ्छ ?" भन्ने अवधारणाका बारेमा सुरुमा रुचि नदेखाउन सक्छन् । विद्यार्थीलाई तरकारीको बिरुवा उमार्ने प्रयोगात्मक काम गराइयो भने सक्रियता बढ्छ र उनीहरूले बिरुवा उमार्ने प्रक्रिया चित्र बनाएर देखाउन सक्छन् ।

**५. स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला**

(क) व्यक्तिगत सरसफाइ, पोषण, व्यायाम, समूह अनुशासन, खेलकुद सिप आदिमा सुधारको अवलोकन गर्ने

(ख) दैनिक अनुशासन, खेलकुद गतिविधिमा सहभागिता, टोली खेलको नेतृत्वमा सुधारको मूल्याङ्कन गर्ने

उदाहरणका लागि सुरुमा आधारभूत तहको कुनै कक्षाका विद्यार्थीले सरसफाइमा ध्यान दिएका थिएनन् । नियमित स्वास्थ्य शिक्षाको कक्षा, चार्ट प्रदर्शन र भूमिका अभिनय अभ्यास गर्न थालेपछि अधिकांश विद्यार्थीले दाँत माझ्ने, हात धुने र शौचालय प्रयोगपश्चात् साबुनले हात धुने बानीको विकास गर्न थाल्छन् ।

### ३.१.१ सिकाइ अवस्था पहिचानका साधनहरूको प्रयोग

आधारभूत तहमा सिकाइ सुधार गर्न विद्यार्थीको वास्तविक सिकाइ अवस्था बुझ्नुपर्छ । यसका लागि विभिन्न किसिमका सिकाइ अवस्था पहिचानका साधनहरू प्रयोग गर्नुपर्छ । यसले गर्दा विद्यार्थीको शैक्षिक उपलब्धि, कमजोरी र आवश्यक सहयोगका क्षेत्रहरू पहिचान गर्न सकिन्छ । विद्यार्थीको सिकाइ अवस्था पहिचानका साधनहरूको प्रयोगले शिक्षकलाई व्यक्तिगत आवश्यकताअनुसार योजना बनाउन, उपचारात्मक शिक्षण गर्न र सिकाइलाई प्रभावकारी बनाउन सहयोग गर्छ । विषयको प्रकृतिअनुसार प्रयोग गरिने विद्यार्थीको सिकाइ अवस्था पहिचानका साधनहरू निम्नानुसार रहेका छन् :

१.  अङ्ग्रेजी र नेपाली (भाषा विषय)

(क) **पूर्वपरीक्षण** : पाठ सुरु गर्नुअगि विद्यार्थीको वर्तमान उपलब्धि स्तर थाहा पाउन सकिन्छ ।

(ख) **श्रवण र पढाइ मूल्याङ्कन** : विद्यार्थीको श्रवण क्षमता, शब्दकोश प्रयोग, उच्चारण, बुझाइ र वाचन सिप मापन गर्न सकिन्छ ।

(ग) **लेखन अभ्यास विश्लेषण** : विद्यार्थीले लेखेको अनुच्छेद, कथा र उत्तरका आधारमा भाषिक संरचना, व्याकरण, वाक्य गठनको मूल्याङ्कन गर्न सकिन्छ ।

(घ) **भाषिक गतिविधिहरू** : संवाद, कथा, चित्रका बारेमा भन्न लगाई भाषा प्रयोग क्षमताको परीक्षण गर्न सकिन्छ ।

**२.  गणित**

(क) **संज्ञात्मक स्तरको परीक्षण** : सङ्ख्यात्मक बुझाइ, गुणा, भाग, अंश, मापन, ज्यामिति आदिमा भएको कमजोरी थाहा पाउन सकिन्छ ।

(ख) **वर्कसिट** : गणनात्मक समस्या समाधान गर्ने क्षमता परीक्षण गर्न सकिन्छ ।

(ग) **ठोस सामग्री प्रयोग** : कुनै वस्तु गणना गर्दा, ज्यामितीय संरचनाहरू र मापन सामग्रीको प्रयोगले अवधारणाको बुझाइ जाँच गर्न सकिन्छ ।

(घ) **मौखिक** : सूत्र प्रयोगको बुझाइ र कारण भन्न लगाउन सकिन्छ ।

**३.  विज्ञान**

(क) **प्रयोगात्मक कार्यको परीक्षण** : प्रयोगशालामा गरिने अभ्यास, अवलोकन र तथ्य टिपोटका आधारमा बुझाई मापन गर्न सकिन्छ ।

(ख) **चित्रात्मक परीक्षण** : चित्र चिनाउने, नाम लेखाउने, प्रक्रिया वर्णन गराउन सकिन्छ ।

(ग) **प्रश्नोत्तर सत्र** : किन ?  कसरी ? भन्ने प्रश्नहरूमार्फत वैज्ञानिक अवधारणाको मूल्याङ्कन गर्न सकिन्छ ।

(घ) **सञ्चार माध्यमहरू** : भिडियो, चार्ट, मोडल प्रयोग गरी अवधारणाको बुझाइ परीक्षण गर्न सकिन्छ ।

**४.  स्वास्थ्य तथा शारीरिक शिक्षा**

(क) **व्यवहार अवलोकन** : पोषण, सरसफाइ र व्यक्तिगत स्वच्छताको अभ्यास गरेको हेर्न सकिन्छ ।

(ख) **शारीरिक परीक्षण** : दौड, उफ्रिने, तान्ने, समन्वय र लचकताको परीक्षण गर्न सकिन्छ ।

(ग) **संवाद** : स्वास्थ्यसम्बन्धी जानकारी र व्यवहारबारे विद्यार्थीको बुझाइका बारेमा छलफल गर्न सकिन्छ ।

(घ) **सिर्जनात्मकता :** स्वास्थ्यसम्बन्धी चेतना र सन्देश प्रवाह गर्ने सिर्जनात्मक विधिहरूको प्रयोग गर्न सकिन्छ ।

### ३.२ सिकाइ निरन्तरताको लागि प्रयास

सिकाइ निरन्तरताले विद्यार्थीको सिकाइ प्रक्रियामा हुने अवरोध कम गरी सिकाइ सुनिश्चित गर्छ । आधारभूत तहमा विद्यार्थीको उमेर, मनोविज्ञान, परिवेश र सिकाइको स्तरलाई कायम राख्न विषयगत रूपमा निरन्तरता दिनुपर्छ । विभिन्न रणनीति, कार्यक्रम र प्रयास आवश्यकताअनुसार उपयोग गर्नुपर्छ । अङ्ग्रेजी, नेपाली, गणित, विज्ञान र स्वास्थ्य तथा शारीरिक शिक्षामा सिकाइ निरन्तरता कायम गर्न सकिने प्रयासहरू निम्नानुसार रहेका छन् :

#### १. विद्यार्थीकेन्द्रित सिकाइ

(क) **सक्रिय शिक्षणसिकाइ :** प्रत्येक विषयमा खेल, गीत, नाटक, अभ्यास, प्रयोग र संवादमार्फत विद्यार्थीलाई संलग्न गराउने

(ख) **अनुकूलन :** विद्यार्थीको सिकाइ क्षमताअनुसार गृहकार्य तथा कक्षामा गरिने क्रियाकलाप विभिन्नस्तरमा गराउने

#### २. मूल्याङ्कन र अनुगमन

(क) **निरन्तर मूल्याङ्कन :** मासिक, त्रैमासिक, साप्ताहिक मूल्याङ्कनबाट विद्यार्थीको उपलब्धिको अवस्था पहिचान गर्ने

(ख) **उपचारात्मक कक्षा सञ्चालन :** मूल्याङ्कन कमजोर भएका विद्यार्थीका लागि अतिरिक्त कक्षा तथा अभ्यास समय निर्धारण गर्ने

#### ३. पाठ्यपुस्तकबाहेकको सिकाइ सामग्रीको प्रयोग

(क) **समपूरक पठन सामग्री :** चित्र कथा, अभ्यास पुस्तक, वैज्ञानिक खेलौना, गणितीय खेल, शारीरिक व्यायाम कार्डहरूको प्रयोग गर्ने

(ख) **सूचना प्रविधिको प्रयोग :** डिजिटल सामग्री, शैक्षिक एप्स तथा रेडियो/टिभी शिक्षण कार्यक्रममार्फत सिकाइमा सुधार ल्याउने

#### ४. क्षमता विकास

(क) **विषयगत शिक्षण तालिम :** भाषा शिक्षण, गणितीय अवधारणा सिकाउने प्रविधि, प्रयोगशालामा विज्ञान सिकाउने तरिका आदिमा विशेष तालिमहरू सञ्चालन गर्ने

(ख) **सहकर्मी शिक्षक समूह गठन :** शिक्षकले आपसमा योजना, मूल्याङ्कन र सुधारका लागि छलफल गर्ने मञ्च बनाउने

५. **विद्यार्थीको रुचिमा आधारित शिक्षण**

(क) **सन्दर्भमा आधारित सिकाइ :** विषयवस्तुलाई स्थानीय सन्दर्भमा जोडेर पढाउने, जस्तै : गणितमा बजारको मूल्य गणना गर्न लगाउने, स्वास्थ्य तथा शारीरिक शिक्षाले स्वस्थ्य जीवनमा खेल्ने भूमिकाका बारेमा भन्न लगाउने

(ख) **भाषागत पृष्ठभूमि :** नेपाली र अङ्ग्रेजीमा कमजोर विद्यार्थीलाई आधारभूत भाषा संरचना सिकाउन प्राथमिक कक्षा सञ्चालन गर्ने

६. **अभिभावक र समुदायको संलग्नता**

(क) **गृहकार्य अनुगमन :** अभिभावकलाई बच्चाको गृहकार्य तथा उपलब्धि हेर्न प्रोत्साहन गर्ने

(ख) **सामुदायिक सहयोग :** विद्यालय र समुदायबिच सहकार्य गरी शारीरिक शिक्षा, विज्ञानको प्रयोग, भाषा प्रतियोगिता जस्ता कार्यक्रम सञ्चालन गर्ने

७. **स्वास्थ्य तथा शारीरिक शिक्षामा निरन्तरता कायम गर्ने**

(क) **नियमित व्यायाम कार्यक्रम :** खेलकुद, योग कक्षा जस्ता माध्यमबाट विद्यार्थीलाई सक्रिय राख्ने

(ख) **स्वास्थ्य जाँच तथा पोषण कार्यक्रम :** विद्यालयमा स्वास्थ्य परीक्षण तथा पोषणसम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

८. **विद्यार्थीलाई प्रेरित गर्ने वातावरण सिर्जना**

(क) **उपलब्धि आधारित प्रोत्साहन :** राम्रो गर्ने विद्यार्थीलाई प्रशंसा, इनाम तथा सार्वजनिक रूपमा सम्मान गर्ने

(ख) **सकारात्मक मनोबल विकास :** कमजोर विद्यार्थीलाई प्रोत्साहन दिने, असफलतालाई सुधारको अवसरका रूपमा लिन प्रेरित गर्ने

९. **सिकाइ सहजीकरण व्यवस्थापनमा नवप्रवर्तन**

(क) **समूहमा आधारित सिकाइ :** विद्यार्थीलाई जोडी वा समूहमा राखी एक अर्कालाई सहयोग गरेर सिकाउने व्यवस्था गर्ने

(ख) **लचिलो समय तालिका :** आवश्यकताअनुसार अतिरिक्त समय वा उपचारात्मक कक्षाको व्यवस्था गर्ने

१०. **योजना, अनुगमन र प्रतिवेदन**

(क) **विद्यालयस्तरीय सिकाइ निरन्तरता योजना :** प्रत्येक शैक्षिक वर्षको सुरुआतमै सिकाइ सुनिश्चित गर्न योजना बनाउने

(ख) **विद्यालय व्यवस्थापन र अभिभावक सङ्घको भूमिका प्रभावकारी बनाउने :** विद्यालय व्यवस्थापन समितिलाई सिकाइमा जिम्मेवारी र अनुगमनमा सक्रिय बनाउने

### ३.२.१ सिकाइ योजना

सिकाइ सहजीकरण प्रक्रियालाई उद्देश्यपूर्ण, व्यवस्थित र प्रभावकारी बनाउने सिकाइ योजना आवश्यक हुन्छ । आधारभूत तहका विद्यार्थीको सिकाइमा सक्रिय सहभागिता र आवश्यकताका आधारमा शिक्षा प्रदान गर्नु सिकाइ योजनाको मुख्य उद्देश्य हो । शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरूका लागि छुट्टाछुट्टै सिकाइ योजनाको आवश्यक हुन्छ ।

१. **शिक्षक सिकाइ योजना** (TIP – Teacher's Instructional Plan) :

शिक्षकद्वारा तयार गरिने व्यवस्थित योजना नै शिक्षक सिकाइ योजना हो । यसले विषयवस्तु सिकाउने क्रममा समय, विधि, सामग्री, मूल्याङ्कन विधि आदिको स्पष्ट निर्धारण गर्छ । यसका तत्त्वहरू निम्नानुसार रहेका छन् :

(क) शिक्षण उद्देश्यहरू : पाठ सिकाउँदा प्राप्त गरिनुपर्ने सिकाइ उपलब्धि वा परिणामका उद्देश्य स्पष्ट गर्ने

(ख) पूर्वतयारी : आवश्यक शैक्षिक सामग्री (कागज, चित्र, चार्ट, डिजिटल सामग्री आदि) को छनोट र तयारी गर्ने

(ग) सिकाइ क्रियाकलापहरू : विद्यार्थीलाई आकर्षक, सहभागी र व्यावहारिक बनाउन खेल, संवाद, समूह कार्य आदि उपयोग गर्ने

(घ) मूल्याङ्कन विधि : निरन्तर मूल्याङ्कन, कक्षा परीक्षण, अवलोकन तथा गृहकार्यमार्फत विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्ने

उदाहरणका लागि कक्षा ५ को गणितमा गुणन सिकाउन शिक्षकले गतिविधिमा आधारित विधि अपनाउँदै बालमैत्री अभ्यास, समूह कार्य र दैनिक जीवनसँग सम्बन्धित उदाहरण प्रयोग गर्ने योजना तयार गर्न सक्छन् ।

२. **विद्यार्थी सिकाइ योजना**

(क) **सिकारुको वैयक्तिक योजना** (Learner's Individual Plan)

यो योजना विद्यार्थीको व्यक्तिगत आवश्यकता, क्षमता र गतिअनुसार तयार गरिन्छ । विशेष गरी सिकाइमा कमजोर वा फरक आवश्यकताका विद्यार्थीका लागि यस्तो योजनाको प्रयोग गर्नुपर्छ ।

**विशेषता**

- हरेक विद्यार्थीको प्रारम्भिक सिकाइ अवस्था मूल्याङ्कन गरिन्छ ।

- आवश्यकताअनुसार लक्षित उद्देश्य, विधि र कार्य विधि तयार गरिन्छ ।
- व्यक्तिगत रूपमा समय, सहायता र स्रोतहरू उपलब्ध गराइन्छ ।

  उदाहरणका लागि नेपाली विषयमा अक्षर चिन्न नसक्ने विद्यार्थीलाई थप अभ्यासको समय, शिक्षकको व्यक्तिगत सहयोग र चित्रसहितका कार्डहरू प्रयोग गरी सिकारुको वैयक्तिक योजना तयार गरिन्छ ।

(ख) **विद्यार्थी मूल्याङ्कन र उपचारात्मक योजना** (Student Assessment and Remedial Plan)

विद्यार्थीको सिकाइ मूल्याङ्कनपछिको सुधार गर्न उपचारात्मक योजना बनाइन्छ । कुनै विद्यार्थी अपेक्षित स्तरमा पुग्दैन भने उसलाई अन्य सहायक उपायमार्फत अगाडि बढाउनका लागि उपचारात्मक योजना प्रभावकारी हुन्छ ।

**विशेषता**

- नियमित परीक्षण तथा अवलोकनबाट कमजोरी पहिचान गरिन्छ ।
- कमजोरी पहिचान गरेपछि उपचारात्मक शिक्षण (Remedial Teaching) गरिन्छ ।
- आवश्यक परेमा अतिरिक्त कक्षा, सहायक शिक्षक वा सामग्री उपयोग गर्न सकिन्छ ।

**३. अन्य सरोकारवालाहरूको भूमिकासहित योजना**

**(क) विद्यालय व्यवस्थापन समिति/अभिभावक**

- शिक्षक र विद्यार्थीको योजना कार्यान्वयनमा आवश्यक स्रोत, सहयोग र निरन्तर निगरानी गर्ने
- विद्यालय स्तरमा सिकाइ वातावरण अनुकूल बनाउन सहयोग गर्ने

**(ख) स्थानीय तह**

- आधारभूत तहको पाठ्यक्रम कार्यान्वयनमा आवश्यक प्रशिक्षण, अनुगमन र मूल्याङ्कनमा सहयोग गर्ने
- सिकारुको वैयक्तिक योजना, विद्यार्थी मूल्याङ्कन र उपचारात्मक योजनाको प्रयोग सुनिश्चित गर्न निर्देशिका र मार्गदर्शन प्रदान गर्ने

**(ग) सहकर्मी शिक्षक वा विषय विज्ञ**

- शिक्षकलाई योजना तयार गर्न सहयोग गर्ने, सहशिक्षण गर्ने वा परामर्श प्रदान गर्ने

**३.२ प्रतिविम्बन र निश्कर्ष**

**प्रतिविम्बन**

सिकाइ प्रक्रियामा सहभागी शिक्षक विद्यार्थी दुबैले आफ्नो सिकाइको अनुभव, व्यवहार, दृष्टिकोण र

उपलब्धिप्रति पुनरवलोकन गर्नुपर्छ । सुधारको बाटो पहिल्याउनका लागि सिकाइलाई प्रतिविम्बन गरिन्छ । यसले सिकाइलाई अझ प्रभावकारी, उद्देश्यमुखी र समावेशी बनाउन सहयोग गर्छ । आधारभूत तहमा शिक्षकले विद्यार्थीको सिकाइ सुधार तथा आफ्नै शिक्षण सुधारका लागि विभिन्न विषयमा प्रतिविम्बन गर्न सक्छन् । विषयअनुसार प्रतिविम्बनसम्बन्धी अभ्यासहरू निम्नानुसार गर्न सकिन्छ :

**१. अङ्ग्रेजी**

**(क) विद्यार्थी**

- मैले आज सिकेको नयाँ शब्द के हो ?
- के म अङ्ग्रेजी बोल्दा आत्मविश्वासी भएको छु ?
- मलाई कुन क्रियाकलापमा रमाइलो लाग्यो र किन होला ?

**(ख) शिक्षक**

- विद्यार्थीले वाक्य संरचना बुझ्न कति सहज महसुस गरे ?
- मैले प्रयोग गरेको क्रियाकलाप कति प्रभावकारी भयो ?

जस्तै : विद्यार्थीलाई डायरी लेखन, 'Word of the day' अभ्यास, संवाद अभिनय जस्ता आत्मप्रतिविम्ब क्रियाकलाप गराउन सकिन्छ ।

**२. नेपाली**

**(क) विद्यार्थी**

- मैले पढेको कथा वा कविता मलाई किन मन परेको होला ?
- मैले लेखेको रचनामा अझ सुधार गर्न के गर्न सक्छु होला ?

**(ख) शिक्षक**

- विद्यार्थी रचनात्मक लेखनमा कत्तिको सक्षम भए ?
- भाषिक त्रुटिहरू दोहोरिएका छन् कि छैनन् होला ?

  जस्तै : विद्यार्थीले पाठ पढेपछि स्वतः प्रतिक्रिया लेखाउने, कथा लेखेर साथीले समीक्षा गर्ने जस्ता अभ्यास गराउन सकिन्छ ।

**३. गणित**

**(क) विद्यार्थी**

- मलाई प्रश्न बुझ्न किन गाह्रो भयो ?

- मैले सिकेका सूत्रहरू व्यवहारमा कसरी प्रयोग गर्न सक्छु ?

(ख) **शिक्षक**

- विद्यार्थीले समस्या समाधान गर्दा किन कठिनाइ महसुस गरे ?
- मैले प्रयोग गरेको सिकाइ सामग्री पर्याप्त थियो कि थिएन ?

  जस्तै : त्रुटि भएको पक्ष सुधार गर्न लगाउने, समूहमा समस्याको वैकल्पिक समाधान खोज्ने अभ्यास गराउन सकिन्छ ।

४. **विज्ञान**

(क) **विद्यार्थी**

- प्रयोगशालामा गरिएको गतिविधिबाट सिद्धान्त राम्रोसँग बुझ्न सकेँ ।
- आजको सिकाइलाई आफ्नो जीवनसँग कसरी जोड्न सक्छु ?

(ख) **शिक्षक**

- विद्यार्थीले प्रयोगात्मक सिकाइमा सक्रिय सहभागिता किन जनाएनन् ?
- सहज र जीवनोपयोगी अवधारणामा केन्द्रित रहे कि रहेन होला ?

  जस्तै : प्रयोगशालामा अभ्यास गरेपछि विद्यार्थीको अनुभव टिप्न लगाउने, रिपोर्ट लेख्न लगाउने, अवधारणासम्बन्धी अभ्यास गराउने

५. **स्वास्थ्य तथा शारीरिक**

(क) **विद्यार्थी**

- मैले आज सिकेको स्वास्थ्य सन्देशले मेरो जीवनशैलीमा के असर गर्छ ?
- शारीरिक अभ्यास गर्दा भएको अनुभवले मलाई सकारात्मक ऊर्जा किन प्राप्त भयो ?

(ख) **शिक्षक**

- विद्यार्थी शारीरिक व्यायाममा सक्रिय सहभागी नहुनुको कारण के होला ?
- स्वास्थ्य शिक्षा अझ व्यावहारिक कसरी बनाउन सकिन्छ होला ?

  जस्तै : दैनिक स्वास्थ्य डायरी लेख्ने, 'स्वस्थ्य रहनु मेरो लक्ष्य हो ।' जस्ता लक्ष्य लेख्न लगाउने, खेलकुदपछि भावना व्यक्त गराउने जस्ता गतिविधिहरू गराउन सकिन्छ ।

**निष्कर्ष**

शिक्षा प्रणालीको मूल उद्देश्य विद्यार्थीको समग्र शैक्षिक उपलब्धि सुनिश्चित गर्नु हो । आधारभूत तहमा

निरन्तर मूल्याङ्कन, सिकाइ अवस्था पहिचान, अवलोकन तथा परिणाम विश्लेषणका माध्यमबाट विद्यार्थीको क्षमता, कमजोरी र आवश्यक सहयोग पहिचान गरी अनुकूल शिक्षण विधि अपनाउनुपर्छ । नतिजा लेखाजोखा केवल अङ्क वा ग्रेडमा मात्र सीमित नभई सिकाइको गुणस्तरीय मापन, अभिप्रेरणा अभिवृद्धि, सिकाइका अन्तराल पत्ता लगाउने तथा सुधारका रणनीति निर्माण गर्ने माध्यम हुनुपर्छ । सिकाइ निरन्तरताका लागि शिक्षक, अभिभावक, विद्यार्थी र विद्यालय प्रशासनबिच समन्वय र संवाद हुनुपर्छ । यसका लागि उपचारात्मक शिक्षण, शिक्षण सामग्रीको प्रयोग, अतिरिक्त अभ्यास, समूहगत कार्य तथा विविध मूल्याङ्कन उपकरणको प्रयोगले प्रभावकारी भूमिका खेल्द छ । अङ्ग्रेजी, नेपाली, गणित, विज्ञान र स्वास्थ्य तथा शारीरिक शिक्षा जस्ता विषयमा विद्यार्थीको व्यक्तिगत आवश्यकताअनुसार शिक्षण विधि अनुकूलन गरी सबैलाई आवश्यक सिकाइ अनुभव प्राप्त गराउने कुरामा जोड दिनुपर्छ । समावेशी र बालमैत्री वातावरणमा सिकाइ निरन्तरता सुनिश्चित गर्न विद्यालयले व्यावहारिक योजना निर्माण गरी लागु गर्नुपर्छ । यसले विद्यार्थीको सिर्जनशीलता, सकारात्मक सोच र समस्या समाधान क्षमताको विकासमा जोड दिन्छ । नतिजा लेखाजोखा र सिकाइ निरन्तरता शिक्षाको गुणस्तर अभिवृद्धिको मेरुदण्ड हो । यसले शिक्षाको उद्देश्य, पहुँच र प्रभावकारिता सन्तुलनमा ल्याउन सहयोग गर्छ ।